# कवि शङ्कर सुवेदीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन

त्रिभुवन विश्वविद्यालय,
मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत
वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग, भरतपुर, चितवनको
स्नातकोत्तर तह (एम.ए.), द्वितीय वर्षको
दसौँ पत्रको प्रयोजनार्थ
प्रस्तुत

## शोधपत्र


**शोधार्थी**

**हरिप्रसाद श्रेष्ठ**

त्रि.वि. दर्ता नं. २५८४७–८७

शैक्षिक सत्र २०६३–०६५

नेपाली विभाग

वीरेन्द्र बहुमुखी क्याम्पस

भरतपुर, चितवन



२०६७

# शोधनिर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, नेपाली विभागअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षका छात्र हरिप्रसाद श्रेष्ठले **कवि शङ्कर सुवेदीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको शोधपत्र मेरा निर्देशनमा तयार पार्नुभएको हो । परिश्रमपूर्वक तयार पारिएको प्रस्तुत शोधकार्यबाट म सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि विभागसमक्ष सिफारिस गर्दछु ।

मिति : २०६७/१२/१

**डा.कुलप्रसाद ढुङ्गाना**
सह-प्राध्यापक
त्रिभुवन विश्वविद्यालय
**वीरेन्द्र बहुमुखी क्याम्पस**
**नेपाली विभाग**
भरतपुर, चितवन

# कृतज्ञताज्ञापन

प्रस्तुत **कवि शङ्कर सुवेदीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको शोधपत्र मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पस नेपाली विभागको स्नातकोत्तर तह (एम्.ए.) दोस्रो वर्षको आंशिक पाठ्यांश परिपूर्तिका लागि दसौँ पत्रको प्रयोजनार्थ तयार गरिएको हो । प्रस्तुत शोधपत्र मैले परमादरणीय गुरु सहप्राध्यापक डा. कुलप्रसाद ढुङ्गानाज्यूको निर्देशनमा तयार पारेको हुँ । आफ्नो अत्यन्तै व्यस्त क्षणमा पनि अमूल्य समय दिएर कुशल निर्देशन गर्नुभएकोमा म उहाँप्रति हृदयदेखि नै कृतज्ञताज्ञापन गर्दछु । मेरो शोधप्रस्ताव स्वीकृत गरी शोधपत्र लेख्ने अवसर दिलाई मार्गनिर्देशनसमेत गर्नुहुने श्रद्धेय गुरु तथा विभागीय प्रमुख प्रा.डा. नारायणप्रसाद खनालज्यूप्रति आभार प्रकट गर्दछु । शोधपत्र तयार गर्ने क्रममा आवश्यक सरसल्लाह, सुझाव तथा प्रेरणा दिनुहुने नेपाली विभागका सम्पूर्ण आदरणीय गुरुहरूप्रति म अत्यन्तै कृतज्ञ छु ।

राष्ट्रसेवाको क्रममा सरकारी जागिरेको अमूल्य समय र अप्राप्य सामग्रीलाई परिश्रमपूर्वक खोजमेल गरी सामग्रीसङ्कलनमा सहयोग पु¥याइदिनुहुने श्रद्धेय शोधनायक श्री शङ्कर सुवेदीज्यू तथा उहाँको परिवारजनप्रति कृतज्ञताज्ञापन गर्दछु । उच्चशिक्षा अध्ययनको लागि सुझाव, सहयोग र उत्प्रेरणा, प्रोत्साहन दिनुहुने श्री आदर्श शिक्षा उच्च माध्यमिक विद्यालय, वैदी-४, खाल्टे, तनहुँका प्राचार्य श्री ईश्वरीप्रसाद भुसालज्यूप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु ।

थुप्रै चुनौतीहरूलाई बुद्धिमत्तापूर्वक सामना गर्दै मलाई पढ्ने अवसर दिई यहाँसम्म आइपुग्न हरतरहले प्रेरणा दिनुहुने पूजनीय पिताश्री मननारायण श्रेष्ठ र पूजनीय माता श्रीमती याँचुमाया श्रेष्ठप्रति म सदैव ऋणी छु । जीवनको हरेक पलपलमा मलाई साथ दिएर यो स्थानसम्म ल्याइपु¥याउन सहयोग र प्रेरणा दिने मेरी जीवनसङ्गिनी श्रीमती चन्द्रकुमारी श्रेष्ठलाई पनि म धन्यवाद दिन चाहन्छु ।

प्रस्तुत शोधपत्र तयार गर्नका लागि विभिन्न पुस्तक र पत्रपत्रिका उपलब्ध गराइदिने पल्लव साहित्य प्रतिष्ठान, चितवन, त्रिभुवन विश्वविद्यालय, केन्द्रीय पुस्तकालय, क्षेत्रीय पुस्तकालय पश्चिमाञ्चल, पोखरा, वीरेन्द्र बहुमुखी क्याम्पस पुस्तकालय, भरतपुर र आदर्श शिक्षा उच्च माध्यमिक विद्यालय, वैदी-४, खाल्टे, तनहुँको पुस्तकालयबाट पूर्ण सहयोग प्राप्त भएकोले हृदयदेखि नै यी संस्थाप्रति आभार व्यक्त गर्दछु । साथै यस शोधपत्रलाई शुद्धसँग समयमै टङ्कण गरिदिनुहुने कम्प्युटर केयर एन्ड डिजाइनिङ सेन्टर, नारायणगढका टङ्कणकर्ता दीपेन्द्रकुमार जोशी ‘निक’ प्रति पनि धन्यवाद ज्ञापन गर्दछु ।

अन्त्यमा यस शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, चितवनको नेपाली विभागसमक्ष प्रस्तुत गर्दछु ।

शोधार्थी

**हरिप्रसाद श्रेष्ठ**
नेपाली विभाग
**वीरेन्द्र बहुमुखी क्याम्पस**
भरतपुर, चितवन

मिति : २०६७/१२/१

# सङ्क्षेपीकृत शब्दसूची

यस शोधपत्रमा प्रयोग गरिएका सङ्क्षेपीकृत शब्दहरूको पूरा रूप यसप्रकार छ :

| | |
|---|---|
| अ.प्र. | अप्रकाशित |
| आई.कम. | इन्टरमिडियट इन कमर्स |
| इ.सं. | इस्वी संवत् |
| ई.पू. | ईशापूर्व |
| एम.बी.ए. | मास्टर्स अफ बिजिनेस एड्मिनिस्ट्रेसन |
| काठ. | काठमाडौँ |
| क्र.सं. | क्रमसङ्ख्या |
| गा.वि.स. | गाउँ विकास समिति |
| जि.प्र. | जिल्ला प्रशासन |
| जि.प्र.का. | जिल्ला प्रहरी कार्यालय |
| जि.वि.स. | जिल्ला विकास समिति |
| डा. | डाक्टर |
| त्रि.वि./त्रि.वि.वि. | त्रिभुवन विश्वविद्यालय |
| द.सं. | दर्तासङ्ख्या |
| नं. | नम्बर |
| ने.रा.प्र.प्र. | नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान |
| प्र.अ. | प्रधानाध्यापक |
| प्रा. | प्राध्यापक/प्राचार्य |
| प्रा.लि. | प्राइभेट लिमिटेड |
| प्रा.वि. | प्राथमिक विद्यालय |
| पृ. | पृष्ठ |
| बी.ए. | ब्याचलर इन आर्ट |
| बी.एड्. | ब्याचलर इन एजुकेसन |
| बी.एल्. | ब्याचलर इन ल |
| बी.कम. | ब्याचलर इन कमर्स |
| भू.पू. | भूतपूर्व |
| मा.वि. | माध्यमिक विद्यालय |
| नि.मा.वि. | निम्न माध्यमिक विद्यालय |
| रा.शि.प.यो. | राष्ट्रिय शिक्षा पद्धतिको योजना |
| वि.सं. | विक्रम संवत् |
| स्व. | स्वर्गीय |
| सहप्रा. | सह-प्राध्यापक |
| संस्क. | संस्करण |
| सम्पा. | सम्पादक |
| सा.प्र. | साझा प्रकाशन |
| सु. | सुब्बा |

# विषयसूची

(क) शोधपत्रको स्वीकृतिपत्र

(ख) शोधनिर्देशकको मन्तव्य

(ग) कृतज्ञताज्ञापन

(घ) सङ्क्षेपीकृत शब्दसूची

## पहिलो परिच्छेद
## शोधपरिचय

१.१ विषयप्रवेश १

१.२ शोधशीर्षक २

१.३ शोधप्रयोजन २

१.४ समस्याकथन २

१.५ शोधकार्यको उद्देश्यहरू ३

१.६ पूर्वकार्यको विवरण र समीक्षा ३

१.७ अध्ययनको औचित्य, महत्त्व र उपयोगिता ५

१.८ शोधपत्रको क्षेत्र र सीमा ६

१.९ सामग्रीसङ्कलन शोधविधि ६

१.९.१ शोधविधि ६

१.९.२ सामग्रीसङ्कलन विधि ७

१.९.३ सैद्धान्तिक ढाँचा ७

१.१० शोधपत्रको रूपरेखा ७

## दोस्रो परिच्छेद
## कवि शङ्कर सुवेदीको जीवनी परिचय

२.१ विषयप्रवेश ९

२.२ वंशपरम्परा र जन्म १०

| | | |
|---|---|---|
| २.३ | जन्म र जन्मस्थान | १२ |
| २.४ | बाल्यकालीन स्वभाव | १२ |
| २.५ | उपनयन संस्कार र शिक्षादीक्षा | १३ |
| २.६ | पारिवारिक पृष्ठभूमि र परिवारवृत्त | १४ |
| | २.६.१ पारिवारिक पृष्ठभूमि | १४ |
| | २.६.२ परिवारवृत्त | १५ |
| | २.६.३ विवाह र सन्तान | १७ |
| | २.६.४ आर्थिक अवस्था | १९ |
| | २.६.५ बसाइँसराई, बसोबास र आजीविका | २० |
| २.७ | कार्यक्षेत्रमा प्रवेश | २१ |
| | २.७.१ जागिरे जीवन | २१ |
| | २.७.२ गाउँ र प्रवासमा गरेका कार्यहरू | २२ |
| | २.७.३ मानवअधिकार, बौद्धिक एवम् सामाजिक संस्थामा आवद्धता | २३ |
| | २.७.४ साहित्यिक तथा पत्रकारिता क्षेत्रमा संलग्नता | २४ |
| २.८ | अविष्मरणीय घटना | २६ |
| २.९ | भ्रमण | २९ |
| २.१० | रुचि | २९ |
| २.११ | जीवनचर्या | ३१ |
| २.१२ | राजनैतिक आस्था | ३२ |
| २.१३ | पुरस्कार र सम्मान | ३२ |
| २.१४ | जीवनदर्शन | ३३ |
| २.१५ | सारांश | ३४ |

## तेस्रो परिच्छेद
## कवि शङ्कर सुवेदीको व्यक्तित्व

| | | |
|---|---|---|
| ३.१ | विषयप्रवेश | ३५ |
| ३.२ | व्यक्तित्वका विभिन्न पाटाहरू | ३५ |
| ३.३ | बाह्य व्यक्तित्व | ३६ |
| ३.४ | आन्तरिक व्यक्तित्व | ३७ |
| | ३.४.१ आन्तरिक व्यक्तित्वका मुख्य आधारहरू | ३७ |
| | ३.४.१.१ साहित्यिक व्यक्तित्व | ३८ |
| | ३.४.१.१.१ स्रष्टा व्यक्तित्व | ३८ |
| | ३.४.१.१.२ द्रष्टा व्यक्तित्व | ३९ |
| | ३.४.१.२ साहित्येतर व्यक्तित्व | ४१ |
| ३.५ | सारांश | ४३ |

## चौथो परिच्छेद
## कवि शङ्कर सुवेदीको लेखनयात्रा र पुस्तकाकार कृतिको अध्ययन


४.१ विषयप्रवेश ४५

४.१.१ लेखनका लागि प्रेरणा र प्रभाव ४६

४.१.२ नेपाली साहित्यमा कवि शङ्कर सुवेदीको आगमन ४७

४.१.३ लेखन र प्रकाशनको थालनी ४९

४.१.४ कवि शङ्कर सुवेदीको साहित्ययात्रा ५१

४.१.४.१ प्रथम चरण : लेखनकार्यको अभ्यासिक काल (वि.सं. २०३२ - वि.सं. २०५५) ५२

४.१.४.२ दोस्रो चरण : लेखनकार्यमा केही तीव्रताको काल (वि.सं. २०५६ - वि.सं. २०६१) ५२

४.१.४.३ तेस्रो चरण : लेखनकार्यमा परिपक्वताको काल, विकास र कृति प्रकाशनको उर्वरता (वि.सं. २०६२ देखि हालसम्म) ५४

४.१.५ सारांश ५४

४.२ पुस्तकाकार कृतिहरूको अध्ययन ५५

४.२.१ विषयप्रवेश ५५

४.२.१.१ 'आमा' कवितासङ्ग्रहको अध्ययन र विश्लेषण ५५

४.२.१.२ संरचना ५६

४.२.१.३ केन्द्रीय भाव ५८

४.२.१.४ विषयवस्तु ५८

४.२.१.४.१ आध्यात्मिकता ५८

४.२.१.४.२ शृङ्गाररस ५९

४.२.१.४.३ औपदेशिकता ५९

४.२.१.४.४ प्रेम प्रणयजन्य भाव ६०

४.२.१.४.५ देशप्रेम ६१

४.२.१.४.६ जातीय समानता तथा मानवतावादी दृष्टि ६२

४.२.१.४.७ सामाजिक दृष्टिकोण ६२

४.२.१.४.८ प्रकृतिचित्रण ६३

४.२.१.४.९ लय/छन्दविधान ६४

४.२.१.५ अलङ्कार विधान ६५

४.२.१.६ भाषाशैली ६६

४.२.१.७ सारांश ६६
४.२.२ 'भावनाको उद्गार' कवितासङ्ग्रहको अध्ययन र विश्लेषण ६७
४.२.२.१ विषयप्रवेश ६७
४.२.२.२ संरचना ६७
४.२.२.३ केन्द्रीय भाव ७०
४.२.२.४ विषयवस्तु ७३
४.२.२.४.१ आध्यात्मिकता ७४
४.२.२.४.२ शृङ्गाररस ७४
४.२.२.४.३ औपदेशिकता ७५
४.२.२.४.४ प्रेम प्रणयजन्य भाव ७६
४.२.२.४.५ देशप्रेम ७६
४.२.२.४.६ मानवतावादी दृष्टि ७६
४.२.२.४.७ सामाजिक दृष्टि ७७
४.२.२.४.८ प्रकृतिचित्रण ७७
४.२.२.४.९ लय/छन्दविधान ७८
४.२.२.४.१० अलङ्कार विधान ८१
४.२.२.४.११ भाषाशैली ८२
४.२.२.४.१२ व्यङ्ग्यचेतना ८३
४.२.२.४.१३ सारांश ८४
४.२.३ 'चाँदनी' कवितासङ्ग्रहको अध्ययन र विश्लेषण ८४
४.२.३.१ विषयप्रवेश ८४
४.२.३.२ संरचना ९६
४.२.३.३ विषयवस्तु ९०
४.२.३.४ छन्द/लयविधान ९६
४.२.३.५ चाँदनीमा छन्द, रस र अलङ्कारको स्थिति ९७
४.२.३.६ सारांश ९९
४.३ निष्कर्ष १००

## पाँचौं परिच्छेद
## उपसंहार

५.१ निष्कर्ष १०२
५.२ समग्र निष्कर्ष १०४

## सन्दर्भग्रन्थसूची


| | | |
|---|---|---|
| (क) | प्रमुख पुस्तकसूची | १०६ |
| (ख) | प्रमुख पत्रपत्रिकासूची | १०८ |
| (ग) | प्रमुख शोधपत्र | १०८ |


## परिशिष्ट खण्ड


परिशिष्ट – १

प्रमुख स्रोतव्यक्तिहरू १०९

परिशिष्ट – २

विभिन्न व्यक्तिका नजरमा शङ्कर सुवेदीको व्यक्तित्व ११०

परिशिष्ट – ३

कवि शङ्कर सुवेदीका अप्रकाशित फुटकर कविताका केही नमुनाहरू ११४

परिशिष्ट – ४

शोधनायक कवि शङ्कर सुवेदीको रेखाचित्र ११७

# सन्दर्भग्रन्थसूची

## (क) प्रमुख पुस्तकसूची


अज्ञात, कपिल, **स्रष्टा बिम्ब : व्यक्तित्व आरेख**, (चितवन : चितवन साहित्य परिषद्, २०६७) ।

अधिकारी, हेमाङ्ग, भट्टराई बद्रीविशाल, **प्रयोगात्मक नेपाली शब्दकोश**, पुनः मुद्रण, (काठमाडौँ : विद्यार्थी प्रकाशन प्रा.लि., २०६६) ।

गौतम, लक्ष्मणप्रसाद, **चितवनको साहित्य सर्वेक्षण र विश्लेषण**, (चितवन : चितवन वाङ्मय प्रतिष्ठान, २०५२) ।

ढुङ्गाना, गोविन्दप्रसाद, **छन्दोहार**, पाँचौ संस्क., (ललितपुर : साझा प्रकाशन, २०५०)

त्रिपाठी, वासुदेव र अन्य, **नेपाली कविता**, भाग ४, दोस्रो संस्क., (ललितपुर : साझा प्रकाशन, २०५३) ।

नेपाल, घनश्याम, **नेपाली साहित्यको परिचयात्मक इतिहास**, (सिलगुढी : नेपाली साहित्य प्रचार समिति, ई. १९९१) ।

पराजुली, कृष्णप्रसाद, **राम्रो रचना मीठो नेपाली**, एक्काईसौँ संस्क., (काठमाडौँ : सहयोगी प्रेस, २०५५) ।

पोखरेल, बालकृष्ण र अन्य (सम्पा.), **नेपाली बृहत् शब्दकोश**, पुनः मुद्रण, (काठमाडौँ : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०५८) ।

पोखरेल, भानुभक्त, **माधव घिमिरेका विशिष्ट खण्डकाव्य**, दोस्रो संस्क., (ललितपुर : साझा प्रकाशन, २०५६) ।

पौड्याल, काशीराम, शर्मा, **केही पौड्यालहरूको वंशावलीको दिग्दर्शन**, (चितवन : दिवाकर पौड्याल र अन्य, २०५५) ।

बराल, कृष्णहरि, **संदृष्टि**, (ललितपुर : साझा प्रकाशन, २०५५) ।

भट्टराई, घटराज, **नेपाली साहित्यको ऐतिहासिक रूपरेखा**, (काठमाडौँ : सृष्टि प्रकाशन, २०५५) ।

थापा, हिमांशु, **साहित्य परिचय**, दोस्रो संस्क., (ललितपुर : साझा प्रकाशन, २०४२) ।

थापा, मोहनहिमांशु, **साहित्य परिचय**, चौँथो संस्क. (ललितपुर : साझा प्रकाशन, २०५०) ।

राज, भीष्मस्तव, **श्रीमद्भागवत् गीता और विष्णुगुरु नाम**, (गोरखपुर : गोविन्द भवन, २०५२) ।

रिसाल, राममणि, **नेपाली काव्य र कवि**, चौँथो संस्क., (ललितपुर : साझा प्रकाशन, २०५०) ।

शर्मा, मोहनराज, **नेपालीका केही आधुनिक साहित्यकारहरू**, दोस्रो संस्क., (काठमाडौँ : सहयोगी प्रकाशन, २०४०) ।

शर्मा, मोहनराज, **शब्द रचना र वर्णविन्यास**, (भोटाहिटी : नवीन प्रकाशन, २०५६) ।

श्रेष्ठ, ईश्वरकुमार, **पूर्वीय एवम् पाश्चात्य साहित्य समालोचना प्रमुख मान्यता, वाद र प्रणाली**, दोस्रो संस्क. (ललितपुर : साझा प्रकाशन, २०५१) ।

श्रेष्ठ, दयाराम, **वीरकालीन कविता**, (ललितपुर : साझा प्रकाशन, २०३५) ।

श्रेष्ठ, दयाराम, **प्रारम्भिक कालको नेपाली साहित्य, इतिहास र परम्परा**, (काठमाडौँ : त्रि.वि., पाठ्यक्रम विकास केन्द्र, २०३८) ।

श्रेष्ठ, दयाराम, **साहित्यक्रमको इतिहास, सिद्धान्त र सन्दर्भ**, (काठमाडौँ : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०५५) ।

श्रेष्ठ, दयाराम र शर्मा, मोहनराज, **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास**, चौथो संस्क., (ललितपुर : साझा प्रकाशन, २०४९) ।

सुवेदी, शङ्कर, **आमा**, (धादिङ : रामप्रसाद सुवेदी, २०५९) ।

___________, **भावनाको उद्गार**, (धादिङ : रामप्रसाद सुवेदी, २०६१) ।

___________, **चाँदनी**, दोस्रो संस्क. (चितवन : पल्लव साहित्य प्रतिष्ठान, २०६५) ।

स्वामी, खप्तड, **विचार विज्ञान**, (काठमाडौँ : नेपाल सरकार, सञ्चार मन्त्रालय, मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, २०४६) ।

## (ख) प्रमुख शोधपत्र

अधिकारी, मीनबहादुर, **भीम विरागको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन र विश्लेषण**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, (चितवन : त्रि.वि., नेपाली विभाग वीरेन्द्र बहुमुखी क्याम्पस, २०५६) ।

डोटेल, डिल्लीराम, **श्यामानन्द पौडेलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन, विश्लेषण**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, (चितवन : त्रि.वि., नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, २०५९) ।

भट्टराई, गङ्गाकुमारी (सुवेदी), **कवि पोषराज पौडेलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, (चितवन : त्रि.वि., नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, २०५९) ।

भारी, सुवर्ण, **उपेन्द्र श्रेष्ठको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, स्नातकोत्तर शोधपत्र, (चितवन : त्रि.वि., नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, २०४०) ।

## (ग) प्रमुख पत्रपत्रिकासूची

खनाल, केदारनाथ, *कवि तीर्थराज कोइराला र वागीश्वरी,* **वागीश्वरी**, (अङ्क १५, २०६२, पृ. ८१-८५) ।

न्यौपाने, भागवतशरण र अन्य (सम्पा.), *साहित्य र अनुसन्धानको क्षेत्रमा चितवन,* **विवेक**, (वर्ष ५, अङ्क २, २०४६, पृ. ७३-७५) ।

बराल, ईश्वर, *नेपाली साहित्यको काल विभाजन,* **रूपरेखा**, (अङ्क ५३, २०२२, पृ. २७) ।

# पहिलो परिच्छेद
# शोधपरिचय

## १.१ विषयप्रवेश

नेपाली कवितापरम्परामा समकालीन पुस्ताका माझमा रहेर नवीन शिल्पचेतना, नवीन विषयवस्तु र प्रणयपरक भावाभिव्यञ्जना प्रस्तुत गर्दै कविता लेख्ने कवि शङ्कर सुवेदी निजात्मक, वैयक्तिक अनुभूतिमा केन्द्रित रही उत्कृष्ट कविता, रचना गर्ने छन्दवादी कवि हुन् । वि.सं. २०१९ सालमा धादिङ जिल्लाको पिँडा-३ राम्चेमा जन्मेका शङ्कर सुवेदी चितवनका प्रबुद्ध र सशक्त साहित्यकार हुन् । नेपाली साहित्यकारको समुन्नतिमा युवाहरू जुर्मुराउने क्रम बढ्दो छ । युवाहरूमा देखा परेको जागरणधर्मिताले भोलिको साहित्यिक परिवेश अझै उर्वर बन्ने निश्चित छ । कर्मकर्तव्यको पारखी बनेर आफ्नो राष्ट्र र समाजलाई सदैव समुज्वल पार्ने दिशातर्फ अभिमुख भएका केही अग्रपङ्क्तिका युवाहरूमध्ये शङ्कर सुवेदी पनि पर्दछन् । जिज्ञासा, कौतुहलता, आत्मविश्वास, लगनशीलताले नै उच्चतामा पुऱ्याउने यी गुणबाट शङ्कर सुवेदी ओतप्रोत छन् । सरकारी कर्मचारीको रूपमा राष्ट्रसेवा गर्ने सिलसिलामा देशका विभिन्न ठाउँमा पुग्ने र प्राप्त अनुभव र अनुभूतिको सार्वजनिकीकरण गर्ने क्षमता राख्ने शङ्कर सुवेदीको लगनशीलताले नेपाली साहित्यमा कमजोर पार्न खोजिएको छन्दोबद्ध कविता लेखनको परिपाटीलाई महत्त्वपूर्ण उर्जा प्राप्त भएको छ । वि.सं. २०५९।०६० बाट कलम चलाउन थालेका सुवेदीका रचनाको मुख्य क्षेत्र कविता विधा नै हो । उनका हालसम्म प्रकाशित प्रमुख कृतिहरू यसप्रकार छन्-

| क्र.सं. | कृति | विधा | प्रकाशन मिति | प्रकाशन संस्था |
|---|---|---|---|---|
| १. | आमा | कविता | २०५९ | सरस्वती छापाखाना, धादिङ |
| २. | भावनाका उद्गार | कविता | २०६१ | पुष्पाञ्जली छापाखाना, चितवन |
| ३. | चाँदनी | कविता | २०६४ | पल्लव साहित्य प्रतिष्ठान, चितवन |
| ४. | चाँदनी (दोस्रो संस्क.) | कविता | २०६५ | पल्लव साहित्य प्रतिष्ठान, चितवन |

कवि शङ्कर सुवेदी हालसम्म लेखनकार्यमा व्यस्त भएका देखिन्छन् । उल्लिखित कृतिहरूका आधारमा सुवेदी चितवन जिल्लाका एक सशक्त प्रतिभाशाली साहित्यकार हुन्, त्यसैले यिनी अनुसन्धेय व्यक्तित्व पनि हुन्, उनका बारेमा अहिलेसम्म पनि कुनै व्यवस्थित अध्ययन भएको देखिँदैन । नेपाली साहित्यका प्रमुख छन्दवादी कविहरूकै हाराहारीमा कवि शङ्कर सुवेदी देखा परेकाले उनको रचनात्मक योगदानको मूल्याङ्कन गर्नु पर्ने देखिन्छ । त्यसैले यस शोधको विषय कवि शङ्कर सुवेदीको कृतिहरूको विशेष अध्ययन तथा विश्लेषणका साथै उनको जीवनी र व्यक्तित्वका अध्ययनसँग सम्बन्धित रहेको छ ।

## १.२ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **कवि शङ्कर सुवेदीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** रहेको छ ।

## १.३ शोधप्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय, वीरेन्द्र बहुमुखी क्याम्पसअन्तर्गत नेपाली विभागको स्नातकोत्तर तह (एम.ए.) दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका लागि प्रस्तुत गरिएको छ ।

## १.४ समस्याकथन

कवि शङ्कर सुवेदीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययनको शोध गर्दा उनको कृतित्वको रेखाङ्कन तथा मूल्याङ्कन प्रस्तुत शोधपत्रको मूल समस्याको रूपमा रहेको छ । प्रस्तुत शोधपत्रका खास समस्या यी रहेका छन् –

(क) कवि शङ्कर सुवेदीको जीवनी के कस्तो रहेको छ ?

(ख) कवि शङ्कर सुवेदीमा कवि व्यक्तित्वको निर्माण के कसरी भएको छ ?

(ग) कवि शङ्कर सुवेदीको चितवनको साहित्यिक विकासमा के कस्तो विधागत रचनात्मक योगदान रहेको छ ?

(घ) कवि शङ्कर सुवेदीको साहित्य यात्रामा उनका रचनाहरूको प्रमुख प्रवृत्ति के रहेको छ ?

(ङ) कवि शङ्कर सुवेदीको कवितासङ्ग्रहको संरचनात्मक विश्लेषण कस्तो रहेको छ ?

(च) कवि शङ्कर सुवेदीका कवितासङ्ग्रहमा समानान्तरताको प्रयोग कसरी गरिएको छ ?

यिनै विभिन्न समस्याहरूको वस्तुपरक अध्ययन, अनुसन्धान, विश्लेषण र मूल्याङ्कनमा प्रस्तुत शोधपत्र केन्द्रित रहेको छ ।

## १.५ शोधकार्यका उद्देश्यहरू

विभिन्न समस्याहरूमा केन्द्रित भई कवि शङ्कर सुवेदीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन गर्नु यस शोधकार्यको मुख्य उद्देश्य रहेको छ । यस शोधकार्यका उद्देश्यहरू निम्नानुसार रहेका छन् :

(क) कवि शङ्कर सुवेदीको जीवनीको सत्यतथ्य जानकारी प्रस्तुत गर्नु,

(ख) कवि शङ्कर सुवेदीको व्यक्तित्वको विश्लेषण गर्नु,

(ग) कवि सुवेदीको चितवनको साहित्य क्षेत्रमा रचनात्मक योगदानको निरूपण गर्नु तथा उनका रचनामा पाइने भावना, विचार र प्रवृत्तिहरूको अवलोकन गर्नु,

(घ) कवि शङ्कर सुवेदीका रचनाहरूको प्रवृत्ति र मोडहरू पत्ता लगाई तिनको मूल्याङ्कन गर्नु र निष्कर्षमा पुग्नु,

(ङ) कवि शङ्कर सुवेदीका प्रकाशित कवितासङ्ग्रहको संरचनात्मक विश्लेषण गर्नु,

(च) उनका प्रकाशित कवितासङ्ग्रहमा समानान्तरताको प्रयोग देखाउनु ।

यिनै विभिन्न उद्देश्यहरूको आधारमा यो शोधपत्र तयार गरिएको छ ।

## १.६ पूर्वकार्यको विवरण र समीक्षा

शङ्कर सुवेदी समकालीन नेपाली कविताका क्षेत्रमा नवप्रविधि र नवीन चिन्तनका धारमा रहेर अनुभूति र संवेगजन्य कविता लेख्ने सशक्त छन्दवादी कवि हुन् । लामो समयदेखि साहित्यको साधनामा रहेका कुनै पनि साहित्यिक प्रतिभाहरूको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन-अनुसन्धान गर्न प्रायः असम्भव नै देखिन्छ । नेपाली कविता साहित्यको क्षेत्रमा करिब एक दशकदेखि छन्दोबद्ध कवितालेखनतर्फ निरन्तर लागिपरेका सुवेदीका बारेमा विभिन्न पत्रपत्रिकाहरूमा सामान्य टीकाटिप्पणी, चर्चापरिचर्चा गरिएको पाइए तापनि कृतिको गम्भीर विश्लेषण गरिएको पाइँदैन । हालसम्म उनका कृतिबारे भएगरेका चर्चापरिचर्चाहरूको कालक्रमिक विवरण यसप्रकार रहेको छ :

(क) शङ्कर सुवेदीद्वारा रचित तथा छन्द बचाऔँ अभियान २०५३ द्वारा प्रकाशित **चाँदनी** कवितासङ्ग्रह (वि.सं. २०६५) मा माधव वियोगीले *चाँदनीको शुभेच्छापूर्ण चिरफार* शीर्षकको भूमिका लेखमा काव्य संस्कृतिको रूपमा रहेको छन्दलाई बचाउने कार्यमा शङ्कर सुवेदी सक्षम चिकित्सकका रूपमा रहेका छन् भनिएको छ ।[१]

---

१ माधव वियोगी, *चाँदनीको शुभेच्छापूर्ण चिरफार,* शङ्कर सुवेदी, **चाँदनी**, दोस्रो संस्क., (चितवन : पल्लव साहित्य प्रतिष्ठान, २०६५), पृ. ग ।

(ख) शङ्कर सुवेदीद्वारा रचित तथा सरस्वती छापाखानाद्वारा वि.सं. २०५९ मा प्रकाशित **आमा** कवितासङ्ग्रहमा रामचन्द्र लम्सालले *शुभकामना* शीर्षकको भूमिका लेखमा अनुभूतिको मसिनो तरङ्गले स्पर्श गर्नासाथ भावनाको नदीमा सललल्ल बगेर भावुकतालाई प्रभावित पार्न सक्ने क्षमता यस कृतिका कवि शङ्कर सुवेदीले अधिगत गरिसक्नु भएको छ[२] र यस्ता महान् प्रतिभाहरूले निर्माण गर्न सुरु गरेको साहित्यिक राजमार्गलाई अझ सुन्दर र फराकिलो पार्ने सङ्कल्पमा साधनारत चितवन जिल्लाका प्रतिभाशाली साहित्यकार शङ्कर सुवेदीबाट नेपाली साहित्यको श्रीवृद्धिमा अमूल्य योगदान पुगोस् भन्ने आशा एवम् विश्वास गर्दै उहाँलाई साधनाको यस क्षेत्रमा उच्च सफलता मिलोस् भन्ने शुभकामना पनि व्यक्त गरिएको छ ।

(ग) शङ्कर सुवेदीद्वारा रचित र पुष्पाञ्जली छापाखानाद्वारा वि.सं. २०६१ मा प्रकाशित **भावनाको उद्‌गार** कवितासङ्ग्रहमा तुलसी भट्टराईले लेखेको *शुभकामना* पृष्ठ 'क' भूमिका लेखमा कविता अक्षर समूह मात्र होइन, कविता हुन अनुभूति, भाव र विचारको संयोजन चाहिने भएकाले कविले आफ्नो मस्तिष्क र हृदयलाई कविताका रूपमा चित्रित गरेका छन् ।[३]

(घ) शङ्कर सुवेदीद्वारा रचित तथा पुष्पाञ्जली छापाखानाद्वारा वि.सं. २०६१ मा प्रकाशित **भावनाको उद्‌गार** कवितासङ्ग्रहमा रामचन्द्र लम्सालले लेखेको मन्तव्य पृष्ठ 'ग' को लेखमा कविता अनुभूतिको तीव्र संवेदनालाई कलात्मक वाणीद्वारा व्यक्त गरिने भएको र यो मानवीय भावना पक्षसित बढी सम्बन्धित हुने हुँदा संवेदनशील हृदय भएकाहरूले मात्र यसमा सफलता अधिगत गर्न सक्ने भन्दै कविले सक्षमता हासिल गरेको देख्न पाउँदा उहाँमा कवि प्रतिभा निकै प्रष्फुटन भएको स्पष्ट प्रमाणित भएको छ ।[४]

(ङ) शङ्कर सुवेदीद्वारा रचित तथा पुष्पाञ्जली छापाखानाद्वारा वि.सं. २०६१ मा प्रकाशित **भावनाको उद्‌गार** कवितासङ्ग्रहमा डिल्लीरमणशर्मा अर्यालले लेखेको *शुभेच्छा* पृष्ठ 'च' शीर्षकको लेखमा शङ्कर सुवेदीलाई आफ्नो भावनाहरूलाई विभिन्न शास्त्रीय छन्दहरूमा ढालेर लेख्न सक्ने निपूर्ण कवि मानिएको छ । यसैगरी छन्दमा कविता लेख्न गाह्रो हुन्छ तापनि सुवेदीले विभिन्न छन्दहरूको माध्यमले आफ्नो आन्तरिक भावनाहरू पोख्न कुशल शिल्पकारको रूपमा देखिएका र उनका कविताहरू धेरैजसो प्रेममा आधारित शृङ्गारिक हुन्छन् भनिएको छ ।[५]

---

२ रामचन्द्र लम्साल, *शुभकामना,* शङ्कर सुवेदी, **आमा**, (धादिङ : रामप्रसाद सुवेदी, २०५९), पृ. ग ।

३ तुलसी भट्टराई, *शुभकामना,* शङ्कर सुवेदी, **भावनाको उद्‌गार**, (धादिङ : रामप्रसाद सुवेदी, २०६१), पृ. क ।

४ रामचन्द्र लम्साल, *मन्तव्य,* शङ्कर सुवेदी, **भावनाको उद्‌गार**, (धादिङ : रामप्रसाद सुवेदी, २०६१), पृ. ग ।

५ डिल्लीरमण शर्मा अर्याल, *शुभेच्छा,* शङ्कर सुवेदी, **भावनाको उद्‌गार**, (धादिङ : रामप्रसाद सुवेदी, २०६१), पृ. च ।

(च) शङ्कर सुवेदीद्वारा रचित तथा पल्लव साहित्य प्रतिष्ठानद्वारा प्रकाशित **चाँदनी** कवितासङ्ग्रह (वि.सं. २०६५) मा ऋषिप्रसाद लामिछाने (गोर्खे साइँलो) ले *दोस्रो संस्करणप्रति प्रकाशकीय* शीर्षकको भूमिका लेखमा ती होमिने कविमनहरूमध्ये छन्दमा कविता लेखेर कहिल्यै पनि नथाक्ने र समयले साथ दिनासाथ  कविता कोर्न बसिहाल्ने छन्दानुरागी कवि हुन् भनिएको छ ।[६]

(छ) शङ्कर सुवेदीद्वारा रचित तथा पल्लव साहित्य प्रतिष्ठानद्वारा प्रकाशित **चाँदनी** कवितासङ्ग्रह (वि.सं. २०६५) मा राष्ट्रकवि माधव घिमिरेले *उनी मनका पनि कवि हुन्* शीर्षकको भूमिका लेखमा भनेका छन् शङ्कर वचनका मात्र कवि नभएर मनका समेत कवि भएको ठहर गर्दै कविता र शङ्करबीच अन्योन्याश्रित सम्बन्ध भएको उल्लेख गरेका छन् ।[७]

(ज) चितवन साहित्य परिषद्द्वारा वि.सं. २०६७ मा प्रकाशित कपिल अज्ञातले लेखेको **स्रष्टाबिम्ब : व्यक्तित्व आरेख** समालोचनामा रहेको *कोमल स्वभावका कवि : शङ्कर सुवेदी* शीर्षकको लेखमा उनले हृदयदेखि निःसृत शब्दहरूको संयोजन गरेर कवितालाई रमणीय तुल्याएका छन् । उनका कविताको यही विशेषता दृष्टिगत गरी राष्ट्रकवि माधव घिमिरेले छन्दको महिमा गान गर्न कविले आफ्ना कवितालाई साँच्चै नै लयदार र रसपूर्ण बनाएका छन् भन्ने धारणा व्यक्त गरेका छन् ।[८]

यसरी हेर्दा कवि शङ्कर सुवेदीले नेपाली कविताको क्षेत्रमा त्यसमा पनि छन्दकवितामा कविता लेखेर नेपाली कविता साहित्यको इतिहासमा एउटा ईंटा थप्ने कार्य गरेका छन् । हालसम्म उहाँका बारेमा विभिन्न व्यक्ति, सङ्घसंस्थाहरूबाट भए गरेका कार्यहरूलाई एउटा प्रशंसनीय र उल्लेखनीय काम मानिएको छ ।

## १.७ अध्ययनको औचित्य, महत्त्व र उपयोगिता

करिब एक दशक लामो साहित्यिक जीवन व्यतीत गरेका शङ्कर सुवेदीका पुस्तकाकारकृतिहरू विभिन्न राष्ट्रियस्तरका पत्रपत्रिकाहरूमा प्रकाशित छन् । मूलतः छन्दवादी कविका रूपमा परिचित कवि शङ्कर सुवेदीका बारेमा हालसम्म गहन अध्ययन, अनुसन्धान भएको देखिँदैन, सामान्य टीकाटिप्पणी, चर्चापरिचर्चा मात्र भएको वर्तमान अवस्थामा उनका सम्बन्धमा सुव्यवस्थित र विस्तृत अध्ययन-अनुसन्धान गर्न आवश्यक देखिएको छ । समवर्ती र उत्तरवर्ती प्रतिभाहरूका लागि उनको जीवनी, व्यक्तित्व र कृतित्वको विश्लेषण प्रेरणादायी

---

६ ऋषिप्रसाद लामिछाने (गोर्खे साइँलो), *दोस्रो संस्करणप्रति प्रकाशकीय,* शङ्कर सुवेदी, **चाँदनी**, दोस्रो संस्क., (चितवन : पल्लव साहित्य प्रतिष्ठान, २०६५), पृ. ख ।

७ माधव घिमिरे, *उनी मनका पनि कवि हुन्,* शङ्कर सुवेदी, **चाँदनी**, दोस्रो संस्क., (चितवन : पल्लव साहित्य प्रतिष्ठान, २०६५), पृ. ख ।

८ कपिल अज्ञात, **स्रष्टाबिम्ब : व्यक्तित्व आरेख**, (चितवन : चितवन साहित्य परिषद्, २०६७), पृ. १३७ ।

बन्नुका साथै चितवन जिल्लाको प्रमुख साहित्यकारहरूको विस्तृत तथ्यान्वेषण गर्न चाहने वर्तमान र भावी पुस्ताका सबै प्रकारका जिज्ञासु यस शोधपत्रबाट लाभान्वित हुने कुराको पुष्टि हुन जान्छ । तसर्थ चितवनका एक प्रतिभाशाली स्रष्टा शङ्कर सुवेदीका सिर्जनालाई फैलाउने मौका दिनु, उनको साहित्यिक योगदानलाई पाठकसमक्ष पुऱ्याई सिर्जनारत कविको प्रतिभा अझै फस्टाओस् भनी खोजतलास गर्नु, औचित्यपूर्ण देखिन्छ । कवि शङ्कर सुवेदीको जीवनी, व्यक्तित्वका विविध पाटाहरूको उल्लेख गर्दै उनका सबै पुस्तकाकार कृतिहरूको विधागत अध्ययन गरी नेपाली साहित्यमा उनको योगदानको निरूपण गर्नु नै प्रस्तुत शोधपत्रको औचित्य र महत्त्व रहेको छ । कवि शङ्कर सुवेदीको विषयमा गरिने कुनै पनि अध्ययन अन्वेषण कार्यमा यो शोधपत्रले थोरै नै भए पनि महत्त्वपूर्ण सहयोग पुऱ्याउने छ भन्ने आशा राखिएको छ ।

## १.८ शोधपत्रको क्षेत्र र सीमा

प्रस्तुत शोधपत्र कवि शङ्कर सुवेदीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन तथा विश्लेषण विषयमा केन्द्रित रहेको छ । कृतिमा पाइने जीवन, दर्शन, सामाजिककता, प्रकृतिचित्रण, मानवता, विश्ववन्धुत्वको भावना, राष्ट्र, राष्ट्रियताजस्ता पक्षहरू यस अध्ययनभित्र समाविष्ट गरिएको छ । उनको जीवनका प्रमुख घटनाहरू, साहित्यतर्फ प्रेरित गर्ने प्रसङ्गहरू शोधपत्रको जीवनी पक्षमा समेटिएको छ भने उनको व्यक्तित्वका विविध पाटाहरूलाई व्यक्तित्व पक्षमा र उनीद्वारा सृजित रचनाहरूलाई कृतित्व पक्षमा समेटिएको छ । प्रस्तुत शोधपत्रको सीमा यसप्रकार राखिएको छ -

(क) प्रस्तुत शोधपत्र शीर्षकानुसार साहित्यकार शङ्कर सुवेदीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययनमा केन्द्रित रहेको छ ।

(ख) यस शोधपत्रमा कवि शङ्कर सुवेदीको २०५९ देखि २०६५ सम्म प्रकाशित पुस्तकार कृतिहरूको विशेष अध्ययन गरिएको छ भने उनका अप्रकाशित रचनाहरूलाई यस अध्ययनको परिशिष्ट खण्डमा समेटिएको छ तथा पत्रपत्रिकामा प्रकाशित रचनाहरूको समेत अध्ययन र विश्लेषणतिर नगई सूची मात्र दिनु यो शोधपत्रको सीमा हो ।

## १.९ सामग्रीसङ्कलन र शोधविधि

### १.९.१ शोधविधि

यस शोधकार्यलाई व्यवस्थित र वस्तुगत रूपमा प्रस्तुत गर्नका लागि सङ्कलित सामग्रीलाई परम्परित, सैद्धान्तिक र व्यावहारिक समालोचनापद्धतिको उपयोगद्वारा विश्लेषण

गरिएको छ । कवितासङ्ग्रहहरूको अध्ययन गर्ने क्रममा सामान्यत: आगमनात्मक, व्याख्यात्मक, विश्लेषणात्मक विधिको अनुसरण गरी अभिव्यक्तिकला, रचनाकाल आदिको आधारमा वर्णन-विश्लेषण गरिएको छ ।

### १.९.२ सामग्रीसङ्कलन विधि

शोधनीय कृतिहरू **आमा** (वि.सं. २०५९), **भावनाको उद्गार** (वि.सं. २०६१) र **चाँदनी** (वि.सं. २०६५) छन्दवादी कवितासङ्ग्रहका साथै शोधशीर्षकसँग सान्दर्भिक देखिने विभिन्न पुस्तकहरू, विभिन्न पत्रपत्रिकामा प्रकाशित लेख-रचनाहरू आदि पुस्तकालयीय पद्धतिबाट र कवि शङ्कर सुवेदीसँगको प्रत्यक्ष अन्तर्वार्ता, उहाँका माता, पिता, दाजुभाइ र अन्य सम्बन्धित व्यक्तित्वहरूसँग प्रत्यक्ष भेटघाट गरी क्षेत्रीय पद्धतिका आधारमा यी कृतिहरूका विषयमा आवश्यक जानकारी लिइएको छ ।

### १.९.३ सैद्धान्तिक ढाँचा

प्रस्तुत शोधकार्यअन्तर्गत जीवनी खण्डमा स्वयम् अनुसन्धेय व्यक्तिसँगको अन्तर्वार्ता र भेटघाटलाई मूल आधार मानिएको छ भने व्यक्तित्व खण्डमा मूल आधार प्राय: अनुसन्धेय व्यक्तिका कृतित्वलाई मानिएको छ । साथै कृति विश्लेषणका लागि लघुतम कवितारूप मुक्तकलाई शीर्षक, लयविधान, कथनपद्धति, भाषाशैली, संरचना, भाव, विचार र बिम्बालङ्कारलाई आधार मानिएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई व्यवस्थित एवम् सुसङ्गठित ढाँचामा बाँधिएको छ । यसलाई शृङ्खलित र व्यवस्थित बनाउनका लागि विभिन्न परिच्छेद, शीर्षक, उपशीर्षक, सहायक शीर्षकमा विभाजन गरी राखिएको छ । समग्र रूपरेखा यसप्रकार रहेको छ –

(१) पहिलो परिच्छेद : **शोधपरिचय**

यस शीर्षकमा शोधशीर्षक, प्रयोजन, विषयपरिचय, समस्याकथन, शोधको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधको औचित्य, महत्त्व, उपयोगिता, सीमाङ्कन, सामग्रीसङ्कलनविधि, शोधपत्रको रूपरेखा प्रस्तुत गरिएको छ ।

(२) दोस्रो परिच्छेद : **कवि शङ्कर सुवेदीको जीवनी**

यस परिच्छेदमा कविको जन्म र जन्मस्थान, बाल्यकालीन स्वभाव, उपनयन संस्कार र शिक्षादीक्षा, पारिवारिक पृष्ठभूमि, परिवारवृत्त, विवाह र सन्तान, आर्थिक अवस्था, रोजगारी आदिको बारेमा विस्तृत खोज र अनुसन्धान गरी प्रस्तुत गरिएको छ ।

(३) तेस्रो परिच्छेद : **कवि शङ्कर सुवेदीको व्यक्तित्व परिचय**

यस परिच्छेदमा कवि शङ्कर सुवेदीको व्यक्तित्व परिचय, व्यक्तित्वका विभिन्न पाटाहरू, बाह्य व्यक्तित्व, आन्तरिक व्यक्तित्व, आन्तरिक व्यक्तित्वका मुख्य आधारहरू, साहित्यिक व्यक्तित्व, साहित्येतर व्यक्तित्व र निष्कर्ष गरी उल्लेख गरिएको छ ।

(४) चौथो परिच्छेद : **कवि शङ्कर सुवेदीको कृतिहरूको विधागत अध्ययन**

कवि शङ्कर सुवेदीले हालसम्म तीनओटा छन्दोबद्ध कवितासङ्ग्रह **आमा**, **भावनाको उद्गार** र **चाँदनी** कवितासङ्ग्रह प्रकाशित गरेकाले विधागत दृष्टिले उनको कविता मात्र भएकोले तिनै कृतिहरूमा आधारित भएर विषय प्रवेश, ती कृतिहरूको संरचनात्मक विशेषता, विषयवस्तु वा मूल भाव, शैलीशिल्प र निष्कर्ष प्रस्तुत गरिएको छ ।

(५) पाँचौँ परिच्छेद : **उपसंहार**

यस शीर्षकअन्तर्गत प्रत्येक परिच्छेदको सारांश र निष्कर्ष प्रस्तुत गरिएको छ ।

यसरी प्रस्तुत शोधकार्यको पूर्वभाग, मध्यभागका साथै पश्चभागमा सन्दर्भग्रन्थसूची र परिशिष्ट समेत समावेश गरी सर्वाङ्गपूर्ण शोधपत्र तयार गरिएको छ ।

# दोस्रो परिच्छेद

# कवि शङ्कर सुवेदीको जीवनी परिचय

## २.१ विषयप्रवेश

मानिस जब यस धर्तीमा पाइला टेक्छ, तब उसका क्रियाकलापहरू सुरु हुन थाल्छन् । जन्मेदेखि नमरुन्जेलसम्मको अवधिमा घटनाहरू घट्दै जान्छन् । मानिसले आफ्ना जीवनमा गरेका विविध क्रियाकलापको क्रमबद्ध प्रस्तुतिलाई नै जीवन भनिन्छ । 'मानिसले जीवनमा गरेका कामकुराको क्रमबद्ध लेखन, कथन वा जीवनचरित्र नै जीवन हो ।'[१] कुनै पनि व्यक्ति विशेषका जीवनका सम्पूर्ण वा आंशिक पक्षको विवरण जीवनीमा हुन्छ । जीवनीले शुद्ध साहित्यिक विधाका रूपमा स्थापित हुँदा गम्भीर र पारिभाषिक अर्थ प्राप्त गर्छ । जीवनीमा खास व्यक्तिको जीवनवृतान्त हुन्छ । यसर्थ जीवनीलाई साहित्यकै एक अंश मान्न सकिन्छ । 'व्यक्ति विशेषको सम्बन्ध समाज, संस्कृति, राजनीति आदिसँग हुने भएकोले जीवनीबाट तत्कालीन सामाजिक, सांस्कृतिक वा राजनीतिक परिवेश बुझ्न सकिन्छ ।'[२] 'वास्तवमा जीवनीले त्यस जीवनका यथेष्ट प्रमुख भागको चर्चालाई आत्मसात गरेको हुन्छ ।' जीवनीमा सामान्यतया: कुनै व्यक्तिले जीवनभर गरेका कार्यहरूको क्रमिक वर्णन हुन्छ । यसमा चरित्रनायकको सम्पूर्ण जीवन वा त्यस जीवनका यथेष्ट भागको चर्चा परिचर्चा हुन्छ र कुनै व्यक्ति विशेषले त्यस अवधिमा गरेको कार्यको वृतान्त नै जीवनी हुन आउँछ ।

यसरी खास व्यक्तिका व्यक्तिगत जीवनका आन्तरिक र बाह्य चरित्रको सरल, सहज ढङ्गले चित्रण गर्नु नै जीवनीको मुख्य तात्पर्य हो । अत: कवि शङ्कर सुवेदीको व्यक्तिगत जीवनका आन्तरिक र बाह्य चरित्रको महत्त्वपूर्ण पक्षहरूलाई र जीवनका विविध

---

१ बालकृष्ण पोखरेल र अन्य (सम्पा.), **नेपाली बृहत् शब्दकोश**, पुन:मुद्रण, (काठमाडौं : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०५८), पृ. २७६ ।

२ दयाराम श्रेष्ठ 'सम्भव' र मोहनराज शर्मा, **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास**, चौथो संस्क., (ललितपुर : साझा प्रकाशन, २०४९), पृ. ८ ।

उतारचढावहरूलाई केलाउनु पर्ने भएकोले प्रस्तुत शीर्षकमा कवि शङ्कर सुवेदीको जीवनका विभिन्न पक्षहरूको चर्चा प्रस्तुत गरिएको छ ।

## २.२ वंश परम्परा र जन्म

कवि शङ्कर सुवेदीको वंशपरम्पराको प्राचीनतम अभिलेखमा उल्लेख भएको पाइँदैन । सुवेदीको पुर्ख्यौली थलो हालको मध्यमाञ्चल विकास क्षेत्र बागमति अञ्चलको धादिङ जिल्लाको पिँडा-३, राम्चे देखिन्छ ।[३] यिनको वंशपरम्पराको कुनै लिखित इतिहास पाइँदैन, त्यसकारण शोधनायकका माता, पिता, रामप्रसाद सुवेदी र क्षेत्रकुमारी सुवेदीसँगको प्रत्यक्ष कुराकानीबाट प्राप्त जानकारीलाई नै मुख्य आधार मानिएको छ । रामप्रसाद सुवेदीको प्रत्यक्ष जानकारीअनुसार कवि शङ्कर सुवेदीका जिजुहजुरबुवा सुब्बा प्रेमनाथ सुवेदी रहेको र तत्कालीन अवस्थामा (जहाँनिया राणाशासनको समय) पनि सुब्बा जागिर खान सफल भएका थिए । काशीमा र बनारसमा बसेर संस्कृतको धेरै अध्ययन गरेकाले संस्कृतमा यिनी विद्वान् थिए भन्ने जानकारी उनका पिता रामप्रसाद सुवेदीबाट जानकारी प्राप्त भएको छ ।[४] उनका जिजुहजुरबुवाका पनि दुई भाइछोराहरू भए पूर्णप्रसाद सुवेदी र ल्याइते श्रीमतीपट्टिका देवबहादुर सुवेदी । पूर्णप्रसाद सुवेदीलाई पनि बनारसमा लगेर शिक्षा प्राप्त गराएकाले यी पनि आफ्नो बाबुजस्तै ठूलो विद्वान् भएको जानकारी उनकै मुखबाट प्राप्त भयो ।[५] त्यतिखेर गाउँमा विद्यालय नखोलिएको कुनै पाटी, धर्मशालामा राखेर गाउँका केटाकेटीहरू जम्मा गरेर साउँ अक्षर चिनाउने, चण्डी, अमरकोश घोकाउने आदि काम भने गाउँमा नै हुने गर्थ्यो उहाँहरूलाई पनि यसरी नै गाउँमा अक्षर चिनाएपछि पछि बनारस लगे र पढाएका थिए भन्ने जानकारी प्राप्त भयो । कवि शङ्कर सुवेदीका हजुरबुवा काशी, बनारस हिँड्दा यही चितवनको बाटो भई आउनेजाने गर्नुपर्दा चितवनको समथर फाँट देख्दा कुनै दिन यही ठाउँमा आई जङ्गल फँडानी गरी बस्नुपर्ला भन्ने सोच बनाएको र सो कुरा आफ्नो छोरा रामप्रसाद बुझ्ने भएपछि भनिराखेको कुरा रामप्रसादबाट जानकारी हुन आएको र पछि रामप्रसाद बाबु पूर्णप्रसादको मृत्युपछि बाबाले भनेको कुरा सम्झदा नारायणगढ आई त्यहाँको जग्गा पनि हेर्नुभएको तर अलि खेती आयस्ता हुने खेत र जग्गा खोज्ने क्रममा हालको जयमङ्गला क्षेत्रमा गई आफूले सक्ने जति जग्गा फँडानी गरेर बस्न पाइएको कुरा पनि उहाँकै मुखबाट थाहा हुन आएको छ । छोराछोरी साना, जङ्गली जनावरको डर, औलो, सर्पको डर आदिले गर्दा चितवनमा मान्छे धेरै पछि मात्र आउन थालेको थियो । धादिङबाट चितवन आउने क्रममा २०, २२ सालतिरबाट जङ्गल फँडानी गरेर खेती गर्न सुरु गर्न थाले पनि औपचारिक रूपमा बसाइँ भने वि.सं.

---


३ शोधनायकका पितासँगको अन्तर्वार्ताअनुसार ।

४ ऐजन ।

५ ऐजन ।

२०२४ साल फागुनमा सरेको कुरा पिता रामप्रसाद सुवेदीबाट थाहा हुन आयो । कवि शङ्कर सुवेदीको पिता रामप्रसाद सुवेदीको जन्म वि.सं. १९८४ साल वैशाख १४ गते अक्षप तृतीयाको दिन पिँडा-३, राम्चे, धादिङ र माता श्रीमती क्षेत्रकुमारीको जन्म वि.सं. १९८६ साल भदौ ९ गते एकादशीको दिन भएको थियो ।[६] कवि सुवेदीको बुवाको मावली कुम्पुर गा.वि.स. ४, भालडाँडा धादिङ, हालको घाटबेसीपारि भएको उहाँ रामप्रसाद सुवेदीबाटै जानकारी प्राप्त भएको थियो ।[७] कवि शङ्कर सुवेदीको मावली भने किरानचोक गा.वि.स. ३, धादिङ भएको र हजुरबुवाको नाम निरञ्जन अधिकारी र हजुरआमाको नाम चन्द्रकुमारी अधिकारी भएको साथै कवि सुवेदीको मामाको नाम अमरनाथ अधिकारी रहेको पनि जानकारीमा आएको थियो । त्यतिखेर किरानचोक गा.वि.स.मा अधिकारीहरू भने पछि हुनेखाने ठूलाबडा भएको कारणबाट कवि शङ्कर सुवेदीको आमाबुवाको विवाहमा पनि सातओटा त खसी मात्र काटेको कुरा पनि थाहा भएको थियो । आजभोलिको चलन छ, छैन हाम्रो त्यतिखेर जन्तीलाई बीच बाटोमा जन्तीबाखा खुवाउने चलन भएको र बाटोमा २ ओटा खसी काटेर रमाइलो गरी खाएको कुरा पनि प्रत्यक्ष कुराकानीका क्रममा कविका बुवा रामप्रसाद सुवेदीबाट जानकारी प्राप्त भएको थियो । त्यतिखेर जन्ती जाँदा ३ गाउँका मानिसहरू जम्मा भई गएका थिए भनेर पनि कवि शङ्कर सुवेदीको पिताबाट जानकारी प्राप्त भएको थियो ।

सारांशमा कवि शङ्कर सुवेदीको वंश परम्परालाई वृक्ष चित्रमा यसरी पनि देखाउन सकिन्छ –




६ ऐजन ।

७ ऐजन ।

## २.३ जन्म र जन्मस्थान

कवि शङ्कर सुवेदीको जन्म मध्यमाञ्चल विकास क्षेत्रको बागमती अञ्चलअन्तर्गत धादिङ जिल्ला पिँडा-३, राम्चेमा भएको हो । विश्वकै प्राकृतिक सुन्दरताले भरिपूर्ण हाम्रो देश नेपालको मध्यखण्डमा पर्ने यस जिल्लाको पिँडा गा.वि.स. पनि प्राकृतिक सुन्दरताले भरिपूर्ण छ । मौसमअनुसारको फूल फुल्ने, रङ्गीबिरङ्गी चराचुरुङ्गीको बसोबास, धेरै जनजाति, रहनसहन, संस्कृति परम्परा, चिसो हावापानी आदिले गर्दा पिँडा नेपालकै एक नमूनाको स्थल हो । यही भूमिमा कवि शङ्कर सुवेदीको जन्म वि.सं. २०१९ असोज ९ गते द्वादशीका दिन भएको हो ।

कवि शङ्कर सुवेदीका पिताको नाम रामप्रसाद सुवेदी र आमाको नाम क्षेत्रकुमारी सुवेदी हो । कवि सुवेदीका जिजुहजुरबाजे सु.प्रेमनाथ सुवेदी संस्कृतका विद्वान् र पुराणवाचकसमेत थिए । तिथिमिति थाहा नभए पनि उनका हजुरबुवा पनि धेरै नै वर्ष बाँचेर मृत्यु भएको थियो ।[८] बाबुको मृत्युपछि उनीहरूको धेरै श्रीसम्पति पनि प्रेमनाथ सुवेदीको पालासम्म आइपुग्दा अलिकति घटेको थाहा हुन्छ ।[९] त्यसले गर्दा पनि रामप्रसाद सुवेदीलाई आफ्ना छोराछोरी पाल्न, पढाउन, हुर्काउन धेरै सङ्घर्ष गर्नुपरेको थियो ।

## २.४ बाल्यकालीन स्वभाव

मध्यम आर्थिक अवस्था रहेका संस्कृत विद्वान् पिता रामप्रसादका पुत्र शङ्कर सुवेदीकी माता भने निरक्षर नै रहेकी थिइन् । रामप्रसाद सुवेदीका ६ भाइछोराहरूमध्ये कवि शङ्कर सुवेदी काइँला थिए । बालकदेखि नै पढ्ने, बोल्न कसैसँग नडराउने, सबै साथीभाइसँग मिलेर खेल्ने स्वभावले गर्दा सबै अभिभावकलाई छक्क पार्ने खालको थियो । तीनवर्षसम्म आफ्नै घरमा आमाबुवाकै काखमा हुर्किएर तीनवर्षदेखि बल्ल उनलाई घरैमा अक्षराम्भ गराइयो । गाउँमा विद्यालय नभएकाले शङ्कर सुवेदीले गाउँमा पढ्न पाएका थिएनन् । गाउँकै साथीहरूसँग खेल्नेडुल्ने आदि गरेर समय बिताउन थालेका थिए । पछि वि.सं. २०२४ साल फागुनमा जयमङ्गला आएपछि बल्ल त्यसको दुईवर्षपछि वि.सं. २०२५ सालमा श्री पञ्चकन्या प्रा.वि.मा उनी औपचारिक रूपमा पढ्न भर्ना भएका थिए । वि.सं. २०२४ सालको श्रीपञ्चमीका दिन ठूलो वर्णमालाबाट उनका मामा श्री अमरनाथबाट अक्षरारम्भ गराइए पनि व्यवस्थित अध्ययन नभएको हुँदा उक्त अध्ययन पनि अगाडि बढ्न सकेन ।[१०] सानोमा मामाघर जाने भनेपछि तीनदिन पनि भात नखाएर बस्ने यिनको स्वभाव रहेको थियो ।[११] यसरी मामाघर जानेआउने क्रममा एकपालि ठूलो ज्वरो आएको र त्यतिखेरको धामीझाँक्रीको सहयोगबाट रोग निको भएको थियो ।

---

८ ऐजन ।

९ ऐजन ।

१० शोधनायककी मातासँगको अन्तर्वार्ताअनुसार ।

११ ऐजन ।

साथीहरूसँग खेल्न मनपराउने, चञ्चल, चलाख, सोधखोज गर्ने, मान्यजनहरूको आदर गर्ने, आज्ञाकारी र लेखनपढ्नमा रुचि राख्ने, आफूमुनिका भाइबहिनीहरूलाई माया, ममता एवम् प्रेरणा दिने उनको बाल्यकालीन स्वभाव रहेको थियो ।[१२] पाँचवर्षको भएपछि वि.सं. २०२४ सालमा भाइ पुष्पराज सुवेदी, गोविन्द सुवेदी आदिसँग छुट्टभिन्न भई अलग्गै बस्न थालेपछि कवि शङ्कर सुवेदीको बुवामा पनि निकै ठूलो पारिवारिक भार पर्न गएको थियो । उनी बाबुसँग डराउँथे भने आमाले भनेका कुरा फुर्तिसाथ गर्थे ।[१३] भात पकाउने, पानी ल्याउने, घाँस काट्ने, ढिकी जाँतो र भाँडा माझ्ने काममा समेत उनी आमालाई सघाएका हुन्थे ।

त्यतिबेला दिउँसो वस्तु चराउन जाँदा पनि किताब बोकेर जाने र बत्तीको उचित व्यवस्था नहुँदा राति चाँडै सुत्ने चलन रहेको थियो ।[१४] त्यतिखेर पञ्चकन्या प्रा.वि. भनिए पनि पढ्ने, बस्ने राम्रो व्यवस्था थिएन, केटाकेटी धुलोमा खेलेर बस्नुपर्थ्यो, धुलोमा नै लेख्नुपर्थ्यो । मेघनाथ 'मधुर' नामका गणित शिक्षकले कानमा समातेर पढाएको घटना र केही गल्ती गर्दा कान समातेर उठबस गराएको घटना आज पनि ताजै भएको कुरा बताउनु हुन्छ ।

## २.५ उपनयन संस्कार र शिक्षादीक्षा

कवि शङ्कर सुवेदीको चूडाकर्म र उपनयन संस्कार वि.सं. २०३० सालमा एघार वर्षकै उमेरमा आफ्नै गाउँ जयमङ्गलामा वैदिक विधिअनुसार भएको थियो । उनका पिता रामप्रसाद सुवेदीले नै उनलाई गायत्रीमन्त्र सुनाएका थिए ।

उनको आफ्ना मामा अमरनाथबाट अक्षराम्भ गरेपछि चितवनको जयमङ्गलास्थित पञ्चकन्या प्रा.वि. बाटै औपचारिक शिक्षा सुरु भएको थियो । पञ्चकन्या प्रा.वि. बाट सोही स्तरको पढाइ सिध्याएपछि माथिल्लो स्तरको शिक्षा लिन यिनले वि.सं. २०३२ सालमा कक्षा आठमा नेपाल मा.वि. रत्ननगरमा पढ्न सुरु गरेका थिए । पढाइमा मेघावी विद्यार्थी भएकै कारण वि.सं. २०३५ मा उक्त विद्यालयबाटै एस.एल.सी. द्वितीय श्रेणीमा उत्तीर्ण गरे । त्यतिखेरको मा.वि. स्तरको पढाइमा हालको जस्तो ट्युसन र कोचिङ्ग तथा अतिरिक्त कक्षाको व्यवस्था नभए पनि मेघावी, लगनशील र अनुशासित भएकै कारणले यिनले विद्यालयतहको परीक्षा सजिलै उत्तीर्ण गरेका थिए । यसै गरी उनले उच्च शिक्षाको लागि काठमाडौँ गई शङ्करदेव क्याम्पसबाट आइकम, नेपाल कमर्स क्याम्पसबाट बि.कम., पुनः शङ्करदेव क्याम्पसबाट एम.बि.ए., विस्तार क्याम्पसबाट शिक्षाशास्त्रमा स्नातक एवम् त्रि.वि.वि. बाट बि.एल.सम्मको शैक्षिक उपाधि हासिल गरेका छन् । हाल नेपाल सरकारको उपसचिवजस्तो

१२ ऐजन ।

१३ ऐजन ।

१४ ऐजन ।

उच्च गरिमामय पदमा रहेर राष्ट्र सेवामा जुटिरहेका कवि शङ्कर सुवेदी नेपाली साहित्यमा कहिल्यै नअस्ताउने नक्षत्रका रूपमा उदीयमान भैरहेका छन् ।

शिक्षा आर्जनका लागि उनका बुवा रामप्रसाद सुवेदी बनारस-काशी धाइरहने क्रममा कवि शङ्कर सुवेदीलाई पनि सानैमा संस्कृत अध्ययन गराउने इच्छा रहेको थियो तर आधुनिक परिवेशअनुसार त्यतिखेर नेपालमा पनि विद्यालय खुल्ने क्रम तीव्र रूपमा अगाडि बढिरहेकोले यिनको पढाइ नेपालबाटै गराउनेमा यिनका बाबुआमाको सोचाइ परिवर्तन भएको पाइन्छ । ६ भाइछोराहरूमा जेठा हरिप्रसाद सुवेदी र माहिला रवि सुवेदी, साइँला कुवेर सुवेदी पनि पढ्नमा त्यत्तिकै तीक्ष्ण दिमागका थिए । सबै दाइहरूको अध्ययनप्रति लगाव भएकाले पनि दाइहरूको सहयोगबाट कवि शङ्कर सुवेदीको पढाइमा प्रगति भएको हो भन्न सकिन्छ । काठमाडौँमा पढ्न बस्दा ठाइँला भाइ लव सुवेदी र दाजु शङ्कर सुवेदी करिब तीन वर्ष एउटै कोठामा बसेर पढेका थिए । दाजु शङ्कर सुवेदीले खाना पकाउने, भाँडा माझ्ने र पढ्ने काम राति कतिखेर गर्दथे, त्यो थाहा हुँदैनथ्यो ।[१५] त्यति नै खेर सुब्बाको लोकसेवाको आयोगको लागि तयार गर्नुपरेकाले पनि दाइले यति मिहिनेत गरेर पढेका थिए । नभन्दै लोकसेवाको आयोगबाट नाम निकालिछाड्नु भयो जसअनुसार निरन्तर प्रयास र मिहिनेतले दाइले अधिकृतमा पनि नाम निकालेर सफल भइछाड्नु भयो ।[१६]

## २.६ पारिवारिक पृष्ठभूमि र परिवारवृत्त

नेपालको मध्यक्षेत्र धादिङको मध्यम आर्थिकस्तर भएको परिवारमा जन्मी २०२५ सालमा हालको चितवनको जयमङ्गलामा आन्तरिक बसाइँ सरी कवि शङ्कर सुवेदीले त्यहींबाटै आफ्नो जीवनलाई अगाडि बढाउने काम गरे । यिनको परिवार मध्यमस्तरको नै भएकोले र ब्राह्मण परिवारको भएकोले त्यतिखेरदेखि नै लाउन-खान त्यति दुःख नभएको र परिआएको बेलामा आफ्नो व्यवहार चलाउन सक्ने स्थिति यिनको सुरुकै पारिवारिक पृष्ठभूमिबाट थाहा हुन्छ ।

### २.६.१ पारिवारिक पृष्ठभूमि

नेपालको पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म नै ब्राह्मणहरू छरिएर रहेको पाइन्छ । कवि शङ्कर सुवेदीको वंशज पनि ब्राह्मण नै भएकोले यिनको वंशज धादिङको पिँडा-३ मा कहाँबाट कहिले आए भन्ने कुरा अज्ञात नै छ ।[१७] यो कुरा यकिन हो कि उनका पिता रामप्रसाद

---

१५ भाइ लव सुवेदीसँगको अन्तर्वार्ताअनुसार ।

१६ ऐजन ।

१७ शोधनायकका पितासँगको अन्तर्वार्ताअनुसार ।

सुवेदीका हजुरबुवा सु. प्रेमनाथ सुवेदी थिए । उनी तत्कालीन राणाशासन कालमा सुब्बाको जागिर खान सफल भएका थिए ।[१८]

## २.६.२ परिवारवृत्त

पिता रामप्रसाद सुवेदी र माता क्षेत्रकुमारी सुवेदीका सातजना सन्तान हालसम्म सकुशल नै छन् ।[१९] रामप्रसाद सुवेदीका पनि पाँचजना दाजुभाइ छन् । तिनमा रामप्रसाद सुवेदी जेठा, माहिला पुष्पराज सुवेदी, साहिला गोविन्दप्रसाद सुवेदी, काहिँला नरराज सुवेदी र कान्छा बद्रिप्रसाद सुवेदी । माहिला पुष्पराज सुवेदी राजनीतिक गर्ने स्वभावका व्यक्ति थिए नेपालमा प्रजातन्त्र ल्याउनमा आफ्नो स्थानबाट यिनले सक्रिय भूमिका निभाएको थाहा हुन्छ । यिनको मृत्यु वि.सं. २०६५ सालमा भइसकेको छ । मध्यमस्तरको आर्थिक स्थिति रहेको कवि शङ्कर सुवेदीको परिवारवृत्तको कुरा गर्दा त्यति दुःख गरेर जीवन गुजारा गर्नु परेन भन्न सकिन्छ । आर्थिक स्थिति नाजुक भएमा नै परिवारमा बेमेलको स्थिति देखा पर्ने हो परिवारमा बेमेलको स्थिति सृजना गर्नमा विपन्नताले मुख्य भूमिका खेल्ने हुँदा यिनको आर्थिक स्थिति राम्रै भएकोले यो स्थिति पनि देखा परेन परिवारमा सबैमा मेल रहेको थियो । खाने, बस्ने, पढ्ने, पढाउने, जागिर खाने आदिको बारेमा सबैसँग रायसल्लाह लिएर नै काम गरिन्थ्यो । मातापिताको अर्ती, उपदेश र आदेशलाई सधैँ शिरोधार्य गर्ने आदत रहेको थियो । कवि शङ्कर सुवेदीका बाबु रामप्रसाद सुवेदी आफ्नो भाइसँग वि.सं. २०२४ सालमा छुट्टिएर अलग्गै बस्न थालेका थिए । मानो छुट्ट्याएर खाए पनि हिसाबकिताब र परिवारको मुख्य कार्यमा सबैको रायसल्लाहबाट काम हुँदै आइरहेको थियो ।[२०] यस्ता किसिमबाट आफ्नो घरायसी व्यवहार सञ्चालन गर्दै आएका रामप्रसाद सुवेदीले वि.सं. २०३० सालतिरबाट आफ्ना जेठा छोरा हरिप्रसाद सुवेदीलाई घरव्यवहारको जिम्मा लगाएको देखिन्छ । सो अभिभारा हरिप्रसाद सुवेदीले पनि जस्ताकोतस्तै बोकिरहेको जानकारी पाइन्छ ।[२१]

कवि शङ्कर सुवेदीको दाजुभाइ र एकजना दिदीको जन्म कान्छो भाइ विनोद सुवेदीबाहेक सबैको जन्म धादिङ पिँडामै भएको हो ।[२२] प्राप्त जानकारीअनुसार जेठो दाजु हरिप्रसाद सुवेदीको जन्ममिति २००८, माहिला दाइ रवि सुवेदीको जन्म वि.सं. २०१४ साल, साहिला दाइ कुवेर सुवेदीको जन्म वि.सं. २०१७ सालमा भएको थियो र त्यस्तैगरी काहिँला कवि शङ्कर सुवेदीको जन्म वि.सं. २०१९ असोज ९ गते, ठाहिँला भाइ लव सुवेदीको जन्म

---

१८ ऐजन ।
१९ ऐजन ।
२० ऐजन ।
२१ ऐजन ।
२२ ऐजन ।

वि.सं. २०२२ जेठ १२ गते र कान्छा भाइ विनोद सुवेदीको जन्म वि.सं. २०२५ सालमा हालको जयमङ्गला चितवनमा भएको थियो । दिदीबहिनीमा १ जना दुर्गा सुवेदी सबैभन्दा जेठी हुन् ।[२३] एम.बि.ए. सम्मको औपचारिक अध्ययन गरी नेपाल सरकारको उपसचिव पदमा हाल कार्यरत छन् । कवि शङ्कर सुवेदीको विवाह वि.सं. २०४५ माघमा बालुवाटार, काठमाडौँमा रश्मी भट्टराईसँग भएको थियो ।[२४] पिता रामप्रसाद सुवेदी कृषि पेसामा संलग्न भए पनि सबै छोराहरूलाई राम्रै पढाएका हुनाले उनीहरू सरकारी जागिरसँग सम्बन्धित छन् । जेठा दाजु हरिप्रसाद सुवेदी नेपाल बैङ्क लिमिटेडमा जागिर खाएर हाल अवकाश लिइसकेका छन् । हाल उनको स्थायी बसोबास रत्ननगर नगरपालिका जयमङ्गला नै हो । माहिला दाइ पनि नेपाल बैङ्क लिमिटेडमै कार्यरत छन् र बसोबास जयमङ्गला नै हो । साहिला दाइ पनि बैङ्कमै कार्यरत छन् र हालको बसोबास रत्ननगर नगरपालिका नै हो । कवि शङ्कर सुवेदीको हालको बसोबास काठमाडौँ महानगरपालिका-४, महांकाल हो । उहाँको पैतृक सम्पत्ति भरतपुरमा रहेको छ [२५] र भविष्यमा चितवनमै बस्ने इच्छा रहेको देखिन्छ । कवि शङ्कर सुवेदीका आयुष र आश्मा दुई छोराछोरी छन् । छोरा आयुषको जन्म वि.सं. २०४६।१२।२३ मा र छोरी आश्माको वि.सं. २०५१।८।९ मा भएको हो । हाल छोरा आयुष अमेरीकामा अध्ययनरत रहेको जानकारी पाइन्छ ।

कक्षा ८ सम्मको अध्ययन गरेकी स्रष्टा शङ्कर सुवेदीकी एक मात्र दिदी दुर्गा सुवेदीको विवाह ज्ञानेश्वर काठमाडौँ निवासी पुण्यप्रसाद अर्यालका साथ २०१७ सालमा भएको हो ।[२६] हाल उनी महानगरपालिका-३३, ज्ञानेश्वरमा २ छोरा, १ छोरी र श्रीमान्का साथ स्थायी बसोबास गरी बसेकी छिन् ।

मध्यम आर्थिक परिवारमा जन्मी हुर्केका छ जना दाजुभाइ १ जना दिदीका साथ सबैजना हालसम्म जीवितै रही आफ्नो जीवन गुजार्दै आएको देखिन्छ । गोरो अनुहार, सेतो फुलेका, अग्लाअग्ला मोटो जिउडालको अहिलेसम्म आँखा राम्रै देख्ने, सुन्ने प्रायजसो संस्कृतका धार्मिक पुस्तक गीता, वेद, चण्डी आदिको अध्ययन गरेर बसिरहने मिलनसार स्पष्ट वक्ताको रूपमा ८३ वर्षको उमेर गुजार्दै हुनुहुन्छ । कवि शङ्कर सुवेदीका पिता रामप्रसाद सुवेदी अहिले पनि खाइलाग्दा व्यक्तिका रूपमा देखापर्छन् भने कपाल सेतै फुलेकी गोरो जिउ अलि मोटै देखा पर्ने आमा स्वस्थ नै देखिन्छिन् । आँखा हालसम्म राम्रै देख्ने, कान राम्रै सुन्ने हाल ठाहिँलो छोरा लव सुवेदीका साथ रत्ननगर नगरपालिका वडा १ नगरपालिका कार्यालय पछाडि बस्दै आएको पाइन्छ ।

---

२३ ऐजन ।

२४ ऐजन ।

२५ कवि शङ्कर सुवेदीसँगको अन्तर्वार्ताअनुसार ।

२६ शोधनायकका पितासँगको अन्तर्वार्ताअनुसार ।

## २.६.३ विवाह र सन्तान

आफ्ना मातापिताको कान्छो अर्थात् चौथो सन्तानका रूपमा जन्मिएका कवि शङ्कर सुवेदीले आफ्नो जीवनमा धेरै ज्ञान पढेर नै प्राप्त गरे, आफुमुनि दुईजना भाइ र आफूमाथि तीनजना दाइहरू भएकोले सानालाई कसरी माया गर्नुपर्छ र ठूलासँग कस्तो व्यवहार गर्नुपर्छ भन्ने कुरा उनले आफूलाई परेर पनि व्यावहारिक ज्ञान हासिल गरे अर्थात् कोसँग कस्तो व्यवहार गर्नुपर्छ भन्ने कुरा उनलाई घरव्यवहारले नै सिकायो । सानैदेखि शान्त, शालीन र मिलनसार स्वभावका कवि सुवेदी गाउँलेहरूले पनि प्रोत्साहन दिँदै भन्थे 'यिनी भोलि गएर राम्रो मान्छे हुन्छन्' । हुने बिरुवाको चिल्लो पात भने झैँ यिनमा पनि कवि प्रतिभा सानै उमेरदेखि नै देखा परिसकेको थियो । तीन जना दाइहरूको विवाह भैसकेपछि र यिनको उमेर पुगेपछि विवाहको लागि धेरै ठाउँबाट केटी दिन आए पनि यिनी चाँडै विवाह गरिहाल्ने सोचमा थिएनन् । राम्रो केटो, पढाइमा मेघावी, परिश्रमी र खानदानको छोरो भएकोले पनि होला यिनलाई धेरै ठाउँबाट केटी दिने प्रस्ताव आएको थियो ।[२७] उमेर पुगेका छोराछोरीहरूको विवाह गरिदिने, नातिनातिनीको मुख हेर्ने सबै बाबुआमाको रहर हुन्छ नै त्यस्तैमा पनि कवि शङ्कर सुवेदीका बाबुले पनि गाउँ जयमङ्गलामा छोराको लागि केटी हेरिसक्नुभएको थियो तर पढेका छोरालाई धेरै पढेकी बुहारी चाहिने र जमानाअनुसार केटाकेटीको पनि मन मिल्नु पर्ने भएकोले पनि काठमाडौँबाट २ जना मानिस आई तपाईंको छोरा शङ्करलाई मिल्ने केटी हामीहरूले पनि हेरेका छौँ भनेपछि सोहीअनुसार बाबा रामप्रसाद सुवेदीले पनि स्वीकृति जनाएका थिए ।[२८] यसै क्रममा घरपरिवारको राजी, आफ्नो पनि राजीखुसीका कारण स्वीकृति जनाई कवि शङ्कर सुवेदीको विवाह २६ वर्षको उमेरमा रामहरि भट्टराई र इन्दिरा भट्टराईका जेठी सुपुत्री २१ वर्षीया रश्मी भट्टराईका साथ २०४५ साल माघमा परम्परागत रूपमा आफ्नो घर जयमङ्गलामा मागी विवाह भएको थियो ।[२९]

त्यतिबेला पनि केटाले केटी हेर्ने, सँगै राखेर कुराकानी गराउने आदि कार्य विवाहपूर्व गरिन्थे । गाउँघरमा यदाकदा झुक्याएर पनि विवाह गराइयो भन्ने पनि सुनिन्थ्यो । कवि शङ्कर सुवेदीले भने आफैले पनि मन पराएका थिए । केटा र केटी दुवै जना पढेलेखेका भएकाले यसमा सहजता थपिएको छ । बाबुआमाले पनि पढेलेखेका छोराछोरीमा उनीहरूकै इच्छाअनुसार गरिदिनु पर्ने भन्ने मनसाय बोकेकाले यो अझ सहज भएको देखिन्छ । दुलही कस्ती होली, आनीबानी कस्तो होला भन्ने जिज्ञासा पनि दुवै पढेलेखेका छन् र पहिल्यै बुझिसकिएको छ भने अझ राम्रो हुने रहेछ, जुन कवि सुवेदीमा पनि लागू भएको पाइन्छ ।

---

२७ ऐजन ।

२८ ऐजन ।

२९ ऐजन ।

धेरै वर्ष पहिले नेपाली समाजमा सामन्ती परम्पराले गाउँघरमा श्रीमान् श्रीमतीबीच राम्रो मेलमिलाप हुनु पुरुषको कातरता ठहर्‍यो ।[३०] श्रीमतीसँग बोल्ने, स्नेह गर्ने पुरुष जोइटिङ्ग्रे, हुतिहारा ठानिन्थ्यो ।[३१] कवि शङ्कर सुवेदी धेरै पढेलेखेका, जानेबुझेका र बौद्धिकस्तरका व्यक्ति भएकाले यस्ता रुढिवादी, सामन्ती, अन्धपरम्पराका पूरै विरोधी भएकाले श्रीमतीलाई गोडाको जल खान यिनले कहिल्यै दिएका छैनन् ।

विवाहपश्चात्को भावी जीवन कसरी चलाउने, श्रीमान्, सासू, ससुरा, जेठाजु, देवरहरूसँग कस्तो व्यवहार गर्नुपर्छ भन्ने कुराहरू रश्मी सुवेदीले माइतैमा सिकिसकेकाले विवाहपश्चात् पराइ घरमा आएपछि पनि त्यति गाह्रो भएन । तैपनि छोरीको कर्म अर्काको भाग्य खाने जात भन्ने कुरा बुझेकी रश्मी सुवेदी बिहानै उठ्ने, घर सफा गर्ने, भाँडा माझ्ने, पूजा गर्ने, सासूससुरालाई खाजाभुजाको व्यवस्था गर्ने र घरको अन्य काममा सधैँ व्यस्त रहने गर्दछिन् । बुहारीको लागि सासू कसैको पनि जाती हुँदैन भन्ने कुरा बुझेकी रश्मी सुवेदीले सासूससुरा र श्रीमान्लाई सधैँ नै सन्तोष र खुसी राख्ने सफलता पाएको जानकारी पाइन्छ । हाल आफ्नो पैतृक सम्पत्तिलाई भरतपुरमा राखेको र परिवार भने काठमाडौँ महानगरपालिका-४, महाकालस्थित आफ्नै घरमा बस्दै आएको बुझिन्छ ।

वि.सं. २०४५ साल माघमा विवाहबन्धनमा बाँधिएका कवि शङ्कर सुवेदीको पहिलो सन्तान आयुष सुवेदीको जन्म वि.सं. २०४६ साल चैत्र २४ र छोरी आश्माको जन्म वि.सं. २०५३।८।९ गते रत्ननगर नगरपालिका १३ जयमङ्गला, चितवनमा भएको थियो ।[३२] परम्परागत आडम्बरलाई तोड्ने क्रममा कवि शङ्कर सुवेदीले आफ्ना छोराछोरीको न्वारनमा पण्डित त बोलाए तर नाम राख्ने क्रममा भने पण्डितले राखेको नाम भन्दा फरक पारेर आफ्ना सन्तानहरूको नाम क्रमश: नेपाली स्वरवर्णको दोस्रो अक्षर 'आ'बाट प्रारम्भ हुने आयुष र आश्मा राखेका छन् ।[३३] कवि शङ्कर सुवेदीका जम्मा २ सन्तानमध्ये जेठो छोरा आयुष सुवेदीले ह्वाइट हाउस कलेज, काठमाडौँबाट १२ कक्षा पास गरी हाल यु.एस.ए. को ओहायो राज्यको लोरास कलेजमा कम्प्युटर इन्फरमेसन सिस्टम र एकाउन्ट अध्ययन गरिरहेका छन् भने छोरी काठमाडौँको पारागन स्कुलमा कक्षा १० मा अध्ययनरत छिन् ।

## २.६.४ आर्थिक अवस्था

कवि शङ्कर सुवेदीको वंशज धादिङ जिल्लाको पिँडा-३ भएकोले र तत्कालीन अवस्थामा सुवेदी ब्राह्मण परेकाले यिनको वंशजले समाजमा राम्रै स्थान ओगटेको देखिन्छ ।

---

३० ऐजन ।

३१ ऐजन ।

३२ शोधनायकसँगको अन्तर्वार्ताअनुसार ।

३३ शोधनायकका श्रीमती रश्मीसँगको अन्तर्वार्ताअनुसार ।

यिनका जिजु हजुरबुवा तत्कालीन अवस्थामा सुब्बा भएकोले पनि यो कुराको पुष्टि हुन्छ । त्यतिखेरको सुब्बाको जागिर भनेपछि समाजको मात्र नभएर राज्यकै प्रतिष्ठित पद मानिन्थ्यो र सम्मानित पनि हुने गर्थ्यो । सुब्बाको जागिरको क्रममा देशको कुनाकाप्चासम्म घुम्ने अवसरसमेत प्राप्त गर्नुभएका यिनका जिजुहजुर बुवाकै पालादेखि नै आर्थिकस्थिति राम्रो थियो भन्न सकिन्छ । आजको जस्तो शिक्षाको विकास नभएकाले सुब्बा प्रेमनाथ सुवेदी बनारस गई अध्ययन गरेका थिए ।[३४] समाज विभिन्नखाले वर्ग, जाति र संस्कृतिबाट निर्माण भएको हुन्छ । समाजमा रहेका दीनदु:खी, असहाय, निमुखा आदिलाई देख्दा कवि शङ्कर सुवेदीको मन दु:खित हुने गर्थ्यो । आर्थिक अभावका कारण पढाइ बीचैमा छाड्नुपर्ने, आमाबुवा नभएका कारण टुहुरा केटाकेटीहरूलाई दिलैदेखि सहयोग गर्न पाएहुन्थ्यो भन्ने सहयोगी भावना यिनमा थियो । कोही घरमा माग्न आइहाल्यो भने रित्तो हात कहिल्यै फर्काउँदैनथे । आशा लिएर आउनेलाई निराशा कहिल्यै पार्न हुन्न भनी यिनी भन्थे । ईश्वर मानिसको आत्मामा हुन्छ, दिल सफा हुनुपर्छ, हाम्रो हृदय सफा भयो भने हामी ईश्वर त्यहीँ भेट्न सक्छौँ भन्ने भावना कवि शङ्कर सुवेदीमा थियो । दीनदु:खीमा दया गर्नु, असहायहरूलाई सहयोग गर्नु, आफन्तको विश्वासमा पर्नु, यिनको निजी प्रवृत्ति एवम् स्वभाव हो ।[३५] यिनै प्रवृत्तिहरूमा अन्तर्भूत कवि सुवेदी आफ्नो जीवनयापनको क्रममा आइपरेका आपत्विपत्, दु:ख, कष्ट आदिका सम्पूर्ण अवरोधहरू हटाउँदै लाउन र खानमा दु:ख नभएको तथा परिआएका व्यवहार सञ्चालन गर्न सक्ने मध्यमवर्गीयस्तरको आर्थिक अवस्थाको समूहभित्र छु भन्ने शोधनायकको कथन छ ।[३६] यसबाट मध्यमवर्गीय हैसियतबाट उच्च वर्गमा प्रवेश गर्न खोजेको हो कि भन्ने आभास मिल्छ ।

अत्यन्तै मिलनसार मीठो बोली बोल्ने समाजमा हरतरहले दु:खीको सेवा गर्न पाए हुन्थ्यो भन्ने भावना राख्ने र 'भजन गाउने ओँठ भन्दा सहयोग गर्ने हातहरू पवित्र हुन्छन्' भन्ने विचार राख्ने कवि सुवेदी नेपाल रेडक्रस सोसाइटीको आजीवन सदस्य पनि बनेका छन् ।

वि.सं. २०४० श्रावण १ गतेदेखि नेपाल अधिराज्यको महालेखा परीक्षकको विभागमा लेखापरीक्षण अधिकृतको जागिरमा प्रवेश गरी राष्ट्र सेवामा लागेका कवि वर्तमान समयसम्म पनि राष्ट्र सेवामा जुटिरहन पाएकोमा र 'जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी' भन्ने मूलमन्त्रका साथ आफ्नो जन्मभूमिको सेवा गर्न पाएकोमा आफू गौरवान्वित छन् । राष्ट्रबाट हामीले के पायौँ भन्दा पनि हामीले राष्ट्रलाई के दियौँ भन्ने भावना प्रत्येक नेपालीमा हुनुपर्छ, राष्ट्र र देशभक्तिको भावना हामी तमाम नेपालीको नसानसामा हुनुपर्छ, रगतको कणकणमा हुनुपर्छ, देश बने नै हामी बन्छौँ भन्ने भावना कवि शङ्कर सुवेदीमा छ । हाल नाम र दाम दुवै कमाउन सफल भएका कवि शङ्कर सुवेदी मुलुकको पूर्व मेचीदेखि पश्चिमको

---

३४ शोधनायकका पितासँगको अन्तर्वार्ताअनुसार ।

३५ शोधनायककी दिदी दुर्गा सुवेदीसँगको अन्तर्वार्ताअनुसार ।

३६ शोधनायकसँगको अन्तर्वार्ताअनुसार ।

महाकालीसम्म जानु परे पनि जाने र राष्ट्र सेवा गर्ने इच्छा व्यक्त गर्दछन् । सेवाको आधारमा भन्नुपर्दा निवृत्तिभरणको समय पार गरिसके पनि राष्ट्र सेवाको चाहनाले गर्दा उनले आफ्नो जागिर छोड्न नसकेबाट यो कुराको पुष्टि हुन्छ ।

पिता रामप्रसाद सुवेदीको बुद्धिमत्तापूर्ण कार्यले गर्दा सबै छोराछोरी लेखपढ गर्न सफल भएकाले पछि सबै जागिर खान पनि सफल भएका छन् । कवि शङ्कर सुवेदीले पनि आफ्नो पढाइ सिध्याएपछि २०४० सालबाट राष्ट्र सेवामा प्रवेश गरेपछि आर्थिक स्थितिमा धेरै नै फड्को मारेको देखिन्छ ।

## २.६.५ बसाइँसराइ, बसोबास र आजीविका

कवि सुवेदी मध्यमस्तरको आर्थिक परिवारमा जन्मेकाले उनलाई सानैदेखि त्यति दुःख खेप्नु परेन । उनी आफ्ना माता, पिता, दाजु, दिदी र भाइहरूसँगैवि.सं. २०२४ सालमा चितवनको जयमङ्गलामा बसाइँ सरेका छन् । जयमङ्गलामै पञ्चकन्या प्रा.वि. बाट औपचारिक शिक्षा आर्जन गर्न सुरु गरेका कवि शङ्कर सुवेदीको सामाजिक विकास पनि त्यहीबाट सुरु भयो । साथीभाइसँग खेल्ने, पढ्ने, साथीहरूसँग हिँड्डुल आदि गर्ने काम पनि कविको त्यहीबाट विकास भएको हो । दाजुभाइसँग छुट्टिएर आफ्नो छोराछोरीहरूको लालनपालन र पढाइमा चासो दिँदै अगाडि बढ्न थाल्नुभएको पिता रामप्रसाद सुवेदीलाई पनि जयमङ्गला आएपछि अलि बोझ हलुको महसुस भएको बुझिन्छ ।[३७] त्यतिखेरको आर्थिक विकासको मेरुदण्डको रूपमा खेतीपाती नै रहेको र वर्षदिन खेती गऱ्यो, खान पुऱ्यायो, बढी भएको अन्नअनाज बेची लत्ताकपडा, नुन, तेल आदिको पनि जोह गर्नुपर्ने हुन्थ्यो । अहिलेको जस्तो यातायातको विकास नभएकोले त्यतिखेर मान्छे लगाएर दिनौँ हिँडेर नुन लिन ठोरी गएको सम्झना कवि शङ्कर सुवेदीका मनमा ताजै छ । कैयौँ दिन हिँडेर वनमा बास बसेको, जङ्गली जनावरको डर, त्रास आदिले गर्दा आगो बालेर रातभर ननिदाएर जागै बसेर रात बिताएको सम्झना पिता रामप्रसाद सुवेदीले सुनाएका छन् ।[३८] त्यतिखेर खेतीमा तेलहन (तोरी) खुबै राम्रो फल्ने र केही तोरी गेडै बेच्ने र केही तोरी पेलेर तेल बेचेर व्यवहार चलाउने जस्तो त्यतिखेरको आर्थिक स्थिति रहेको बुझिन्छ ।[३९] छोराछोरीहरूलाई पढाउन, लेखाउन पैसा कमाउनु अनिवार्य थियो, पिता रामप्रसाद सुवेदीले यी कुरा बुझी बुद्धिमत्ता ढङ्गले आफ्नो घरायसी व्यवहार अगाडि बढाएका थिए ।

---

३७ शोधनायकका पितासँगको अन्तर्वार्ताअनुसार ।

३८ ऐजन ।

३९ ऐजन ।

यसरी सुखको आशा साँचेर पहाड पिँडाबाट मधेस झरेका जोकोहीलाई पनि सुखी जीवन बिताउने, मीठो खाने र राम्रो लगाउने चाहना हुन्छ । त्यसमा कवि शङ्कर सुवेदीका पितामा पनि यी आशा अभिलाषाहरू विद्यमान रहेको पाइन्छ । जेठो छोरा हरिप्रसाद सुवेदी नेपाल बैङ्क लिमिटेडमा वि.सं. २०२७ सालदेखि र माहिला छोरा अर्थात कविका माहिला दाइ रवि सुवेदीले जागिर खान थालेपछि भने घरको आर्थिक अवस्थामा केही सुधार भएको पाइन्छ ।[४०] हाल दाजु हरिप्रसाद सुवेदी र कुवेर सुवेदी दाजुहरू सेवा निवृत्त भैइसकेको जानकारी पाइन्छ । पिता रामप्रसाद र माता क्षेत्रकुमारी सुवेदी भाइ लव सुवेदीका साथ रत्ननगर नगरपालिका वडा नं. १ मा स्थायी बसोबास गरी पिता रामप्रसाद सुवेदी ८३ र माता क्षेत्रकुमारी सुवेदी ८१ वर्षको जीवन व्यतीत गरिरहेका छन् ।

जसका भैँसी उसको वन, जसका छोरा उसको धन, गाई भए गोरस, भाइ भए भरोस भन्ने मान्यता बोकेका पिता रामप्रसाद सुवेदीका विचारका हाल १ छोरी र ६ भाइ छोराहरूले आ-आफ्नै तवरले गरी खाएकोमा सन्तोष व्यक्त गर्नुहुन्छ ।

## २.७ कार्यक्षेत्रमा प्रवेश

कवि शङ्कर सुवेदीको कार्यक्षेत्र स्थायी रूपमा सरकारी सेवा अथवा राष्ट्रसेवा नै हो । पढ्नमा मेघावी छात्रजीवनदेखि यिनी हरेक कुरामा सफलता हासिल गर्थे । विद्यार्थी जीवनकालदेखि नै प्रत्येक कक्षामा अध्ययन गर्दा यिनी प्रथम, द्वितीय नभएको त अभिलेख नै छैन । यसरी सफल हुँदै गएपछि वि.सं. २०४० सालमा महालेखापरीक्षकको कार्यालयअन्तर्गत लेखापाल (सुब्बा सरह) को लोकसेवा आयोग पास गरेका थिए । लोकसेवा आयोग पास गरेर सरकारी सेवामा प्रवेश गर्नु भनेको फलामको चिउरा चपाउनुजस्तै हो । पछि उनले नेपाल अधिराज्यको राजपत्राङ्कित अधिकृतमा पनि नाम निकाल्न सफल भए ।

### २.७.१ जागिरे जीवन

बिहानीले नै दिनको सङ्केत गर्छ भनेझैँ कवि शङ्कर सुवेदी पनि भविष्यमा गएर सरकारी उच्च पदमा पुग्नु रहेछ र सानैदेखि पढ्नका लागि तीक्ष्ण दिमागका भएर निस्किएका थिए । यिनले गुरुहरूले पढाएका कुराहरू सित्तिमित्ति बिर्सदैनथे । अनुशासित, मिलनसार, सदाचार, सद्‌गुण, सद्‌भाव आदि गुण सानै उमेरदेखि नै देखापरिसकेको थियो । यिनी मातापिताका सात सन्तानहरूमध्ये काहिँलो सन्तानका रूपमा जन्मिएका थिए । साहित्यप्रति अभिरुचि र लगाव भएकै कारणले शिक्षारम्भको प्रारम्भिक चरणअन्तर्गत पञ्चकन्या नि.मा.वि. जयमङ्गला चितवनमा पढ्दा १३ वर्षको कलिलो उमेरमै विद्यालयको साहित्यिक मुखपत्र

---

४० ऐजन ।

**पञ्चकन्यामा** *मेरो कलम* शीर्षकमा कविता लेखी आफ्नो प्रतिभाको परिचय दिएका थिए । नेपाल उच्च मा.वि. रत्ननगर चितवनबाट २०३५ सालमा माध्यमिक तहको अध्ययन पूरा गरी उच्च शिक्षाका लागि काठमाडौँमा गई शङ्करदेव क्याम्पसबाट आइ.कम., नेपाल कमर्स क्याम्पसबाट बि.कम., पुनः शङ्करदेव क्याम्पसबाट एम.बि.ए., विस्तार क्याम्पसबाट शिक्षाशास्त्रमा स्नातक एवम् त्रि.वि.वि. बाट बि.एल. सम्मको अध्ययन गरेका कवि शङ्कर सुवेदीले सुरुमा महालेखापरीक्षकको विभागअन्तर्गत २०४० असार १ गतेबाट जागिरे जीवन सुरु गरेका हुन् ।[४१] कवि शङ्कर सुवेदीले आफ्नो जागिर र साहित्यसाधना दुवैलाई एकसाथ अगाडि बढाएको देखिन्छ । आफ्नो जागिरप्रति बफादार तथा कर्तव्यनिष्ठ, राष्ट्रप्रेमी, जागरुक तथा उत्साही कवि शङ्कर सुवेदीले भूमिसुधार मन्त्रालयअन्तर्गत गुल्मी, पर्वत, तनहुँ, नुवाकोट, अर्घाखाँची, पर्सा, मकवानपुर, सर्लाही, डोटी, धादिङजस्ता जिल्लाहरूमा कार्यसम्पादन गरी आफ्नो क्षमताको प्रदर्शन गरिसकेका छन् । सोही मन्त्रालयअन्तर्गत हाल कपिलवस्तु जिल्लाको तौलिहवामा कार्यरत छन् । सुवेदी जुन जुन जिल्लामा जान्छन् ती जिल्लाको साहित्यिक गोष्ठी, सेमिनार, साहित्यिक सङ्घसंस्थाहरूमा सहभागिता र ऐक्यबद्धता जनाउँदै आएका छन् र कविता काव्यप्रतिको असीम अनुरागलाई उद्घाटन गरिरहेका छन् । कवि तनहुँ जिल्लामा कार्यरत हुँदा त्यहीँको आदिकवि भानुभक्त क्याम्पसमा पनि २ वर्ष प्राध्यापन गरेका थिए ।[४२] सरकारी कर्मचारीको रूपमा देशका विभिन्न जिल्लामा पुग्ने र प्राप्त ज्ञान, अनुभव र अनुभूतिलाई आफ्नो कवितामा ढाल्न सक्ने क्षमता भएको कवि शङ्कर सुवेदी नेपाली साहित्यकै एक उदीयमान साहित्यकारको रूपमा चिनिएका छन् । कवि शङ्कर सुवेदी छन्दकवि भएकै कारणले नेपाली साहित्यमा कमजोर पार्न खोजिएको छन्दोबद्ध कवितालेखनको परम्परालाई महत्त्वपूर्ण ऊर्जा प्राप्त भएको छ । काव्य संस्कृतिको रूपमा रहेको छन्दलाई बचाउने कार्यमा शङ्कर सुवेदी सक्षम चिकित्सकका रूपमा देखापरेका छन् ।

जागिरे जीवनको क्रममा कवि शङ्कर सुवेदी नेपाल रेडक्रस सोसाइटी को आजीवन सदस्यता लिएर पनि देश र समाजको सेवा गर्ने कार्यमा सहभागी रहेका छन् ।

## २.७.२ गाउँ र प्रवासमा गरेका कार्यहरू

बाल्यकालदेखि नै परोपकारी भावना र दीनदु:खीहरूलाई सहयोग गर्न तम्सने कवि शङ्कर सुवेदी आफ्नो जीवनयात्रामा विभिन्न दु:खकष्टका बावजुद पनि समाज विकास र समाजमा चेतना फैलाउने कार्य गर्न सधैँ तम्सने गरेको पाइन्छ । आफू आर्थिकस्थितिले मध्यमस्तरकै भएकाले कहिलेकाहीँ साथीभाइहरूको सेवा गर्ने गरेको पनि पाइन्छ । 'सेवा नै धर्म हो' भन्ने भावनाले ओतप्रोत भएका कवि शङ्कर सुवेदीले जाँ हेनरी ड्यूनाको **सल्फेरिनाको**

---

४१ शोधनायक शङ्कर सुवेदीसँगको अन्तर्वार्ताअनुसार ।

४२ ऐजन ।

**सम्भना** भन्ने पुस्तक पढेपछि प्रभावित भई मानवमात्रको सेवा गर्नु नै ठूलो धर्म हो भन्ने कुरा बुझेका थिए । हत्या, हिंसा कहिल्यै गर्नुहुँदैन भन्ने अहिंसावादी सिद्धान्तका पक्षपाती शङ्कर सुवेदीले भगवान्को पूजा गर्ने नाममा हिंसा वा हत्या गर्नु ठीक होइन भन्ने मान्यता राख्छन् । उनले जीवनमा कहिल्यै पनि माछा, मासु, धुम्रपान, मद्यपान गर्नु हुन्न[४३] र खाने मानिसलाई पनि किन खायौ भनी कहिल्यै प्रश्न गर्नुहुन्न भन्ने अभिप्राय राखेका छन् । मानवसेवा गर्ने उद्देश्यले नै नेपाल रेडक्रस सोसाइटीको आजीवन सदस्यता लिएर मानवसेवा गर्न पाए नै मनमा शान्ति मिल्ने कुरा बताएका छन् ।[४४] पेसाले कहिले शिक्षक त कहिले कर्मचारी भए पनि शिक्षाको विकासले मात्र देशको विकास हुन्छ भन्ने मान्यता यिनको छ । आफूले पढाएका विद्यार्थीहरू अहिले माथिल्लो माथिल्लो तहमा पुगेर राष्ट्रको सेवा गरिरहेका छन् । गाउँको विकासको लागि बाटो, कुलो बनाउने जनसहभागिता जुटाउनेदेखि लिएर बिरामी मानिसको उपचारको लागि स्वास्थ्य केन्द्र लैजाने, विवाह, व्रतबन्धहरूजस्ता सामाजिक कार्य र दीनदु:खीलाई सहयोग गर्न भनेपछि आफू बिरामी नै परेको भए पनि यिनमा साहस आउने गरेको ज्ञात हुन्छ ।

## २.७.३ मानव अधिकार, बौद्धिक एवम् सामाजिक संस्थामा आबद्धता

कवि शङ्कर सुवेदीले लामो समय (वि.सं. २०४० देखि हालसम्म) राष्ट्रसेवाको क्रममा विभिन्न जिल्ला र ठाउँहरू घुमेका छन् । क्याम्पसमा पढाउने कामदेखि लिएर समाजसेवाको कार्यमा जुटिरहनु भएको छ । विभिन्न सङ्घसंस्थाहरूमा आबद्ध भएर वा नभएर उनले पुऱ्याएको सहयोग अतुलनीय छ । विभिन्न मानव अधिकारवादी कार्यक्रमहरूमा सहभागी हुने कवि शङ्कर सुवेदी कुनै पनि मानव अधिकार सङ्गठनमा आबद्ध भने छैनन् । कवि शङ्कर सुवेदीको सामाजिक तथा बौद्धिक संस्थाको आबद्धतामा निम्नानुसारका उपशीर्षकहरूमा उल्लेख गर्दा अझ स्पष्ट हुन्छ :

(क) मानव सेवा नै धर्म हो भन्ने मूल मन्त्रलाई आत्मसात गरी अघि बढेका कवि सुवेदीले यही मानव हित र कल्याण गर्ने उद्देश्य राखी स्थापना भएको अन्तर्राष्ट्रिय संस्था रेडक्रसजस्तो संस्थासँग आबद्ध भएर वि.सं. २०६१ देखि नेपाल रेडक्रस सोसाइटीको आजीवन सदस्यता लिई यस क्षेत्रमा खुलेर लागेका छन् । विनाकारण मानिसले दु:ख पाउनु हुँदैन र संसारका सबै मानिसको कल्याण हुनुपर्छ भन्ने सोच राख्ने कवि सुवेदी विश्वभातृत्व, सहयोग र मानवीय भावनाले मानवमात्रको हित गर्न सकिन्छ भन्ने सोच राखेर अगाडि बढिरहेका छन् ।

---

४३ ऐजन ।

४४ ऐजन ।

(ख) कवि शङ्कर सुवेदीले आफूले पढेको विद्यालय पञ्चकन्या नि.मा.वि. र नेपाल उच्च मा.वि. रत्ननगरका विद्यालयहरूको उत्तरोत्तर प्रगति र उन्नतिको लागि प्रत्यक्ष वा परोक्ष रूपमा सेवा गर्दै आइरहेका छन्

(ग) धर्तीमा आफू बचौँ र बचाऔँ भन्ने भावना राख्ने कवि सुवेदीले वातावरण रक्षाको लागि पनि उल्लेखनीय कार्य गर्ने गरेको देखिन्छ । वनविनाश, अनियन्त्रित बसोबास, खानेपानी आदि धेरै कार्यमा कवि शङ्कर सुवेदी मरेर लाग्दछन् ।[४५]

(घ) आफू सरुवा भएर जुन जिल्ला पुगिन्छ उक्त जिल्लाको मानव अधिकार संस्था र त्यहाँका बौद्धिक पक्षहरूसँग पनि छुट्टै सम्बन्ध स्थापित गरेर सो अनुसारकै कार्यक्रम बनाइ अगाडि बढ्ने गरेको जानकारी पाइन्छ ।

## २.७.४ साहित्यिक तथा पत्रकारिता क्षेत्रमा संलग्नता

कवि शङ्कर सुवेदीका बुवा संस्कृत भाषाका ज्ञाता भएकोले घरमा संस्कृत भाषाका ठूलाठूला पुस्तकहरू लय हालीहाली पढ्नमा पनि बाल्यकालीन अवस्थादेखि नै लागेको देखिन्छ । अक्षर पढ्न र लेख्न जानेपछि कविलाई साहित्यले प्रभाव पारेको देखिन्छ । रामायणका श्लोकहरू भाका मिलाइमिलाई पढ्ने[४६] र आफैँ पनि गुनगुनाइरहने गर्दागर्दै नेपाली साहित्यका मूर्धन्य साहित्यकारहरू महाकवि लक्ष्मीप्रसाद देवकोटा, कविशिरोमणि लेखनाथ पौड्याल र राष्ट्रकवि माधवप्रसाद घिमिरेका काव्यहरू **मुनामदन, ऋतुविचार गौरी, राष्ट्रनिर्माता र राजेश्वरी**जस्ता खण्डकाव्य कृतिहरूको अध्ययन गर्न मन पराएको पाइन्छ ।[४७] यही बाल्यकालीन साहित्यिक प्रभाव नै उनको १ दशक लामो साहित्यिक यात्राका लागि प्रेरक बन्न पुगेको देखिन्छ ।

कवि शङ्कर सुवेदीको साहित्यिक संलग्नता जागिरे जीवनबाट सुरु भएर जागिरे जीवनको प्रारम्भपछि प्रस्टिन्छ । जागिरे जीवनबाट जागिरे जीवनको उत्तरार्धमा आइपुग्दा कवि शङ्कर सुवेदीको साहित्यिक यात्रा झ्याङ्गिएको छ । हुन त साहित्यको सृजनकार्य उनले स्कुले जीवनबाट सुरु नगरेका पनि होइनन् । विद्यार्थी जीवनमा आफूलाई चित्त नबुझेको कुरा वा अति मनपरेका कुराहरूलाई उनले कविताबाटै व्यक्त गर्ने कोसिस गरेको पाइन्छ ।[४८] त्यसैले

---

४५ शोधनायकको पितासँगको अन्तर्वार्ताअनुसार ।

४६ ऐजन ।

४७ शोधनायकसँगको अन्तर्वार्ताअनुसार ।

४८ ऐजन ।

उनी आफ्नो दु:ख, मर्म, हर्ष, वेदनाहरूलाई पनि छन्दमा ढालेर गुनगुनाउन रुचाएको देखिन्छ ।[४९] सर्जकको रूपमा उनको सृजनशीलताको प्रस्फुटन वि.सं. २०३२ सालमा आफू १३ वर्ष हुँदा लेखिएको *मेरो कलम* शीर्षकको कविताबाट भएको हो । यस कविताले त्यतिखेर जिल्लास्तरीय पुरस्कार पनि प्राप्त गरेको थियो । पचासको दशकबाट कलम चलाउन थाले पनि कविको **आमा** कवितासङ्ग्रह वि.सं. २०५९ मा प्रकाशित भएको हो । कविको यो कवितासङ्ग्रह नै पहिलो कृति मानिएको छ ।

उनको साहित्यसृजना प्रारम्भदेखि हालसम्म नै निरन्तर रूपमा चलेको छ, तर सुरुसुरुका रचनाहरू प्रकाशनका हिसाबले पछि मात्रै प्रकाशित भएको र केही हराएको जानकारी पाइन्छ । **आमा** कवितासङ्ग्रह कविले ४० ओटा शीर्षक राखेर सृजना गरेका छन् जुन कविता विभिन्न साहित्यिक गोष्ठी, सेमिनार आदि कार्यक्रमहरूमा पनि वाचन गर्ने गरिएका थिए । दोस्रो कवितासङ्ग्रह २०६१ सालमा **भावनाको उद्गार** प्रकाशन भयो । पुष्पाञ्जली छापाखाना चितवनद्वारा मुद्रित यस कवितासङ्ग्रहमा ३९ ओटा कविता सङ्गृहीत छन् । अन्तिम प्रकाशित कृति **चाँदनी** कवितासङ्ग्रह हो, जुन २०६४ सालमा पहिलोचोटि प्रकाशन भएको हो भने चितवन जिल्लामा यही कवितासङ्ग्रह मात्र वि.सं. २०६५ मा दोस्रो संस्करण प्रकाशित हुन सफल भएको पाइन्छ । यो कवितासङ्ग्रहभित्र जम्मा ७१ ओटा शीर्षकका कविताहरू सङ्गृहीत छन् जसमा *हे कृष्ण ! मन, शहीद, शार्दूलविक्रीडित, समय* आदि कविताहरू छन् । यस्ता क्रियाशील कवि शङ्कर सुवेदीको जीवनीलाई संलग्नताका हिसाबले निम्न उपशीर्षकमा अध्ययन गर्नु उपयुक्त देखिन्छ –

(क) कवि शङ्कर सुवेदी चितवनको साहित्य विकासमा हरतरहले लागिरहेका छन्, जसअनुसार उनी पल्लव साहित्य प्रतिष्ठान चितवनको संस्थापक सदस्यको रूपमा रहेका छन् ।

(ख) त्यस्तै उनी वाल्मीकि साहित्य सदन, चितवनका आजीवन सदस्य छन् । त्यस्तै गजलमञ्च, चितवनका पनि सदस्य रहेका छन् ।

(ग) चितवन जिल्लाका साहित्यकारहरूका साझा समस्याहरू समाधान गर्न साहित्यकारहरूका हकहितका सवालमा सङ्गठित आवाज उठाउन तथा साहित्यकारहरूका सृजनाहरूलाई प्रकाशित गर्नका लागि सहयोग गर्नसम्मका लागि कार्य गर्ने पल्लव साहित्य प्रतिष्ठानको संस्थापक सदस्यको रूपमा हालसम्म चितवनको साहित्यिक क्षेत्रको विकासमा महत्त्वपूर्ण भूमिका निभाएका छन् ।

---

४९ ऐजन ।

## २.८ अविस्मरणीय घटना

अकस्मात् भएको कुनै पनि कुरो वा कारवाहीलाई घटना भनिन्छ भने कुनै पनि व्यक्ति वा वस्तुको हानि वा क्षति हुने आकस्मिक घटना नै दुर्घटना हो । कुनै पनि बिर्सन नसकिने वा बिर्सन नहुने वा सम्झनै पर्ने घटनाविशेष नै अविस्मरणीय घटना हो । कवि शङ्कर सुवेदीको जीवनले थुप्रै असजिला खुड्किलाहरू तथा खुसीका क्षणहरू पार गर्दै आएको छ । उनका जीवनमा घटेका जीवन मरणसम्मका केही प्रतिनिधिमूलक घटनाहरूलाई अध्ययनको क्रममा समेटिएको छ ।[५०]

पहिलो घटना शङ्कर सुवेदी १३ वर्ष हुँदा २०३२ सालमा पञ्चकन्या प्रा.वि.मा घटेको थियो । सधैँ साहित्यमा चासो राख्ने, सधैँ केही लेखौँ र आफ्ना भावनाहरूलाई साहित्यको माध्यमबाट पोख्ने कवि शङ्कर सुवेदीले त्यसबेला यो कविता लेखेका थिए –

यो हो मेरो कलम संसारको अशान्ति हटाउने
पढी गुनी हामीलाई देश विकासमा लगाउने
कलमले जित्छ, युद्ध तरवारलाई नि हराउने
भोलि, पर्सि हामीलाई ठूलो मान्छे बनाउने ।

– *मेरो कलम*

*मेरो कलम* शीर्षकको यो कविता त्यतिखेर जिल्लास्तरीय प्रतियोगितामै प्रथम स्थान ओगटेर प्रथम भएको थियो । यसरी कविता प्रथम भएर पुरस्कृत हुँदा जुन अन्तरहृदयबाट खुसी निस्केको थियो, उक्त खुसीले गर्दा नै कवि शङ्कर सुवेदीलाई जीवनमा पछि कवि बनेर यो स्थानसम्म ल्याइपुऱ्याउनमा उक्त कविताले ठूलो भूमिका खेलेको पाइन्छ ।

दोस्रो उनको जीवनको अविस्मरणीय घटनाको रूपमा जब उनले जागिर खाने सिलसिलामा आयोगको परीक्षामा आफू उत्तीर्ण भई महालेखा परीक्षकको लेखापाल (सुब्बा सरहको) जागिरमा नियुक्ति लिँदा भएको थियो भने परिश्रमी वा मिहिनेती मान्छेले जहाँ पनि सफलता प्राप्त गर्छ भनेझैँ उनले पछि २०४४साल साउन १ गते खुल्ला प्रतियोगिताद्वारा अधिकृत पदमा नाम निकाल्दा जीवनमा असीम खुसी भएको अविस्मरणीय घटनाको रूपमा लिएको पाइन्छ ।[५१]

तेस्रो अविस्मरणीय घटनामा कवि शङ्कर सुवेदी राष्ट्रसेवाको क्रममा धादिङ रहँदाको घटना हो यो । त्यतिखेर धादिङ साहित्य परिषदले साहित्यिक कार्यक्रमहरू सञ्चालन गर्ने काम गरिरहन्थ्यो । त्यसै क्रममा एक कार्यक्रममा कवि शङ्कर सुवेदीलाई पनि आमन्त्रण गरिएको थियो । सबै साहित्यकारहरूले एकएकओटा कविता वाचन गरेर सुनाउनु पर्ने कार्यक्रम थियो ।

---

५० ऐजन ।

५१ ऐजन ।

जसअनुसार ती महिला साहित्यकारले कवि शङ्कर सुवेदीद्वारा सृजना भएको *आमा* शीर्षकको कविता वाचन गरेर सुनाउनु भयो उहाँले वाचनको क्रममा जुन लय निकाल्नुभयो, जुन अचम्मको मीठो, रसिलो र सुरिलो हुनुका साथै साह्रै कर्णप्रिय थियो यसरी कविताबाट निस्कने लयबोध र भावबोधमा पनि कवि शङ्कर सुवेदीका कविता जुनसुकै पनि उच्चस्तरको, विशिष्टता र परिष्कृतभाव बोकेको पाइन्छ । जसका कारण उक्त अवसरमा कविको मात्र होइन, स्वयम् वाचक र सबै श्रोताहरू मन्त्रमुग्ध भएका थिए ।[५२] त्यो *आमा* कविताको अंशलाई यहाँ देखाउनु प्रासङ्गिक ठानिएको छ –

नवै मैना तिम्रा उदर तलमा बास गरियो
कठै ! हुर्के भित्रै मकन चिचिला सास भरियो
म जन्मे मै हुर्कें चुलबुल गरी आँगन महाँ
सधैं पाऊँ तिम्रो विनय ममता दिन्दिन जहाँ

– *आमा,* पृ.२

चौथो घटना उनको **भावनाको उद्गार** कविताको प्रकाशनसँग सम्बन्धित छ । वि.सं. २०६१ सालको विजयादशमीको अवसर पारेर प्रकाशित कवितासङ्ग्रमा सङ्गृहीत *यस्तै छ मेरो कथा* शीर्षकको कविताले तहल्कै मच्चायो किनभने कविले यस कवितामा आफ्नो जीवनमा घटेका घटनालाई कहीँ, कतैबाट पनि नलुकाई जस्ताको तस्तै लेखेका थिए भने कविको कल्पनाशक्ति पनि यहाँ वायुपङ्खी घोडा बनी आकाश मार्गमा उडेको छ । विवाह बन्धनमा बाँधिइसकेका कवि शङ्कर सुवेदीमा छलकपट कतै छैन, यहाँ इमान्दारिता पनि १ इन्च गुमाएको भेटिदैन । कुरो के परेछ भने उल्लिखित कविता प्रकाशन भएपछि धेरै ठाउँबाट कविलाई प्रेमपत्र ओइरिन थालेछन्, विवाहको प्रस्ताव आउन थालेछन्, प्रेमी तुल्याइदिने प्रस्तावहरू आउन थालेछन् । यी कुराहरू भएपछि कविकी श्रीमती रश्मी सुवेदीले यो कुरा सहन सकिनन् यही कुरालाई लिएर श्रीमान् श्रीमतीबीच खटपट सुरु भएछ, जुन खटपटले श्रीमान् श्रीमतीमा नराम्रो स्थिति नै ल्याउलाजस्तो लागेछ र श्रीमतीबाट पनि कविता नलेख्ने अनुरोध भएछ । यसको जवाफमा कवि शङ्कर सुवेदीले वि.सं. २०६४ सालको नयाँवर्ष पारेर प्रकाशित भएको **चाँदनी** कवितासङ्ग्रहमा *आरोप* शीर्षकको कविता लेखेर आफ्नो श्रीमतीलाई जवाफ दिएका छन् । जसले कविलाई लान्छना लगाउन खोजेका थिए जसको मन कालो थियो ती सबैका लागि बलियो झटारो भएको छ । जुनसुकै कविमा पनि कल्पनाशक्ति भएन भने कवि बन्न सक्दैन र कविताको विषयले पनि किनारा भेट्टाउन सक्दैन । वास्तवमा भन्दा कवि शङ्कर सुवेदीका कविताहरूमा प्रेम, प्रीति र प्रणयको विषय गाइन्छ, त्यो त कविको एउटा कल्पनाशक्तिले सृजित विषयवस्तु मात्र हो यथार्थमा घटेका घटनाहरू होइनन् भन्ने कुरा कवि

५२ ऐजन ।

शङ्कर सुवेदीबाट जानकारी पाइन्छ ।[५३] *यस्तै छ मेरो कथा* शीर्षकमा आएका घटनाहरूमध्ये त्यतिखेर आएका वातावरण र प्रकृतिचित्रणका प्रसङ्गहरू यथार्थ हुन् भन्न सकिन्छ भने जब प्रेमप्रीतिका प्रसङ्ग आउँछन्, ती कविले आफ्ना कवितामा भरेको कलात्मक रङ्ग मात्र हो भन्न सकिन्छ । उक्त कवितामा केही अंश यस्ता रहेका छन् –

कालो केश शृङ्गारले चहकिलो लामो छ शोभा दिने
गाला सुन्दर लाल झन् सरमले लालीसरी टल्किने
आँखा ती मृगका समान चतुर राम्रा थिए झन् कति
रूपैले भरिपूर्ण भै दिनदिनै मख्खै तिनी थिन् अति

हामी एक नयाँ र शान्त थलमा भेट्थ्यौं नि धेरैजसो
भन्थ्यौं प्रेम सदासदा अमर हो बिर्स्यौं कि ऐले कसो
हाम्रो जीवन नित्य चल्छ कसरी ? कैले हुने हो ? पुरा
गर्थ्यौं वादविवाद आपस मिली यै जिन्दगीका कुरा

– *यस्तै छ मेरो कथा,* **भावनाको उद्गार**, पृ. ४२ ।

कवि शङ्कर सुवेदीले आफ्नो विभिन्न शीर्षकको कवितामा प्रेमका प्रसङ्ग उठ्ने खालका कविताहरू लेख्दा विवादित भएको, आफ्नो घर बिग्रन लागेको आदिलाई *आरोप* शीर्षकको कवितामा आफ्नो पुष्ट्याइँ यसरी दिएका छन् –

राख्दा शीर्षक नै विवादित भएँ 'पर्खेर मै बस्छु नि'
सोध्छिन् फोन गरी सधैं गहभरी 'आऊँ म कैले भनी'
मेरो हैन र छैन दोष यसमा लेख्ने कला मात्र हो
डुब्दै लेख्छु तरङ्गभाव बटुली उद्वेगको पात्र हो

– *आरोप,* पृ. ३५ ।

श्रीमती र साथीभाइबाट पनि अनेक किसिमका गाह्रा, अप्ठ्यारा स्थिति आएकोले तिमीले कविता नै नलेख भन्ने प्रसङ्गमा कवि लेख्छन् –

छाडे हुन्छ तँ लेख्न प्रेम कविता बेकार लेख्छस् किन ?
पर्दै मख्ख मुसुक्क हाँसी निकटै पुग्लिन् कुनै अल्झिन
गाह्रो हुन्छ छुटाउनै पनि यहाँ राख्छस् कसरी पर ?
झन् बेकार कुरा उठेर पछि झन् बिग्रन्छ तेरो घर

– *आरोप,* **चाँदनी**, पृ. १० ।

---

५३ ऐजन ।

यसरी प्रस्तुत माथिको प्रसङ्गलाई पनि कविले तेस्रो घटना वा अविस्मरणीय क्षणको रूपमा लिएका छन् ।

## २.९ भ्रमण

कवि शङ्कर सुवेदी प्रवासको भन्दा आफ्नै मुलुकको कुनाकाप्चासम्म पुगेका छन् । कवि शङ्कर सुवेदीका पालामा स्वदेशमा नै विद्यालय खोल्नेक्रम च्याउ उम्रेझैँ उम्रिसकेको थियो । नेपालमा वि.सं. २०२८ सालमा रा.शि.प.यो.को २०२८ लागू भएपछि नयाँ पाठ्यक्रमअनुसार स्वदेशमा नै पठनपाठन गर्ने सुअवसर प्राप्त भयो । धेरै पहिलाका मानिसहरू विद्याआर्जनका लागि बनारस, काशीजस्ता ठाउँमा जानुपर्थ्यो । कवि शङ्कर सुवेदीकै पिता रामप्रसाद सुवेदी पनि भारतकै बनारसमा गई अध्ययन गरेका थिए ।[५४] शिक्षा प्राप्त गर्नका लागि स्वदेशमा नै अवसर मिलेकोले कविको विदेश भ्रमण गर्ने अवसर त्यति मिलेन । राष्ट्रसेवाको क्रममा देशकै विभिन्न जिल्ला डोटी, रौतहट, तनहुँ, गुल्मी, धादिङ, चितवन, कपिलवस्तु आदि जिल्लाहरूमा गई त्यहाँको राजनीतिक, आर्थिक, साहित्यिक, सामाजिक, धार्मिक र अन्य विविध क्षेत्रमा ज्ञान हासिल गर्ने सुअवसर प्राप्त भएको छ । जिज्ञासु, कौतुहलता र हरेक कुराहरूमा चासो राख्ने कवि शङ्कर सुवेदीले यीबाहेक भारतको दार्जिलिङ्ग, नौतनवा, गोरखपुर, दिल्ली, बम्बई आदि ठाउँहरूको भ्रमण गर्नुभएको छ ।

## २.१० रुचि

कुनै पनि व्यक्तिहरूमा जन्मदेखि मृत्युपर्यन्त विभिन्न खालका रुचि, चाहनाहरू हुनु स्वाभाविक नै हुन्छ । मानिस त अझ एक सामाजिक र राजनीतिक प्राणी हो । उसमा विभिन्न खालका रुचि र चाहनाहरू हुनु स्वाभाविकै हुन्छ । त्यस्तै कवि शङ्कर सुवेदीमा पनि आफ्नैखाले रुचि र चाहनाहरू विद्यमान छन् । क्षणभरकै साक्षात्कारमा यिनी सरल, सरस, मिलनसार एवम् मृदुभाषी र प्रभावशाली व्यक्तित्वका धनी हुन् भन्न गाह्रो पर्दैन ।[५५] कविको बाल्यावस्था धादिङको पिँडा-३, राम्चेमै र मामाघर किरानचोक गा.वि.स. धादिङको रातमाटे हुँदै आइरहेका साथीभाइहरूसँग हाँसखेल गर्दै र रुद्री, चण्डी, दुर्गाकवच आदिजस्ता धार्मिक ग्रन्थहरू घोक्दै बितेका केही रमाइला क्षणहरू पनि भेटिन्छन् ।[५६] बाल्यकालदेखि नै घुमफिर, हाँसखेल गर्न एवम् अध्ययन र चिन्तनमननतिर विशेष चासो राख्ने कवि शङ्कर सुवेदीमा काव्य गुनगुनाहटको क्षमता पनि भेटिन्छ ।[५७]

---

५४ शोधनायकका पितासँगको अन्तर्वार्ताअनुसार ।

५५ शोधनायकसँगको अन्तर्वार्ताअनुसार ।

५६ ऐजन ।

५७ ऐजन ।

सादा जीवन र उच्च विचार राख्ने कवि शङ्कर सुवेदीका पहिरनमा सर्ट र पाइन्ट, रङ्मा रातो, सेतो र खैरो मन पर्छ[५८] भने खानामा सादा भात, हरियो तरकारी, दाल, दही, दूध, कर्कलाको गावा तथा करेलाको अचार अति नै मनपर्ने खाना हुन् ।[५९] जीवनमा माछामासुको स्वाद कस्तो हुन्छ भन्ने थाहा नपाएका पिरो र चिल्लोबाट एकदमै टाढा रहने कवि सुवेदीलाई मसलादार खाना पनि त्यति मन पर्दैन ।[६०]

प्रजातान्त्रिक विचारधाराबाट प्रभावित कवि शङ्कर सुवेदीलाई कान्छी चलचित्रको 'कान्छी हे कान्छी ...' बोलको गीत औधी मनपर्छ ।[६१] कवि शङ्कर सुवेदीलाई ठूलो पर्दाको चलचित्रमा 'दक्षिणा' मनपर्छ । उनलाई नायकमा तुलसी घिमिरे र नायिकामा सरिता लामिछाने मनपर्दछन् ।[६२] त्यस्तै हिन्दी चलचित्रमा 'अन्धा कानून' र नायकमा बबी देवल तथा नायिकामा मनिषा कोइराला औधी मनपर्दछ ।[६३]

कवि शङ्कर सुवेदीलाई नेपाली साहित्यकारहरूमा गोपालप्रसाद रिमाल, भवानी भिक्षु, विश्वेश्वरप्रसाद कोइराला, लक्ष्मीप्रसाद देवकोटा, कविशिरोमणि लेखनाथ पौड्याल, राष्ट्रकवि माधव घिमिरे, बालकृष्ण सम आदि साहित्यकारहरू मनपर्छन् । विदेशी साहित्यकारहरूमा सेक्सपियर, मेक्सिम गोर्की, गेटे, चेखोव आदिबाट प्रभावित भएको बताउनु हुन्छ ।[६४] लोकगीतमा उनलाई धर्मराज थापाको 'हो हो काले हो हो' र म.वि.वि. शाहको 'बन्दिपुरे उकाली ठाडो ...' मनपर्छ भने परम्परित लोकभाका, छन्द उनलाई सधैँ मनपर्छ तर पनि आधुनिक गीतमा क्षेत्रप्रताप अधिकारीको 'म त लालीगुराँस भएछु' बोलको गीत असाध्यै मनपर्छ ।[६५] यस गीतमा आफ्नो जीवनको विगतको झझल्को आउने हुनाले मन पराएको बताएका छन् । 'बजाइरा'छु प्रजातन्त्रको थपडी हाँसी, बाँचुन् गरिबका झुपडी' जस्ता गाउँघर र झुपडीका वेदनाहरू बोल्ने, सामाजिक विकृति र विसङ्गतिका विरुद्धका स्वरहरू सुसेल्ने र ओराल्ने गीत र गायकहरूमा खुसीराम पाख्रिन, जीवन शर्माजस्ता गायकहरूलाई पनि मन पराउँछन् ।

जीवनको पूर्वार्धमा धर्म, कर्म र आस्तिक विचार राखेका कवि शङ्कर सुवेदी आध्यात्मिकताको अनुसरण गर्दछन् । बिहानै उठ्नु, नित्यकर्मपछि पूजापाठ गर्नु, ईश्वर स्तुति गर्नु कविको दैनिकी नै हो । अन्याय, अत्याचारको प्रतिरोधसहित दीनदुःखीलाई सहयोग गर्न

---

५८ ऐजन ।

५९ ऐजन ।

६० ऐजन ।

६१ ऐजन ।

६२ ऐजन ।

६३ ऐजन ।

६४ ऐजन ।

६५ ऐजन ।

रुचाउनु कविको आफ्नो रोजाइ हो । कवि शङ्कर सुवेदी कोही सहयोग माग्न आएमा नाइँ भन्न नसक्ने र सहयोग गर्न पाए सन्तोष पाउने प्रवृत्तिका छन् ।

## २.११ जीवनचर्या

चारपाँच कक्षाको अध्ययनदेखि नै साहित्यतर्फ बामे सरेका कवि शङ्कर सुवेदीको प्रारम्भिक सृजनशीलता कविता विधाबाटै सुरु भएको हो । उनको वर्तमान सम्ममा आइपुग्दा तीनओटा पुस्तकाकार कृति प्रकाशित भइसकेका छन् । *शून्य, मन्जुर, वी.पी.प्रति, रोग, माया, अबको संविधान, शान्ति, इतिहास, जिन्दगानी, संसार, लौ न के भो मलाई, अनाथ, चितवन, मेरो यहाँ को छ र ? माया मलाई गर, तिम्रो कविता, छ को ?, प्रण, वेदना, गुनासो, भूमिक्रन्दन, बन्द* आदि शीर्षकका थुप्रै कविताहरू हुन् जुन प्रकाशोन्मुख अवस्थामा छन् । सरकारी जागिरे कवि शङ्कर सुवेदी फुर्सद पाउनेबित्तिकै लेख्न थालिहाल्छन् । उनले राम्राराम्रा गजलहरू लेखेका छन् ।[६६] यसरी समयले साथ दिएमा उनका केही प्रकाशोन्मुख कृतिहरू पनि तयारी अवस्थामा नै छन् भन्न सकिन्छ । मध्यम आर्थिक स्थितिको परिवारमा जन्मी हुर्केको र सरकारी जागिरकै सिलसिलामा मुलुकको धेरै जिल्लामा बसेर काम गर्ने अवसर पाएकोले नेपालको बारेमा प्राय: सबै क्षेत्रको जानकारी उनमा छ । उनी देशकै एउटा शिक्षित व्यक्तित्व, बुद्धिजिवी, सचेत नागरिकमा पर्छन् । यसरी जागिरे भएका कवि शङ्कर सुवेदी देश, विदेश, तराई, पहाड हुँदै जीवनका अप्ठ्यारा परिस्थितिहरूसँगै हेलिंदै वा वयालिँदै उनको जीवन सामान्य ढङ्गले नै बितेको देखिन्छ । प्रजातान्त्रिक विचारधाराबाट प्रभावित कवि शङ्कर सुवेदी, साहित्यसृजनामा मानवतावादी स्वर सुसेल्ने, समसामयिक विकृति र विसङ्गतिप्रति पनि तीक्ष्ण व्यङ्ग्य प्रहार गर्न सिपालु छन् । मूलत: उनी कवितामा प्रेम, प्रणय र प्रीतिकै सेरोफेरोमा घुमे पनि यीबाहेक प्रकृतिचित्रण, मानवता, विश्वभातृत्व र युगीन विश्वबोधलाई आफ्नो कवितामा कलात्मक भाषाको माध्यमबाट देखाउन सफल छन् । उनी नियमित रेडियो नेपाल र नेपाल टेलिभिजनबाट प्रसारण हुने समाचार सुन्ने र केही मनोरञ्जनात्मक तथा उपयोगी कार्यक्रमहरू सुनेर तथा हेरेर पनि आफ्ना केही क्षण बिताउने गरेको देखिन्छ ।[६७]

बिहान ५ बजे उठ्ने, केही समय डुल्ने, योगा गर्ने, नुहाउने, पूजापाठ गर्ने, चिया पिउने, कोही साथीहरू भेटियो भने कुराकानी गर्ने, बहस, छलफल गर्ने, निवासमा रहँदा परिचरहरूलाई काम अह्राउने समय पाएमा साहित्य सृजना गर्ने, चेस र क्यारामबोर्ड खेल्ने पत्रपत्रिका पढ्ने, भेट्न आउने आफन्तहरूलाई भेट्ने आदि दैनिकीमा समय बितेको पनि कवि शङ्कर सुवेदीले बताउका छन् ।[६८]

६६ ऐजन ।

६७ ऐजन ।

६८ ऐजन ।

साहित्यमा विश्वासघाती, कुरौटे र उपद्रो व्यवहारबाट परै बस्न रुचाउने कवि शङ्कर सुवेदीले जीवन र दर्शनलाई नजिकबाट अध्ययन गर्दै साहित्य सृजनामा नै व्यस्त रहँदै आफ्नो जीवनचर्या चलेको बताएका छन् ।[६९]

## २.१२ राजनैतिक आस्था

वि.सं. २०१७ साल पौष १ गतेदेखि देशमा राजा महेन्द्रले बहुदलीय व्यवस्थालाई प्रतिबन्ध लगाइ एकतन्त्री पञ्चायती व्यवस्था लागू गरेका थिए, जुन व्यवस्था वि.सं. २०४६ साल चैत्र २५ गतेसम्म कायम रह्यो । कवि शङ्कर सुवेदीको जन्म पनि यही पञ्चायती व्यवस्था लागू भएपछिको २ वर्षपछि भएको थियो । पञ्चायती व्यवस्थाको समयमा नै जन्मी हुर्केको हुनाले कवि शङ्कर सुवेदीले पञ्चायती व्यवस्थाले मुलुकलाई बर्बादीतिर धकेलेको कुरा स्पष्ट बुझेका थिए । त्यसबेलाको परिवेश सामन्ती संस्कारबाट हुर्केको थियो । समाजमा रहेका पञ्चायती व्यवस्थाका पृष्ठपोषकहरूले मुलुकको धनसम्पत्ति शोषण गरी राज्यलाई भित्रभित्रै खोक्रो पारिसकेका थिए । यसरी राज्यमा भइरहेको अत्यन्त अत्याचारका घटनाहरूबाट उनमा न्यायको पक्षमा बोल्नुपर्छ भन्ने भावना जागृत भएको थियो ।[७०]

बाल्यकालदेखि नै आफूलाई न्यायको पक्षमा उभ्याउँदै आएका कवि शङ्कर सुवेदी पञ्चायतीकालमा न्यायको पक्षमा बोल्ने बानीले गर्दा पटकपटक सामन्तहरूको आँखाको तारो बनेका थिए ।

देशमा बहुदलीय व्यवस्था लागू भएपछि पनि देशका नेताहरू नसुध्रिएकोमा कवि शङ्कर सुवेदी साह्रै दुःखी छन् । प्रजातान्त्रिक विचारधाराबाट प्रभावित कवि शङ्कर सुवदेदीले विश्वेश्वरप्रसाद कोइराला, महात्मा गान्धी, मार्टिन लुथर किङ्गजस्ता नेताहरूलाई आदर्श मानेको पाइन्छ ।

## २.१३ पुरस्कार र सम्मान

कुनै पनि व्यक्तिले समाजोपयोगी उल्लेखनीय एवम् असल कार्यहरू गरेबापत उसलाई गरिने आदर, सम्मान, कदरपत्र आदिलाई नै पुरस्कार भन्ने गरिन्छ । यसले व्यक्तिलाई उत्साहपूर्वक एवम् समर्पण भावले आफ्नो क्षेत्रमा लाग्न अभिप्रेरित गर्दछ । सायद त्यसैले हुनुपर्दछ समाजका हरेक क्षेत्रमा पुरस्कारको व्यवस्था गरिएको पाइन्छ । संसारका विविध क्षेत्रझैं साहित्य क्षेत्र पनि यसबाट अधुरो रहेको छैन ।

---

६९ ऐजन ।

७० ऐजन ।

कवि शङ्कर सुवेदी पनि यस्तै साहित्यिक प्रतिभामध्येका एक हुन् । उनले चार, पाँच कक्षाको अध्ययनदेखि साहित्यतर्फ रुचि र निरन्तर प्रयासरत रही सफलतालाई चुम्दै आफ्नो सृजनशील क्षमताको अभ्यासलाई सघन बनाउँदै लगेका छन् । उनका तीनओटा प्रकाशित पुस्तकाकार कृतिहरू र प्रकाशोन्मुख कृतिहरू त्यत्तिकै सङ्ख्याहरूमा रहेका छन् । त्यस्तै फुटकर रचनाहरू गीत, गजल र कविताहरू प्रशस्तै छन् । उनका कृतिहरूमा प्रेम, प्रीति, प्रणयको सुन्दर चित्रण पाइन्छ । मानवमा प्रेम के हो र प्रेमविनाको जीवन कति निरस हुन्छ भन्ने पक्षमा बोलेको पाइन्छ । उनका कृतिहरूमा स्वाभाविकता र वास्तविकता पाइने भए तापनि कविले अहिलेसम्म खासै कुनै उल्लेख्य मान, पद्वी र पुरस्कार पाउन सकेका छैनन् ।

प्रतियोगितात्मक साहित्यिक कार्यक्रमहरूमा भने उनी पुरस्कृत भएको पाइन्छ । १३ वर्षकै उमेरमा लेखेको उनको *मेरो कलम* शीर्षकको कविता चितवन जिल्लामै प्रथम भएको थियो । विभिन्न साहित्यिक गोष्ठी, प्रतियोगिताहरूमा यिनको कवितावाचन गरिदा उत्कृष्ट हुने गर्दछ । यिनका कवितामा मानिसको मन छुन सक्ने भाव विद्यमान भएकोले पनि सबै क्षेत्रबाट यिनको कविता रुचाइएको हो । आफू जागिरको क्रममा विभिन्न जिल्लाहरूमा पुग्दा ती जिल्लाका साहित्य परिषद्हरूले उनलाई सम्मान गरेका छन् ।

कवि शङ्कर सुवेदीद्वारा रचित रचनाहरू आम नेपालीहरूको मन छुने, जनताहरूको न्यायको पक्षमा बोलिने, प्रकृतिको सुन्दर चित्रण देख्न पाइने, मानवता, सामाजिक विकृति, विसङ्गतिको सुन्दर चित्रण देख्न पाइने हुँदा पनि सबैले मनपराइरहेका छन् । मान, पदवी र पुरस्कार प्राप्त गर्न नसक्नुमा मान पदवीका लागि आफ्नो आस्था र विश्वासमा ठेस लाग्ने गरी कुनै पनि सम्झौता नगरेको र आफ्नो ब्रह्मले देखेको सत्य र समतामूलक समाजको कल्पनालाई साकार रूप दिने सृजना गर्न अर्को कारण हो भन्ने कवि सुवेदीको धारणा रहेको छ । आशा र विश्वास गर्न सकिन्छ, भविष्यमा कविका कृतिहरूको उचित मूल्याङ्कन भई ती कृतिहरूले प्रशस्त मान, सम्मान एवम् पुरस्कार प्राप्त गर्न सफल हुनेछ ।

## २.१४ जीवनदर्शन

कवि शङ्कर सुवेदी जीवनलाई आफ्नै किसिमबाट हेर्दछन् । जीवन प्रकृतिको महत्त्वपूर्ण देन हो ।[७१] यो प्रकृतिको देन भौतिक शरीर क्षणिक पो हुने हो कि ? यो क्षणिक समयमा केही गर्न नपाइने पो हो कि जन्मपूर्व र मृत्यपश्चात् जीवनको अस्तित्व अज्ञात नै छ ।[७२] जीवन भौतिक छ र वर्तमानमा भइरहेको जीवनलाई नै महत्त्वपूर्ण ठान्ने कवि शङ्कर सुवेदी वर्तमान भौतिक जीवनलाई नै उपलब्धिमूलक बनाउन र भोलिलाई समेत हुने केही उपयोगी काम गर्नु जीवनको अर्थपूर्ण मूलसार हो भन्दछन् ।[७३] बाँचुन्जेल समाज र राष्ट्रलाई केही योगदान दिन सकेमा नै जीवनको सार्थकता हुने कवि सुवेदीले बताएका छन् ।[७४]

---

७१ खप्तड स्वामी, **विचार विज्ञान**, (काठमाडौं : नेपाल सरकार, सञ्चार मन्त्रालय, मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, २०४६), पृ. ४८ ।

७२ ऐजन ।

७३ शोधनायकसँगको अन्तर्वार्ताअनुसार ।

७४ ऐजन ।

## २.१५ सारांश

सानै उमेरदेखि अध्ययनशील, सामाजिक कार्यमा रुचि राख्ने, सहयोगी, मृदुभाषी, मिलनसार, स्पष्टवक्ता, सहृदयी, सदाचार, सद्‌गुणी, सद्‌भाव आदि गुणहरूले भरिएका कवि शङ्कर सुवेदी नेपाली छन्दकविताको क्षेत्रमा एक उदीयमान साहित्यकार हुन् । उनका कविताले एकातिर प्रेमको टुसा पलाउन खोजेको छ भने अर्कोतिर मानवजीवन नै प्रेममय छ र जीवन प्रेममा नै अडिएको छ । प्रेमविना यो जीवन निरस र खल्लो हुन्छ भन्ने सन्देश दिन खोजिएको छ । वि.सं. २०१९ साल असोज ९ गते पिता रामप्रसाद सुवेदी र माता क्षेत्रकुमारीको कोखबाट काइँलो (चौथो) पुत्ररत्नको रूपमा धादिङ जिल्लाको पिँडा-३, राम्चे गाउँमा जन्मिएका कवि शङ्कर सुवेदी हाल काठमाडौँ महानगरपालिका-४, महांकालमा १ छोरा, १ छोरी र आफ्नो जीवनसङ्गिनीका साथ स्थायी बसोबास गर्दै आएका छन् । आफ्नै बुवाबाट अक्षरारम्भ गरेका सुवेदीले वि.सं. २०२४ सालमा आफ्नो बुवाका साथ हालको रत्ननगर नगरपालिका-१३, जयमङ्गलामा बसाइँ सरेपछि बल्ल त्यहींको पञ्चकन्या प्रा.वि.बाट औपचारिक शिक्षा आरम्भ भएको देखिन्छ । सानैदेखि पढ्नमा मेघावी, अनुशासित, तीक्ष्ण दिमागका कवि शङ्कर सुवेदीले पञ्चकन्या प्रा.वि.मा पढ्दा १३ वर्षको उमेरमा *मेरो कलम* शीर्षकको कविता लेखेर साहित्यलेखनमा अभ्यास गर्दैआएका हुन् । बाल्यकालदेखि नै कविता लेखनमा रुचि राख्ने कवि सुवेदीको भौतिक व्यक्तित्व पनि प्रभावशाली र आकर्षक देखिन्छ । वि.सं. २०४० साल असार १ गतेदेखि नेपाल सरकार महालेखा परीक्षकको विभागमा प्रवेश गरी राष्ट्रसेवामा जुट्नु भएका कवि शङ्कर सुवेदी हाल भूमिसुधार मन्त्रालयअन्तर्गत रही उपसचिव पदको जिम्मेवारी वहन गरिरहनु भएको छ । सेवा नै धर्म हो भन्ने भावना राख्ने कवि सुवेदी गाउँघरमा रहँदा सामाजिक कार्यमा सधैँ लाग्दै आउनुभएको देखिन्छ । सधैँ सकारात्मक सोच र चिन्तन लिइराख्ने कवि सुवेदीले मानव अधिकार, बौद्धिक एवम् सामाजिक सङ्घसंस्थाप्रति पनि आबद्ध भएको देखिन्छ । चितवन जिल्लाको विभिन्न साहित्यिक सङ्घसंस्थासँग सम्बन्धित कवि सुवेदी नेपाली साहित्यको समुज्ज्वल भविष्यको कामना गरेको पाइन्छ । देशमा रहेको आर्थिक विषमतालाई हटाई समानता ल्याउनुपर्छ भन्ने मान्यताका पक्षपाती कवि शङ्कर सुवेदी प्रजातान्त्रिक मूल्य-मान्यताबाट प्रभावित रहेको पाइन्छ । समय मिल्नासाथ अध्ययनमा तल्लीन रहने कवि सुवेदीबाट नेपाली कविता साहित्यको इतिहासमा एउटा ईट्टा थप्ने कार्य भएको पाइन्छ । भविष्यमा उनबाट अझै परिष्कृत कृति (काव्य) को सिर्जना नहोला भन्न सकिँदैन ।

यसरी सादा जीवन उच्च विचार, गोरो वर्ण हेर्दैमा व्यक्तित्वका धनी कवि शङ्कर सुवेदी राष्ट्रकै एक बौद्धिक जगत्का व्यक्तित्व हुन् । राष्ट्रसेवाको क्रममा विभिन्न जिल्ला पुग्नु भएका कवि शङ्कर सुवेदीलाई त्यहाँको परिवेश र वातावरणले समेत प्रभावित पार्ने काम गरेको छ ।

# तेस्रो परिच्छेद
# कवि शङ्कर सुवेदीको व्यक्तित्व

## ३.१ विषयप्रवेश

कुनै पनि व्यक्तिको व्यक्तित्व निर्माण उसका जीवनका विविध आयामहरूबाट हुने गर्दछ । अर्थात् जीवनका विविध पक्षहरूको समष्टि स्वरूप नै वास्तवमा व्यक्तिको व्यक्तित्व हो । नेपाली वृहत शब्दकोषमा व्यक्तित्वको विशेषतालाई देखाउने गुण, व्यक्ति विशेषको निजीपन र व्यक्तिले अरूलाई प्रभावित पार्ने व्यक्ति विशेषमा निहित विशेषता[१] भनी परिभाषित गरेको छ । यस अर्थमा व्यक्तित्व भन्नाले कुनै पनि परिस्थितिमा व्यक्ति विशेषले गाउँ, समाज र राष्ट्रमा छोड्ने आफ्नो प्रतिभाको गहन र स्पष्ट छाप भन्ने बुझिन्छ । प्रत्येक व्यक्तिको आफ्नै किसिमको एक अलग पहिचान हुन्छ, जसले आफ्नो पछाडि दीर्घकालीन छाप छोड्छ । यसर्थ प्रत्येक सृजनशील प्रतिभाको व्यक्तित्वको अध्ययन पठनीय, मननीय र अनुसन्धेय हुन पुग्दछ । नेपाली साहित्यमा कवि शङ्कर सुवेदी पनि यस्तै सृजनशील प्रतिभाको रूपमा प्रतिष्ठित व्यक्तिमा परिचित हुँदै नेपाली साहित्यको क्षितिजमा उदाउँदो नक्षत्र बन्दै गएकाले उनको व्यक्तित्वका विविध पाटाहरूलाई अध्ययन गर्ने प्रयास गरिएको छ ।

## ३.२ व्यक्तित्वका विभिन्न पाटाहरू

हरेक व्यक्तिको व्यक्तित्व निर्माणमा उसको जीवनभोगाइको क्रममा आउने विविध घटना-प्रतिघटना, आरोह-अवरोह, घात-प्रतिघात, क्रिया-प्रतिक्रिया, द्वन्द्व-प्रतिद्वन्द्व, मोड-प्रतिमोड आदिजस्ता चक्रहरूले अहम् भूमिका खेलेको हुन्छ । 'ऊ बाँचेको परिवेश, पारिवारिक पृष्ठभूमि, सामाजिक, सांस्कृतिक, रुचि, पेसा, शिक्षादीक्षा आदिले पनि उल्लेखनीय सहयोग पुऱ्याइरहेको हुन्छ ।'[२] यिनै परिवेशबाट निर्मित व्यक्तिको व्यक्तित्वलाई निजी र सामाजिक गरी

---

१ बालकृष्ण पोखरेल र अन्य (सम्पा.), **नेपाली वृहत शब्दकोश**, पूर्ववत्, पृ. ९६० ।

२ सुवर्ण भारी, **उपेन्द्र श्रेष्ठको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, (भरतपुर : वीरेन्द्र बहुमुखी क्याम्पस, २०५६), पृ. ३७ ।

दुई भागमा बाँडेर हेर्न सकिन्छ । व्यक्तिका निजी व्यवहारसित सम्बन्धित कुराहरूलाई निजी व्यक्तित्व र समाज अनुकूल, समाज निर्देशित मार्ग अवलम्बन गरी समाजहितका विविध कार्यहरूसँग सम्बन्धित व्यक्तित्वलाई सार्वजनिक व्यक्तित्व भनिन्छ । साहित्यकारका सन्दर्भमा सार्वजनिक व्यक्तित्वलाई साहित्यिक र साहित्येतर गरी २ भागमा विभाजन गरी हेर्न सकिन्छ भने साहित्यिक व्यक्तित्वलाई पनि स्रष्टा व्यक्तित्व र द्रष्टा व्यक्तित्व गरी पुनः दुई उपवर्गमा वर्गीकरण गर्न सकिन्छ । स्रष्टा व्यक्तित्वभित्र सृजना गरिएका रचनाहरूका विभिन्न विधाहरूमध्ये एक वा अनेक विधामा विधागत सृजना गर्ने व्यक्ति विशेषको व्यक्तित्वलाई उजागर गर्ने क्षमता भन्ने जनाउँदछ भने द्रष्टा व्यक्तित्वमा समालोचकीय, सम्पादकीय आदि पक्षहरू पर्दछन् । साहित्येतर व्यक्तित्व भन्नाले चाहिँ साहित्यसँग असम्बद्ध तर समाजसँग सम्बद्ध हरेक कार्यहरूसँग संलग्न व्यक्तित्व भन्ने बुझिन्छ ।

विगत करिब १ दशकदेखि नेपाली कविता साहित्यतर्फ होमिएका कवि शङ्कर सुवेदी नेपाली साहित्यका सर्जक व्यक्तित्व हुन् । उनी मूलतः पद्यमा कविता लेख्ने कवि हुन् तापनि कविताबाहेक अन्य क्षेत्रमा पनि कविको कलम अनवरत रूपमा चलिरहेको हामी पाउँदछौं ।

## ३.३ बाह्य व्यक्तित्व

लगभग पाँच फुट २ इन्च अग्लो गहुँगोरो वर्ण, उज्यालो अनुहार, हँसिलो र बाटुलो अनुहार, केश केही फुलेको, मोटो न दुब्लो ठिक्कको निरोगीजस्तो शरीर, हँसिलो मुखमण्डल सुहाउँदो नाक, सुहाउँदो चस्मा लगाएका भावपूर्ण आँखा, पुक्क परेका गाला, प्रायजसो नाकमुनिको जुङ्गा पाल्ने, जाँगरिलो र फुर्तिलो देखिने कवि शङ्कर सुवेदीको बाह्य व्यक्तित्व हो । चौडा छाती र ६२ कि.ग्रा. वजन भएका ४८ वसन्त भोग्दै गरेका[३] सुवेदीमा जोश, जाँगर फुर्तिला देखिन्छन् । साथीभाइले भनेको कुरालाई झट्ट काट्न नसक्ने, विश्वासी, मिलनसार, विनयीशील, सहयोगी एवम् मित्रवत् व्यवहारले गर्दा सुवेदीलाई दौँतरीहरूले बारम्बार सम्झिरहन्छन् ।[४] मीठो बोली, नहाँसी नबोल्ने, तुरुन्तै सबैलाई आफ्नो पक्षमा समेट्न सक्ने, परिवर्तित समयसँग सम्झौता गर्ने उनको निजी बानी देखिन्छ ।[५] मनले इच्छाएको ठाउँमा पुगिहाल्ने, आफ्नो प्रतिद्वन्द्वी वा विपक्षीहरूसँग जम्काभेट भएमा पनि मुस्कुराउँदै मीठो बोल्ने, सन्चो, बिसन्चो, हालखबर सोधपुछ गर्ने, 'एकैछिन बसौँ' भन्ने चिया मगाइहाल्ने यिनको बानी छ ।[६] मौसमअनुसारको सफा पोसाक लगाउने र हिउँदमा चिसोबाट सकेसम्म जोगिनुपर्ने हुँदा सोहीअनुसारको गरम पोसाकको चयन गरेर प्रयोग गर्नु शङ्कर सुवेदीको स्वाभाविक प्रवृत्ति नै हो ।[७]

---

३ शोधनायकसँगको अन्तर्वार्ताअनुसार ।

४ शोधनायककी श्रीमती रश्मी सुवेदीसँगको अन्तर्वार्ताअनुसार ।

५ शोधनायकका कान्छा भाइ विनोदसँगको अन्तर्वार्ताअनुसार ।

६ शोधनायककी श्रीमती रश्मी सुवेदीसँगको अन्तर्वार्ताअनुसार ।


७ ऐजन ।

## ३.४ आन्तरिक व्यक्तित्व

कवि शङ्कर सुवेदी आफ्नो दायित्वप्रति सदैव गम्भीर, कार्यप्रति लगनशील, मित्रहरूमाझ प्रिय एवम् विश्वासी, असहायहरूप्रति सहानुभूतिशील मात्र नभई सहयोगी तथा उदार मन भएका, समयको उचित सदुपयोग गर्ने, नेपाली साहित्यका एक उर्वरशील साधक हुन् ।[८] स्पष्ट वक्ता आफ्नो मनमा लागेका जिज्ञासा वा धारणाहरू वर्णन गर्न सक्ने क्षमताका कारण उनी नेपाली कविता साहित्यको विकासमा समर्पित रहँदै नेपाल सरकारबाट प्राप्त राज्यको अभिभाराहरूलाई सम्पन्न गर्नसक्ने क्षमतावान् व्यक्तित्वका रूपमा देखिएका छन् । श्रम र लगनशीलताका पूजारी कवि शङ्कर सुवेदी नेपाली साहित्यको वर्तमान समयका एवम् कुशल स्रष्टा र द्रष्टा व्यक्तिका रूपमा स्थापित हुँदै जादैछन् ।

### ३.४.१ आन्तरिक व्यक्तित्वका मुख्य आधारहरू

कुनै पनि व्यक्तिको आन्तरिक व्यक्तित्व केलाउन सहज छैन । व्यक्ति समाजमा सम्मानपूर्वक जिउन र स्थापित हुन विभिन्न परिस्थिति र परिवेशका व्यवधानहरूसँग सङ्घर्ष गर्दै अगाडि बढिरहेको हुन्छ । त्यसैले उसको व्यक्तित्वमा विभिन्नता रहनु स्वाभाविकै रहन्छ । कुनै पनि व्यक्तिको आन्तरिक व्यक्तित्वको निर्माणमा ऊ जन्मी, हुर्की, पढी, बढी तथा बाँचिरहेको पारिवारिक, सामाजिक, आर्थिक र सांस्कृतिक आदि परिवेशको यथेष्ट भूमिका रहेको हुन्छ । यस सन्दर्भमा कवि शङ्कर सुवेदीको समग्र व्यक्तित्व निर्माणमा पनि उनको जीवनी, सामाजिक, सांस्कृतिक र पारिवारिक परिवेश, शिक्षादीक्षा एवम् आर्थिक अवस्थालाई आधारको रूपमा लिनुपर्ने हुन्छ । यसै आधारमा उनको आन्तरिक व्यक्तित्वलाई निम्न रेखीय वर्गीकरणद्वारा अध्ययन गर्ने प्रयास गरिएको छ –




---

८ शोधनायकसँगको अन्तर्वार्ताअनुसार ।

उपर्युक्त रेखीय वर्गीकरणका आधारमा कवि शङ्कर सुवेदीका व्यक्तिका विभिन्न पाटाहरूमध्ये बाह्य व्यक्तित्वको चर्चा ३.३ मा गरिसकिएको छ भने यहाँ कवि शङ्कर सुवेदीको आन्तरिक व्यक्तित्वमा केन्द्रित भई समग्रमा समेटेर विश्लेषण गरिएको छ ।

### ३.४.१.१ **साहित्यिक व्यक्तित्व**

कुनै पनि व्यक्तिको साहित्यिक व्यक्तित्वको निर्धारण गर्दा त्यस व्यक्तिको कृतिगत गहनतालाई आधार बनाउने गरिन्छ । कुनै पनि भाषामा रचना गरिएको कथा, कविता, नाटक, निबन्ध, गीत आदि विधामा सम्बन्धित व्यक्तिद्वारा गरिएका विधागत योगदानबाट नै व्यक्तिको साहित्यिक व्यक्तित्व प्रकटित हुन्छ । 'साहित्य आनन्दका लागि होइन गरिब, असहाय, दु:खी र असहायहरूको पक्षमा बोल्ने हुनुपर्छ' भन्ने मान्यता राख्ने सुवेदीको जति पनि प्रकाशित रचनाहरू छन् ती सबै मानवतामुखी छन् । यसरी साहित्यसम्बन्धी आफ्ना दृष्टिकोणहरू अभिव्यक्त गर्दै सुवेदीले साहित्यप्रति अभिरुचि राख्दै जाँदा लेखनकार्य केही समय पहिलेदेखि थाल्नुभएको भए पनि वि.सं. २०५९ सालमा मात्र कवि शङ्कर सुवेदीको **आमा** छन्दकविता प्रकाशित भएकोले उहाँको पहिलो विधा भनेको कविता विधा नै हो । दोस्रो कृतिको रूपमा उहाँको वि.सं. २०६१ सालमा **भावनाको उद्गार** छन्दकविता र २०६५ सालमा **चाँदनी** छन्दकवितासङ्ग्रह नै प्रकाशित भयो । **चाँदनीको** वि.सं. २०६४ मा दोस्रो संस्करण पनि भइसकेको छ । वर्तमान समयमा आइपुग्दा उहाँको हातबाट प्रशस्त फुटकर कविता, गीत आदि साहित्यिक सृजना भइसकेको देखिन्छ । यसकारण यिनको साहित्यिक व्यक्तित्वलाई स्रष्टा व्यक्तित्व र द्रष्टाका रूपमा वर्गीकरण गरी अध्ययन गर्न सकिन्छ ।

#### ३.४.१.१.१ **स्रष्टा व्यक्तित्व**

स्रष्टा भन्नाले सृष्टिकर्ता ब्रह्मा, बनाउने वा सृजना गर्ने व्यक्ति भन्ने बुझिन्छ तर साहित्यमा स्रष्टा भन्नाले साहित्यका विविध विधाहरूको रचना गर्ने व्यक्ति भन्ने बुझिन्छ । कवि शङ्कर सुवेदीको स्रष्टा व्यक्तित्वलाई विधागत रूपमा हेर्दा उहाँको हालसम्म प्रकाशित कविता मात्र भएकोले मुख्यत: कवि व्यक्तित्वकै रूपमा व्याख्या गर्ने गरिन्छ ।

(क) **कवि व्यक्तित्व**

कवि शङ्कर सुवेदीको अन्तरचेतनामा केही गरूँ, केही कोरूँ भन्ने चञ्चल भावतरङ्गहरूका कारण उनमा कविता फुरेको पाइन्छ । १३ वर्षकै उमेरमा आफ्नो विद्यालयको साहित्यिक मुखपत्र **पञ्चकन्यामा** *मेरो कलम* शीर्षकको कविता लेखेका थिए । महिलावादी अनेक किसिमका कुरीतिहरू तथा धर्मका नाममा गरिएका शोषणहरूका विरुद्धमा प्रेम, प्रणय र प्रीति आदिको भाव

विषयलाई अङ्गीकार गर्दै कविता लेख्ने राम्रो छन्दकविको हाराहारीमा कवि शङ्कर सुवेदीको नाम पर्न आउँछ । कवि शङ्कर सुवेदीको पहिलो कविता *मेरो कलम* शीर्षकको कविता हो । यो कविता नै कविको जीवनको पहिलो कविताको रूपमा रहेको छ ।[९] यो कविताले नै कविलाई 'हुने बिरुवाको चिल्लो पात' को रूपमा स्थापित गरेको छ ।

कवि शङ्कर सुवेदीको प्रथम प्रकाशित कृति वि.सं. २०५९ सालमा प्रकाशित **आमा** कवितासङ्ग्रह हो भने दोस्रो कृतिको रूपमा वि.सं. २०६१ सालमा प्रकाशित **भावनाको उद्गार** छन्दवादी कवितासङ्ग्रह हो । **चाँदनी** उनको तेस्रो कवितासङ्ग्रह हो जुन वि.सं. २०६४ सालमा प्रकाशित भएर त्यसको अर्को वर्ष नै वि.सं. २०६५ सालमा दोस्रो संस्करण प्रकाशित पनि भएको हो । यसभन्दा अगाडि यस चितवन जिल्लामा कविताविधामा कुनै पनि कृतिको दोस्रो संस्करण प्रकाशन नभएको हुँदा कविको **चाँदनी** कवितासङ्ग्रहले दोस्रो प्रकाशनको सौभाग्य प्राप्त गरेको देखिन्छ । यिनै कवितासङ्ग्रहको माध्यमबाट कवि शङ्कर सुवेदीको कवि व्यक्तित्वको निर्धारण गर्न सकिन्छ ।

परिमाणात्मक र गुणात्मक दुवै दृष्टिकोणले अन्य विधाका तुलनामा कविता विधा उनको विशेष उन्नत र सफल देखिन्छ । यिनका कवितामा समसामयिक राजनैतिक बोध, सामाजिक बेथितिप्रतिको तीब्र विरोध, प्रगतिवादी एवम् स्वच्छन्दतावादी स्वर, मानवतावादी जीवनदृष्टि, अन्याय, अत्याचारको विरोध, राष्ट्रप्रेम, मनोरम प्रकृतिचित्रण, ईश्वरपुकार, प्रेम, प्रणय, प्रीति, विश्वबन्धुत्व आदिजस्ता विविध भावहरू अभिव्यक्त भएका छन् । यिनका सम्पूर्ण कविता पद्यशैलीमा रचिएका छन् र तिनका प्राय: बिम्ब, प्रतीक, रस, अलङ्कार, छन्द आदिको यथोचित प्रयोग भएको छ । प्रारम्भमा प्रकाशित कविताहरूको तुलनामा पछि प्रकाशित कविताहरूमा भाषिक परिष्कार र चिन्तनको स्तरीयता बढ्दै गएको देखिन्छ ।[१०]

### ३.४.१.१.२ द्रष्टा व्यक्तित्व

स्रष्टा स्वयम् द्रष्टा पनि हो । स्रष्टा आफूले जीवनमा देखेभोगेका अन्तर्बाह्य दुवै दृष्टिकोणले पर्यावलोकन गर्ने अभिव्यक्ति कुशलताको शक्ति रहने हुँदा उसलाई जीवनको

---

९ ऐजन ।

१० कपिल अज्ञात, **स्रष्टाबिम्ब : व्यक्तित्व आरेख**, पूर्ववत्, पृ. १३८ ।

अवलोकनकर्ता पनि भनिन्छ । स्रष्टा समाजमा घटेका घटनाहरू देख्दछ, दु:खी रहन्छ र तिनमा भाव भरी साहित्य सृजना गरेर साहित्यिक फाँटलाई हराभरा बनाउँछ । आफू बाँचेको धरातलमा समयको सापेक्षतामा बाँधिएका हुन्छन् स्रष्टाहरू । समाजका यथार्थ र आदर्शभन्दा बाहिर रहेर स्रष्टा बाँच्न सक्दैन । यसरी स्रष्टा शङ्कर सुवेदी स्वयम् द्रष्टा पनि हुन् । उनले नेपाली समाजमा घटेका घटनाहरूको यथार्थचित्रण आफ्ना कृतिहरू र फुटकर लेखरचनाहरूमार्फत गरेका छन् । कवि शङ्कर सुवेदीले देखे, भोगेका, समाजमा व्यक्त विकृति, विसङ्गति र अझ राजनीति क्षेत्रमा देखापरेको छलकपट र देशलाई भित्रभित्रै खोक्रो पार्ने ब्वाँसाहरूको चरित्रलाई प्रस्तुत गरेका छन् । यीबाहेक कविले आफ्नो कृतिहरूमा जीवन प्रेममा अडिएको छ जीवन प्रेममा नै जन्मन्छ, प्रेममा नै हुर्कन्छ, अनि प्रेममा नै मर्दछ भनेर प्रेम, प्रणय र प्रीतिका कुराहरूलाई पनि देखाउन पछि परेका छैनन् । स्वच्छन्दवादी, प्रकृतिवादी, समाजवादी कवि शङ्कर सुवेदीले यस्तैयस्तै भावहरू बोकेका कविताहरूको सृजना गरेर नेपाली कविता साहित्यलाई माथि उठाउने कार्य गरेका छन् । साथै उनले समाज सुधारका कार्यहरू पनि थुप्रै गरेका छन् । समाज सुधारका क्रममा जति कार्य गरे पनि थोरै नै अनुभव गर्ने, साहित्य सृजनाको क्रममा अन्वेषणात्मक प्रकृति अपनाउने यिनको स्रष्टा तथा द्रष्टा व्यक्तित्वमा पाइने विशेषताहरू हुन् ।

**(क) सम्पादक/पत्रकार व्यक्तित्व**

साहित्य क्षेत्रमा रुचि राख्ने, साहित्यिक कृतिहरूको सृजना गर्ने, व्यक्ति कुनै पनि पत्रपत्रिकाको सम्पादक वा पत्रकारको भूमिका निर्वाह गर्न स्वाभाविकै हुँदो रहेछ । यस्तै कवित्व एक दशकदेखि नेपाली साहित्यको श्रीवृद्धिमा अथवा सेवा गर्दै आएका कवि शङ्कर सुवेदी पनि साहित्य क्षेत्रमा रुचि राख्दै र कलम चलाउदै आएको एक दशक भएता पनि कवि शङ्कर सुवेदीले कुनै पनि पत्रपत्रिकाहरूमा सम्पादनको भूमिका खेलेका छैनन् । समयसापेक्ष रूपमा यिनको कलम खारिदै र निखारिदै जाँदा उनले चितवनबाट प्रकाशित हुने पल्लव साहित्य प्रतिष्ठानको संस्थापक सदस्य भएर आफ्नो भूमिका निर्वाह गरिसकेका छन् ।

**(ख) टिप्पणीकार व्यक्तित्व**

शैक्षिक चेतना जीवनका लागि अति महत्त्वपूर्ण हुन्छ । सार्थक जीवन जिउनका लागि शैक्षिक जीवन अति उपयोगी हुन्छ । अझ भन्ने हो भने शैक्षिक चेतनाको विकास भनेको देश विकासकै मेरुदण्ड हो । साहित्य र शिक्षाको प्रगतिमा चिन्तित र क्रियाशील विद्वत्वर्गको विचार प्रस्तुति मार्गदर्शक नै बनेको हुन्छ । देशका चिन्तनशील साहित्यकारहरूले समयानुकूल र आवश्यक

ठानिएका विषयहरूका टिप्पणीका माध्यमले विभिन्न समसामयिक विचार र दृष्टिकोणहरू पाठकसामु पस्केको देखिन्छ । यस दृष्टिले कवि शङ्कर सुवेदी पनि देशका विभिन्न जिल्लामा सरकारी मालपोत अधिकृतको रूपमा सेवा गर्दै हिँड्ने क्रममा आफूले देखे भोगेका र मनमा लागेका कुराहरूको बारेमा र साथै उनी आफै सचेत नागरिकका हिसाबले, साहित्यसाधक एवम् चिन्तनशील विचारका व्यक्ति हुनाले उनका रचनाहरूहरूबाट पनि राष्ट्रको वास्तविकता छर्लङ्ग हुन्छ । उनी आफू राष्ट्रको एक विद्वत् वर्गमा पर्ने एक कुशल नागरिक हुनाले पनि राष्ट्रको आवश्यकता, सुधार र जल्दाबल्दा समस्याहरूमा केन्द्रित हुँदै आफ्ना टिप्पणीमूलक विचारहरू विभिन्न पत्रपत्रिकाहरूमार्फत प्रकाशित गराइ अभिव्यक्त गर्ने एक कुशल टिप्पणीकारका रूपमा पनि देखिने गरेका छन् ।[११] कवि शङ्कर सुवेदीबाट प्रजातन्त्र आगमनपूर्व र पश्चात् आफ्ना विचारहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित हुने गर्दथे । उनी पल्लव साहित्य प्रतिष्ठान चितवनका एक कुशल संस्थापक सदस्य भएका नाताले पनि उनको लेख, टिप्पणी यी पत्रिकामार्फत प्रकाशित हुने मौका पाएकाले पनि उनको टिप्पणीकार व्यक्तित्व फस्टाउने मौका पाएको हो ।

कवि शङ्कर सुवेदीले देशको सामाजिक, राजनैतिक, सांस्कृतिक एवम् शैक्षिक क्षेत्रमा देखिएका विकृति र विसङ्गतिमूलक समस्याप्रति र पुनः व्यवस्था हुनुपर्ने आवश्यकतामाथि आफ्ना टिप्पणीमूलक अभिव्यक्तिहरू प्रस्तुत गर्ने गरेको देखिन्छ ।

### ३.४.१.२ साहित्येतर व्यक्तित्व

मानिस सामाजिक प्राणी हो । ऊ समाजबाट निरपेक्ष भएर बस्न र बाँच्न पनि सक्दैन । सम्पूर्ण प्राणीहरूमा चेतनशील प्राणीमध्येमा पर्ने मानिस समाजमा बसेर केही समाजोपयोगी कामहरू गर्न मनपराउँछ । तीमध्ये साहित्य क्षेत्रमा लगनशील सुवेदीको व्यक्तित्व साहित्यिक मात्र नभएर साहित्येतर पनि देखिन्छ । कवि शङ्कर सुवेदीको साहित्येतर व्यक्तित्व पनि ऊर्जाशील नै देखिन्छ । अनुशासन, सच्चरित्रता, सदगुण, सद्भाव, सदाचारबाट नै सभ्य समाजको निर्माण गर्न सकिन्छ भन्नेमा उनी विश्वस्त देखिन्छन् ।[१२] गरिब र धनीबीचको खाडललाई सम्म पार्ने र न्यायको पक्षमा वकालत र अन्यायको विरोध गर्ने व्यक्ति हुन् कवि

---

११ गोर्खे साइँलो, *भावनाका उद्गारभित्र भौंतारिन खोज्दा,* **चितवनपोस्ट**, (वर्ष ९, अङ्क २८२, पूर्णाङ्क २०८५, २०६२ चैत्र ५ गते शनिबार) ।

१२ शोधनायकसँगको अन्तर्वार्ताअनुसार ।

शङ्कर सुवेदी । अहोरात्र राष्ट्र-राष्ट्रियता, प्रजातन्त्र अनि शोषित पीडित जनताको पक्षमा बोलिरहने सुवेदीको साहित्येतर व्यक्तित्वलाई सामाजिक व्यक्तित्व रूपमा स्पष्ट पार्न सकिन्छ ।

**(क) सामाजिक व्यक्तित्व**

शान्त व्यक्तित्वका धनी कवि सुवेदी आफूभन्दा सानालाई माया गर्ने र आफूभन्दा ठूलालाई सधैं सम्मान गर्ने प्रवृत्ति भएका व्यक्ति हुन् । समाजमा बस्ने सबै मानिसहरू समान हुन् र सबैसँग समान व्यवहार गर्नुपर्छ भन्ने स्पष्ट धारणा यिनमा रहेको छ । धनको आधारमा, जातिको आधारमा गरिने सामाजिक विभेदको यिनी कट्टर विरोधीका रूपमा देखा पर्छन् । समाजमा घटिरहने घटनाहरू, महिलामाथिको अत्याचार, जातीय विभेद, असमान शिक्षानीति, धनीले गरिबमाथि गर्ने दुर्व्यवहार आदिलाई उनले सानैदेखि कहीँ कलमका माध्यमले त कहीँ व्यावहारिक सामाजिक कर्तव्यका नाताले समाधान गर्दै आएका छन् ।

धादिङमा जन्मी त्यहींको हावापानी, वातावरण र परिवेशमा हुर्की बढेका कवि शङ्कर सुवेदी सानैमा पनि साथीभाइसँग घाँस, दाउरा, मेलापात गर्दा र खेल्दा पनि असाध्य मिलनसारिताको व्यवहार देखाउँथे । घाँसदाउरा गर्न जाँदा साथीहरूको भारी पुऱ्याइदिने, भारी मिलाइदिने आदि काम गरेर सबैलाई आफ्नो बनाएका थिए । पछि पिँडाबाट यिनका बाबु सपरिवार हालको जयमङ्गला, रत्ननगर नगरपालिका-१३ मा औपचारिक बसाइँ सरेर आएपछि पनि विभिन्न सामाजिक सङ्घसंस्थामा आवद्ध भएर काम गरेका थिए र हालसम्म पनि गर्दै आएको पाइन्छ ।

**(ख) कर्मचारी व्यक्तित्व**

एम.बी.ए.सम्मको अध्ययन पूरा गरेका साहित्यकार तथा कवि शङ्कर सुवेदीले महालेखा परीक्षकको विभाग अन्तर्गत २०४० असार १ गतेबाट सुखमय जीवनको जोहो गर्ने क्रममा जागीर समातेर आफ्नो स्वअध्ययन र साहित्यसाधना दुवैलाई एकसाथ अगाडि बढाएको देखिन्छ । आफ्नो पेसाप्रति बफादार तथा कर्तव्यनिष्ठ रहने, मर्यादा र अनुशासनलाई नैतिक शिक्षा सम्झने, साहित्यसाधक, राष्ट्रप्रेमी, जागरुक एवम् उत्साही शङ्कर सुवेदीले भूमिसुधार मन्त्रालयअन्तर्गत गुल्मी, पर्वत, तनहुँ, नुवाकोट, अर्घाखाँची, पर्सा, मकवानपुर, सर्लाही, डोटी, धादिङ, रौतहट, चितवनमा सेवा पुऱ्याइ हाल कपिलवुस्त जिल्लामा प्रमुख मालपोत अधिकृतको रूपमा कार्यसम्पादन गरी आफ्नो क्षमताको प्रदर्शन गरिरहेका छन् ।

कवि शङ्कर सुवेदी सफल पुत्र, पति, पिताको रूपमा जीवन बिताइरहेका छन् ।[१३] आफू शिक्षित भएर हाल राष्ट्रसेवा गर्न पाएकामा गौरवान्वित ठान्दै आफूपछिका वा भावीपिँढीहरूलाई पनि शिक्षित तुल्याई राष्ट्रविकासको यो नयाँ नेपालको निर्माणमा सहयोग गर्नुपर्छ भन्ने धारणा राखेको पाइन्छ ।

## ३.५ सारांश

धादिङ जिल्ला पिँडा-३, राम्चे गाउँमा जन्मेर हाल काठमाडौँ महानगरपालिका-४, महाकालमा औपचारिक बसोबास गर्दै आएका कवि शङ्कर सुवेदी सरकारी कर्मचारी भएको कारण कार्यको व्यस्तता हुँदाहुँदै पनि कविता साधनामा संलग्न छन्, 'लाग्ने कोललाई धुलो न फुलो' भनेझैँ उनले कविताको क्षेत्रमा कलम चलाएको करिब एकदशक भयो तापनि यति छोटो अवधिमा विभिन्न शास्त्रीय छन्दहरूमा धेरै कविताहरू लेखेर प्रकाशित गरेका उनको यो कार्य प्रशंसनीय नै मान्नुपर्छ । जिल्लामा सञ्चालन गरिएका साहित्यिक कार्यक्रममा उपस्थित भएर सुन्दासुन्दै प्रेरणा जागेर धादिङ साहित्य समाजको नियमित बिसौनी (कवितागोष्ठी) मा कविता लेखेर सुनाउँदा-सुनाउँदै उनको प्रतिभा स्फुरण हुँदै आयो । निकै समय खर्च गरेर पनि कवि बन्न कठिन हुने कुरा कविहरूमा विदितै छ । प्रतिभाशाली व्यक्तिको प्रतिभा पनि उपर्युक्त वातावरणको अभावमा मस्तिष्कभित्रै लुकेर बस्दोरहेछ । यो तथ्य कवि शङ्कर सुवेदीमा सार्थक भएको छ । 'अकलमन्दका लागि इशारा नै काफी' भन्ने भनाइ कवि सुवेदीमा रहेको छ । मोतीराम भट्ट काशीमा रहँदा आफूले लेखेका कविता अरू साथीहरूलाई सुनाउने र साथीहरूले सुनाएका कविता ध्यान दिएर सुन्ने गर्दथे जुन विशेषता कवि शङ्कर सुवेदीमा पनि पाइएको छ । उनले कुनै नयाँ कविता तयार गरेकामा त्यसलाई तुरुन्तै टेलिफोनबाट अरू कविहरूलाई सुनाउने गर्दथे । यसरी नयाँनयाँ सृजना गरी धेरै पटक कविता सुनाइरहँदा अन्य कविहरूले उनलाई 'टेलिफोन कवि' समेत भन्ने गर्दथे । यसरी बहुमुखी प्रतिभाका धनी कवि शङ्कर सुवेदी बाह्य अवलोकनबाट मिलनसार, विनयशील, सहृदयी, स्पष्ट वक्ता र आकर्षक जिउडालसहित उमेरले हाल ४८ वसन्त पार गर्दै आएका छन् । आधुनिक नेपाली साहित्यको कविता विधामा आफ्नो कलम चलाउन सिपालु कवि शङ्कर सुवेदीले नेपाली छन्द कवितामै आफ्नो पाइन पोखेका छन् । नेपाली साहित्यका छन्दवादी कवि शिरोमणि लेखनाथ पौड्याल, महाकवि लक्ष्मीप्रसाद देवकोटा, राष्ट्रकवि माधव घिमिरेजस्ता मूर्धन्य कविबाट प्रभावित कवि शङ्कर सुवेदी नेपाली साहित्यका भविष्यका आशालाग्दा उज्ज्वल नक्षत्रका उदीयमान कवि व्यक्तित्वका रूपमा देखापरेका छन् । नेपाली साहित्यमा यही गतिमा कलम चल्दै जाने हो भने उनबाट ठूलाठूला महाकाव्यका साथै खण्डकाव्यको पनि सृजना नहोला भन्न

१३ शोधनायकका पितासँगको अन्तर्वार्ताअनुसार ।

सकिँदैन । मूलतः उनी कवि हुन् तर बहुआयामिक व्यक्तित्व उनको साहित्यसाधनाको फल हो । उनको सबैभन्दा बढी कलम चल्ने कविता विधामा हो र यस फाँटमा उनले **आमा, भावनाको उद्गार** र **चाँदनी** गरी तीनओटा कवितासङ्ग्रहहरू प्रकाशित गरेका छन् । साहित्येतर व्यक्तित्वमा पनि विविध पाटामा कवि शङ्कर सुवेदीको व्यक्तित्व आफ्नो पहिचान कायम राख्न सक्षम रहेको देखिन्छ । खासगरी कवि शङ्कर सुवेदीको सामाजिक व्यक्तित्व, कर्मचारी व्यक्तित्व, पारिवारिक व्यक्तित्व र राजनैतिक व्यक्तित्व सफल देखिन्छ । नेपाल सरकारको उपसचिवजस्तो गरिमामय पदमा रहेर पनि आफ्नो सम्पूर्ण जीवनको लगानी साहित्य सृजनामै लगाउन चाहने सुवेदीको व्यक्तित्वको थप चहक उनमा रहेको सहिष्णुता, परोपकारी भावना, सबैसँगको मिलनसारिता, अनुशासन, सामाजिक दायित्व, कर्तव्यबोध, आत्मबोधले प्रज्वलित गर्दै लगेको पाइन्छ ।

## चौथो परिच्छेद

# कवि शङ्कर सुवेदीको लेखनयात्रा र पुस्तकाकार कृतिको अध्ययन

## ४.१ विषयप्रवेश

कविता साहित्यको प्राचीनतम विधा हो । कविता बन्नका लागि विभिन्न अवयवहरूको आवश्यकता पर्दछ । यसरी कविताको निर्माणको लागि आवश्यक मानिने अवयव वा अङ्गहरू नै कविताका तत्त्वहरू हुन् । मुख्य गरेर कविताको तत्त्वहरूमा रूप र वस्तु रहे पनि शीर्षक, संरचना, लयविधान, भाषाशैली, कथनपद्धति, भावविधान, बिम्बविधान, व्यञ्जना, विधागत स्वरूप तथा आयामजस्ता तत्त्वहरूको आधारमा नै कविताको रूपको पहिचान गर्न सकिन्छ । कविताका तत्त्वहरूलाई निम्नानुसार चर्चा गर्न सकिन्छ -

**(क) शीर्षक**

शीर्षक कविताको महत्त्वपूर्ण तत्त्व हो । कविताको शीर्षकको छनोट भित्री तथा बाहिरी सबै तत्त्वहरूको प्रतिनिधित्व हुने खालको कलात्मक हुनुपर्दछ । शीर्षक कुतुहलता जगाउने खालको हुनुपर्दछ र शीर्षकले जगाएको कुतुहलताको विस्तार कवितामा हुनुपर्दछ ।[१]

**(ख) संरचना**

कविताको संरचना आन्तरिक र बाह्य गरी दुई प्रकारको हुन्छ । कविताको बाह्य संरचनामा लयात्मकता खण्ड, गण, विश्राम, चरण र पङ्क्तिपुञ्ज रहेका हुन्छन् । बाह्य संरचना भाषिक वा शैलीगत प्राप्ति हो त्यो कविताको विधा-उपविधागत आयामसँग सम्बन्धित रहन्छ ।[२]

---

१ बालकृष्ण पोखरेल र अन्य (सम्पा.), पूर्ववत्, पृ. २९१ ।

२ ऐजन, पृ. ३०१ ।

(ग) **लयविधान**

कवितालाई अन्य विधाबाट अलग्याउने तत्त्व लयविधान हो । कविताको भाषाअनुसार निर्धारण गरिएको हुन्छ ।[३]

(घ) **भाषाशैली**

मानवीय विचार र भावनाको सम्प्रेषण गर्ने माध्यम भाषा नै हो । यसैको माध्यमद्वारा कविले आफ्नो भावनालाई बाह्य रूपमा प्रकाशन गर्दछ । कविता पनि भाषाकै माध्यमबाट अभिव्यक्त हुने विधा हो ।[४]

(ङ) **व्यञ्जना र प्रतीक**

कवितामा बाह्य रूपमा भन्दा आन्तरिक रूपमा अर्थसौन्दर्यको उद्घाटन हुनु नै व्यञ्जना हो ।[५]

## ४.१.१ लेखनका लागि प्रेरणा र प्रभाव

मानिस एक अनुकरणशील प्राणी हो । कुनै पनि मानिस केही गर्न खोज्दछ भने उसले अग्रिम पुस्ताहरूको अनुसरण वा नक्कल पनि गर्ने गर्छ । ऊ प्रत्यक्ष वा परोक्ष रूपमा कसैको प्रेरणा र प्रभावमा समेटिएको हुन्छ । यस प्रकारको प्रेरणा र प्रभाव दृश्य वा अदृश्य रूपमा व्यक्तित्व विकासमा सहायक हुन्छन् । मूल प्रेरणा र प्रभाव भने व्यक्तिकै अन्तर्हृदयले अनुभूत गरेका प्रेरक स्थिति नै मूल कारक बनेका हुन्छन् । बाह्य परिवेशका चिन्तन र शैली पनि प्रभावग्रहण दृष्टिले समाजसापेक्ष रही व्यक्ति प्रभावमा ग्राह्य बनेका हुन्छन् । मानवीय जीवनपद्धतिका कतिपय प्रभावपरक प्रसङ्ग एवम् व्यवहारले पनि साहित्य सृजनामा अनुकूल वातावरण मिलाइदिन्छ । कवि शङ्कर सुवेदीको काव्य सृजनाकार्यमा पनि अन्तर्बाह्य प्रेरणा र प्रभावग्रहणको यथोचित प्रतिफल रहेको छ ।

कठोर पारिवारिक अनुशासन र आर्थिक समस्याका बाबजुद पनि सङ्घर्षपूर्ण जीवन निर्वाहका साथ नेपाली साहित्यमा उदाएका कवि शङ्कर सुवेदीमा रहेको साहित्य प्रतिभा विद्यालय अवस्थादेखि नै अङ्कुरण भएको हो ।[६] पहिलो कुरा त पढ्न र लेख्न भनेपछि हिरिक्क हुने, परिवारको आँखा छली साथीहरूको पुस्तक हेरीहेरी पढ्ने लगनशील कवि सुवेदी प्राय: पुस्तकका सबैजसो कुराहरू पढेर कण्ठस्थ पार्थे भने कविताहरू भनेपछि त उनी भाका हालीहाली जतिखेर पनि मुखमा

---

३ ऐजन, पृ. २६५ ।

४ ऐजन, पृ. ६५१ ।

५ ऐजन, पृ. ८८२ ।

६ शोधनायकका पितासँगको अन्तर्वार्ताअनुसार ।

झुन्ड्याइरहन्थे ।[७] विद्यालयीय अवस्थामा पढिएका पाठ्यपुस्तकका छन्दोबद्ध कविताका केही अंशहरू त अद्यावधि कण्ठस्थ आउने कवि शङ्कर सुवेदीबाट जानकारी हुन आएको छ ।

तत्कालीन अवस्थामा आफूले सृजना गरेका कवितासङ्ग्रहको प्रकाशनको अभावले आफ्ना कृतिहरू प्रकाशित हुन नसकेको भए तापनि उनी कविता साहित्यमा निरन्तर साधनारत रहे ।[८] यसरी साहित्यप्रति रुचि बढ्दै जाँदा आफू नेपाली साहित्यका चर्चित कविहरू लेखनाथ पौड्याल, लक्ष्मीप्रसाद देवकोटा, धरणीधर कोइराला, मोदनाथ प्रश्रितका रचनाहरूबाट प्रभावित भएको र राष्ट्रकवि माधवप्रसाद घिमिरेका कविताबाट त निकै नै प्रभावित भएको बताउँछन् ।[९] साहित्यकार डिल्लीरमण शर्मा अर्यालजस्ता छन्दका ज्ञान भएका साहित्यकारहरूको सम्पर्क र सहयोगबाट पनि कवि शङ्कर सुवेदी बढी प्रभावित भएका थिए । अधिकतम् नेपालीको कमजोर आर्थिक स्थिति र समाजमा विद्यमान भेदभावपूर्ण व्यवहार, शोषण, उत्पीडनको चरमोत्कर्षबाट आक्रोशित स्वाभिमानी कवि सुवेदी साहित्यलाई हरप्रकारको शोषणबाट मुक्त, स्वस्थ र समानतासहितको समृद्ध समाजको सहयोगीको रूपमा हेर्न चाहेको कुरा बताउँछन् ।[१०] वि.सं. २०३५/०३६ सालतिरबाटै विद्यालय तहको शिक्षा आरम्भको समयमै विश्वसाहित्यको अध्ययन गरेका कवि शङ्कर सुवेदीले मानव जीवनमा आइपर्ने सुख, दु:ख, सङ्घर्ष, विसङ्गति, सङ्गति, प्रकृतिको क्रुरता, प्रेम, प्रणय, प्रीति, समाज र मानवीय प्रवृत्तिमा देखिएका विसङ्गतिप्रति तीक्ष्ण व्यङ्ग्य प्रहारको साथै समानतामुखी जीवनपद्धतीको चाहना तीव्र रूपमा कवितामा विकास भएको पाइन्छ ।[११] आन्तरिक भाव प्रस्तुतिमा प्रवृत्तिवादी माधव घिमिरेली शैली र बाह्य शिल्पशैलीमा स्वच्छन्दतावादी सचेतता अपनाइ छन्द कविता विधामा नै कलम चलाएका कवि शङ्कर सुवेदी मूलत: छन्द कविताकै उपासक हुन् र अन्य विधामा पनि सुवेदीको चाख बढेको देखिन्छ ।[१२] यसरी कवि शङ्कर सुवेदी समाजवादी वैचारिक चिन्तनधाराबाट अनुप्राणित पूर्वीय एवम् पाश्चात्य साहित्याध्ययन एवम् नेपाली साहित्यका विशिष्ट साहित्यप्रतिको प्रभाव र प्रेरणा ग्रहण गरी नेपाली साहित्यमा स्थापित साहित्यकार बन्न पुगेका छन् ।

### ४.१.२ नेपाली साहित्यमा कवि शङ्कर सुवेदीको आगमन

नेपाली साहित्यको समुन्नतिमा युवाहरू जुर्मुराउने क्रम बढ्दो छ । युवाहरूमा देखापरेको जागरणधर्मिताले भोलिको साहित्यिक परिवेश अझै उर्वर बन्ने निश्चित प्राय: छ । काम-कर्तव्यको पारखी बनेर आफ्नो राष्ट्र र समाजलाई सदैव समुज्ववल पार्ने दिशातर्फ अभिमुख भएका केही

---

७ शिक्षक मेघनाथ शर्मासँगको अन्तर्वार्ताअनुसार ।
८ शोधनायकसँगको अन्तर्वार्ताअनुसार ।
९ ऐजन ।
१० ऐजन ।
११ ऐजन ।
१२ ऐजन ।

साहित्यकारहरूमध्ये कवि शङ्कर सुवेदी पनि देखापर्छन् । जिज्ञासा, कौतुहलता, आत्मविश्वास, लगनशीलता, इमानदारिताले नै व्यक्तिलाई उच्चतामा पुऱ्याउँछ । उच्चतामा पुऱ्याउने यी गुणहरूबाट शङ्कर सुवेदी ओतप्रोत छन् । सरकारी कर्मचारीको रूपमा राष्ट्रसेवा गर्ने सिलसिलामा देशका विभिन्न ठाउँमा पुग्ने र प्राप्त अनुभव र अनुभूतिको सार्वजनकीकरण गर्ने क्षमता राख्ने शङ्कर सुवेदीको लगनशीलताले नेपाली साहित्यमा कमजोर पार्न खोजिएको छन्दोबद्ध कविता लेखनको परिपाटीलाई महत्त्वपूर्ण ऊर्जा प्राप्त भएको छ । काव्यसंस्कृतिको रूपमा रहेको छन्दलाई बचाउने कार्यमा कवि शङ्कर सुवेदी सक्षम चिकित्सकका रूपमा देखापरेका छन् । थोरै बोल्ने र सुमधुर तथा अर्थपूर्णवाणी बोल्ने शङ्कर सुवेदी आफूले उपभोग गरेको परिवेशलाई श्रद्धा र ममता दिन कन्जुस्याइँ नगर्ने साधक हुन् । उनी जहाँ पुग्छन् त्यहाँ छिट्टै भिज्न सक्छन् किनकि उनी छन्दकविताका रचनाकार मात्र नभएर तदनुसारको जीवनशैलीका प्रयोक्ता पनि हुन् । पञ्चकन्या प्रा.वि.मा प्रा.वि. र नि.मा.वि. जयमङ्गलामा पढ्दा विद्यालयको साहित्यिक मुखपत्र **पञ्चकन्या**मा *मेरो कलम* शीर्षकका कविता लेखी नेपाली साहित्यमा पदार्पण गरेका हुन् । विद्यालयले आयोजना गर्ने हरेक प्रतियोगितात्मक प्रतियोगितामा भाग लिई सधैँ पुरस्कार हात पार्न सफल हुने कवि शङ्कर सुवेदी 'हुने बिरुवाको चिल्लो पात' भनेझैँ साने उमेरदेखि तीक्ष्ण बुद्धि भएका व्यक्ति थिए । करिब २०५५/०५६ देखि नै छन्द कविता लेख्न सुरु गरेका कवि शङ्कर सुवेदीको **आमा** कवितासङ्ग्रह वि.सं. २०५९ सालमा आएर प्रकाशित भयो । दोस्रो **भावनाको उद्‌गार** कवितासङ्ग्रह वि.सं. २०६१ सालमा प्रकाशित भयो भने **चाँदनी** कवितासङ्ग्रह वि.सं. २०६४ सालमा प्रकाशित भई वि.सं. २०६५ सालमा दोस्रो संस्करण समेत प्रकाशित भइसकेको पाइन्छ ।

कवि अन्तहृदयमा प्रस्फुटित सकारात्मक भावहरू वा समसामयिकतालाई छन्दात्मक सृजनाबाट अभिव्यक्त गर्न सकिँदैन भन्ने लङ्गडो तर्कलाई चुनौती दिँदै कवि शङ्कर सुवेदीले **आमा** (२०५९), **भावनाको उद्‌गार** (२०६१) र **चाँदनी** (२०६४) प्रकाशित गरेका छन् । जुन कवितासङ्ग्रहमा मन्दाक्रान्ता, शार्दूलविक्रीडित, उपेन्द्रवज्रा, इन्द्रवज्रा, वसन्ततिलका, शिखरिणीलगायत थुप्रै वर्णमात्रिक आदि छन्दमा कविताको सृजना गरेका छन् । प्रेमप्रणय र प्रीति, प्राकृतिक सुन्दरता, राष्ट्र राष्ट्रियता, आध्यात्मिकता, विसङ्गति र व्यङ्ग्यविद्रोह, मानवमूल्य र मान्यता, दयामाया, करुणा, सहानुभूति र सद्‌भावहरूप्रति आत्मसमर्पण गरेका छन् ।

कवि शङ्कर सुवेदी मूलतः छन्दवादी कवि हुन् । छन्दसित उनको सुमधुर लगाव छ । छन्दका बारेमा अध्ययन गर्ने छन्दमा कविता गर्ने उनका रहर बनेका छन् । कवितामा कलापक्षको महत्त्वपूर्ण भूमिका रहन्छ । कविता गर्नेले शब्दशक्ति, गुण, रीति, अलङ्कार र छन्दको गहिरो अध्ययन गर्नुपर्छ । नेपाली व्याकरणमा मात्र होइन अपितु काव्यिक प्रवृत्ति र परम्पराका बारेमा समेत ज्ञान राख्नै पर्दछ ।

यसरी कवि शङ्कर सुवेदीको लेखनकार्यको पृष्ठभूमिलाई हेर्ने हो भने उनको बाल्यकालदेखिको साहित्यिक मोहले उनमा रहेको कवि प्रतिभालाई स्पष्ट पार्दछ । त्यतिखेरको समयमा आफ्नो गाउँको प्राथमिक विद्यालयमा उनले पढ्ने सङ्घर्ष गर्दा एकदुई बुझ्ेका व्यक्तिहरूले प्रशंसा गर्दथे भने कतिपयले त यसले पढेर कहाँ पुग्ने होला भनी गिल्ला गरेको पाइन्छ ।[१३] उनको कलम सानै उमेरदेखि कविता विधामा चलेको देखिन्छ । कविले १३ वर्षको उमेरमा लेखेको *मेरो कलम* शीर्षकको कविता उनको साहित्यसृजनाको पहिलो अभ्यास हो र यसलाई कविले आफ्नो अप्रकाशित लेखमा समेटेका छन् ।[१४]

## ४.१.३ लेखन र प्रकाशनको थालनी

कवि शङ्कर सुवेदीको लेखनयात्रा १३ वर्षको उमेरदेखि सुरु भए तापनि उनका रचनाहरू प्रकाशन हुन २०५९ सालसम्म पर्खनुपऱ्यो । तत्कालीन समयमा देशमा बहुदलीय प्रजातन्त्रको आगमन भइसकेको र राजनीतिक नेताहरूको कुर्चीको खिचातानी देख्दा कवि शङ्कर सुवेदीमा दिग्दारी छाएको थियो ।[१५] देश र जनताको भलाईको लागि चुनाव जितेर गएका राजनीतिक नेताहरूले पूर्ण पाँचवर्षको अवधि पूरा पनि नगरी २०५४ सालमा भएको मध्यावधि निर्वाचनबाट पनि कवि शङ्कर सुवेदीको मन विचलित भएको थियो ।[१६] तत्कालीन समयमा प्रगतिवादी लेखहरू छायाँमा पारिएका कारण तथा चेतनाका अभावका कारण कयौँ साना, ठूला, पूर्ण तथा अपूर्ण रचनाहरू लेखिए तापनि भविष्यका निमित्त जतन गर्नुपर्ने ज्ञानको अभावमा हाल अप्राप्त रहेको कविको गुनासो अझै पनि कायमै देखिन्छ ।[१७]

शिक्षा, रोग, भोक, आर्थिक चपेटाको मारबाट पिल्सिदै समयको गतिमा हिँड्नुपर्ने भएर पनि होला उनलाई साहित्यमा मोह बसेको हो । यसरी जीवनमा आफूले देखेभोगेको जस्तो नहुने बताउने कवि शङ्कर सुवेदी साहित्यका साधनामा एकैनास आफ्नो कलम चलेको बताएका छन् । यस्तै साधनारत कवि सुवेदीको पचासको दशकमा पहिलो पुस्तकाकार कृति **आमा** (२०५९), कवितासङ्ग्रह प्रकाशित हुन पुगेको र यसको लेखनकार्य सुरु २-३ वर्ष पहिले नै भएको बुझिन्छ ।[१८] अत्यन्तै मिहिनेती र परिश्रमी कवि शङ्कर सुवेदीको पछिको कृति प्रकाशित गरेपछि उनलाई 'आगोमा घ्यू थपेझैँ' साहित्य सृजनाप्रति थप ऊर्जा मिलेको थाहा हुन्छ । उनको दोस्रो र तेस्रो प्रकाशित कृति

१३ शिक्षक मेघनाथसँगको अन्तर्वार्ताअनुसार ।

१४ शोधनायकसँगको अन्तर्वार्ताअनुसार ।

१५ ऐजन ।

१६ ऐजन ।

१७ ऐजन ।

१८ ऐजन ।

साठीको दशकमा क्रमश: **भावनाको उद्गार** (२०६१) र **चाँदनी** (२०६४) कवितासङ्ग्रह प्रकाशित भएका छन् ।

यसरी दुई दशकको छोटो समयावधिमा तीनओटा पुस्तकाकार कृति प्रकाशित गर्न सफल कवि शङ्कर सुवेदीले पचासको दशकमा लेखिएको सानो आकारको कृतिबाट माथि उठेर आकारमा र काव्यकलाको हिसाबमा पनि परिष्कृत बन्दै गएको देखिन्छ । उनका तीनओटा काव्यकृति **आमा**, **भावनाको उद्गार र चाँदनी** कवितासङ्ग्रहको तुलनात्मक अध्ययन गर्दा **आमा**मा भन्दा **भावनाको उद्गारमा** र **भावनाको उद्गार**मा भन्दा **चाँदनी**मा आफ्नो भाव र शैली परिष्कृत रहेको देखिन्छ । यसरी थोरै काव्यकृतिको रचना गरेर पनि नेपाली साहित्यमा धेरै ठूलो नाम कमाउन सफल भएका कवि हुन् शङ्कर सुवेदी । कवि शङ्कर सुवेदीका तीन पुस्तकाकार कृतिहरूले नेपाली साहित्यको भण्डार भर्नमा थप टेवा पुऱ्याइरहेको छ ।

यी पुस्तकाकार कृतिहरूको प्रकाशनपश्चात् उनको कलम साहित्यको छन्द कविताको क्षेत्रमा चलिरहेको छ । फुटकर रचनाहरू थुप्रै रचिए र विभिन्न पत्रपत्रिकामा प्रकाशित पनि भए । यसरी हेर्दा फुटकर लेखन अभ्यास पहिलेदेखि नै भएको र प्रकाशनकार्यको औपचारिक थालनी वि.सं. २०५९ सालबाट भएको मान्नुपर्ने देखिन्छ ।[१९] वि.सं. २०५९ सालदेखि साहित्यिक जिम्मेवारीबोधका साथ अगाडि बढेका सुवेदीमा कविताहरू सबै छन्दात्मक शैलीमा रचिएका छन् । हालसम्म उनका निम्न पुस्तकाकार कृतिहरू प्रकाशित भइसकेका छन्[२०] –

| **क्र.सं** | **कृतिको नाम** | **विधा/उपविधा** | **प्रकाशित मिति** | **प्रकाशक** |
|---|---|---|---|---|
| १ | आमा | कविता | २०५९ | रामप्रसाद सुवेदी |
| २ | भावनाको उद्गार | कविता | २०६१ | रामप्रसाद सुवेदी |
| ३ | चाँदनी | कविता | २०६४ | पल्लव साहित्य प्रतिष्ठान, चितवन |

यसरी वि.सं. २०५९ सालमा **आमा** कवितासङ्ग्रह प्रकाशित गरेपछि कवि शङ्कर सुवेदी नेपाली कवितासाहित्यको क्षेत्रमा एउटा औपचारिक कविका रूपमा देखापरेको पाइन्छ । त्यस्तैगरी वि.सं. २०६१ मा **भावनाको उद्गार** र वि.सं. २०६४ मा **चाँदनी** कवितासङ्ग्रहको प्रकाशन गरेपछि त झन् कवि शङ्कर सुवेदी नेपाली साहित्यको इतिहासमा एउटा होनहार व्यक्तिको रूपमा देखापरेको पाइन्छ । मूलत: त छन्दमा नै कविता लेख्न रुचाउने कवि शङ्कर सुवेदी माधव घिमिरे, सिद्धिचरण श्रेष्ठ, लक्ष्मीप्रसाद देवकोटाजस्ता ठूला कविहरूबाट प्रभावित देखिन्छन् ।

---

१९ कपिल अज्ञात, पूर्ववत्, पृ. १३८ ।
२० ऐजन ।

## ४.१.४ कवि शङ्कर सुवेदीको साहित्ययात्रा

कुनै पनि स्रष्टाको साहित्ययात्राको निर्धारण सहज देखिँदैन । प्रकाशनको निरन्तरताले स्रष्टामा युगानुकूल बहुआयामिक प्रवृत्तिअन्तर्गतको हृदयानुभूतिले अभिव्यक्तिन चाहेको अनुकूल विधा उपविधामा स्रष्टाहरू सृजनामा मनमोहक पुष्पहरू फुलाउँछन् । सृजनावृत्तिको यही विविधताले साहित्ययात्राको निर्धारण सहज नभएको हो । यद्यपि स्रष्टाका प्रकाशित फुटकर रचना तथा पुस्तकाकार कृतिहरूको अध्ययनको आधारमा लेखनविकासक्रमसँगै प्रवृत्तिगत विश्लेषणसहित साहित्ययात्रालाई चरण विभाजन गर्ने प्रक्रिया अँगालिदै आएको छ । यसै अनुरूप कवि शङ्कर सुवेदीको साहित्यलेखनको यात्रालाई पनि हेरिएको छ ।

प्रकाशित भएको फुटकर कविताको सङ्ख्या करिब १५० (तीनओटै कवितासङ्ग्रहहरू **आमा** ३९, **भावनाको उद्गार** ४० र **चाँदनी** ७१) को सङ्ख्यामा रहेको र प्रत्येक कविता विभिन्न छन्दमा बाँधिएका छन् । वि.सं. २०५९ सालमा **आमा** कवितासङ्ग्रह प्रकाशित भएपछि नेपाली कविता साहित्यको क्षेत्रमा सार्वजनिक हुन पुगेका कवि सुवेदी हालसम्म पनि लेखनकार्यमा साधनारत नै छन् । रचनाहरूको प्रकाशन अगाडि साहित्यक्षेत्रमा जतिसुकै लगानी र देन भए तापनि त्यो नगण्य नै हुँदो रहेछ । त्यसैले कृति प्रकाशनका हिसाबले करिब १ दशक पूरा गर्दै यहाँसम्म निरन्तर हुँदै आएको छ । कवि शङ्कर सुवेदीको साहित्ययात्राअन्तर्गत कविता विधामा आफ्नो कलम चलाई नेपाली साहित्यको विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आएको देखिन्छ ।

वि.सं. २०५९ देखि कृति प्रकाशित गरेर नेपाली साहित्यमा प्रवेश गरेका कवि शङ्कर सुवेदीका प्रकाशित कृति तुलनात्मक रूपमा न्यून नै देखिन्छ ।

प्रशस्त फुटकर रचना र वर्तमानसम्म प्रकाशित तीनओटा पुस्तकाकार कृतिहरूको समसामयिक अध्ययन एवम् साहित्यिक प्रवृत्तिमा पाइएको विभिन्न मोड हेर्दा उनी युगीन विश्वबोधलाई आफ्नो कवितामा राम्ररी पक्डन सक्ने सक्षम कविका रूपमा देखापर्छन् । उनी युगीन समस्या समसामयिक लेखन प्रवृत्तिबाट प्रभावित भई लेखनविकासमा अघि बढेका देखिन्छन् । सोही आधारमा वि.सं. २०३२ सालदेखि हालसम्म गतिशीलता प्राप्त गरिरहेको उनको साहित्ययात्रालाई यसरी तीन चरणमा विभाजन गरी अध्ययन गरिएको छ –

(१) प्रथम चरण : लेखनकार्यको आभ्यासिक काल, वि.सं. २०३२ देखि २०५५ सम्म ।

(२) दोस्रो चरण : लेखनकार्यमा केही तीव्रताको काल, वि.सं. २०५६ देखि २०६१ सम्म ।

(३) तेस्रो चरण : लेखनकार्यमा परिपक्वताको काल, विकास र कृति प्रकाशनको उर्वरता वि.सं. २०६२ देखि हालसम्म ।

यसरी हेर्दा कवि शङ्कर सुवदीले पचासको दशकबाट कलम चलाए पनि उनको पहिलो कवितासङ्ग्रह **आमा** वि.सं. २०५९ सालमा आएर मात्र प्रकाशित हुन पुगेको पाइन्छ । लेखनकार्यमा सधैँ सक्रिय रहने कवि शङ्कर सुवेदीले आफ्नो सरकारी जागिरे जीवनबाट बचेखुचेका समय निकालेर पनि

आफ्नो लेखनकार्यलाई निरन्तरता दिँदै गएको पाइन्छ । जसअनुसार कविले वि.सं. २०६१ सालमा **भावनाको उद्‌गार** र वि.सं. २०६४ सालमा **चाँदनी** कवितासङ्ग्रह प्रकाशित गरी नेपाली छन्दकविताको इतिहासमा एउटा नौलो आयाम नै थपेको आभास मिल्न गएको छ । यसरी कवि शङ्कर सुवेदीको लेखनको समयलाई वि.सं. २०३२-२०५५ लाई प्रथम चरण, वि.सं. २०५६ देखि २०६१ सम्मलाई दोस्रो चरण र वि.सं. २०६२ देखि हालसम्मलाई तेस्रो चरण भनी अध्ययन गरिएको छ ।

### ४.१.४.१ **प्रथम चरण : लेखनकार्यको आभ्यासिक काल (वि.सं. २०३२-२०५५)**

वि.सं. २०३२ देखि वि.सं. २०५५ सम्मको समयावधिलाई कवि शङ्कर सुवेदीको प्रथम चरणको रूपमा राखी अध्ययन गरिएको छ । यो समयावधिमा कविको खासै कृतिको प्रकाशन भएको पाइँदैन । यो चरण कविको अभ्यासको चरण हो । सानैदेखि लगनशील र ईखालु स्वभावका कवि शङ्कर सुवेदी विद्यार्थी कालदेखि नै कविता सृजना गर्न थालेको देखिन्छ । यिनी सानै उमेरदेखि घरपरिवारसँग सङ्घर्ष गर्दै अगाडि बढ्नु परेको थियो । सानो छँदा घरपरिवारमा गर्नुपर्ने मेलापातको काम, घाँसदाउरा, वस्तुभाउ चराउने, भकारो सोहर्ने आदि कार्यमा तालमेल गर्नुपर्ने देखिएको थियो । १३ वर्षकै उमेरमा *मेरो कलम* शीर्षकको कविता लेखेर विद्यालयको मुखपत्रमा छपाउन पुगेका कवि शङ्कर सुवेदीको कवि व्यक्तित्व सानैदेखि प्रस्फुटन भएको देखिन्छ । जतिजति उमेरले पार गर्दै गयो त्यतित्यति उनमा कवि प्रतिभाले परिपक्वता हासिल गर्दै गएको देखिन्छ । यसले गर्दा उनको प्रथम चरणका प्रारम्भिक चरणका रचनाहरूमा सामाजिक जागरणदेखि आफ्नो आन्तरिक भावनाहरूलाई आफ्ना रचनाहरूमा पोख्ने काम गरेका थिए । कविका सम्झनाका आधारमा उनको प्रथम रचना *मेरो कलम* शीर्षकको कविता हो ।

उपर्युक्त कविताका श्लोकको अध्ययनबाट कविको आन्तरिक भावहरू कसरी कविताको रूपमा छचल्किएको छ भन्ने कुरा सोझै बुझ्न सकिन्छ । सानै उमेरमा रचिएको कविता भए पनि कविको काव्य प्रतिभा यसमा सशक्त रहेको छ । कविले आफ्ना कुण्ठित भावनाहरूलाई कविताको माध्यमबाट व्यक्त गरेकाले यो कवितालाई उनमा रहेको साहित्यिक क्षमताको नमुनाको रूपमा लिन सकिन्छ । कृति प्रकाशनका दृष्टिले उनको यो चरण शून्य रह्यो । यसप्रकार कवि शङ्कर सुवेदीको प्रथम चरणको लेखन अभ्यासमा सामाजिक शोषणप्रतिको विद्रोह, पारिवारिक कलह, नारीदमनको तीक्ष्ण व्यङ्ग्य, युवा जागरण, आन्तरिक भावनाको जागरण आदि अभिव्यक्तिएको छ । तसर्थ उनको यस चरणको साहित्ययात्रालाई लेखनकार्यको अभ्यासको प्रारम्भिक चरणको रूपमा लिइएको छ ।

### ४.१.४.२ **दोस्रो चरण : लेखनकार्यमा केही तीव्रताको काल (वि.सं. २०५६-२०६१ सम्म)**

वि.सं. २०५६ देखि २०६१ सम्मको करिब ५ वर्षको समयावधिको समयलाई कवि शङ्कर सुवेदीको लेखनकार्यको दोस्रो चरणमा राखेर अध्ययन गरिएको छ । यस चरणमा २ ओटा कृति

प्रकाशित भएका थिए । **आमा** (२०५९) र **भावनाको उद्‌गार** (२०६१) दुईओटा कृति प्रकाशित भएको यो चरण कविको विकास कालको रूपमा लिन सकिन्छ । यस कालका रचनाहरू कवि शङ्कर सुवेदीका रचनाहरू प्रथम चरणका भन्दा अलि परिष्कृत खालको देखा परेको छ । देशमा तत्कालीन समयमा बहुदलीय प्रजातान्त्रिक व्यवस्था कायम थियो । जनताका इच्छा र आकाङ्क्षा एकातिर थियो भने राज्यका नेता भनाउँदाहरूले कुर्चीकै लागि तँछाड र मँछाड गरी लडिरहेका थिए । यो समयमा ने.क.पा. माओवादी पार्टीले भूमिगत राजनीति सञ्चालन गरेकोले पनि देशमा एकातिर त्रासको वातावरण थियो । सरकारी सेना र माओवादी पार्टीका सेनाबीच द्वन्द्व चर्कँदै गयो । धेरैजना मानिसको ज्यानसमेत गयो । करिब १३ हजार नेपाली दाजुभाइको ज्यान जाने गरी देशमा जनयुद्ध सञ्चालन भयो । आफ्नै दाजुभाइमा यसरी जनयुद्ध सञ्चालन भएपछि सरकारमा बसेका राजनीतिक दलहरूले पनि केही गर्न सक्ने स्थिति देखा परेन जसका कारण कवि शङ्कर सुवेदीमा पनि नैराश्यता छाउनु ठिकै थियो । जसअनुसार कविले यो समयमा नेता र वार्ताजस्ता कविता लेखेर नेपाली जनतालाई सम्झाउने प्रयास गरेका छन् । संसारमा युद्ध मात्र गरेर केही पाउन सकिंदैन र सफल पनि होइँदैन भन्ने धारणा कविको छ । वार्ताबाटै सबै कुराको समाधान हुन्छ । वार्ताबाट नै हामीले जुनसुकै कुराको पनि समाधान गर्न सक्छौँ भनेर युद्धरत पार्टीलाई शान्तिको लागि आह्वान गरेका छन् । यही चरणमा कवि शङ्कर सुवेदीले *नेता* शीर्षकको कविता लेखेर नेताहरूको भण्डाफोर गरेका छन् । नेताहरूको स्वार्थी प्रवृत्तिले जनतालाई धोका दिएको र राष्ट्रलाई अद्योगतितिर धकेलेको सङ्केत गरेका छन् । आजका नेतामा मानवीयता हराउँदै गएको छ जनताको शोषण गरेर खाली आफ्नै मात्र भुँडी भर्न यिनीहरू सक्रिय हुन्छन् भनेर हाम्रा नेतालाई कविले यसो भनेका छन् –

सत्ता, भत्ता सबतिर हात
थुप्रै गाडी घरभरि खात
सँगै बस्थ्यौं हरदिन पैले
बोल्नै छाडे किन किन ऐले ।

यसै चरणमा *वार्ता* शीर्षकको कविता लेखेर नेपाली दाजुभाइलाई यसरी सम्झाएका छन् –

मारेर मानिसहरू मन मिल्छ के के ?
यो व्यर्थको विषयमा सपना नदेखे
जो जो मरे पनि यहाँ सब दाजुभाइ
झन् शोक मात्र थपिने जनमा रुवाई

यसरी कवि शङ्कर सुवेदीको साहित्यिक यात्राको यस चरणलाई लेखनकार्यमा केही तीव्रता आएकोले विकासोन्मुख काल मान्न सकिन्छ । कविले विभिन्न छन्दको प्रयोगद्वारा आफ्नो विभिन्न विचारधाराहरूबाट प्रभावित भएर लेखिएका लेखरचनाहरू यस चरणका उपलब्धि मान्नुपर्छ ।

### ४.१.४.३ तेस्रो चरण : लेखनकार्यमा परिपक्वताको काल, विकास र कृति प्रकाशनको उर्वरता (वि.सं. २०६२ देखि हालसम्म)

लेखनकार्यमा तीव्रता वि.सं. २०६२ देखि हालसम्म कवि शङ्कर सुवेदीको लेखनकार्यको चरण विभाजन गर्ने क्रममा वि.सं. २०६२ देखि हालसम्मको समयावधिलाई तेस्रो चरणमा राखेर अध्ययन गर्न सकिन्छ । कवि शङ्कर सुवेदीको लेखनकार्य हेर्दा प्रथम चरणमा भन्दा दोस्रो चरणमा र दोस्रो चरणमा भन्दा तेस्रो चरणमा आइपुग्दा भाषामा को परिपक्वता र परिष्कृतता देखा पर्छ । कविको यो चरणलाई उत्कर्ष चरण पनि मान्न सकिन्छ । वि.सं. २०६३ सालमा आएर **चाँदनी**जस्तो उत्कृष्ट कवितासङ्ग्रहको रचना गर्न सक्नु कवि शङ्कर सुवेदीको क्षमतालाई सबैले मान्नै पर्ने हुन जान्छ ।

छन्दोबद्ध कविता लिएर प्रथम चरणदेखि नै नेपाली साहित्यको क्षेत्रमा प्रवेश गरेका कवि शङ्कर सुवेदी दोस्रो एवम् तेस्रो चरणसम्म आइपुग्दा एक कुशल कवि तथा साहित्यकारका रूपमा स्थापित हुँदै पद्य विधामा कलम चलाई सफलता पनि हासिल गर्दै आएका छन् । उनले यस चरणमा बहु क्षेत्रमा पनि हात हालेर लेख्ने कार्य गरेका छन् भन्दा अत्युक्ति हुँदैन । हुन त कविको दोस्रो र पहिलो चरणमा ती क्षेत्रमा लागेर लेख्नुभएको छैन भन्न मिल्दैन किनभने सृजनशील कला हुनको लागि ती कुराहरू सामान्य नै हुँदो रहेछ । प्रकाशनमा आउन नसकेका कविका लेखहरू, कथाहरू, कविताहरू कविकै डायरी, कपीहरूमै रहेका छन् ।[२१]

यस चरणमा लेखिएका उनका छन्दात्मक कविताहरू राष्ट्रकवि माधव घिमिरेकै समकक्षी देखिन्छन् भने उनका कयौँ रचनाहरूले प्रकृतिको चित्रण, मानवता, राष्ट्रियता, नारीको हकअधिकार, जनजीविका र जनतन्त्र झनै सङ्कटमा परेको, नेपाली जनताले वास्तविक मुक्ति पाउनु पर्नेजस्ता विषयवस्तुका भाव बोकेर आएको सशक्त कविताको रूपमा मूल्याङ्कन गर्न सकिन्छ ।[२२]

उमेरले जति प्रौढ हुँदै गएका छन् उनको लेखाइ पनि त्यति नै खारिदै र पाठकको मन जित्नेखालको देखिन्छ । यसरी पद्य विधामा कलम चलाउने कवि शङ्कर सुवेदीद्वारा नेपाली साहित्यिक समुन्नतिमा महत्त्वपूर्ण योगदान पुगिरहेको पाइन्छ ।

## ४.१.५ सारांश

मानवीयताको पक्षमा कलम चलाउने कवि शङ्कर सुवेदी तेस्रो चरणमा आइपुग्दा धेरै नै परिष्कृत भाषा, शैली र भाव बोकेर देखा पर्छन् । मानवीयताको पक्षमा कलम चलाउने कवि शङ्कर सुवेदीले आफ्नो साहित्ययात्राको तेस्रो चरणमा दोस्रो चरणभन्दा बढी सृजनागत भई विविध शीर्षक राखेर कलम चलाए र सफल पनि भए । यसरी नेपाली साहित्यको श्रीवृद्धिमा सक्रियताका साथ लागेर आफ्नो साहित्यिक उत्तरदायित्व निर्वाहका क्रममा सफल हुँदै जाँदा अझ उनको साहित्यिक सृजनले

---

२१ शोधनायकसँगको अन्तर्वार्ताअनुसार ।

२२ पूर्ण चौधरीद्वारा लिखित पौरखी, *चाँदनीसँगै रमाउँदा* शीर्षकको अप्रकाशित पाठक प्रतिक्रिया, तौलिहवाबाट प्राप्त लेखअनुसार ।

शिखर चुमोस् भन्ने शुभकामनासमेत दिन सकिन्छ । यसप्रकार कवि शङ्कर सुवेदीको साहित्ययात्रा निरन्तर रूपमा गतिशील हुँदै अगाडि बढिरहेको छ । उनका विविध साहित्यिक कृतिहरूले उनको साहित्यिक व्यक्तित्वलाई उचो बनाउँदै नेपाली साहित्यमा स्थापितसमेत गराइरहेका छन् ।

## ४.२ पुस्तकाकार कृतिहरूको अध्ययन

### ४.२.१ विषयप्रवेश

कवि शङ्कर सुवेदीको **आमा** कविता वि.सं. २०५९ सालमा रामप्रसाद सुवेदी प्रकाशक रही सरस्वती छापाखाना धादिङबेसीले मुद्रण गरेको हो । कविको यो कृति पहिलो र प्रकाशनको हिसाबले पनि पहिलो कृति हो । आफू निजामती कर्मचारी भएको कारणले र मुलुकको धेरै जिल्लाहरू घुम्ने अवसर प्राप्त भएकोले कविले ती ठाउँमा देखेभोगेका, अनुभव गरेका यथार्थता यो कवितासङ्ग्रहमा आफ्नो कविताको माध्यमबाट प्रस्तुत गर्नुभएको छ । यो कृतिमा कविको ४० ओटा कविताहरू सङ्कलित छन् ।

### ४.२.१.१ 'आमा' कवितासङ्ग्रहको अध्ययन र विश्लेषण

सामान्यतया: आमा शब्दको अर्थ खोज्ने हो भने जन्म दिने, जन्माएर आफ्नै लालनपालनमा हुर्काउने व्यक्तिलाई आमा भनिन्छ ।[२३] आमा ती हुन् जसले आफूलाई जन्माएर हुर्काउँछिन्, कुनै दु:खको पर्वाह नगरी जति नै धेरै सन्तान भए पनि सबैलाई बराबरी मायाममता बाँड्ने आमा त्यस्ती छन् जसले आफूले पनि नखाइ नलाइ आफ्नो सन्तानलाई खुवाउँछिन् । धर्ती मातालाई पनि आमाको रूपमा लिइएको कुरा पूर्वीय दर्शनहरूमा यसको लामो व्याख्या गरेको पाइन्छ । वेद, उपनिषद आदिमा धर्तीलाई पनि धर्ती माताकै रूपमा लिइएको छ, जसले हरेक कुरालाई सहेर आफू बाँच्ने र अर्कालाई बचाउने काम गर्छिन् । संसारमा सबै चिज खोजेर पाइन्छ तर जन्म दिने आमा कतै पाइँदैन । 'धर्तीमै छ सब चिज, खोजे मिल्छ घरीघरी तर जन्म दिने आमा पाइँदैन कसैगरी' भनी कविहरूले भनेको पाइएको छ । मानवजीवन पनि यही आमाको ममतामयी न्यानो मायाले गर्दा नै फुल्छ, फल्छ र झ्याङ्गिन्छ ।

कवि शङ्कर सुवेदीका जीवनमा पनि आमाबाट यस्तै न्यानो माया पाएर हुर्किएर आज ठूलो मान्छे बन्न सफल भएकाले कविहृदयमा ठूलो प्रभाव पऱ्यो जसको कारण **आमा** कवितासङ्ग्रह नै प्रकाशित गर्न सफल हुनुभयो । यो कवितासङ्ग्रह कविको आफ्नै निजी खर्चमा वि.सं. २०५९ सालमा प्रकाशन हुन पुगेको हो । आमा कवितासङ्ग्रहमा कविको ४० ओटा कविताहरू सङ्गृहीत छन्, जसको विवरण निम्नानुसार दिइएको छ –

---

२३ हेमाङ्गराज अधिकारी (प्र.सम्पा.), **प्रयोगात्मक नेपाली शब्दकोश**, तेस्रो संस्क. (काठमाडौं : विद्यार्थी प्रकाशन प्रा.लि., २०६६), पृ. ८२ ।

## ४.२.१.२ संरचना

| क्रम | कविताको शीर्षक | छन्द | श्लोक सङ्ख्या | पृष्ठ | मूलभाव |
|---|---|---|---|---|---|
| १. | मनकामना | शार्दूलविक्रीडित | ५ | १ | आध्यात्मिक चेतनाको स्वराङ्कन गरिएको |
| २. | आमा | शिखरिणी | ६ | २ | सन्तानले आमाप्रति गर्नुपर्ने नैतिकतावादी जीवनदृष्टिको सङ्केत |
| ३. | मेरी छोरी | मन्दाक्रान्ता | ५ | ३ | आमाबुवाले आफ्ना सन्तानलाई दिने अर्ती उपदेश आदि । |
| ४. | श्री ५ वीरेन्द्रप्रति | गीति | ५ | ४ | भावपूर्ण श्रद्धा प्रकट गरिएको |
| ५. | भानुको सम्झनामा | शार्दूलविक्रीडित | ५ | ५ | भावपूर्ण श्रद्धा प्रकट गरिएको |
| ६. | बेहोसी | अनुष्टुप् | ८ | ६ | प्रेमाभिव्यक्तिको कलापूर्ण अभिव्यञ्जना |
| ७. | राजधानी | इन्द्रवज्रा | ६ | ७ | व्यङ्ग्यपूर्ण तार्किक प्रस्तुति |
| ८. | समानता | वसन्ततिलका | ५ | ८ | राष्ट्रभक्तिको भावना पोखिएको |
| ९. | सुहागिनी | पञ्चचामर | ४ | ९ | प्रेम अभिव्यक्तिको सुन्दर चित्रण |
| १०. | मधुकर | कुसुमविचित्रा | ५ | १० | प्राकृतिक सौन्दर्यको अनुभूतिजन्य अभिव्यक्ति |
| ११. | प्रेमातीत | मन्दाक्रान्ता | ५ | ११ | प्रेमबाट घात हुँदा देखिएको नैराश्य जीवनको चित्रण |
| १२. | चेपाङ्ग जाति | गीति | ९ | १२ | जाति परिचय |
| १३. | एकता | स्वागता | ५ | १३ | युद्धविरोधी, शान्तिगामी तथा मानवाधिकारवादी चेतना प्रवहन |
| १४. | प्रकृति/संस्कृति | चित्रलेखा | ४ | १४ | प्राकृतिक सौन्दर्यको वर्णन |
| १५. | आदर्श नारी | शार्दूलविक्रीडित | ४ | १५ | आदर्श नारीको चित्रण |
| १६. | समय | शिखरिणी | ५ | १६ | जीवनको हिँडाइमा समयको महत्त्वको व्याख्यान गरिएको |
| १७. | टि.भि. | वसन्ततिलका | ६ | १७ | विज्ञानले गरेको उन्नतिको व्याख्यान |
| १८. | चिन्ता | शार्दूलविक्रीडित | ५ | १८ | युद्ध रोकी शान्तिमा लागौं भन्ने सन्देश |

| | | | | | |
|---|---|---|---|---|---|
| १९. | तिमीप्रति | गीति | ६ | १९ | प्रेमको सुन्दर चित्रण |
| २०. | अमर पृथ्वी | शिखरिणी | ५ | २० | राष्ट्रभक्तिको सन्देश |
| २१. | परी | मन्दाक्रान्ता | ५ | २१ | प्रेमिकाको सौन्दर्यको चित्रण |
| २२. | वसन्तमहिमा | शार्दूलविक्रीडित | ६ | २२ | प्राकृतिक सौन्दर्यको अनुभूतिजन्य प्रस्तुति |
| २३. | कल्पनाकी रानी | गीति | ९ | २३ | सौन्दर्य वर्णन |
| २४. | निद्रा | वसन्ततिलका | ४ | २४ | भावसौन्दर्यको चित्रण |
| २५. | बैगुनीसित | शार्दूलविक्रीडित | ४ | २५ | प्रेमिकालाई लगाइएको घुर्की |
| २६. | असार | गीति | ८ | २६ | प्रकृतिको सौन्दर्य वर्णन |
| २७. | नारी | शार्दूलविक्रीडित | ४ | २७ | नारी रूपको वर्णन |
| २८. | मनकी रानी | अनुष्टुप् | ७ | २८ | प्रेमिकाको छटपटीको वर्णन |
| २९. | मेरो यहाँ को छ र ? | शार्दूलविक्रीडित | ४ | २९ | एक्लोपनको छटपटीको वर्णन |
| ३०. | शरद | गीति | ७ | ३० | प्रकृतिको वर्णन |
| ३१. | जन्मभूमि | उपजाति+इन्द्रवज्रा | १० | ३१ | मातृभूमिको सौन्दर्यको वर्णन |
| ३२. | शान्ति | द्रुतविलम्वित | ५ | ३३ | विसङ्गति र व्यङ्ग्यविद्रोहको प्रकटन |
| ३३. | ऋतुराज | मालिनी | ५ | ३४ | प्राकृतिक सौन्दर्यको अनुभूतिजन्य चित्रण |
| ३४. | श्रद्धाञ्जलि | शार्दूलविक्रीडित | ६ | ३५ | शोक व्यक्त गरिएको |
| ३५. | बाढीको खेल | स्रग्धारा | ३ | ३६ | प्राकृतिक प्रकोपको वर्णन |
| ३६. | पैसा | वसन्ततिलका | ६ | ३७ | पैसा नै सबै थोक हो भन्ने चित्रण |
| ३७. | हिमाल | उपेन्द्रवज्रा | ५ | ३८ | हिमाली सुन्दर दृश्यको वर्णन |
| ३८. | गाजलु नयन | इन्दिरा | ५ | ३९ | भावसौन्दर्यको वर्णन |
| ३९. | जिन्दगी | अनुष्टुप् | १३ | ४० | जिन्दगीको वर्णन |
| ४०. | सङ्घर्ष | शार्दूलविक्रीडित | ८ | ४२ | जीवनसङ्घर्षको चित्रण |

### ४.२.१.३ **केन्द्रीय भाव**

प्रस्तुत कवितासङ्ग्रहमा कविले आफ्नो जीवनभोगाइको क्रममा देखेका, घुमेका र अनुभव गरेका तीतामीठा सत्यलाई लोकलयमा आबद्ध गरी छुट्टाछुट्टै शीर्षकमा आबद्ध गरेका छन् । एम.बी.ए.सम्मको अध्ययन पूरा गरेका र हाल नेपाल सरकारको उच्च निजामती कर्मचारीको रूपमा राज्यको धेरै जिल्ला घुमेर काम गर्ने अवसर प्राप्त गर्नुभएका कवि शङ्कर सुवेदीले **आमा** कवितासङ्ग्रहमा यिनै विविध अनुभवलाई समेट्नु भएको छ । नेपाल अधिराज्यमा रहेको विविध प्राकृतिक वातावरण, भौगोलिक, ऐतिहासिक, मानवीय जीवनका सत्यता, सामाजिक यथार्थता, प्रकृतिप्रेम, शान्तिकामी, नारीवादी चेतनामयी रतिरागात्मक उद्‌बोधन, राष्ट्रभक्ति तथा प्रेमाभिव्यक्तिको कलात्मक प्रस्तुतिद्वारा कविले यस कवितासङ्ग्रहमा आफ्नो भाव पोख्नुभएको छ । प्रकृतिको चित्रण गर्ने क्रममा *मनकामना*जस्ता शीर्षक दिएर धार्मिक भाव र प्रकृतिका बारेमा स्पष्ट धारणा अगाडि सारेका छन् । रसका दृष्टिले हेर्दा प्रस्तुत कवितासङ्ग्रहमा शान्तरस विद्यमान देखिन्छ र शृङ्गाररसले पनि ठाउँठाउँमा स्थान पाएको छ । कवि शङ्कर सुवेदीको कल्पनाशक्ति र जाँगर प्रशंसायोग्य छ । आफूले देखेका, भोगेका, अनुभव गरेका कुराहरूलाई कविताका माध्यमबाट पाठकसामु प्रस्तुत गर्दै मूलतः आफ्नो देशको प्रकृतिचित्रण, समाजचित्रण गर्दै आफ्नो जन्मभूमिप्रतिको अगाध माया देखाउनु नै यसको केन्द्रीय कथ्य हो ।

### ४.२.१.४ **विषयवस्तु**

प्रस्तुत **आमा** कवितासङ्ग्रहमा सङ्गृहीत कविताहरूलाई विषयवस्तु तथा भावको आधारमा अध्ययन गर्न सकिन्छ । कवि शङ्कर सुवेदीले धादिङ, गोरखा, चितवन जिल्लाको परिवेशमा जीवनको भोगाइको विविध पक्षलाई र मान्छेमा आदिम कालदेखि रहँदै आएको आध्यात्मिकताका साथै उक्त ठाउँहरूको सामाजिकता, ऐतिहासिकता, प्रेम, प्रीति र प्रणयता आदिलाई समेटेर प्रस्तुत सङ्ग्रहमा सङ्कलित कवितामा व्यक्त भावहरूलाई निम्नानुसार देखाउन सकिन्छ –

#### ४.२.१.४.१ **आध्यात्मिकता**

आदिमकालदेखि मानव समुदायमा आध्यात्मिक भावनाले जरो गाडेको पाइन्छ । संसारको मानव समुदायले धर्मलाई प्रमुख स्थान दिएका छन् । नेपालमा विविध धार्मिक सम्प्रदाय छन् । ती सम्प्रदायमा रहेका कुनै न कुनै धर्मसँग प्रत्येक मानव संलग्न छ । प्रस्तुत सङ्ग्रहमा कविले मूलत: हिन्दू सनातन धर्मलाई प्रधानता दिएका छन् । हिन्दूधर्मावम्बीहरूले तीर्थ, व्रत, दान, धर्म र शक्तिपीठहरूलाई प्रमुख रूपमा आदर र सम्मान गर्ने गर्दछन् । अत: कविले आफ्नो आस्तिक भावनालाई *मनकामना* कविताको माध्यमद्वारा समर्थन गरेको देखिन्छ । प्रस्तुत सङ्ग्रहका ४० ओटा कविताहरूमध्ये *मनकामना* एउटै मात्र आध्यात्मिक विषयको चर्चा गरिएको कविता हो ।

### ४.२.१.४.२ शृङ्गाररस

रसवादीहरूले शृङ्गाररसलाई रसराज मानेका छन् । परस्पर अनुरागमा बाँधिएका नायक नायिकाको एक अर्कोप्रतिको प्रेमको वर्णन भएमा शृङ्गाररस हुन्छ ।[२४] शृङ्गाररसका पनि दुई भेद मानिएको छ । पहिलो संयोग वा संयोग शृङ्गार र दोस्रो विप्रलम्भ वा विरह शृङ्गार हो । परस्परित रूपमा नायक र नायिका नै शृङ्गाररसका श्रोत मानिन्छन् सुवेदी कहीँ आफै नायक र कहीँ प्रकृतिलाई पनि नायकको रूपमा उभ्याएका छन् ।

चुल्ठो छ तिम्रो नागबेलीजस्तो मोहिनी मुहार
मृगका सरी चञ्चल आँखा अति नै सुन्दर ॥१॥

न सारै गोरी न काली मोरी हिसी नै परेकी
आकाशबाट उन्मुख भै धर्तीमा झरेकी ॥२॥

– *कल्पनाकी रानी*, पृ. २३

रति र प्रीति स्थायी भाव हुने रसलाई शृङ्गाररस भनिएको छ । पुरुष र स्त्री (विपरीत लिङ्गका) माध्यमबाट यो रसको उत्पन्न हुन्छ । त्यसले प्रेमभावलाई उत्तेजित पार्दछ र उनीहरूमा विभिन्न प्रतिक्रिया देखिन्छ अनि व्यभिचारी भावहरूका सहायताले रति वा प्रीति स्थायी भाव उत्पन्न भएकोले यहाँ संयोग शृङ्गाररसको निष्पत्ति भएको छ ।

### ४.२.१.४.३ औपदेशिकता

प्रस्तुत कवितासङ्ग्रहमा कविले आफ्नो औपदेशिकता पनि देखाउनु भएको छ । जीवनको लामो समय निजामति कर्मचारीको रूपमा राष्ट्रसेवामा लाग्नु भएका कवि शङ्कर सुवेदी घरपरिवारसँग रहँदा आफ्नो छोराछोरीलाई उपदेश दिने क्रममा मन्तक्रान्ता छन्दमा *मेरी छोरी* शीर्षकको कविता रचना गर्नुभएको छ । सानासाना भाइबहिनी, छात्रछात्रा र अन्य कसैलाई शिक्षादिक्षा उपदेशात्मक शैलीको प्रयोग गरिन्छ । अत: प्रस्तुत कवितासङ्ग्रहमा *मेरी छोरी* शीर्षकको कवितामा उपदेशात्मक शैली पाइन्छ ।

खाने बेला नगर झगडा स्वाद मानेर खाऊ
खेल्ने पढ्ने समय कुन हो तालिकामा सजाऊ
जाऊ विद्यालय अब तिमी पाठ घोकेर आऊ
विद्या धेरै सिकीकन तिमी चित्त खोली रमाऊ

– *मेरी छोरी*, पृ. ३

२४ ईश्वरकुमार श्रेष्ठ, **पूर्वीय एवम् पाश्चात्य साहित्य समालोचना प्रमुख मान्यता वाद र प्रणाली**, दोस्रो संस्क. (ललितपुर : साझा प्रकाशन, २०५१), पृ. १२१ ।

आफूभन्दा साना व्यक्ति आफ्नो कर्तव्यपथबाट बाहिर जान खोज्दा आफ्नो कवितामार्फत् आफूले गर्नुपर्ने कर्तव्य के हो ? कसरी आफ्नो भावी जीवनलाई सफल पार्न सकिन्छ भन्ने कुरालाई आफ्नो कविताको माध्यमबाट अर्ति उपदेश पनि दिएको पाइन्छ । यहाँ आफ्नै छोरी कर्तव्यपथबाट बाहिर हिँड्न खोज्दा उनलाई सम्झाउने क्रममा यसो भनेको पाइन्छ ।

### ४.२.१.४.४ **प्रेम प्रणयजन्यभाव**

प्रेम प्रणयका प्रसङ्गले मानव हृदयलाई तीव्र एवम् चिरस्थायी प्रभाव पारेको पाइन्छ । यसलाई सृष्टिकालदेखि नै प्रभावकारी जैविक आवश्यकताको रूपमा लिने गरेको भेटिन्छ । विश्वप्रसिद्ध साहित्यकारहरूका अमरकृतिहरूमा पनि प्रेम प्रणयका प्रसङ्गले यथोचित स्थान पाएको देखिन्छ । कवि शङ्कर सुवेदीमा सबै कृतिहरूमा प्रेम, प्रणय जन्मभावलाई स्थान दिएका छन् । उदाहरणका लागि यस सङ्ग्रहभित्र का कविताहरूमा *बेहोसी, सुहागिनी, प्रेमातीत, तिमीप्रति, कल्पनाकी रानी, मनकी रानी, मेरो यहाँ को छ र ?* आदिलाई लिन सकिन्छ, जस्तै –

कहाँ कहाँ घुमी हिँडे, गएँ, बिते सबै दिन
प्रिया तिमीबिना कुनै अटेन है ममा किन
प्रभातको उषासरी स्वरूप रम्य चम्कियो
गुलाफ नै बनेर पो चलाउँछ्यौ सुवास यो

– *सुहागिनी*, पृ. ९

आफ्नी प्रेयसीबाट छुट्टिएर बस्नु परे पनि कवि हृदयमा लागेको घाऊ कहिल्यै सन्चो नहुने र यो जिन्दगी रहुन्जेल दीर्घ असर पारिरहेको प्रसङ्गलाई कविले तिमीप्रति शीर्षकको कवितामा भन्छन् –

खुसी हुन्छु तिमी हाँसे मन मेरो रोए पनि
तिम्रै बाटो हेरिराछु बिछोड ऐले भए पनि ।

– *तिमीप्रति*, पृ. १९

कवि शङ्कर सुवेदी कोमल हृदय भएका कवि हुन् । उनले आफ्नो तीनओटै कवितासङ्ग्रहमा मानवीय जीवनमा भोग्नुपर्ने प्रेम, प्रीति र प्रणयको विषयवस्तुलाई उजागर गर्नुभएको छ । त्यस्तैमा कविले आफूले सिर्जना गरेका कतिपय कविताहरूबाट प्रभावित भएर धेरै ठाउँबाट प्रेम प्रस्ताव आउँदा आफ्नी जीवनसङ्गिनीबाट जुन आरोप आयो त्यसैलाई जवाफ दिने क्रममा *तिमीप्रति* शीर्षकको कविता लेखेर आफ्नो जीवनको भोगाइ र बाध्यतालाई यहाँ कविले देखाउन खोजेका छन् ।

### ४.२.१.४.५ देशप्रेम

निश्चित भौगोलिक सिमानामा बाँधिएर बस्ने मानवको राष्ट्रप्रतिको मानवीय ममता र अनुराग नै राष्ट्रप्रतिको माया, ममता, आफ्नो भेषभुषा र साहित्यप्रति सुझाव र जातीय गौरवप्रति जागरुकताजस्ता भावनाको सङ्गम राष्ट्रदीप हो भने प्रकाश राष्ट्रियता हो ।[२५] कवि शङ्कर सुवेदीका कवितामा पनि यस्तै राष्ट्रियता गाइएका कविताहरू पाइन्छन् । कविका राष्ट्रप्रेमसम्बन्धि कवितामा भावुकताभन्दा बढी यथार्थता पाइन्छ । प्रस्तुत **आमा** कवितासङ्ग्रहमा *भानुको सम्झनामा, राजधानी, चेपाङ्ग जाति, अमरपृथ्वी, जन्मभूमि, हिमाल* आदि कवितामा राष्ट्रवादी स्वर गुञ्जेको पाइन्छ, जस्तै –

धादिङ जिल्ला कुन ठाउँ जाने
हेर्दै छ राम्रो दिल चोरीलाने
पिँडा छ यौटा रमणीय ठाउँ
राम्चे त्यसैको पनि रम्य गाउँ

– *जन्मभूमि,* पृ. ३१

आफ्नो राजधानीजस्तो शहरमा बढ्दै गएको अशान्ति गुम्दै गएको मानवीयता, फोहरपन, पानीको अभावजस्ता भावलाई व्यङ्ग्य गर्दै कवि लेख्छन् –

खाल्डो परेको रमणीय वस्ती
नेता र ठालूहरूको छ मस्ती
भीडै छ लाखौँ तर छैन पानी
नेपालको यो प्रिय राजधानी

– *राजधानी,* पृ. ७

नेपालको वर्तमान व्यवस्था र यहाँको ठूलाठालुहरूले गर्ने व्यवहारबाट दिक्क भई कविले *राजधानी* शीर्षकको कविता लेखेर आफ्नो व्यङ्ग्यभाव पोखेका छन् । देशको राजधानी भएर पनि यहाँको फोहरपन, पानीको अभाव, पश्चिमी सभ्यताले ल्याएको विकृतिप्रति व्यङ्ग्य गर्दै कविले देशको वर्तमान विसङ्गतिप्रति प्रस्तुत कवितामा व्यङ्ग्य गरेको देखिन्छ ।

---

२५ डिल्लीराम डोटेल, **श्यामानन्द पौडेलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, ( भरतपुर : त्रि.वि. नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, २०५९), पृ. ५१ ।

### ४.२.१.४.६ जातीय समानता तथा मानवतावादी दृष्टि

प्रचलित हाम्रो सामाजिक परम्परामा रहेको जातीय विभेदले लामो समयदेखि जरा गाडेको छ । जातीय वर्णव्यवस्थाको आडमा कार्य विभाजन गरी एउटै धार्मिक सम्प्रदायमा आबद्ध मानवमानवबीचमा असमानताको ठूलो पर्खाल लागेकोमा कवि शङ्कर सुवेदीले समानता, चेपाङ्ग जाति, चिन्ता, शान्तिजस्ता कविताको माध्यमबाट आजको मानवमा हराउँदै गएको मानवतावादी दृष्टि र जातीय समानताको आह्वान गर्दै यसरी लेखेका छन् –

आधार मूल यसको छ समान जान
हाम्रा दुई नयनमा समता छ मान
त्यो लिङ्ग भेद अति भो सब नै हटाऊ
कालो पखाल मनको समता गराऊ

– *समानता*, पृ. ८

नेपाल बहुजाति, बहुभाषी र बहुसंस्कृतिबाट बनेको मुलुक हो । यो मुलुकमा एकातिर जातीय विभेद कायम छ भने अर्कोतिर यही वर्गीय विभेदको कारणले समाजमा देखापरेको असमानतालाई हटाई समानता ल्याउनुपर्छ भन्ने कविको मान्यता रहिआएको छ ।

### ४.२.१.४.७ सामाजिक दृष्टि

प्रस्तुत कवितासङ्ग्रहमा कविले समाजका विविध पक्षलाई पनि छोएको छ । मान्छेको जीवन भोगाइको क्रममा समाजमा बस्दा पालना गरिने कर्तव्यलाई कविले सरल ढङ्गले व्यक्त गरेको पाइन्छ । सामाजिकता र सांस्कृतिक भाव झल्कने चरणहरू यी रहेका छन् –

ढाकाटोपी झलमल शिरमा च्याट्ट राम्रो मिलेको
भोटो दौरा छ कमर पटुकी सान हाम्रो खुलेको
चारै वर्णी विविध सहनको फूलबारी बनेको
आस्था एकै छ सबल जनको एकतामा बढेको

– *प्रकृति/संस्कृति*, पृ. १४

नेपालको रहनसहन, संस्कृति, परम्परा, रीतिरिवाज र लवाइखवाईका बारेमा कवि शङ्कर सुवेदीले आफ्नो कवितामा समेट्ने काम गरेका छन् । ढाकाटोपी, दौरा-सुरुवाल र कोट नेपालीहरूको राष्ट्रिय पहिचान नै हो र यसबाट नै नेपालीहरू विश्वमा आफ्नो पहिचान राख्न सफल छन् भन्ने कुरा प्रस्तुत कविता *प्रकृति/संस्कृति*मा देखाएका छन् ।

### ४.२.१.४.८ प्रकृति चित्रण

प्रस्तुत कवितासङ्ग्रहमा नेपालको पहाडी जिल्ला धादिङ, गोर्खा, कास्की आदि जिल्लामा रहेको प्रकृतिको सुन्दर चित्रण गरेका छन् । कविले धादिङ जिल्लामा अवस्थित गाउँ, पानी, पँधेरो, चौतारो, भञ्ज्याङ्ग, देउराली आदिको सुन्दर वर्णन गरेका छन् । नेपालको उत्तरतिर देखिने सुन्दर हिमाली शृङ्खला र यसको सुन्दरताको वर्णन *हिमाल* शीर्षकको कवितामा गरेका छन् । प्राकृतिक सुन्दरताले मानवीय हृदयलाई कसरी आनन्दित तुल्याउँछन् र विदेशी पर्यटकहरू पनि यिनै प्राकृतिक सुन्दर दृश्य हेर्न नेपाल आउँछन् । नेपालको राष्ट्रिय विशेषताहरूलाई हेर्दा देखिने बुद्धको देश, हिमाल, सगरमाथाको देश, जलसम्पदामा धनी देशको नामबाट चिनिने यो देश विश्वकै एक अनुपम देश हो ।

*मधुकर, प्रकृति/संस्कृत, समय, अमरपृथ्वी, वसन्तमहिमा, असार, शरद, ऋतुराज, खेल, हिमाल* आदि कवितामा कविले प्रकृतिको यथार्थ चित्रण यसरी गरेका छन् –

नाङ्गै थे सब वृक्ष ती शिशिरमा हाँगा मरेझैँगरी
कस्तो प्राण भऱ्यौ वसन्त ! अहिले ब्यूँझे सबै सबै सुस्तरी
सेतो स्वच्छ भयो हिमाल रविले आलोक भर्दा पनि
जाडो थ्यो पहिले लुकेछ अहिले आनन्द साह्रै छ नि !

*वसन्तमहिमा*, पृ. २२ बाट

कवि शङ्कर सुवेदी कवितामा प्रकृतिचित्रणको साथसाथै नेपाली संस्कृतिको पनि झल्को दिने खालका भावहरू पनि एकैसाथ कवितामा व्यक्त गर्न सफल छन्, जस्तै –

असारे भाका गुन्जाइ त्यैँ दोहरी चल्दैथ्यो
घिन्ताङ्ग घिन्ताङ्ग मादलु घन्क्यो रोपाइँ हुँदैथ्यो
पीर र चिन्ता हराए सबै आनन्दी मनमा
संस्कृति झल्क्यो यो मन पल्क्यो नेपालीपनमा

वर्ष नै भरी भैदिए हुन्थ्यो असारै असार
नेपालीहरू भर्ने नै थिए धानले धनसार

– *असार*, **आमा**, पृ. २६

प्रस्तुत कवितांशमा कविले नेपाली संस्कृति, परम्परा, जाति, रीतिरिवाज र नेपाली कृषि पेसामा लागेका किसानहरूको बारेमा आफ्नो नेपालीपन पोखेका छन् । नेपाली किसानहरू एकातिर सोझा र सीधा छन् भने अर्कोतिर वर्षदिनको कडा परिश्रम गर्दा पनि हातमुख जोर्न पनि धौधौको

स्थिति छ । यसरी वर्षदिनभरि नै मिहिनेत र परिश्रम गर्न पाउने भए एकपेट खान र लाउन पुग्ने थियो भनेर कविले आफ्नो कविता *असार*मा यसरी आफ्नो भाव पोखेको पाइन्छ ।

### ४.२.१.४.९ लय/छन्दविधान

प्रस्तुत कवितासङ्ग्रहमा केही कविताहरूमा कवि शङ्कर सुवेदीले शार्दूलविक्रीडितको लय प्रयोग गरेका छन् । शार्दूलविक्रीडितबाहेक शिखरिणी, मन्दाक्रान्ता, गीति, अनुष्टुप्, वसन्ततिलका, पञ्चचामर, कुसुमविचित्रा आदि छन्दको प्रयोग गरेका छन् । समग्रमा श्लोकको लयमा र लोकलयका कविता प्रस्तुत सङ्ग्रहमा पाइन्छन् ।

प्रस्तुत सङ्ग्रहमा कवि शङ्कर सुवेदीले केही शीर्षकहरूमा (*मनकामना, भानुको सम्झनामा, आदर्श नारी, चिन्ता* आदि) कविता शार्दूलविक्रीडित छन्दमा र आमा, अमर पृथ्वीजस्ता कविता शिखरिणी छन्दमा रचना गरेका छन् जसलाई सोदारण यसरी प्रस्तुत गर्न सकिन्छ –

**(क) शार्दूलविक्रीडित छन्द**

हे देवी मनकामना भगवती साह्रै दयावान छौ

| म | स | ज | स | त | त | गु | गण |
|---|---|---|---|---|---|---|---|
| ऽऽऽ | ||ऽ | |ऽ| | ||ऽ | ऽऽ| | ऽऽ| | ऽ | सङ्केत |

फाली द्यौ अवता विकार मनको आएँ यहीँ पास लौ

| म | स | ज | स | त | त | गु | गण |
|---|---|---|---|---|---|---|---|
| ऽऽऽ | ||ऽ | |ऽ| | ||ऽ | ऽऽ| | ऽऽ| | ऽऽ | सङ्केत |

अज्ञानी कसरी भएछु अहिले थाहै नपाइकन

| म | स | ज | स | त | त | गु | गण |
|---|---|---|---|---|---|---|---|
| ऽऽऽ | ||ऽ | |ऽ| | ||ऽ | ऽऽ| | ऽऽ| | ऽ | सङ्केत |

हे ! माता करुणा अवश्य दिनु है चाहन्छ मेरो मन

| म | स | ज | स | त | त | गु | गण |
|---|---|---|---|---|---|---|---|
| ऽऽऽ | ||ऽ | |ऽ| | ||ऽ | ऽऽ| | ऽऽ| | ऽ | सङ्केत |

**(ख) शिखरिणी छन्द**

यस छन्दमा चार पाउको एक चरण हुन्छ र चारै पाउमा बराबर अक्षर रहन्छन् । छ, छ अक्षरमा विश्राम हुन्छ । जस्तै –

नवै मैना तिम्रा उदर तनमा वास गरियो

| य | म | न | स | भ | ल | गु | गण |
|---|---|---|---|---|---|---|---|
| ISS | SSS | III | IIS | SSI | I | S | सङ्केत |

कठै ! छर्के भित्रै मकन चिचिला सास भरियो

| य | म | न | स | भ | ल | गु | गण |
|---|---|---|---|---|---|---|---|
| ISS | SSS | III | IIS | SSI | I | S | सङ्केत |

म जन्मे मै हुर्के चुलबुल गरी आँगन यहाँ

| य | म | न | स | भ | ल | गु | गण |
|---|---|---|---|---|---|---|---|
| ISS | SSS | III | IIS | SSI | I | S | सङ्केत |

सधैँ पाऊँ तिम्रा विनय ममता दिन्दिन जहाँ

| य | म | न | स | भ | ल | गु | गण |
|---|---|---|---|---|---|---|---|
| ISS | SSS | III | IIS | SII | I | S | सङ्केत |

माथिको श्लोकमा छन्द मिलेको छ । कवि यसमा सफल देखिएका छन् । शिखरिणी छन्दमा रचिएका उनका अन्य कविताहरू पनि यस्तै देखिएका छन् तर अनेक ठाउँमा अन्त्यानुप्रास र आधिकारीकता मात्र सीमित भएको पनि देखिन्छ ।

### ४.२.१.५ अलङ्कारविधान

यस आमाकवितासङ्ग्रहमा केही अलङ्कार स्वाभाविक रूपमा प्रयुक्त छन् । उपमा, दृष्टान्त र अन्त्यानुप्रास अलङ्कार यसमा प्रस्तुत छन् । जस्तै –

**उपमा अलङ्कार**

देखिन्छन् हरिया पहाड सब ती ढाक्दा वनैले पनि
कस्तूरी, मृग, बाघ औ हरिणको आवाद यस्मै छ नि
झर्ना झर्झर झर्छ मन्द गतिले गुञ्जी मिठो धूनमा
बग्दैछिन् सरिता शृङ्गार रसमा सुस्ताउदै जूनमा

– *त्यो ज्योति नै चम्कँदा*, पृ. ६

एउटा वस्तु वा व्यक्तिको अर्को वस्तु वा व्यक्तिसँग तुलना गरिन्छ भने त्यहाँ उपमा अलङ्कार हुन्छ । यस अलङ्कारमा उपमान र उपमेयका बीच तुलना गरिएको हुन्छ । जसको तुल्यता देखाइएको

छ त्यो उपमान र जसमा तुल्यता देखाइएको छ त्यो उपमेय हुन्छ । यस अलङ्कारमा उपमान, उपमेय, साधारण धर्म र वाचन शब्द यी चार चीज हुन्छन् ।

### ४.२.१.६ भाषाशैली

कविता बौद्धिक र विचारोत्तेजक हुने भएकोले स्वाभाविक रूपमा विचारमा सघनता हुन्छ । यही बौद्धिक तत्त्वलाई सम्प्रेषणीय तुल्याउन कवितामा प्रयोग गरिने भाषा सरल सरस हुनु आवश्यक छ ।[२६] प्रस्तुत **आमा** कवितासङ्ग्रहका कविताहरू विभिन्न छन्दहरूमा आधारित भएकोले भाषामा लयात्मकता आएको छ । मूलतः कविताहरूमा कुनै कुनै गीति छन्दमा पनि रचना गरिएकोले भाषा तरल रूपमा बगेको छ । कविले भावप्रवाहलाई गति दिन कवितामा तद्भव शब्दको बढी प्रयोग गर्नुका साथै भावानुसार क्षेत्रीय भाषिकाको समेत उचित सन्तुलन मिलाएर भाषाशैली निर्माण गरेका छन् । स्वाभाविक रूपले झर्रा शब्दहरू पनि यथास्थानमा प्रयुक्त देखिन्छन् । वर्णविन्यास र लेख्यचिन्हगत् दृष्टिले हेर्दा अल्पविराम, पूर्णविराम र युगल पूर्णविरामको प्रयोगको आधिक्यता पाइन्छ । यस कृतिका कतिपय ठाउँमा मध्यमाञ्चलमा बोलिने भाषिकाको प्रयोग देखिन्छ । बाँध्यौं, च्याङ्ली, मुग्धै, छाओस्, क्षणिकै, मासजस्ता शब्दको प्रयोग गरेका छन् भने ह ह है, धन्सारजस्ता झर्रा नेपाली शब्दहरू पनि प्रयोग गरेका छन् ।

### ४.२.१.७ सारांश

यस कृतिको प्रकाशन वि.सं. २०५९ सालमा सरस्वती छापाखाना धादिङ बेसीबाट भएको हो । वि.सं. २०५२/०५३ सालतिरैबाट जागिरे जीवनदेखि नै कविताको सृजना गर्न लागेका कवि शङ्कर सुवेदीको कवितासङ्ग्रह २०५९ साल विजयादशमीको अवसर पारेर प्रकाशित हुनु नेपाली साहित्यमा एउटा ईंटा थपिनु नै हो । *भानुको सम्झनामा* कविता लेखेर भानुभक्तप्रति श्रद्धासम्मान प्रकट गर्ने नवकवि शङ्कर सुवेदीले **आमा** कवितासङ्ग्रहमा बटुलिएका चालीसओटा विभिन्न कविताहरू सुवेदीद्वारा वाङ्मयिक उपहारस्वरूप प्रस्तुत गरिएका छन् । पन्ध्रओटा छन्दहरू प्रयोग गरी रचिएका चालीसओटा कविताको आमा कवितासङ्ग्रह बहुछन्द प्रयोगको उदाहरण पनि हो । *मेरी छोरी, मनकी रानी, तिमीप्रति* कविताहरू निकै भावपूर्ण छन् । *असार, वसन्तमहिमा, शरद, ऋतुराज र हिमाल* कविताले कविको प्रकृतिप्रेम दर्शाएको छ । *कल्पनाकी रानी र गाजलु नयनले* शृङ्गारिक भाव पनि झल्काएको छ । समानता निकै उच्चस्तरको कविता हो । राजधानी नजिकको धादिङ जिल्लाको पिँडा-३ राम्चेमा जन्मिएर रत्ননगर नगरपालिका चितवनमा बसोबास गर्दै आउनुभएका र हाल काठमाडौँ महानगरपालिका ४, महाकाल, काठमाडौँमा बसोबास गर्दै आउनुभएका कवि शङ्कर सुवेदी सरकारी जागिरे भएर पनि भावुक हुनुहुन्छ ।

---

२६ मोहनहिमांशु थापा, **साहित्य परिचय**, दोस्रो संस्क., (ललितपुर : साझा प्रकाशन, २०४२), पृ. ५२ ।

कविता भनेकै भावुक हृदयको उघघद्गार हो । भावना, सरल, स्वच्छ भावहृदयमा मात्र कविता वीज उम्रन सक्छ । 'घुसै दिन्या खान्या परम दुईटै शत्रु भनिए ।' *अमर पृथ्वी* कवितामा कविको विचार, पृथ्वीनारायणको दिव्योपदेश वाणीको सार हो । यदि साँच्चै सबै राष्ट्रसेवक कर्मचारीमा यस्तो भावना उब्जिने हो भने र यस्तै सोँचअनुसार व्यावहारिक क्षेत्र पनि चल्ने हो र चल्न दिने हो भने निश्चय नै यो पृथ्वी, पृथ्वीको सानो टुक्रा यो नेपाल अधिराज्यलाई यथार्थमा स्वर्ग बनाउन सकिने थियो, के गर्ने कल्पना र सत्यतामा धेरै फरक छ । कवि शङ्कर सुवेदीका कविताहरू केही कल्पनापरक भए पनि धेरैजसो यथार्थपरक नै छन् । व्यवस्था, समाज, जाति र अन्य विविध पक्षसँग सम्बद्ध यी छन्द कविताले कविताप्रेमीहरूमा प्रभाव पार्ने स्पष्ट छ । नेपाली वाङ्मयमा एउटा नयाँ ईंटा थपिएको छ । नवकविको प्रवेशले यस क्षेत्रलाई अझ उर्वरभूमि बनाउन सहयोग पुग्नेछ भन्ने अपेक्षा गर्न सकिन्छ ।

## ४.२.२ 'भावनाको उद्गार' कवितासङ्ग्रहको अध्ययन र विश्लेषण

### ४.२.२.१ विषयप्रवेश

प्रस्तुत भावनाको उद्गार कवितासङ्ग्रह वि.सं. २०६१ सालमा पुष्पाञ्जली छापाखानाद्वारा मुद्रित र रामप्रसाद सुवेदीद्वारा प्रकाशित कृति हो । यस सङ्ग्रहमा वसन्ततिलका, शार्दूलविक्रीडित, अनुष्टुप्, मन्दाक्रान्ता, उपजाति, शिखरिणी, पञ्चचामर, इन्द्रवज्रामत्ता, गीति आदि छन्दमा रचिएका जम्मा ३९ ओटा कविताहरू सङ्गृहीत छन् । यी कविता शङ्कर सुवेदीको जीवनमा आएको परिवर्तनको परिणाम हुन् । यस सङ्ग्रहले नेपाली समाजमा देखा पर्न थालेको विकृति, विसङ्गति, प्रेम, प्रीति, राष्ट्रभावना, प्रकृतिचित्रण आदि भावहरूलाई समेट्ने काम गरेको छ ।

यसरी दृष्टिगत गर्दा प्रस्तुत सङ्ग्रहका ३९ ओटा कविताको सानो सृजनाभित्र पनि कविले व्यापक परिवेश समाहित गर्न सफलता हासिल गर्नुभएको छ । समग्रतः उहाँका कवितामा विविध छन्दको साङ्गीतिक प्रवाह, विभिन्न बिम्ब र प्रतीकको संयोजन, देशको प्राकृतिक सौन्दर्यगान, संयुक्तिको समुन्नति, वैचारिक र बौद्धिक पक्षको सन्तुलित अभिव्यक्ति पूर्वीय सामाजिक र सांस्कृतिक पक्षप्रति आस्था, राष्ट्रिय एकताको सुदृढीकरणमा बलजस्ता अनेकौँ वैशिष्ठ्यका साथै राष्ट्रको वर्तमान अवस्थाप्रति गम्भीर चिन्तनसमेत पाइन्छ । यसरी उहाँका कविताहरूले राष्ट्रप्रेम, प्रणय भावना र जीवनमा उत्कृष्ट मनोभावहरूको मनोरम प्रयोगलाई पनि अत्यन्त उच्चस्थान दिएका छन् ।

### ४.२.२.२ संरचना

प्रस्तुत **भावनाको उद्गार** कवितासङ्ग्रह ३९ ओटा कविताहरूसहित २५ पृष्ठसम्म विस्तारित छ । यो कवितासङ्ग्रहमा १२ ओटा विभिन्न छन्दमा लेखिएका कविताहरू छन् । तीमध्ये शार्दूलविक्रीडित छन्दमा लेखिएका २१ ओटा कविता छन् भने वसन्ततिलका, मन्दाक्रान्ता, उपजाति,

अनुष्टुप् र गीति छन्दमा दुईदुई ओटा कविता लेखिएका छन् । त्यसैगरी पञ्चचामर, मालिनी, मत्ता, इन्द्रवज्रा र तोटक छन्दमा एकएकओटा कविता लेखिएका छन् भने शिखरिणी छन्दमा तीनओटा कविता समावेश भएका छन् । छन्दमा कविता लेख्न गाह्रो हुन्छ तापनि कवि शङ्कर सुवेदीले यी सबै छन्दको उचित प्रयोग गरी कविता लेख्नमा सफलता पनि हासिल गरेका छन् । सुवेदीका कविताहरू धेरैजसो प्रेममा आधारित शृङ्गारिक रसको पोखरीमा पौडिरहेका हुन्छन् यस्तै एउटा उदाहरण यस प्रकार दिइन्छ –

चौतारी ढुकुँला कुरेर बसुँला तिम्रै प्रतीक्षा गरी
दोबाटोतिर नै सुटुक्कै झरुँला सम्झेर भेट्ने गरी
धोका चै नदिए अवश्य बुझ है बेकारमा फस्छु नि
जाऊँ निश्चय भो नवीन थलमा पर्खेर मै बस्छु नि

– *पर्खेर मै बस्छु नि*, पृ. ८

विविध १२ ओटा छन्दमा आधारित ३९ ओटा कवितामा शीर्षक, श्लोकसङ्ख्या र तिनको भाव निम्नानुसार दिन सकिन्छ –

| क्रम | कविताको शीर्षक | छन्द | श्लोकसङ्ख्या | पृ. | मूलभाव |
|---|---|---|---|---|---|
| १. | हे ! कृष्ण | वसन्ततिलका | ५ | १ | आध्यात्मिक चिन्तन र चेतनाको कमनीयबिम्बाङ्कन |
| २. | त्यो ज्योति नै चम्कँदा | शार्दूलविक्रीडित | ६ | २ | राष्ट्रभक्तिको अनुरञ्जनात्मक रमणीय प्रस्तुति |
| ३. | धादिङ | शार्दूलविक्रीडित | ५ | ३ | मातृभूमिप्रतिको माया |
| ४. | मोतीराम भट्ट | अनुष्टुप् | १० | ४ | जीवनी समिक्षा |
| ५. | मेरो यहाँ को छ र ? | शार्दूलविक्रीडित | ५ | ५ | प्रेमाभिव्यक्तिको कलात्मक प्रस्तुति |
| ६. | रम्दै बसौं शान्तिले | शार्दूलविक्रीडित | ५ | ६ | शान्तिगामी तथा मानवधिकारवादी चेतना प्रवहन |
| ७. | पवन | मन्दाक्रान्ता | ५ | ७ | भाषागत् शिल्प र भावसौन्दर्यको सचेतना |
| ८. | पर्खेर मै बस्छु नि | शार्दूलविक्रीडित | ६ | ८ | प्रेम अभिव्यक्तिको कलात्मक प्रस्तुति |
| ९. | परदेश | उपजाति | १० | ९-१० | समाज, राष्ट्र र युगिन चेतनाको प्रकाशन |
| १०. | छोरी बिदाइ | शार्दूलविक्रीडित | ६ | ११ | नारीवादी चेतनामयीभाव प्रकट |

| | | | | | |
|---|---|---|---|---|---|
| ११. | विछोड | शिखरिणी | ५ | १२ | प्रेमविछोडको कलात्मक प्रस्तुति |
| १२. | हर्के र व्यापारी | शार्दूलविक्रीडित | ८ | १३-१४ | विसङ्गति र व्यङ्ग्यविद्रोह |
| १३. | तिम्रो म को नै हुँ र ? | शार्दूलविक्रीडित | ५ | १५ | प्रेमाभिव्यक्तिको कलात्मक अभिव्यक्ति |
| १४. | शर्म | पञ्चचामर | ४ | १६ | प्रेमको अभिव्यक्ति |
| १५. | कर्णाली | शार्दूलविक्रीडित | ५ | १७ | विसङ्गति र व्यङ्ग्यविद्रोह |
| १६. | गुराँस | उपजाति | ४ | १८ | प्राकृतिक सौन्दर्यको अनुभूत्यात्मकभिव्यक्ति |
| १७. | स्वप्निल परी | शार्दूलविक्रीडित | ५ | १९ | भाषागत् शिल्प र भावसौन्दर्यको वर्णन |
| १८. | भो | मालिनी | ४ | २० | प्रेमको भाव अभिव्यक्ति |
| १९. | खान्छौ कति ? | शार्दूलविक्रीडित | ५ | २१ | व्यङ्ग्यविद्रोहको स्वर |
| २०. | अतीत | गीति | ९ | २२ | भावसौन्दर्यको प्रस्तुति |
| २१. | यो देशमा के भयो ? | शार्दूलविक्रीडित | ६ | २३ | युद्धविरोधी, शान्तिगामी तथा मानवअधिकारवादी चेतनाको सन्देश |
| २२. | उपहार | इन्द्रवज्रा | ४ | २४ | प्रेम अभिव्यक्ति |
| २३. | मेरो कामना | शार्दूलविक्रीडित | ५ | २५ | प्रेयसीलाई अनुरोध |
| २४. | नेता | मत्ता | ५ | २६ | व्यङ्ग्यविद्रोहको स्वर |
| २५. | तिमी हैन र ? | शार्दूलविक्रीडित | २ | २७ | प्रेम अभिव्यक्ति |
| २६. | पोखरा | मन्दाक्रान्ता | ६ | २८ | प्रकृति चित्रण |
| २७. | स्वार्थी | शार्दूलविक्रीडित | ५ | २९ | नैतिकवादी जीवनको सम्यक संदृष्टि |
| २८. | उजाड | तोटक | ५ | ३० | व्यङ्ग्यविद्रोह |
| २९. | श्रद्धाञ्जली | शार्दूलविक्रीडित | २ | ३१ | युगीन चेतना |
| ३०. | सम्झना | अनुष्टुप् | ७ | ३२ | प्रेम अभिव्यक्ति |
| ३१. | प्रतीक्षा | शार्दूलविक्रीडित | ४ | ३३ | प्रेम अभिव्यक्ति |
| ३२. | खाते | शिखरिणी | ५ | ३४ | विसङ्गतिको चित्रण |
| ३३. | हरेस | शार्दूलविक्रीडित | ५ | ३५ | जीवनको नैराश्यको चित्रण गरिएको |
| ३४. | क्षणिक प्रेम | वसन्ततिलका | ५ | ३६ | प्रेम अभिव्यक्ति |

| | | | | | |
|---|---|---|---|---|---|
| ३५. | हिंसा | शार्दूलविक्रीडित | ५ | ३७ | शान्तिगामी र मानवअधिकारवादी चित्रण |
| ३६. | म फर्की आउँला | गीति | ८ | ३८ | प्रेम अभिव्यक्ति |
| ३७. | हिमालय | शार्दूलविक्रीडित | ५ | ३९ | प्रकृति चित्रण |
| ३८. | अनुपम पिता | शिखरिणी | ४ | ४० | नैतिकतावादी जीवनदृष्टि |
| ३९. | यस्तै छ मेरो कथा | शार्दूलविक्रीडित | २५ | ४१-४५ | प्रेम, जीवन, सङ्घर्ष आदिको व्याख्या |

### ४.२.२.३ **केन्द्रीय भाव**

जिल्ला धादिङ पिँडा गा.वि.स.३, राम्चेस्थित पिता रामप्रसाद सुवेदी र माता क्षेत्रकुमारीको कोखबाट वि.सं. २०१९ साल असोज ९ गते चौथो पुत्ररत्नका रूपमा जन्मनुभएका कवि शङ्कर सुवेदीले सर्वप्रथम वि.सं. २०५९ सालमा **आमा** कवितासङ्ग्रह प्रकाशित गर्नुभएको हो । **आमा** कवितासङ्ग्रहको प्रकाशनपछि यो उनको दोस्रो कृतिका रूपमा प्रकाशन गर्नुभएको **भावनाको उद्गार** कवितासङ्ग्रहमा जम्माजम्मी बाह्रथरी छन्दका विभिन्न ३९ ओटा शीर्षकका कविताहरूमा धेरै शार्दूलविक्रीडित छन्द र अन्य वसन्ततिलका, मन्दाक्रान्ता, तोटक, इन्द्रवज्रा, शिखरिणी, मत्ता, मालिनी, पञ्चचामर, अनुष्टुप्, उपजाति आदि छन्दहरूमा रचित छन् । पूरै ६४ पृष्ठमा रहेको उक्त पुस्तकको ४४ पृष्ठमा कविता छ । १४ पृष्ठमा आदरणीय स्रष्टा तुलसी भट्टराई, रामचन्द्र लम्साल र डिल्लीरमण अर्यालज्यूहरूको शुभकामना, मन्तव्य र शुभेच्छा राखिएको छ भने बाँकी केही पृष्ठमा सृजना सार र पुस्तकको विवरणहरू उल्लेख भएका छन् । जसमा देशदेशको परिवेश र स्थितिलाई मध्यनजर गर्दै जुनसुकै स्थितिमा पनि धैर्यधारण गरेर सहनशिलतालाई जोड दिएर बाँच्न सिक्नुपर्दछ । पृथ्वीभरमा रहेका सम्पदाहरू र हिमशृङ्खलाहरू, पहाड, पर्वतहरू सबैभन्दा पनि छुट्टै र उच्च स्थानमा रहेको नेपाल माताको सन्तान हामी नेपाली हौँ भन्दै कविले शार्दूलविक्रीडित छन्दमा भित्रबाट पेस गरेको केही हरफ यस प्रकार दिइएको छ –

कोशी बागमती विशाल सब छन् रारा र फेवा पनि
थुप्रै मन्दिर चैत्यको मुलुक यो हो सम्पदाको धनी ।
झर्ना, ताल, गुफा सबै नद-नदी नेपालका सम्पदा
स्वर्गैतुल्य हुने हिमाल रवीको त्यो ज्योति नै चम्कँदा ।

– *त्यो ज्योति नै चम्कँदा,* पृ. ६

कवि शङ्कर सुवेदीका भावनाका उद्गार कवितासङ्ग्रहका सरल र सहज भावमा मनका तरङ्ग र अनुभूतिहरूलाई प्रस्ट पार्दै मानवीय जीवनमा झेल्नुपर्ने विभिन्न किसिमका सुख, दुःख, मायाप्रीति, हर्षउल्लास, विस्मात, हाँसो, खुसी, पीडा, घृणा आदिलाई गोलबद्ध पारी समेटिएको कविको

कवित्व र विचार नै कवितामा बोलेको पाइन्छ । कवितामा समसामयिक विकृतिहरूलाई औँल्याउनेजस्ता विषयवस्तुले बढी स्थान प्राप्त गरेको छ । औपचारिक शिक्षा एम.बि.ए., बि.एल., बि.एड. गरेर निजामति सेवामा कार्यरत कविले आफू जन्मिएको धर्ती, माटो र स्थानप्रतिको जागरुकता देखाउँदै जन्मस्थानको मायाले ओतप्रोत हुँदै आफू पैदा भएको भूमिलाई यसरी पुकार गरेको शार्दूलविक्रीडित छन्दभित्रका केही हरफ यस प्रकार छन् –

प्यारो धादिङ लाग्छ जन्मघर यो संसार हेर्ने स्थल
यस्को भाग्य म देख्छु उज्ववल सधैँ स्रष्टा नयाँ निर्मल
मैले प्यार गरेँ यहीँ प्रकृतिमा माटो चुमेको यहीँ
नाता शुद्ध छ जन्मसिद्ध हकमा छाडी नजाउँ कहीँ ॥

– *धादिङ*, पृ. ३

कवि शङ्कर सुवेदी युवा र सरल स्वच्छन्दवादी व्यक्ति भए पनि उनी शास्त्रीय छन्दमा दखल राख्न सक्ने एउटा सफल र सक्षम कविको रूपमा प्रस्तुत भएका छन् । यिनको कविता लेखाइमा सरलता भएर पनि उच्च काव्यिक विशिष्टताको आधारमा संरचित भएको देखिन्छ । वि.सं. १९३०/४० सालतिरको दौरानमा स्व. आदिकवि भानुभक्त आचार्यका कविताहरूलाई समेत निरन्तरता दिँदै गीत/गजल विधालाई समेत नेपाली प्रचलनमा ल्याउन र निरन्तरता दिन युवाकवि मोतीराम भट्टको सम्झनाले उनैलाई स्मरण गर्दै अनुष्टुप् छन्दको सहारामा पोखिएका कवि सुवेदीका केही हरफहरू –

चम्के मोती बने ज्योति भाषाको अन्धकारमा
उमारे ज्ञानका धारा उभ्याए कवि हर हारमा
फक्रिदियौ फुल्दैमा कोपिलामै झरे पनि
सम्झना छ यहाँ धेरै टाढा टाढा भए पनि

– *मोतीराम भट्ट*, पृ. ४

कवि शङ्कर सुवेदी नेपाल सरकारको उपसचिव पद भएर विभिन्न जिल्लामा रहँदा घर र घरपरिवार तथा इष्टमित्र, कुलकुटुम्ब र आफन्तहरूको सम्झनाले आफू भावविहोल बनेर लेखिएको *मेरो यहाँ को छ र !* शीर्षकको कविता अनि त्यस्तै आफ्नो देशमा दिनरात घटिरहेको अशान्तिका घटनाले र घरको गरिबी स्थितिले देश बाहिर गएर धन कमाउने उद्देश्यले नेपाली जनशक्ति दैनिक विदेश पलायन भएर देशमा जनशक्तिको क्षीण हुँदै गइरहेको अवस्थालाई ध्यान दिएका छन् । यस्तो विकराल स्थितिलाई ध्यानमा राखी नेपाली दाजुभाइप्रतिको स्नेहले गर्दा सबैलाई विदेश नजाउ स्वदेशमै बसेर दु:खसुख सँगालेर काम गरौँ, आखिर विदेश गए पनि हामी नेपालीले पाले, भान्से, भरिया, कुल्ली, चौकीदारजस्ता काम

गर्नुपर्छ । बरु आफ्नै देश नेपालमा आफ्नो साथीभाइ, मातापिता, दिदीबहिनी, प्रेमीप्रेमिका, सबै एकआपसमा बसेर काम गरौँ, देश विकास गरौँ भन्दै यसरी लेखेको पाइन्छ –

के काम गर्छौ परदेश भाइ
बुवा र आमा बहिनी रुवाई ।

आऊ न ! आऊ अब फर्की आऊ
विकासको मूल सदा फुटाऊ ।

– *परदेश,* पृ. १०

युवा कवि शङ्कर सुवेदीका कवितामा जति सरलता छ, त्यति नै कविताभित्र कवि बोलेको पाइनु नै कवितासङ्ग्रहमा कविको मुख्य विशेषता छ भने काव्यले समाजलाई दिनुपर्ने बौद्धिक वनौषधि प्रदान गरेको छ । कविताको प्रत्येक छन्दको एउटा छुट्टै विधिविधान हुन्छ भने हरेक कविको पनि आफ्नै मौलिक लेखनशैली हुनु स्वाभाविकै हो । शैली भनेको अभिव्यक्तिको प्रकार, ढङ्ग वा ढाँचा हो । शैली व्यक्तिपिच्छे फरक हुने गर्छ । कवितालाई जीवन्त तुल्यान र स्रष्टालाई निजी पहिचान दिन भाषाशैलीको महत्त्वपूर्ण भूमिका रहन्छ । कवितामा माधूर्य, सुकुमार र लालित्यमय भाषाशैलीको अपेक्षा गरिन्छ ।[२७] यसै प्रसङ्गलाई सही र सत्य कुरा भन्नुपर्दा गजलको संरचना अर्थात् त्यसको अन्तरगुदी नजान्नेले पनि गजलको समालोचना गरेको पाइन्छ । अनि उहाँहरू नै गजललाई विधा हैन भन्दै हिँडेको पनि पाइन्छ । त्यस्तै यो लेखमा पनि म स्वयम् छन्दको अज्ञानी भएको कारणले छन्देली कविताको समिक्षा गर्न उचित हुन्थ्यो या हुँदैनथ्यो त्यो पनि मलाई थाहा छैन । तर साहित्यमा अभिरुचि राख्ने विद्यार्थी भएको नाताले केही छन्दसम्बन्धित पुस्तकहरूको अध्ययन गर्ने गरेको छु । यस्तै अध्ययन गर्ने क्रममा कवि शङ्कर सुवेदीको **भावनाको उद्गार** कवितासङ्ग्रहभित्रकै प्रसङ्गलाई नै पुन: अघि बढाउँदै कवि सुवेदीले घरगृहस्थी र पारिवारिकताभित्र हाम्रा बाजेबराजुका पालादेखि चल्दै आएको प्रचलनअनुसार छोरीको विवाह बिदाईमा गर्ने रीतिरिवाजको प्रचलन चल्दै आएको छ । त्यस अवसरमा मातापिताको स्नेही मनआत्मा विभोर भएर आउँदा सबैको नयनबाट बग्ने हर्षाश्रुको रोदनवेदनालाई कवि शङ्कर सुवेदीले शार्दूलविक्रीडित छन्दमा यसरी प्रस्तुत गरेका छन् –

जान्छ्यौ त्यो घरमा तिमी अब सधैं बिर्सेर सारा कुरा
ती सौभाग्य थपी विवाहसँग नै सिन्दुर, पोते, चुरा

यस्तै रै'छ यहाँ प्रथा नि सबको छोरी त नासो सरी
हुर्कायो कुन दु:खले तर सधैं दिन्छन् विवाहै गरी

– *छोरी बिदाई,* पृ. ११

२७ दयाराम श्रेष्ठ सम्भव र मोहनराज शर्मा, पूर्ववत्, पृ. २१ ।

करुणामयी दिलको मानिस जहाँ गए पनि जे गरे पनि करुणान्वित नै हुन्छन् । कविको कमलो मनले आफू जागिरको र अन्य भ्रमणको सिलसिलामा विभिन्न ठाउँहरूको अवलोकन, अनुभव र रहनसहनको ज्ञान प्राप्त गरेका छन् । नेपालका विभिन्न भूभागमा बाँडिएर, छरिएर बसोबास गरिरहेका नेपालीहरू प्राय: पहाडी भूभागमा बसोबास गर्ने नेपालीको दैनिकी दिनचर्या र उनीहरूले भोगेका दु:ख, पीडा देखेर सहन गर्न नसकी आफ्नो मन दुखेपछि कवि शङ्कर सुवेदी शार्दूलविक्रीडित छन्दको माध्यमबाट यसरी पोखिएका छन् –

कर्णाली किन रुन्छ, वास्तविकता बुझियौ अरे
खाने अन्न न ता छ नुन, कहिले साहु विभागे छ रे ।

शिक्षा स्वास्थ्य विकास औ रसदको सारै अभावै भयो
खै ! आशा सरकारको कति गरोस् वर्षौं बिति गै गयो ।

– *कर्णाली,* पृ. १७

कवि शङ्कर सुवेदीको **भावानाको उद्गार** कवितासङ्ग्रहमा कविले प्रेम र प्रेमिकाबीच आफ्नो सौहार्दता, विश्वासनीयता र कठोर तपस्या भनौँ प्रेमिकाको निमित्त अटलतामा रहँदारहँदै प्रेमिकाले गरेका प्रणहरू असफल भएपछि मनलाई आकुलव्याकुल बनाउँदै प्रेमिकाको सम्झनामा उर्लिएर इच्छाले मारिरहेको मनको पीडा दर्शाउँदै कवि सुवेदी अति भावविह्वल रूपमा पग्लिन पुगेका छन्, *यस्तै छ मेरो कथा* भन्ने शीर्षकमा कविले आफ्नो मनको व्यथा यसरी पोख्नुभएको छ –

साथी थ्यौ मनकी तिमी सहृदयी खेरै गयो जीवन
यादै याद छ मात्र शेष अब यो बुझ्दैन मेरो मन ।

एक्लै बस्छु म ता बिहे नि नगरी चाहिन्न कोही पनि
होला भेट म कुर्छु संयम गरी अर्को जुनीमा पनि ।

– *यस्तै छ मेरो कथा,* पृ. ४५

### ४.२.२.४ **विषयवस्तु**

प्रस्तुत **भावनाको उद्गार** कवितासङ्ग्रहलाई समग्रमा यसभित्र सङ्गृहीत कविताहरूलाई विषयवस्तु तथा भावका आधारमा अध्ययन गर्न सकिन्छ । नेपाल एउटा परापूर्वकालदेखि नै सनातन धर्ममा अडिएको देश हो र यहाँका तमाम नेपालीहरू धर्ममा विश्वास गर्दछन् अर्थात् आस्तिकतामा विश्वास गर्छन् भन्ने कुरा उनको यो कविताको सङ्ग्रहको सुरुको कविता *हे कृष्ण !* कविताबाटै प्रस्ट हुन्छ । नेपालको राजधानी काठमाडौँमै धेरै शक्तिपीठहरू रहेको र यीबाहेक गोर्खा, तनहुँ, पाँचथर, ताप्लेजुङ्ग आदि जिल्लाहरूमा रहेको यस्ता शक्तिपीठहरूका साथै यी ठाउँहरूको सामाजिक,

ऐतिहासिक, सांस्कृतिक, प्रेम, प्रीति र प्रणयजस्ता विषयवस्तुलाई समेटेर कवि शङ्कर सुवेदीले यो कवितासङ्गहलाई पूर्णता दिनुभएको छ । यो कविता सङ्ग्रहमा सङ्गृहीत कवितामा व्यक्त भावहरूलाई निम्नानुसार देखाउन सकिन्छ –

### ४.२.२.४.१ आध्यात्मिकता

आदिमकालदेखि नै मानवसमुदायमा आध्यात्मिक भावनाले जरो गाडेको देखिन्छ । नेपाल एउटा बहुभाषी, बहुसंस्कृति र बहुधार्मिक सम्प्रदायबाट बनेको मुलुक हो । यहाँ भाषामा अनेकता छ, धर्ममा अनेकता छ, हाम्रो संस्कृति, रीतिरिवाज, परम्परामा फरक छ । हाम्रो धर्म मेटिए हाम्रो संस्कृति मेटिन्छ र हाम्रो संस्कृति मेटिए हामी पनि मेटिन्छौँ । कवि म.वी.वि. शाहको भनाइलाई अगाडि ल्याउन प्रासङ्गीक ठान्दछु । यसरी हाम्रो मुलुक प्राचीनकालदेखि नै एउटा धर्म मात्र नभएर यहाँको जाति अनेक जात, धर्ममा विभक्त छ । कवि शङ्कर सुवेदीले मूलत: हिन्दू सनातन धर्मलाई प्रधानता दिनुभएको छ । अत: कविले आफ्नो आस्तिक भावनालाई *के कृष्ण !* कविताको माध्यमबाट समर्थन गरेको देखिन्छ । प्रस्तुत ३९ ओटा कवितामा *हे कृष्ण !* एउटा मात्रै आध्यात्मिक विषयको चर्चा गरिएको कविता हो । कविताको एउटा उदाहरण यसप्रकार रहेको छ –

आऊ न कृष्ण नजिकै मुरली बजाऊ
मुग्धै म हुन्छु अति नै स्वरमा सजाऊ
त्यो मूर्ति मात्र किन हो ! किन मुस्कुरायो
भागेछ पीर मनको अब शान्ति छायो

*हे कृष्ण !*, पृ. १ बाट

आजको मानव समुदाय आध्यात्मिक भावनाबाट अलग छैन । त्यसमा पनि अझ हाम्रो हिन्दू सनातन धर्मले त झन् छुट्टै अस्तित्व कायम गरेर अगाडि बढेको पाइन्छ । त्रेतायुगका राम र द्वापर युगका श्रीकृष्णलाई भगवान्को रूपमा मान्ने चलन हाम्रो हिन्दू परम्परा कायमै रहेको पाइन्छ । कवि शङ्कर सुवेदी पनि नेपाली हिन्दू परम्परामा जन्मी हुर्केका र आध्यात्मिक भावनाद्वारा प्रेषित भएका कारणले **भावनाको उद्गार** कवितासङ्ग्रहमा *हे कृष्ण !* शीर्षकको कवितामा भक्तिले पूजा गरेको खण्डमा ढुङ्गामै ईश्वर भेट्न सकिने कुरामा जोड दिएको पाइन्छ ।

### ४.२.२.४.२ शृङ्गाररस

कवितासङ्ग्रहमा शृङ्गाररस भएका धेरै नै कविताहरू छन् । रसवादीहरूले शृङ्गाररसलाई रसराज मानेका छन् । परस्पर अनुरागमा बाँधिएका नायक नायिकाको एकअर्कोप्रतिको प्रेमको वर्णन

भएमा शृङ्गाररस हुन्छ ।[२८] शृङ्गाररसमा पनि २ भेद हुन्छ, संयोग शृङ्गार र निप्रलम्भ वा विरह शृङ्गार । परम्परित रूपमा नायक नायिका नै शृङ्गाररसका श्रोत मानिन्छन् । कवि शङ्कर सुवेदीका शृङ्गाररसको एउटा उदाहरण यस प्रकार छ –

एकै प्रश्न थियो त्यहीँ मिलनको प्रस्ताव राख्ने तिमी
मेरो जो घर नै कहाँ छ ? नबुझी विश्वास गर्ने तिमी
बढ्दै गो ममता असाध्य अब ता छाड्नै कहाँ सक्छु नि
आए हुन्छ यहाँ उही समयमा पर्खेर मै बस्छु नि

रति र प्रीति स्थायीभाव हुने रसलाई शृङ्गाररस भनिएको पाइन्छ । पुरुष र स्त्री (विपरीत लिङ्गका) माध्यमबाट यो रसको उत्पन्न हुन्छ । त्यसले प्रेमभावलाई उत्प्रेरित पार्दछ र उनीहरूमा विभिन्न प्रतिक्रियाहरू देखिन्छ अनि व्यभिचारी भावहरूका सहायताले रति वा प्रीति स्थायी भाव उत्पन्न भएकोले यहाँ शृङ्गाररसको निष्पत्ति भएको छ ।

### ४.२.२.४.३ **औपदेशिकता**

कवि शङ्कर सुवेदीले प्रस्तुत कवितासङ्ग्रहमा औपदेशिक भावनाले भरिएका कविता पनि रचना गर्नुभएको छ । *छोरी विदाइ, खान्छौ कति ?, नेता, खाते*जस्ता कविताका माध्यमबाट आजका मानवजातिलाई एउटा सन्देशमूलक शिक्षा दिन थालेको छ । मै खाऊँ र मै लाऊँको भावनाले आजको मानव समुदायमा विसङ्गति र विकृतिले जरा गाडेको छ भने आजका मानिसमा हराउँदै गएको मानवतावादप्रति पनि कविले व्यङ्ग्य प्रहार गरेका छन् । आज मानवहीत र कल्याणका नाममा विश्वमा कत्राकत्रा सङ्घसंस्था स्थापना भइ कार्य गरिरहेको अवस्थामा कविले त्यसमाथि व्यङ्ग्य प्रहार गर्दै औपदेशिक भाषामा त्यसो नगर्न आह्वान गरेको पाइन्छ –

लान्छौ देश विकासको गति दिँदै भन्थ्यौ नि नेता सबै
गर्थ्यौ भाषण मात्र एकटकले त्यस्तो कहाँ भो सबै ?
झुट्टा बोल्न सिपालु छौ सब तिमी भाषा मीठा हुन् कति
ती जग्गा, घर, बास, गोठ, सपना बाँडेर खान्छौ कति ?

*खान्छौ कति !*, पृ. २१

आज मुलुकमा बढ्दै गएको बेथिति, भ्रष्टाचारी प्रवृत्ति, शोषण, दमन र अत्याचारलाई कविले *खान्छौ कति ?* शीर्षक कविताको माध्यमबाट व्यङ्ग्य प्रहार गरेका छन् । आजका जनतालाई झूटा आश्वासन बाँडेर देशलाई भित्रभित्रै खोक्रो पार्ने प्रवृत्तिलाई कविले व्यङ्ग्य गर्ने काम गरेका छन् । नयाँ नेपालको निर्माणमा यस्तो प्रवृत्तिले कहिल्यै फाइदा नगर्ने र देश झन्झन् गहिरो गर्तमा पर्न सक्ने कुरामा कविले यस कवितामार्फत् तमाम नेपालीलाई सचेत पार्न खोजेको पाइन्छ ।

---

२८ ईश्वरकुमार श्रेष्ठ, पूर्ववत्, पृ. १२१ ।

### ४.२.२.४.४ प्रेमप्रणयजन्य भाव

**भावनाको उद्गार** कवितासङ्ग्रह विविधतामय भएर पनि यो कृति समग्रमा 'प्रेम' विषयक बनेको छ । प्रेमबाट उत्पन्न हुने संयोग र वियोगको स्थितिको चित्रणमा यो सङ्ग्रहमा अधिक कविता रहेका छन् । प्रेम मानवीय आवश्यकता हो । प्रेमको विरुद्धमा कोही पनि जान सक्दैन । संसारमा जति उन्नति प्रगति भएको छ ती सबै प्रेमकै प्रतिफल हो । प्रेम केवल स्नेह र माया मात्र नभएर सहयोग, सद्भाव र विश्वासको सङ्केत पनि हो । हामी भन्छौँ, प्रेम निस्वार्थ हुनुपर्छ तर स्वार्थरहित प्रेम हुन सक्दैन, किनकि जब स्वार्थ रहन्न तब प्रेमको कुनै अर्थ रहन्न । बरु कुनै किसिमको स्वार्थले मानव मात्रका निम्ति हीत गर्छ । त्यो सम्बन्धमा विचारमन्थन गर्न सकिन्छ । स्वार्थ छैन भन्नुमा पनि स्वयम्मा स्वार्थ हो । बरु स्वार्थपूर्ण प्रेमले सम्बन्धित पक्षले उन्नतिको मार्ग समात्न सक्छ, स्वार्थ नकरात्मक मात्र हुन्छ भन्ने सोच्नु मूर्खता हो । हामी सबै सकारात्मक स्वार्थको पक्षपाती हुन सक्नुपर्छ । कवि शङ्कर सुवेदीको प्रेम सकारात्मक सोचका सन्दर्भमा उभिएको छ, त्यो सकारात्मकता कतै देशप्रेमका रूपमा, कतै मानवताप्रेमका रूपमा छताछुल्ल भएको छ । यहाँ मूलतः प्रणयपरकता प्रेम नै बलियो बनेको छ । युवक युवती वा नायक नायिकाबीचको आपसी मेल र बेमेल नै प्रस्तुत सङ्ग्रहको समग्र विषयवस्तु हो ।

### ४.२.२.४.५ देशप्रेम

प्रस्तुत **भावनाको उद्गार** कवितासङ्ग्रहमा सङ्गृहीत कविताहरूमध्ये परदेश (उपजाति), कर्णाली (शार्दूलविक्रीडित), यो देशमा के भयो ? (शार्दूलविक्रीडित), नेता (मत्ता), हिमालय (शार्दूलविक्रीडित) छन्दमा रचिएका उच्चस्तरीय कविताहरू छन् । कविले कुनै कवितामा राष्ट्रिय भावना पोखेका छन् भने कुनै कवितामा व्यक्तिगत स्वार्थका कारण मुलुकलाई बर्बादीतिर धकेलेको कुरालाई व्यङ्ग्यात्मक रूपमा प्रहार गरेका छन् । नेपाल एउटा प्राकृतिक सुन्दरताले भरिपूर्ण भएको मुलुक हो यो मुलुकमा नेता, जनता सबै मिलेर अगाडि बढ्न सकेको खण्डमा मात्र देश उन्नतिको शिखरमा पुग्न सक्ने यथार्थतालाई यी कवितामा कविले देखाएको पाइन्छ ।

### ४.२.२.४.६ मानवतावादीदृष्टि

मानवतावाद भन्नाले एक मानवले अर्को मानवलाई हेर्ने दृष्टिकोण र गर्ने व्यवहारमा निर्भर गर्छ । आजको विश्वमा एक मानवले अर्को मानवलाई दबाउने, थिच्ने र निचोर्नेबाहेक अरू केही गर्दैन । मै खाऊँ र मै लाऊँको भावनाले आजको विश्व छपक्कै ढाकेको छ । एउटा दुःखमा परेको व्यक्तिलाई हरतरहले सक्दो सेवा गर्नु नै मानवतावाद हो । उसको सुखदुःखमा अर्काको सुखदुःख मिसाउनु नै मानवतावाद हो । कवि शङ्कर सुवेदीको यो **भावनाको उद्गार** कवितासङ्ग्रहमा पनि यस्तै दुःखले छटपटाइरहेका व्यक्तिको चित्रण देख्न सकिन्छ । हर्के र व्यापारी यस्तैखाले एउटा कविता हो जुन कवितामा हर्के भन्ने एउटा गरिब किसानले ब्याजमा ऋण खोज्दा कहीँ पाउँदैन । बैङ्कले पनि पत्याउँदैन र आखिर ऊ निराश भएर घर फर्कन्छ । वास्तवमा पृथ्वीमा जन्मिएका हामी तमाम व्यक्ति

मानवै हो र एक मानवले अर्को मानवलाई मानवीय व्यवहार गर्नुपर्छ भन्ने सन्देश उक्त कवितामा दिन खोजेका छन्, एउटा उदाहरण हेरौँ –

हर्के आज अहो ! डुबेछ ऋणमा छाती पिटी के गरोस्
आफ्नो सन्तति धेरै छन् र तिनको के ले नि पेटै भरोस्
खेती छैन कमाइ खान बिचरा ! जोती हलो साहुको
चल्दैनथ्यो उसको नगण्य गुजारा थामी बिँडो बाउको

*हर्के र व्यापारी,* पृ. १३

### ४.२.२.४.७ सामाजिक दृष्टि

हाम्रो रीतिरिवाज, परम्परा तथा सम्पूर्ण जीवनशैली सामाजिक भावनाबाट अभिप्रेरित भएका हुन्छन् । त्यसैगरी हाम्रो सामाजिक मूल्य र मान्यतालाई धेरै मात्रामा समाजले दोहोऱ्याएको पाइन्छ । जन्मेदेखि मृत्युपर्यन्त गरिने संस्कारहरू, विभिन्न पूजाआजाहरू, चाडपर्वहरू प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा धर्मबाट निर्देशित हुन्छन् ।

कवि शङ्कर सुवेदीद्वारा लिखित भावनाका उद्गार कवितासङ्ग्रहमा प्रशस्तै कविताहरू पाइन्छ । जसमा छोरी विदाइ पनि हाम्रो समाजमा घट्ने यथार्थको परिस्थितिको उद्घाटन गरिएको छ, 'छोरीको जन्म हारेको कर्म' भनेझैँ माइतीघरमा जन्मी हुर्केको चेलीलाई एकदिन विदाइ गरेर पठाउनु पर्छ हाम्रो समाजको चलन नै यस्तै छ । जतिसुकै माया लागे पनि यो सामाजिक बाध्यता हो र यो संस्कारलाई हामीले मुटुमा गाँठो पारेर पनि मान्नु पर्ने नै हुन्छ । यसरी यस कवितासङ्ग्रहमा सामाजिक दृष्टि भेट्टाउन सकिन्छ ।

### ४.२.२.४.८ प्रकृतिचित्रण

**भावनाको उद्गार** कवितासङ्ग्रहमा प्रकृतिचित्रण गरिएका कविताहरू धेरै छन् । प्रकृतिलाई मानवीकृत गरी देखाइएका उनका कविताहरू उत्कृष्ट खालका छन् । धादिङ, पवन, कर्णाली, गुराँस, पोखरा, उजाड, हिमालय आदि प्रकृतिचित्रण गरिएका कविका उत्कृष्ट कविताहरू हुन् । यी कविताहरूमा नेपालको प्राकृतिक सौन्दर्यको बयान गरिएको छ । नेपाल पहाडी मुलुक भएकोले पनि यो विश्वकै अनुपम देश हो । यहाँको खोला, नदीनाला, वनजङ्गल, भीर, पहारा, हिमाल, तालतलैया आदिले गर्दा यो मुलुक विश्वकै सुन्दर देशमा गनिन पुगेको छ । यस्तो सुन्दर देशमा जन्मी हुर्केका कवि शङ्कर सुवेदीको हृदयलाई पनि प्रभावित पार्नु स्वाभाविकै हो जसका कारण कविले प्रकृतिचित्रणसम्बन्धि धेरै कविता लेख्नुभएको छ । मानवहृदय पनि प्रकृतिको सुन्दरतामा रमाउँछ र कवि हृदयलाई पनि प्रभाव पार्ने भएकोले कोही पनि कविले प्रकृतिको चित्रण गरी कविता लेख्ने काम गरेको पाइन्छ –

माला पर्वतको उने छ कि अहो ! एकै छ यो शृङ्खला
वर्षा, ग्रीष्म, वसन्त वा शरद होस् देख्छौँ सधैँ त्यो भला
तिम्रो गर्भ पवित्र भै कलकली काली त्रिशुली बहिन्
तिम्रो जन्म दिएर रक्षक सदा नेपाल आमा भइन् ।

*हिमाल,* पृ. ३९

### ४.२.२.४.९ लय/छन्दविधान

कवि शङ्कर सुवेदी आफ्ना भावनाहरूलाई विभिन्न शास्त्रीय छन्दहरूमा ढालेर कविता लेख्नसक्ने कवि हुन् । यिनको भावनाको उद्‌गार कवितासङ्ग्रहमा १२ ओटा विभिन्न छन्दमा लेखिएका कविताहरू छन् । तीमध्ये शार्दूलविक्रीडित छन्दमा लेखिएका २१ ओटा कविता छन् भने वसन्ततिलका, मन्दक्रान्ता, उपजाति, अनुष्टुप् र गीति छन्दमा दुईदुई ओटा कविता लेखिएका छन् । त्यसैगरी पञ्चचामर, मालिनी, मत्ता, इन्द्रवज्रा र तोटक छन्दमा एकएकओटा कविता लेखिएका छन्, शिखरिणी छन्दमा तीनओटा कविता लेखिएका छन् भने शिखरिणी छन्दमा तीनओटा कविता समावेश भएका छन् । छन्दमा कविता लेख्न निश्चय पनि गाह्रो हुन्छ तर पनि शङ्कर सुवेदी विभिन्न छन्दहरूको माध्यमले आफ्नो आन्तरिक भावनाहरूलाई पोख्न सक्ने सफल शिल्पकारका रूपमा देखापरेका छन् । सुवेदीका कविताहरू प्रायः प्रेममा आधारित शृङ्गाररसको पोखरीमा पौडिरहेका छन् जस्तै उदाहरण –

के के मात्र गरौँ म वर्णन यहाँ तिम्रै रूपै कामिनी
औधी धेर कला मीठो छ नि गला शृङ्गारको मालिनी
तिम्रो प्यास म मेट्न सक्तिन कतै इमान बेच्दै यहाँ
जाऊ झट्ट तिमी भुलेर थल यो कैल्यै नआऊ यहाँ

– *स्वप्निल परी,* पृ. १९

कवितामा निश्चित पङ्क्ति, वर्ण, अक्षर, मात्रा, गण, यति र विश्रामको प्रयोग गरी लेखिन्छ भने त्यसलाई छन्द भनिन्छ । छन्दमा कविता लेख्नका लागि गण र सङ्केतको ज्ञान हुनु आवश्यक छ । छन्दमा ह्रस्व, दीर्घ, विश्राम आदि सूत्रबद्ध ढङ्गले भावको साथै शैली पक्षलाई महत्त्व दिई लेखिएको हुन्छ । छन्दोबद्ध कविताका केही विशेषताहरू हुन्छन् –

(क) छन्द कविताको भाव छिट्टै बुझ्न र सम्झन सकिन्छ ।

(ख) छन्द कवितामा सजिवता झल्किएको हुन्छ ।

(ग) मन्त्रमुग्ध स्वरलहरीको कारणले गर्दा कविता आकर्षक र मीठासपूर्ण हुन्छ ।

(घ) छन्द कवितामा रस, अलङ्कार, बिम्ब, प्रतीक, सङ्केतहरूको उचित समिश्रण रहने हुनाले चमत्कृत हुन्छ ।

(ङ) यो सूत्रबद्ध हुने हुँदा मात्रा, गणको आधारमा निश्चित स्थानमा गति, यति हुन्छ र लय पनि हुन्छ । यसमा सङ्गीतमा जस्तो सुर हुन्छ ।

छन्दमा कविता लेख्नको लागि छन्दज्ञान हुनै पर्दछ । शब्दहरूको चयन गर्नुपर्ने तथा ह्रस्वदीर्घको अति नै संवेदनशील भइ ख्याल गर्नुपर्ने हुँदा सामान्य रूपमा नेपाली व्याकरणको पनि ज्ञान हुनुपर्दछ ।

प्रस्तुत **भावनाको उद्‌गार** कवितासङ्ग्रहमा *अतीत* र *म फर्की आउँला* शीर्षकका कविताहरू गीतिलयका कविताहरू हुन् । गीत भन्ने बित्तिकै एउटा गेय रचना हो । ताल, स्वर र लयको विशिष्ट विधानले कुनै पनि गीतलाई बढी गेयता प्रदान गर्दछ ।[२९] प्रस्तुत सङ्ग्रहमा सङ्गृहीत *अतीत र म फर्की* आउँला शीर्षकका कविताहरू लोकलयमा आधारित छन् । यी गीतहरू ध्वनिलयात्मक गेयतामा आबद्ध देखिन्छन्–

बिर्सौं कि भन्थे यो माया मेरो सम्झना रहेछ
सम्झाइ हेरेँ विगतलाई आँसु नै बहेछ
के सुनेँ मैले यी कुरा अैले बताऊँ कसरी
भेट्‌दिनौ अरे मलाई हो ! वैरीलाई जसरी ।

– *अतीत*, पृ. २२

### (क) शिखरिणी छन्द

शिखरिणी छन्दमा चार पाउको एक श्लोक हुन्छ । वर्णमात्रिक छन्द भएको हुनाले चारै पाउमा बराबर अक्षर र मात्राहरू रहेका हुन्छन् र निम्नलिखित गण र सङ्केतहरू हुनुपर्छ साथै छैटौँ अक्षरमा विश्राम हुन्छ ।[३०]

छन्द लक्षण

| गण | य | म | न | स | भ | ल | गु |
|---|---|---|---|---|---|---|---|
| सङ्केत | ।ऽऽ | ऽऽऽ | ।।। | ।।ऽ | ऽऽ। | । | ऽ |

---

२९ डिल्लीराम डोटेल, पूर्ववत्, पृ. १०१ ।

३० रामचन्द्र लम्साल र अन्य, **नेपाली गद्य साहित्य र भाषा**, (काठमाडौं : सनलाइट पब्लिकेसन, पुनःमुद्रण, २०६५), पृ. ३४६ ।

प्रस्तुत काव्यमा प्रयुक्त शिखरिणी छन्द स्वरूपलाई हेर्दा निम्नानुसार देखिन्छ –

नजाऊ छाडेर मुटु मिची म त रुन्छु धरर

| गण | य | म | न | स | भ | ल | गु |
|---|---|---|---|---|---|---|---|
| सङ्केत | ।ऽऽ | ऽऽऽ | ।।। | ।।ऽ | ऽऽ। | । | ऽ |

म रोकौ भन्दथेँ तर पनि झरे आँसु बरर

| गण | य | म | न | स | भ | ल | गु |
|---|---|---|---|---|---|---|---|
| सङ्केत | ।ऽऽ | ऽऽऽ | ।।। | ।।ऽ | ऽऽ। | । | ऽ |

सधैँ सोच्थेँ मैले हजुरसँग नै साथ रहुँला

| गण | य | म | न | स | भ | ल | गु |
|---|---|---|---|---|---|---|---|
| सङ्केत | ।ऽऽ | ऽऽऽ | ।।। | ।।ऽ | ऽऽ। | । | ऽ |

भयो टुक्रैटुक्रा हृदय कसमा भाव कहुँला

| गण | य | म | न | स | भ | ल | गु |
|---|---|---|---|---|---|---|---|
| सङ्केत | ।ऽऽ | ऽऽऽ | ।।। | ।।ऽ | ऽऽ। | । | ऽ |

**(ख) शार्दूलविक्रीडित छन्द**

यस छन्दमा उन्नाईस अक्षर भएका चार चरणको एक श्लोक हुन्छ, सातौँ र बाह्रौँ अक्षरमा विश्राम हुन्छ ।[३१]

छन्द लक्षण

| गण | य | म | न | स | भ | ल | गु |
|---|---|---|---|---|---|---|---|
| सङ्केत | ।ऽऽ | ऽऽऽ | ।।। | ।।ऽ | ऽऽ। | । | ऽ |

प्रस्तुत काव्यमा प्रयुक्त शार्दूलविक्रीडित छन्दको स्वरूपलाई हेर्दा निम्नानुसार पाइन्छ –

साथी थ्यौ मनकी तिमी सहृदयी खेरै गयो जीवन

| गण | य | म | न | स | भ | ल | गु |
|---|---|---|---|---|---|---|---|
| सङ्केत | ।ऽऽ | ऽऽऽ | ।।। | ।।ऽ | ऽऽ। | । | ऽ |

---

३१ ऐजन, पृ. ३४७ ।

यादै याद छ मात्र शेष अब यो बुझ्दैन मेरो मन

| गण | य | म | न | स | भ | ल | गु |
|---|---|---|---|---|---|---|---|
| सङ्केत | ISS | SSS | III | IIS | SSI | I | S |

मेरो के भुल भो भनेर अहिले छाडी गयौ रे किन ?

| गण | य | म | न | स | भ | ल | गु |
|---|---|---|---|---|---|---|---|
| सङ्केत | ISS | SSS | – | IIS | SSI | I | S |

मेरो प्राण समान झन प्रिय थियौ माऱ्यौ नमर्दै किन ?

| गण | य | म | न | स | भ | ल | गु |
|---|---|---|---|---|---|---|---|
| सङ्केत | SSS | ISS | – | IIS | IIS | ISS | S |

### ४.२.२.४.१० अलङ्कार विधान

प्रस्तुत कवितासङ्ग्रहमा शब्दालङ्कारतर्फ कुनै प्रकारको चमत्कार भर्ने प्रयास गरिएको छैन । यो कवितासङ्ग्रहमा सङ्गृहीत कविताहरूमा धेरै अनुप्रास अलङ्कार, उपमा अलङ्कार र दृष्टान्त अलङ्कारको आधिक्य रहेको देखिन्छ । जसलाई सोदाहरण यसरी प्रस्तुत गर्न सकिन्छ –

(क) **अनुप्रास अलङ्कार**

यो शब्दालङ्कारभित्र पर्दछ । एउटै वर्ण बारम्बार राखिएमा वा दोहोरिएमा अनुप्रास हुन्छ अर्थात् वर्णको पुनरावृत्ति नै अनुप्रास हो ।[३२] जस्तै –

छ शून्य शून्य आज यो धरा, आकाश शून्य यो
सबै उदास छन् यहाँ समस्त आज शून्य यो
अथाह ज्ञान शून्य भो विवेक बुद्धि शून्य भो
छ पूर्ण यो अपूर्णझैँ स्वयम् छ ब्रह्म शून्य भो

– *शून्य*, पृ. ४५

३२ ऐजन, पृ. ३४१ ।

(ख) **उपमा अलङ्कार**

एउटा वस्तु वा व्यक्तिको अर्को वस्तु वा व्यक्तिसँग तुलना गरिन्छ भने त्यहाँ उपमा अलङ्कार हुन्छ । यस अलङ्कारमा उपमान र उपमेयका बीच तुलना गरिएको हुन्छ जसको तुल्यता देखाइएको छ त्यो उपमान र जसमा तुल्यता देखाइएको छ त्यो उपमेय हुन्छ ।[३३] जस्तै उदाहरणमा यसरी दिइएको छ –

कालो केश शृङ्गारले चहकिलो लामो छ शोभा दिने
गाला सुन्दर लाल झन् सरमले लालीसरी टल्किने
आँखा ती मृगका समान चतुरा राम्रा थिए झन् कति
रूपैले परिपूर्ण भै दिनदिनै मख्खै तिनी थिन् अति

– *यस्तै छ मेरो कथा,* पृ. ४२

(ग) **दृष्टान्त अलङ्कार**

दृष्टान्त भन्नाले उदाहरण बुझिन्छ । अर्को शब्दमा भन्दा उदाहरणद्वारा पुष्टि वा प्रमाणित गर्नुलाई दृष्टान्त अलङ्कार भनिन्छ । अनिश्चित कुरालाई उदाहरण दिएर निश्चित गराउने काम यस अलङ्कारले गर्दछ ।[३४] जस्तै –

पाइन्छन् यसभित्र धेर ढुकुटी खानी र पानी पनि
थुप्रै स्रोत भँडार हो प्रकृतिको यै सम्पदाको धनि
गौरी शंकरको निवास थल यो श्रद्धा सबैको छ रे
पृथ्वीकै उपहार भै गगनमा चुम्दै रमौं भन्छ रे

– *हिमालय,* पृ. ३९

### ४.२.२.४.११ भाषाशैली

अनुभूति वा विचार विनिमयको सशक्त माध्यम भाषा हो । कविले आफ्ना मनमा उठेका विभिन्न कुराहरूलाई व्यक्त गर्ने तरिका नै भाषाशैली हो । भाषाशैलीलाई काव्यको शरीरको रूपमा लिइन्छ । कविता विशिष्ट भाषामा लेखिन्छ भने दैनिक व्यवहारमा प्रयोग गरिने भाषा सामान्य हुन्छ । गद्य वा पद्य जस्तो भए पनि कविताको भाषा विशिष्ट हुन्छ । कविताको भाषा अभिधात्मक नभई लाक्षणिक र व्यञ्जनात्मक हुन्छ । शैली अभिव्यक्तिको प्रकार, ढङ्ग वा ढाँचा हो । शैली

---

३३ ऐजन, पृ. ३४२ ।
३४ ऐजन, पृ. ३४३ ।

व्यक्तिपिच्छे फरक हुने गर्छ । कवितालाई जीवन्त तुल्याउन र स्रष्टालाई निजी पहिचान दिन भाषाशैलीको महत्त्वपूर्ण भूमिका रहन्छ । कवितामा माधूर्य, सुकुमार र लालित्यमय भाषाशैलीको अपेक्षा गरिन्छ ।

**भावनाको उद्गार** कवितासङ्ग्रह कविको विशुद्ध छन्दोबद्ध कविताहरूको सङ्ग्रह हो । यो सङ्ग्रह विशुद्ध नेपाली तत्सम र झर्रा शब्दहरूबाट सृजित काव्य हो । भाषा सरल र शब्द चयन मिठासपूर्ण छ । यहाँ स्मृति, मधुरता, विस्मात, ईर्ष्या, सुधा, आभूषण, घृणा, मधु, आश्रम, सुषुप्ति, आतिथ्यजस्ता केही तत्सम शब्दहरू पनि देखापरेका देखिन्छन् । बाना नमिलेका भनी खोट लाउने ठाउँ धेरै छैन । प्रस्तुत कृतिभित्र वैदर्मी रीति र माधुर्य गुण पाइन्छ ।

यस काव्यमा बेजोडको प्रकृतिको चित्रण पाइँदैन । तर स्थानविशेषको चित्रणले भने स्थान ओगटेको भेटिन्छ । कवि प्रकृतिसँग कहीँ उदास देखिन्छन् भने कहीँ स्वाभाविक पनि । जीवनको सहाराको रूपमा आएकी जीवनसङ्गीनी रश्मीसँग २०४५ सालमा विवाह बन्धनमा बाँधिएपछि र वि.सं. २०६१ सालमा प्रकाशित **भावनाको उद्गार** कवितासङ्ग्रहको *यस्तै छ मेरो कथा* शीर्षकको कविता प्रकाशित भएपछि कविलाई धेरै ठाउँबाट प्रेम प्रस्ताव आएको र उक्त प्रस्ताव भएपछि घरपरिवारमा अलि खटपट आएपछि कविताको भाषामा अलि परिवर्तन गरेर २०६४ मा प्रकाशित **चाँदनी** कवितासङ्ग्रहमा *आरोप* शीर्षकको कविताको प्रकाशन गराएपछि बल्ल कविले त्यस्तो आरोपबाट छुटकारा पाएको देखिन्छ ।

### ४.२.२.४.१२ व्यङ्ग्य चेतना

प्रस्तुत कवितासङ्ग्रहमा कवि शङ्कर सुवेदीले देशको सामाजिक, राजनैतिक र बिग्रदो देशको विकृतिमाथि व्यङ्ग्य प्रहार गरेको देखिन्छ । जस्तै –

सत्ता, भत्ता सबतिर हात
थुप्रै गाडी घरभरि खात
सँगै बस्थ्यौँ हरदिन पैले
बोल्नै छाडे किन किन ऐले

– *नेता*, **भावनाको उद्गार**, पृ. २६

माथि उल्लिखित पद्यांशले हाल मुलुकमा बढिरहेको राजनैतिक विकृतिलाई उजागर गरेको छ । कसैलाई दया देखाई चुनावमा जिताएर भोलि आफूलाई राम्रो गर्ला, रोजगारी मिलाइदेला भनी चुनावमा जिताएर पठाउँछन् तर चुनाव जितेर गइसकेपछि आफ्नो मात्र भुँडी भर्ने जनताको आवश्यकता पूरा नगर्ने र आफू मात्र मोजमस्तिमा रहने नेपालीको कटु यथार्थलाई कविले प्रस्तुत कवितामा व्यङ्ग्य गरेका छन् ।

### ४.२.२.४.१३ **सारांश**

कवि शङ्कर सुवेदीद्वारा सृजित र वि.सं. २०६१ साल विजयादशमीका दिन पुष्पाञ्जली छापाखानाद्वारा प्रकाशित प्रस्तुत कविता सङ्ग्रहमा जम्मा चालीसओटा कवितागुच्छाहरू सङ्कलित छन् । यस कवितासङ्ग्रहमा सङ्गृहीत कविताहरू १२ ओटा विभिन्न छन्दमा लेखिएका कविताहरू छन् । तीमध्ये शार्दूलविक्रीडित छन्दमा २१ ओटा, वसन्ततिलका, मन्दाक्रान्ता, उपजाति, अनुष्टुप् र गीति छन्दमा दुईदुईओटा कविताहरू पर्दछन् । पञ्चचामर, मालिनी, मत्ता, इन्द्रवज्रा र तोटक छन्दमा एकएकओटा लेखिएका छन् । शिखरिणी छन्दमा तीनओटा कविता रचिएका छन् । प्रस्तुत कवितासङ्ग्रह नेपाली कविता साहित्यमा एउटा प्राप्ति बनेको छ । नेपाली संस्कृति, परम्परा, रीतिरिवाज, धर्म, संस्कृति, व्यवस्था, सामाजिकता, विसङ्गति, व्यङ्ग्यविद्रोह, नारीवादी, चेतनामयी रतिरागात्मक उद्‌बोधन, राष्ट्रभक्ति, प्रेमाभिव्यक्ति, मानवीय जीवनको सत्यता, प्रकृतिप्रेम, शान्तिगामी आदिजस्ता भावहरू प्रस्तुत सङ्ग्रहमा छताछुल्ल पोखिएको पाइन्छ । हाम्रो धर्म, संस्कृति संसारमै समुन्नत छ र यसले विश्वमा हामी नेपालीको शिर ठाडो गर्ने अवसर प्राप्त गरेको भाव पनि प्रस्तुत सङ्ग्रहमा देख्न सकिन्छ । यही अवसरलाई भावी दिनहरूमा अरू सबल र मजबुत बनाउनुपर्छ भन्ने भाव यसमा पाइन्छ । यही भाव नै नेपालीहरूका लागि कविको सन्देश हो । नेपाली साहित्यको फाँटमा सुगन्धित पुष्पका रूपमा यस सङ्ग्रहलाई मूल्याङ्कन गर्न सकिन्छ ।

## ४.२.३ 'चाँदनी' कवितासङ्ग्रहको अध्ययन र विश्लेषण

### ४.२.३.१ **विषयप्रवेश**

**चाँदनी** छन्दोबद्ध कवितासङ्ग्रह कवि शङ्कर सुवेदीको तेस्रो काव्यकृति हो । यो कवितासङ्ग्रह पल्लव साहित्य प्रतिष्ठान भ.न.पा.४ विशालमार्ग, नारायणगढ, चितवनद्वारा वि.सं. २०६४ सालमा प्रकाशन भएको हो । प्रकाशन गर्दा १,५११ प्रति निस्केकोमा कृतिको स्तरीयता र जनमानसले बढी रुचाएको हुँदा त्यसको अर्को साल अर्थात् २०६५ सालमा नै दोस्रोपटक प्रकाशन हुने अवसर प्राप्त गऱ्यो । पल्लव साहित्य प्रतिष्ठान, विशालमार्ग भ.न.पा.४, नारायणगढद्वारा २०६५ सालमा १,५११ सङ्ख्या नयाँ वर्षको अवसर पारी प्रकाशन हुन पुग्यो । यो कृति परिष्कृत सृजना भएको हुनाले पनि र जनमानसले (साहित्य अनुरागीहरूले) गर्दा नै यो कृतिको दोस्रो संस्करण प्रकाशन हुन पुगेको हो । कवि शङ्कर सुवेदीले आफ्ना माता, पिता, पुत्र, पुत्री, आफ्नो जीवन सङ्गीनीप्रति समर्पण प्रकट गरी **चाँदनी** कवितासङ्ग्रह प्रकाशित गर्नुभएको पाइन्छ ।

मेरो जीवनका अमूल्य निधि हुन् माता, पिता, बान्धव
पुत्री, पुत्र नवीनरत्न गहना ऐश्वर्य हुन शाश्वत
झन् प्रोत्साहन यो दिने अटलकी मेरी प्रिया सङ्गिनी
गुच्छा पुष्पसरी समर्पण गरेँ शृङ्गारमा चाँदनी

– *चाँदनी*, पृ. ९

गोर्खे साहिँलो (ऋषिप्रसाद लामिछाने), अध्यक्ष पल्लव साहित्य प्रतिष्ठान, राष्ट्रकवि माधव घिमिरे, माधव वियोगी छन्द बचाऊँ अभियान, गोविन्दराज विनोदी, केशवराज आमोदीआदिजस्ता मूर्धन्य साहित्यकारहरूले शुभकामना, शुभआशीर्वाद एवम् प्रकाशनार्थ सम्मति प्रदान गर्नुहुने विद्वान्हरूका नाम हुन् । यस कृतिप्रति सदाशयता प्रकट गर्ने महानुभावहरूको नामावली दोस्रो संस्करणमा दिइएको छ ।

यो कवितासङ्ग्रह कवि शङ्कर सुवेदीको कवितायात्राको तेस्रो चरणको कृति हो । वि.सं २०४० सालमा राष्ट्रसेवामा प्रवेश गरेपछि मुलुकको धेरै जिल्ला र ठाउँहरूमा घुम्ने अवसर पाएका कवि शङ्कर सुवेदीले आफूले देखेका, भोगेका, अनुभव गरेका जीवनका यथार्थ घटनाहरूलाई यस कवितामा समावेश गरेका छन् । चाँदनी कवितासङ्ग्रहमा शार्दूलविक्रीडित, इन्द्रवज्रा, शिखरिणी, वसन्ततिलका, उपजाति, पञ्चचामर र अनुष्टुप्जस्ता प्रसिद्ध आठओटा वर्णमात्रिक छन्दमा आधारित ७१ ओटा शीर्षकमा ३९९ श्लोकमा बाँधेर प्रीतिप्रणय, प्राकृतिक सुन्दरता, राष्ट्र, राष्ट्रियता, आध्यात्मिकता, विसङ्गति र व्यङ्ग्यविद्रोह, मानवमूल्य र मान्यता, दया, माया, करुणा, सहानुभूति र सद्भावहरूप्रति आत्मसात गर्दै नेपाली साहित्यको मन्दिरमा सुन्दर पुष्प अर्पण गरेका छन् । उनका अघिल्ला दुई कृतिहरूले झैँ यसले पनि नेपाली साहित्यमा थप उपलब्धि हासिल गरेको छ ।

कवि शङ्कर सुवेदीका कविताहरूको सिंहावलोकन गर्दा कतै राष्ट्रभक्तिमा उम्लिएको, कतै प्राकृतिक सौन्दर्य वर्णनमा चुलिएको र कतै सांस्कृतिक सौरभमा महकिएको पाइन्छ । प्राकृतिक सुन्दरतासँगै कविलाई आकर्षित गरिरहने भाव प्रेम, प्रीति र प्रणय हो । प्रणयी प्रणयिताबीचको संतृप्त अनुरागमा अनुरञ्जित चाँदनी (कवितासङ्ग्रह), अनुकरणीय, प्रेमाभिलाषा र अनुरागजन्य हार्दिकता गुम्फित भएको छ । तैपनि, कतै सामाजिक विसङ्गतिबाट कविको हृदय दु:खित, व्यथित र विचलित बन्न पुगेको छ भने कतै मानवतावादी चेतनाद्वारा समाजलाई सभ्य, शिष्ट र शालीन बनाउन प्रयासरत रहेको देखिन्छ ।

समग्र कृतित्वमाथि सर्सर्ती दृष्टिपात गर्दा कविको कवितात्मक अभिव्यक्तिमा विविध भाषाशैलीगत वैशिष्ट्य, विषयकेन्द्रीकृत विभिन्नता र प्रवृत्तिगत परिचय प्राप्त गर्न सकिन्छ । चाँदनी कवितासङ्ग्रहको मूलभूत विशेषताहरूलाई संक्षेपीकरणका साथ निम्नानुसार दिन सकिन्छ –

(क) प्रेमाभिव्यक्तिको कलात्मक प्रस्तुतीकरण गरेका छन्,

(ख) प्राकृतिक सौन्दर्यको कलात्मक वर्णन गर्ने काम गरेका छन्,

(ग) राष्ट्रभक्तिको अनुरञ्जनात्मक प्रस्तुति गरेका छन्,

(घ) आध्यात्मिक चेतनाको कमनीय बिम्बाङ्कन प्रस्तुत गरेका छन्,

(ङ) युद्धविरोधी, शान्तिगामी तथा मानवधिकारवादी चेतना प्रवहन गरेका छन्,

(च) विसङ्गत र व्यङ्ग्यविद्रोहको स्वर प्रस्तुत गरेका छन्,

(छ) नवस्वच्छन्दवादी प्रवृत्तिगत नारीवादी चेतनामयी रतिरागात्मक उद्बोधन गरेका छन्,

(ज) नैतिकतावादी जीवनदृष्टि प्रस्तुत गरेका छन्,

(झ) समाज, राष्ट्र र युगीन चेतनाको प्रकाशन गर्ने काम गरेका छन्,

(ञ) भाषागत शिल्प र भावसौन्दर्यको सचेततामा जोड दिएका छन् ।

माथि उल्लेखित अभिलक्षणजन्य प्रस्तुतिका आधारमा कवि शङ्कर सुवेदीको काव्यगत प्रवृत्तिलाई आँकलन गर्न सकिन्छ ।

कविशिरोमणि लेखनाथ पौड्याल, महाकवि लक्ष्मीप्रसाद देवकोटा, राष्ट्रकवि माधव घिमिरेजस्ता मूर्धन्य साहित्यकार र तिनका कृतिहरू मन पराउने कवि शङ्कर सुवेदी प्रेमप्रणयलाई काव्यिक सृजनाको प्रेरकतत्त्व मान्दछन् । प्रेमको धरातलमै संसार अडिएको छ र प्रेमले नै मानिसलाई कर्मशील बनाउँछ । यसको अभावमा जीवन नीरस र शून्य हुन्छ । यसरी कवि शङ्कर सुवेदीको **चाँदनी** कवितासङ्ग्रहमा पनि प्रेम, प्रीति र प्रणयकै सेरोफेरोमा रहेर कविताहरूको सिर्जना गरेको आभास मिल्न गएको पाइन्छ ।

## ४.२.३.२ **संरचना**

**चाँदनी** कवितासङ्ग्रह मध्यमस्तरको कवितासङ्ग्रह हो । धेरै ठूलो कवितासङ्ग्रहको कविता पनि सबै नपढिने कुरालाई स्वीकार्नुपर्छ र धेरै सानो कवितासङ्ग्रहले पनि लेखकीय परिचयलाई कमजोर पार्नेतर्फ पनि सचेत हुनुपर्छ । यी दुई पक्षका आधारमा यस कृतिलाई मध्यमस्तरको कृति मान्नुपर्छ । हुन त आकारभन्दा गुण नै कुनै पनि कृतिको मूल्याङ्कनको आधार हो तैपनि परिवेशअनुकूल गुण र आकार दुवैतर्फ ध्यान दिनु आवश्यक छ । कवि शङ्कर सुवेदीले **चाँदनी** कवितासङ्ग्रहलाई जुन आकार दिएका छन्, यो उनको सचेततापूर्ण छनोट हो भन्न सकिन्छ । प्रस्तुत सङ्ग्रहमा लामाछोटा गरी जम्मा ७१ ओटा कविताहरू सङ्कलित छन् । सङ्ग्रहभित्र *परिचय* शीर्षक सर्वाधिक लामो कविता बन्न पुगेको छ, जसमा २० श्लोक रहेका छन् । दोस्रो लामो कविता *आरोप* शीर्षकको रहेको छ जसमा १५ श्लोक छन् । *दैनिकी* कविता सबैभन्दा छोटो कविता हो जसमा ३ श्लोक मात्र रहेका छन् । सङ्ग्रहमा दोस्रो तहका छोटा कविताहरूमा *दिलचोर, राजधानी, माटो, सौता नयाँ ल्याउँ कि ?* जसमा ४/४ श्लोक रहेका छन् । सातटुक्रा, शीर्षकको कवितामा एकएक श्लोकका *बिन्ती, ढुङ्गा, सूत्र, सपनी, सामीप्य, अपूर्ण र सुटुक्क* उपशीर्षकका कविता रहेका छन् । यो सङ्ग्रहभित्र लगभग ४०० श्लोकसङ्ख्या रहेका छन् । ३२ देखि ७६ अक्षरसम्मका श्लोकहरू सङ्ग्रहमा पढ्न पाइन्छ । प्रचलित डिमाई आकारमा सङ्ग्रह रहेको छ ।

शार्दूलविक्रीडित, इन्द्रवज्रा, उपेन्द्रवज्रा, शिखरिणी, वसन्ततिलका, उपजाति, मन्दाक्रान्ता, पञ्चचामर, अनुष्टुप् आदि छन्दमा आधारित ७१ ओटा कविताका शीर्षक, श्लोकसङ्ख्या र तिनको भाव तपसिलअनुसार दिइएको छ ।

| क्रम | कविताको शीर्षक | छन्द | श्लोकसङ्ख्या | पृष्ठ | मूलभाव |
|---|---|---|---|---|---|
| १. | हे कृष्ण ! | इन्द्रवज्रा | ६ | १ | आध्यात्मिक दर्शनको चेत |
| २. | मन | शार्दूलविक्रीडित | ५ | ३ | आफ्नो प्रेयसीप्रतिको पोखिएको प्रेमाभिव्यक्ति |
| ३. | शहीद | उपेन्द्रवज्रा | ५ | ४ | शहीदलाई सय्या सम्मान नदिएकोमा गुनासो व्यक्त |
| ४. | शार्दूलविक्रीडित | शार्दूलविक्रीडित | ५ | ५ | शार्दूलविक्रीडित छन्दको परिचय |
| ५. | रक्षक | शिखरिणी | ८ | ६ | प्रेमाभिव्यक्ति |
| ६. | आमा मलाई दुख्यो | शार्दूलविक्रीडित | ५ | ८ | राष्ट्रियताको बारेमा आवाज उठाउनु भएको |
| ७. | चाँदनी | वसन्ततिलका | ८ | ९ | प्रकृतिचित्रण, प्रकृति (चाँदनीलाई प्रेमाभिव्यक्तिको रूपमा हेरेको) |
| ८. | तिम्रो म को नै हुँ र ? | शार्दूलविक्रीडित | ७ | ११ | प्रेमाभिव्यक्ति |
| ९. | घायल | शिखरिणी | ५ | १३ | प्रेमिकासँगको गुनासो |
| १०. | साधिका | शार्दूलविक्रीडित | ५ | १४ | प्रेम अभिव्यक्ति |
| ११. | दिलचोर | उपजाति | ४ | १५ | प्रेमिकासँगको गुनासो |
| १२. | खोजेर भेटिन्न रे ! | शार्दूलविक्रीडित | ५ | १६ | प्रेम अभिरुचि |
| १३. | त्यहीँ लाऊ माया | शिखरिणी | ५ | १७ | प्रेमिकालाई अनुरोध |
| १४. | गल्ती मबाटै भयो | शार्दूलविक्रीडित | ५ | १८ | प्रेम अभिव्यक्ति |
| १५. | विदाइ | उपजाति | ५ | १९ | प्रेमिकालाई आश्वासन दिएको |
| १६. | समय | शार्दूलविक्रीडित | ६ | २० | समयको महत्त्व र विशेषतामाथि प्रकास पारिएको |
| १७. | फगत सपना | शिखरिणी | ६ | २२ | सपना सपनै हो सपनामा देखेको कुरा पूरा हुन सक्दैन भन्ने सन्देश |
| १८. | साम्राज्य अर्धाङ्गिनी | शार्दूलविक्रीडित | ५ | २४ | आफ्नो जीवनसङ्गीनीको बयान |
| १९. | किन दुख्छ झन्झन् | उपजाति | ५ | २५ | जीवनको व्यथा पोखिएको |
| २०. | मान्छे | शार्दूलविक्रीडित | ८ | २६ | मानिसको स्वभावको बारेमा व्याख्या |

| | | | | | |
|---|---|---|---|---|---|
| २१. | अनुराग | उपजाति | ५ | २८ | प्रेमको अभिव्यक्ति |
| २२. | तिमी हैन र ? | शार्दूलविक्रीडित | ६ | २९ | प्रेम अभिव्यक्ति |
| २३. | प्रियतमा | शिखरिणी | ५ | ३१ | प्रेम अभिव्यक्ति |
| २४. | समाचार | शार्दूलविक्रीडित | ६ | ३२ | देशमा फैलिएको अशान्ति समाचारको विषय भएको बारे व्याख्या |
| २५. | आऊ झट्ट पवन गतिमा | मन्दाक्रान्ता | ५ | ३४ | प्रेम अभिव्यक्ति |
| २६. | आरोप | शार्दूलविक्रीडित | १५ | ३५ | कविको जीवनमा विभिन्न क्षेत्रमा लागेको आरोपको जवाफ |
| २७. | आफ्नु भइछौ | शिखरिणी | ५ | ३८ | प्रेम अभिव्यक्ति |
| २८. | फर्केर आऊ तिमी | शार्दूलविक्रीडित | ५ | ३९ | प्रेम अभिव्यक्ति |
| २९. | श्राप नदिनु | शिखरिणी | ५ | ४० | अनुरोधभाव व्यक्त |
| ३०. | मन्दाकिनी | शार्दूलविक्रीडित | ५ | ४१ | प्राकृतिक सौन्दर्यको वर्णन |
| ३१. | राजधानी | उपजाति | ४ | ४२ | व्यङ्ग्यविद्रोहको स्वर |
| ३२. | तिमी र मुटु | शार्दूलविक्रीडित | ६ | ४३ | प्रेम अभिव्यक्ति |
| ३३. | शून्य | पञ्चचामर | ५ | ४५ | जीवनको निराशा, कुण्ठाको अभिव्यक्ति |
| ३४. | चिन्ता छ एउटै यही | शार्दूलविक्रीडित | ५ | ४६ | जीवन सङ्घर्षको व्याख्या |
| ३५. | प्रीतदाता | उपजाति | ५ | ४७ | प्रेयसीप्रतिको गुनासो |
| ३६. | मनका व्यथा | शार्दूलविक्रीडित | ५ | ४८ | प्रेम वियोग |
| ३७. | उपहार | इन्द्रवज्रा | ५ | ४९ | प्रियसीप्रति गुनासो |
| ३८. | गर्दै सबै सामना | शार्दूलविक्रीडित | ५ | ५० | प्रेयसीको सौन्दर्य वर्णन |
| ३९. | अठोट | उपजाति | ५ | ५१ | जीवनसङ्घर्षको चित्रण |
| ४०. | सामीप्य | शार्दूलविक्रीडित | ५ | ५२ | प्रेमको अभिव्यक्ति |
| ४१. | पुष्पहार | अनुष्टुप् | ८ | ५३ | प्रेमको अभिव्यक्ति |
| ४२. | पश्चाताप | शार्दूलविक्रीडित | ४ | ५४ | समय बितिसकेकोमा पछुतो मानेको |

| | | | | | |
|---|---|---|---|---|---|
| ४३. | वार्ता | वसन्ततिलका | ६ | ५५ | शान्ति कायम गर्न सबै पक्षलाई आह्वान |
| ४४. | भैगो भो | शार्दूलविक्रीडित | ५ | ५७ | प्रेमिकाप्रति गरिएको गुनासो |
| ४५. | केबुलकार, मित्रहरू अनि म | इन्द्रवज्रा | ६ | ५८ | विज्ञानले गरेको उन्नतिको व्याख्या |
| ४६. | हुलाकी | शार्दूलविक्रीडित | ५ | ६० | प्रेम अभिव्यक्ति |
| ४७. | कल्पनान्द | मन्दाक्रान्ता | ५ | ६१ | प्रेम अभिव्यक्ति |
| ४८. | आँखा | शार्दूलविक्रीडित | ५ | ६२ | आँखा विश्वको ज्याति हो भन्ने बारेमा दिइएको सन्देश |
| ४९. | दैनिकी | उपजाति | ३ | ६३ | लागेको आरोपलाई झुट्टा साबित गरिएको |
| ५०. | अनुपमा | शार्दूलविक्रीडित | ६ | ६४ | प्रेमको अभिव्यक्ति |
| ५१. | सुप्रिया | शिखरिणी | ५ | ६६ | प्रेमको अभिव्यक्ति |
| ५२. | धन्यवाद | शार्दूलविक्रीडित | ५ | ६७ | प्रेमिकाप्रति गरेको गुनासो |
| ५३. | मन भन्छ के के | वसन्ततिलका | ५ | ६८ | प्रकृतिको सौन्दर्यको चित्रण |
| ५४. | मेरो देश | शार्दूलविक्रीडित | ५ | ६९ | राष्ट्रवादी स्वर |
| ५५. | थाह छैन | इन्द्रवज्रा | ५ | ७० | प्रेम अभिव्यक्ति |
| ५६. | एक्लै मलाई भन | शार्दूलविक्रीडित | ५ | ७१ | प्रेमिकालाई गरिएको अनुरोध |
| ५७. | आत्मविश्वास | वसन्ततिलका | ५ | ७२ | प्रेमिकालाई अनुरोध |
| ५८. | सौता नयाँ ल्याऊँ कि ? | शार्दूलविक्रीडित | ४ | ७३ | घरकी श्रीमतिलाई देखाइएको घुर्क्याई |
| ५९. | रात | इन्द्रवज्रा | ५ | ७४ | जीवनको विसङ्गतिको व्याख्या |
| ६०. | घर झगडा | शार्दूलविक्रीडित | ५ | ७५ | घरको श्रीमतीलाई गरिएको अनुरोध |
| ६१. | फूल | उपजाति | ८ | ७६ | फूलको यौवनको वर्णन |
| ६२. | किन ??? | शार्दूलविक्रीडित | ४ | ७८ | प्रेमअभिव्यक्ति |
| ६३. | नौलो बिहानी | मन्दाक्रान्ता | ६ | ७९ | राष्ट्रियताको स्वर |

| | | | | | |
|---|---|---|---|---|---|
| ६४. | शार्दूलका सात टुक्रा | | ७ | ८१ | शार्दूलविक्रीडित छन्दको व्याख्या |
| (क) | बिन्ती | | १ | ८१ | प्रेमको अभिव्यक्ति |
| (ख) | ढुङ्गा | | १ | ८१ | प्रेमिकाप्रति गुनासो |
| (ग) | सूत्र | | १ | ८१ | सूत्र (शार्दूलविक्रीडित) छन्दको महिमा |
| (घ) | सपनी | | १ | ८२ | सपनाको याद |
| (ङ) | सामीप्य | | १ | ८२ | प्रेमअभिव्यक्ति |
| (च) | अपूर्ण | | १ | ८२ | जीवनको विसङ्गतिको चर्चा |
| (छ) | सुटुक्क | | १ | ८२ | प्रेमअभिव्यक्ति |
| ६५. | म को हूँ ? | मन्दाक्रान्ता | ५ | ८३ | प्रेमअभिव्यक्ति |
| ६६. | नासो | शिखरिणी | ८ | ८४ | जीवनवोधको अनुभूतिको व्याख्या |
| ६७. | माटो | शार्दूलविक्रीडित | ४ | ८६ | माटोको महिमाको व्याख्या |
| ६८. | परिचय | शिखरिणी | २० | ८७ | प्रेमको अभिव्यक्ति |
| ६९. | पागल | शार्दूलविक्रीडित | ५ | ९१ | प्रेमको अभिव्यक्ति |
| ७०. | भ्रम | मन्दाक्रान्ता | ५ | ९२ | जीवनको विसङ्गति |
| ७१. | चिठ्ठी | शार्दूलविक्रीडित | ९ | ९३ | पश्चात्तापको अभिव्यक्ति |

### ४.२.३.३ **विषयवस्तु**

चाँदनीभित्र जम्मा ७१ ओटा कविताहरू सङ्गृहीत छन् । तिनमा शार्दूलविक्रीडित, उपजाति (इन्द्रवज्रा+उपेन्द्रवज्रा), शिखरिणी, मन्दाक्रान्ता, वसन्ततिलका, अनुष्टुप् र पञ्चचामर छन्दलाई उपयोग गरिएको छ । धेरै कविता (३३ ओटा) शार्दूलविक्रीडित छन्दका छन् । शार्दूलविक्रीडित छन्दमा कविको कलम अरू छन्दमा भन्दा तीव्र गतिमा अघि बहेको देखिन्छ र यसमा सहज एवम् स्वस्फूर्त रूपमा भावाभिव्यञ्जना प्रकट भएको पाइन्छ । शिखरिणीमा पनि कविले आफ्नो कलम सलल बगाएका छन् । र उपजाति छन्दमा पनि कविता नाचेको छ । चाँदनी कवितासङ्ग्रहभित्र सङ्गृहीत कविताहरूले कवि शङ्कर सुवेदीलाई एक प्रातिभ कविका रूपमा परिचित गराएका छन् । कविको प्रतिभा यो सङ्ग्रहभित्र नेपाली पर्वतीय वक्षमूलबाट झरना निःसृत भएझैं छङ्छङाएर बहेको छ ।

यो सङ्ग्रमा सङ्गृहीत अधिकांश कविताहरू प्रेमप्रणयकै अभिव्यञ्जनाका रूपमा रहेका छन् । प्रेमानुराग, प्रेमसंयोग, प्रेमवियोग, प्रेमजन्य गुनासो, प्रेमानुनय, प्रेमपीडा, प्रेमदर्शन, प्रेमादर्श,

प्रेमानुभूति, प्रेमोपहार, प्रेमपूजा आदि विविध प्रेमजन्य भावछटाहरू यस सङ्ग्रहभित्र छरिएका छन् । यो कृतिमा प्रेमप्रणयभावका साथै राष्ट्रप्रेम, भाषा, साहित्यका साथै छन्दप्रेमका अभिव्यक्तिपुञ्जहरू छन् । यसरी यो कृति सिङ्गो प्रेमदर्शनको रूपमा प्रस्तुत भएको छ । प्रेमत्तर कवितामा पनि प्रेमको छनक पाइनु कवि शङ्कर सुवेदीका कविताका विशेषताहरू हुन् ।

कवि शङ्कर सुवेदीले छन्दलाई प्रयोग गरेका छैनन् । छन्द आफैँ शङ्करको भावनालाई लिएर प्रवाहित भएको छ । यसले गर्दा कविता सहज र प्राकृत बन्न पुगेका छन् । यसभित्रका कविता त्यस्ता ग्राम्यवालाजस्ता छन् जो स्नान र शृङ्गारबिना नै रातापिरा र सुन्दर देखिन्छन् । कवि शङ्कर सुवेदीको यस्तो कविता सृजना गर्ने कला रहरलाग्दो मात्र नभएर प्रशंसायोग्य पनि छ । यसभित्रका सबैजसो कविताहरू सरस छन्, यहाँ तिनको विवरण यसरी दिइन्छ –

**(क) प्रेमप्रणायानुरागका केही अभिव्यक्तिपुञ्ज**

मेरो प्राण रहन्छ यो ढुकढुकी गर्ने तिमी भैदिए
सारा युद्ध म जित्छु आज सहजै तिम्रो सहरा मिले
यो छातिबीचमा अवोध शिशुझैँ तस्बीर तिम्रै छ' नि
कैले आउँछ खै घडी मिलनको कुर्दै बसेको म'नि ।

– *पागल,* पृ. ९१

यो जगत्मा प्रेम भन्ने वस्तु यति बलियो छ कि एउटा प्रेमीले उसको प्रेमिकाको राम्रो माया-प्रेम पाएको खण्डमा जस्तोसुकै ठूलो युद्ध किन नहोस्, उसले जित्न सक्ने निश्चित छ । किनभने यहाँ पनि कविले यिनै भावहरूलाई पोख्नु भएको छ । एउटा निश्छल शिशुझैँ एउटी प्रेमिकाको मायालाई पर्खेर बसेको र भोलिको मीठो मिलनको सपनामा पर्खिबसेको प्रसङ्गलाई कविले यहाँ यसरी उल्लेख गरेका छन् ।

**(ख) कविता/छन्दप्रेमको अभिव्यक्ति**

ती रामायणका सबै हरफमा यै छन्द मुस्काउने
लाखौँ लाख भए प्रशंसक यहाँ यै छन्दमा गाउने
धेरै सुन्छु तथापि कुन्नि किन हो ? मर्दैन मेरो धित
लाग्यो अमृतझैँ अहा ! रस मिठो शार्दूलविक्रीडित

– *शार्दूलविक्रीडित,* पृ. ५

कवि शङ्कर सुवेदी मूलतः छन्दमै रमाउने छन्दवादी कवि हुन् । छन्दलाई उनले आफ्नो कवितामा समूचित प्रयोग गरेको देखिन्छ । आज छन्दलाई उनले आफ्नो

कविताको ढुकढुकी ठानेको देखिन्छ । त्यसमा पनि कविको धेरै कविता शार्दूलविक्रीडितमै रचेको पाइन्छ । त्यसमा पनि यो शार्दूलविक्रीडित कवितामा कविले अझ कविता सृजनामा धित नमरेको र यही छन्दलाई उनले अमृतसरह मीठो रसपान गरेझैँ लाग्छ भनी आफ्नो आशय अभिव्यक्त गरेको पाइन्छ ।

**(ग) शृङ्गारिक कविताप्रतिको मोह**

लेखूँ भन्छु कठोर पार्छु मन यो शृङ्गारमै ढल्किने
औधी पढ्न मजा यही विषयमा झन्झन् यतै पल्किने
यस्तैमा म रमाइ लेख्छु कविता आफ्नै कथाझैँ गरी
आस्था, प्रेम, विछोड, मोह मनका बुट्टा अनेकौँ भरी

– *आरोप*, पृ. ३५

साहित्यमा रस महत्त्वपूर्ण तत्त्व हो । मानिसले आफ्नो जीवनयात्रामा विभिन्न कुरा देख्छ, सुन्छ, भोग्छ र अनुभव गर्दछ । यी परिस्थितिबाट मानिसका मनमा विभिन्न भावनाहरू जागृत हुन्छन् । जस्तैः रिस, डर, चिन्ता, शान्ति, घृणा आदि । यी भावना वा मनमा उत्पन्न विभिन्न कुराले परिवक्व रूप धारणा गर्दछ तिनलाई रस भनिन्छ । कवि शङ्कर सुवेदीमा पनि शृङ्गारिकरसप्रति यो त्यस्तै मोह पोखेका छन् ।

**(घ) वर्तमानिक पीडाबीच र राष्ट्रप्रेम**

कस्को श्राप परेर हो कि अथवा केले बिगाऱ्यो यहाँ
यस्तो स्वर्णिम देश यो छल गरी लुट्दैछ कस्ले यहाँ
तोडौँ बन्धन पार होस् सगर नै नेपाल हाँसोस् खुली
खोजौँ उत्तमको विकल्प अहिले यो देश लम्कोस् चुली

– *समाचार*, पृ. ३३

विश्वशान्तिका अग्रदूत महामानव गौतम बुद्ध जन्मिएको यो मुलुक विश्वशान्तिकै एउटा उदाहरणीय देश हो । यस्तो देशमा भएको अशान्तिलाई देख्दा कविको हृदय छियाछिया भएको र त्यसलाई सहन नसकेर कविले यो देश विश्वमा शान्ति र प्रगतिलाई अँगालेर अगाडि बढोस् भन्ने इच्छा व्यक्त गरेको पाइन्छ ।

(ङ) **पतिपत्नीको झगडा परालको आगो भन्ने उखानप्रति लक्षित अभिव्यक्ति**

आगो हो नि परालको दन्दनी दन्कन्छ एकैक्षण
त्यस्तै हुन्छ नि झोँकमा कलहको आवेग उस्तै क्षण
ठूलो संयम नित्य गर्छु म सधैँ त्यस्तै तिमी गर्दिनू
स्वर्गै बन्छ सधैँ अवश्य घर यो मुस्कानले भर्दिनू ।

– *घर झगडा,* पृ. ७५

आफ्नो घर-परिवारमा कहिलेकाहीँ हुने खटपटको बारेमा कविले आफ्नो कवितामा विभिन्न भाव पोखेका छन् । घर-परिवारको लागि आफ्नै घर नै स्वर्ग हो । घर राम्रोसँग सञ्चालन गर्न सकेको खण्डमा मात्र उक्त घर स्वर्गतुल्य हुने कुरा पनि निश्चित छ । त्यसैले श्रीमान् श्रीमती भएर आफ्नो घरलाई स्वर्गतुल्य बनाउनुपर्छ र झगडा गर्नु हुँदैन भन्ने सन्देश पनि यो कविताले दिएको छ ।

कवि शङ्कर सुवेदीले कोमल प्रेमाभिव्यक्तिमा प्रणयप्रणायनीप्रति कतै प्रेमपूर्ण मिलनको सुमधुर आग्रह गरिरहेका छन् भने कतै प्रेमानुरागबाट द्रवित भई प्रकट भएका निराशा, कुण्ठा, प्राप्तिजस्ता अनुभूतिलाई अभिव्यञ्जित गरेका छन् । कतै प्रगाढ मिलनका अभिलाषा र प्रतीक्षामा निमग्न रहेका छन् । नेपाली नारीले जीवनमा भोग्नु परेको नियति, पुरुषकेन्द्रित समाजमा फैलिएको नारीप्रतिको विसङ्गतिजन्य संस्कार र संस्कृति, नारीबिना पुरुषको औचित्यहीनता नारीकै प्रभाव र प्रेरणाबाट मानवीय जीवनको सार्थकताजस्ता कविका नारीवादी चेतनाले कवितासङ्ग्रहलाई जति उचालेको छ उति नै उनका कविताहरूको भावभूमिमा शृङ्गारिक विषयवस्तुले प्रश्रय पनि पाएको छ । नारी जातिप्रति सहानुभूति र श्रद्धा राखेर आदर्शमय अटल निष्ठाका साथ प्रणयपताका फर्फराउने मनोआकाङ्क्षालाई कवितामार्फत् कवि यसरी भावोदगार प्रकट गर्दछन् :

तिम्रै मात्र छ सम्झना हरघडी श्रद्धा तिमीमै छ नि
बोल्ने छैन कुनै नयाँ बदनकी क्वै भेट्न आए पनि
कैल्यै नै कमजोर हुन्न यसरी आँखा रसाए पनि
भित्रै हेर नियाल यो मुटुभरी तस्बीर तिम्रै छ नि !

– *चिट्ठी,* पृ. ९४

कविहरूले प्रकृतिलाई हेर्ने आफ्नै मौलिक दृष्टिकोण र चिन्तन हुन्छ । प्रायः प्रकृतिलाई काव्यशिल्पी समुदायले बिम्ब, उपमा र उपमादि अलङ्कारद्वारा चित्राङ्कन गर्ने क्रममा कसैले आदिशक्ति जगत्जीवनीका रूपमा, कसैले देवी भगवतीका रूपमा, कसैले संरक्षण सबर्दिनी सम्पोषिणीका रूपमा त कसैले प्रकृतिलाई सुन्दरी, अनुरागिणी एवम् हृदयाहृदिनीको रूपमा चित्रण गरेका हुन्छन् । प्रकृतिलाई अन्यान्य प्रकारले पनि सम्बोधन गरेको पाइन्छ । प्रकृतिलाई यसप्रकार बिम्ब, प्रतीकका माध्यमबाट चित्राङ्कन गर्नु प्रकृतिको मानवीकरण हो भने प्रकृतिमै आफूलाई

डुबाउनु वा प्रकृतिमै एकाकार भई फूलको सौन्दर्य र सौरभमा अन्योन्याश्रीकरण गर्नु मानवको प्रकृतीकरण हो । कवि शङ्कर सुवेदीको कवि मन मानव प्रकृतीकरण हुँदाको भावोद्गार यसरी प्रकट भएको छ –

म फूल हूँ लौ फुलिदिन्छु आज
सुवास छर्दै अब बाग माझ
रङ्गीन राम्रो थपिदिन्छु शोभा
अहम् नि मेरो कति बढ्छ होला ?

– *फूल*, पृ. ७६

कवि शङ्कर सुवेदी शृङ्गारिक मात्र होइनन् राष्ट्रवादी कवि पनि हुन् । उनका कवितामा राष्ट्र, राष्ट्रियता तथा राष्ट्रिय अस्मिताको सचेतना पाइन्छ । नेपाली भाषा, साहित्य, कला, संस्कृति र सभ्यताप्रति सचेष्ट रहँदै तिनप्रति माया र ममता पोख्दै नेपाली भाषाको उन्नति नभई राष्ट्रको प्रगति सम्भव देखिँदैन । उनी नेपाली हुन् र नेपाली हुनुमा नै गर्व गर्दछन् । राष्ट्र लोकतान्त्रिक गणतन्त्रतिर उन्मुख भइसकेको छ । तसर्थ कवि शङ्कर सुवेदी राष्ट्रको सर्वाङ्गीर्ण समुन्नतिको लागि हत्या, हिंसा, छलकपट, अराजकता, अशान्ति, बन्द, चक्काजामजस्ता अवान्छित क्रियाकलाप नै बाधक बन्दछन् भन्ने ठान्दछन् । अतएवम् जनचाहना अनुकूलको राष्ट्रमा शान्ति, स्थिरता र अमनचैन र विकास हुनुपर्दछ । नेपाली जनताले आफ्नो आत्मारक्षा गर्दै मानवअधिकार र स्वाधीनताको उपभोग गर्दै राष्ट्र उन्नतिको महान् कार्यमा जुट्नुपर्दछ । नेपाली नेपालीबीचको वैमनस्य, विद्वेष र वितृष्णालाई पन्छाई परस्परमा मैत्री र सद्भावको गाँठो कस्तै लैजानुपर्दछ । आजको विसङ्गतिजन्य रातलाई पन्छाउँदै भोलिको शुभप्रभातको स्वागतको निम्ति उठ्न र सचेत हुनको लागि कवि शङ्कर सुवेदीले यसरी आह्वान गरेका छन् –

वैरी भागून् परपर हुँदै रीस उन्माद भागून्
नेपालीले जुगजुग दिने शान्तिको क्रान्ति मागून्
भागून् हाम्रा कपटपनका सुध्रियून् बिम्ब बानी
जागौँ ल्याऔँ अमिट रहने शान्त नौलो बिहानी

– *नौलो बिहानी*, पृ. ८०

मानिसले भौतिकवादको जति नै उन्नति गरे पनि स्थायी शान्ति र वास्तविक आनन्द कहिल्यै प्राप्त गर्न सक्दैन ।[३५] यथार्थमा मानिसलाई अध्यात्मदर्शनले नै चिरशान्ति र परमानन्द प्रदान गर्न सक्दछ ।[३६] त्यसैले भनिन्छ सुन्दर संस्कारले अनुकरणीय सभ्यताको समुन्नति हुन्छ । यिनै संस्कार र संस्कृतिबाट आध्यात्मिक चेतनाको प्रस्फुटन हुन्छ । कविको उपास्य देवता कृष्ण हुन् । तर भगवान्

३५ खप्तड स्वामी, **विचार विज्ञान**, पूर्ववत्, पृ. ३२ ।
३६ ऐजन ।

कृष्ण इन्द्रिय अगोचर भएकाले उनको प्रत्यक्ष दर्शन पाउन सकिँदैन तथापि प्रत्यक्ष रूपमा दर्शनको अभिलषित मनोभाव यसरी पोखेका छन् –

आँखाहरूले पनि हेर्न खोज्छन्
र स्पर्श मीठो पनि गर्न खोज्छन्
यस्ता तिमीमा अझ भक्ति जागोस्
आस्था बढेरै मन चित्त लागोस्

– *हे कृष्ण !*, पृ. २

वि.सं. २०४६ सालको राजनैतिक परिवर्तनपश्चात् नेपाली जनताले परिवर्तनको महत्त्वाकाङ्क्षा राखे पनि देशको स्थिति झनझन बिग्रदो स्थितिमा पुग्यो । २०५० को दशकको उत्तरार्द्धतिर राजनीतिक अव्यवस्थाले भित्र्याएको वितृष्णा, नैराश्य, सङ्गतिहीनता, राजनेताहरूको असक्षमता, प्रजातन्त्रको अनावश्यक उपहास, हत्या, हिंसा, आतङ्क, प्रतिगमन, क्रान्ति, लोकतान्त्रिक आन्दोलन आदिबाट निस्केको परिणतिको विकास नै *वार्ता* नामक कविताबाट प्रकट भएको छ । जति नै रक्तपातपूर्ण आन्दोलन भइरहे पनि अन्ततः वार्ताबाटै सबै राजनैतिक समाधान निस्कन्छ भन्ने विश्वास रहेका कवि शङ्कर सुवेदीले गोला र बारुदसँग मान्छेको रगत मुछेर होली खेलेको पटक्कै रुचाएका छैनन् र आफ्नो मनोभिलाषा कविताबाट यसरी प्रकट गरेका छन् –

पड्के सबैतिर सधैँ अझ चल्छ गोली
भो छाड यो रगतको कति खेल्नु होली ?

– *वार्ता*, पृ. ५६

कवि समयको संवाहक र युगीन चेतनाको उद्घोषक पनि हो ।[३७] कविको ब्रह्मशास्त्र नै अक्षरशास्त्र हो । यही अक्षरशास्त्रले नै कविले दिग्विजय गर्दछ ।[३८] कवि शङ्कर सुवेदीमा मानववादी युगीन चेतनाको तीव्र प्रवाह छ । विडम्बना ! मानवीय मूल्य जति घट्दो अवस्थामा छ उति नै स्वार्थी प्रवृत्तिका साथ कुत्सित मनोवृत्ति चुलिँदो छ । यसै सन्दर्भमा मानवसमुदायलाई मानवताप्रति संवेदनशील हुन र युद्धविरोधी मनोभावना परित्याग गर्न हार्दिक आग्रह समेत गरेका छन् । घरपरिवार, छरछिमेकीका साथै जन्मस्थान र मानवकल्याणप्रति उन्मुख हुन कविको आग्रह-अनुरोध यसरी अभिव्यक्तिएको छ –

के हो पर्व दशैँ, तिहार कुन के एकै भयो झन् गति
केले हुन्छ रमाइलो मन हरे ! बित्ने भयो जिन्दगी
खै के गर्नु म छक्क पर्छु अहिले ठूलो पदैमा गई
गारो भो अति धान्न जीवन यहाँ चिन्ता छ यौटै यही

– *चिन्ता छ एउटै यही*, पृ. ४६

---

३७ दयाराम श्रेष्ठ, **वीरकालीन कविता**, (ललितपुर : साझा प्रकाशन, २०३५), पृ. १४५ ।
३८ ऐजन ।

वैयक्तिक राग अनुराग र प्रणयजन्य मनोभावना प्रकटीकरण गर्ने तीव्र संवेदनात्मक अनुभूति भएका कवि सुवेदीलाई नवस्वच्छन्दवादी शृङ्गारिक तथा छन्दवादी कविका रूपमा **चाँदनी** कवितासङ्ग्रहले उभ्याएको छ । प्रवृत्ति चेतना, काव्यिक चेतना, प्रणयपरक चेतनाका साथै शिष्ट, सौम्य र शालीन शृङ्गारबिम्बमा खारिँदै आशावादी जीवनदृष्टिप्रति अभिव्यञ्जित कविताको एउटा छनक यस प्रकार रहेको छ –

तिमी मात्रै यौटी चयन मनकी छ्यौ प्रियतमा
मलाई देख्नै छ्यौ प्रणय सुखको सत्य सपना
सधैँ तिम्रै मात्रै मधुरम कथा लाग्छ पढुँझैँ
सधैँ तिम्रै तिम्रै किन निकटमा लाग्छ बसुँझैँ

– *परिचय*, पृ. ८७

कवि शङ्कर सुवेदीको दिनानुदिन कवितात्मक अभिव्यक्ति, कलात्मक, हृदयसंवेद्य र रमणीय बन्दै आएको छ । पहिलो कवितासङ्ग्रह २०५९ मा नआएको बिम्ब प्रयोगको उत्कृष्टता र भाषिक शुद्धता दोस्रो कवितासङ्ग्रह **भावनाको उद्‌गार** (२०५९) मा जति आएको छ त्योभन्दा बेसी यो तेस्रो कृतिमा आएको छ । कविमा प्रशस्त साहित्यिक रुचि देखिएकोले भविष्यमा अझ स्तरीय काव्यको आशा गर्न सकिन्छ ।

### ४.२.३.४ छन्द/लयविधान

प्रस्तुत कवितासङ्ग्रहमा कवि शङ्कर सुवेदीले शार्दूलविक्रीडित लय प्रयोग गरेका छन् । त्यसैगरी शिखरिणी लयमा बाँधिएका कविताहरू पनि धेरै नै छन् । समग्रमा श्लोकको लयमा र लोकलयका कविता प्रस्तुत सङ्ग्रहमा पाइन्छ ।

प्रस्तुत सङ्ग्रहमा कवि सुवेदीको केही शीर्षकहरूमा वर्णमात्रिक परिवारका शार्दूलविक्रीडित र शिखरिणी छन्द प्रयोग गरेका छन् । यी छन्दहरूको प्रयोग तल प्रस्तुत गरिन्छ –

**(क) शार्दूलविक्रीडित छन्द**

साँच्चै नै मन यो त्यसै किन तिमी चोरेर लान्छ्यो कति

| म | स | ज | स | त | त | गु | गण |
|---|---|---|---|---|---|---|---|
| ऽऽऽ | ।।ऽ | ।ऽ। | ।।ऽ | ऽऽ। | ऽऽ। | ऽ | सङ्केत |

बाँध्नै सक्तिन हुन्छ झन् छटपटी रोकिन्न यसको गति

| म | स | ज | स | त | त | गु | गण |
|---|---|---|---|---|---|---|---|
| ऽऽऽ | ।।ऽ | ।ऽ। | ।।ऽ | ऽऽ। | ऽऽ। | ऽ | सङ्केत |

पढ्दै जान्छु किताबका हरफमा त्यो बिम्ब तिम्रै छ नि

| म | स | ज | स | त | त | गु | गण |
|---|---|---|---|---|---|---|---|
| ऽऽऽ | ।।ऽ | ।ऽ। | ।।ऽ | ऽऽ। | ऽऽ। | ऽ | सङ्केत |

भुल्नै खोज्छु भनि म लेख्छु कविता तिम्रै कथा बन्छ नि

| म | स | ज | स | त | त | गु | गण |
|---|---|---|---|---|---|---|---|
| ऽऽऽ | ।।ऽ | ।ऽ। | ।।ऽ | ऽऽ। | ऽऽ। | ऽ | सङ्केत |

**(ख) शिखरिणी**

यस छन्दमा चार पाउको एक चरण हुन्छ र चारै पाउमा बराबर अक्षर रहन्छन् । छ, छ अक्षरमा विश्राम हुन्छ ।[३९]

दयामाया तिम्रा सकस बनी पीडा दिनु किन ?

| य | म | न | स | भ | ल | गु | गण |
|---|---|---|---|---|---|---|---|
| ।ऽऽ | ऽऽऽ | ।।। | ।।ऽ | ऽऽ। | । | ऽ | सङ्केत |

मलाई माफी द्यौ प्रणयरसको कौतुल लिन

| य | म | न | स | भ | ल | गु | गण |
|---|---|---|---|---|---|---|---|
| ।ऽऽ | ऽऽऽ | ।।। | ।।ऽ | ऽऽ। | । | ऽ | सङ्केत |

निराशाको ढोका फगत पहरा कत्ति कुरुँ म

| य | म | न | स | भ | ल | गु | गण |
|---|---|---|---|---|---|---|---|
| ।ऽऽ | ऽऽऽ | ।।। | ।।ऽ | ऽऽ। | । | ऽ | सङ्केत |

नमीठो ज्वाला यो भनन कसरी शान्त गरुँ म ?

| य | म | न | स | भ | ल | गु | गण |
|---|---|---|---|---|---|---|---|
| ।ऽऽ | ऽऽऽ | ।।। | ।।ऽ | ऽऽ। | । | ऽ | सङ्केत |

## ४.२.३.५ चाँदनीमा छन्द, रस र अलङ्कारको स्थिति

छन्द, रस र अलङ्कार कविताका महत्त्वपूर्ण तत्त्वहरू हुन् । कविता भन्नेबित्तिकै यो तीनको उचित संयोजन हुनु आवश्यक छ । छन्दको प्रयोगलाई स्वाभाविक बनाउन र कविताका माध्यमबाट

---

३९ कृष्णप्रसाद पराजुली, **राम्रो रचना मीठो नेपाली**, एक्काइसौं संस्क., (काठमाडौं : सहयोगी प्रेस, २०५५), पृ. ९२ ।

सौन्दर्यको कुनै रचना कविता नभएर अरू नै बन्ने सम्भावना रहन्छ । छन्द भन्नु लयसंयोजनको संयन्त्र हो भने रस भन्नु अभिव्यक्तिको पठन वा श्रवणपछि उत्पन्न हुने भावसञ्चार हो । अलङ्कार सौन्दर्य प्राप्तिको आवरण हो । जसरी एउटी महिला विभिन्न गहना आभूषण पहिरिएपछि सुन्दरी देखिन्छे, कविता पनि अलङ्कारको प्रयोगले सुन्दर देखिन्छ । अलङ्कार आन्तरिक र बाह्य दुवै खालको हुन्छ । कविताका माध्यमबाट लयसंयोजन, भावसञ्चार र सौन्दर्य प्राप्तिका निम्ति छन्द, रस र अलङ्कारको जरुरत पर्दछ । यी तीन पक्षले विषयवस्तुको प्रस्तुतीकरणमा ठूलो प्रभाव पर्दछ । विषयवस्तुको तालमेल अनुरूप छन्द, रस र अलङ्कारको प्रयोग भयो भने मात्र कविता सर्वसंवेद्य हुन्छ । चाँदनी कवितासङ्ग्रहमा शार्दूलविक्रीडित, मन्दाक्रान्ता, शिखरिणी, अनुष्टुप्, पञ्चचामर, उपेन्द्रवज्रा, इन्द्रवज्रा आदिलगायतका छन्दहरूको प्रयोग छ । शार्दूलविक्रीडित छन्दको प्रयोग भएका कविताका शीर्षकहरू *समय, आरोप, समाचार, फर्केर आऊ तिमी र मुटु* शार्दूलका सात टुक्रा, *मनको व्यथा, पागल, शार्दूलविक्रीडित* आदिलगायतका ३५ ओटा कविताहरू छन् । शिखरिणी छन्दले कविताका शीर्षकहरू *त्यही लाऊ माया, श्राप नदिनु, नासो, परिचय, प्रियतमा, सुप्रिया, घायल, आफ्नो भइछौ, रक्षक, फगत, सपना*लगायतका १० को सङ्ख्यामा रहेको छ । त्यस्तैगरी *विदाइ, राजधानी, किन दुख्छ झनझन, फूल, प्रितदाता, दैनिकी र दिलचोर* उपजाति छन्दमा, *अनुराग, केबुलकार मित्रहरू अनि म, रात, हे कृष्ण ! उपहार, अठोट र थाह छैन* इन्द्रवज्रा छन्दमा, *चाँदनी, वार्ता, मन भन्न के के र आत्माविश्वास* वसन्ततिलका छन्दमा, *नौलो बिहानी, कल्पनानन्द, आऊ झट्टै पवन गतिमा, म को हुँ ? भ्रम* मन्दक्रान्ता छन्दमा आबद्ध कविताका शीर्षक हुन् । पञ्चचामर, उपेन्द्रवज्रा, अनुष्टुप् र इन्द्रवज्रा छन्दका पनि एकएक कवितासङ्ग्रहमा रहेका छन् । छन्द प्रयोगमा स्वाभाविकता प्रशस्त भेटिन्छ । विषयवस्तु अनुकूलको छन्दको प्रयोग हुनाले छन्द र विषयवस्तुमा तालमेलको स्थिति राम्रो छ । विषयवस्तुले मागेको छन्द प्रयोग भयो भने मात्र कविता स्वादिष्ट बन्दछ । यस्ता एक दुई श्लोकको प्रयोग यसरी प्रस्तुत गर्न सकिन्छ –

सामर्थ्य मेरो अब कत्ति छैन
न शान्ति पाएँ न त मिल्छ चैन
भागेर जाऊँ न त भाग्न सक्छु
सीमा अनेकौं न त नाघ्न सक्छु

– *किन दुख्छ झनझन*, पृ. २५

यो भन्दा पहिले थिएन यसरी हाम्रो चिनारी कतै
नौलो भेट भयो मनै अडिगयो औधी रमायो यतै
बाँड्नै पर्छ भनेर झट्ट यसरी कस्ले सिकायो भन
आफ्नो नै मनले दियौ कि अथवा संयोग नै हो भन

– *धन्यवाद*, पृ. ६७

प्रस्तुत संङ्ग्रहमा करुण, शान्त, वीरलगायतका रसको प्रयोग समेत प्रयोग भएको भए तापनि शृङ्गार नै मूल रस बनेको छ । जहाँ प्रेम विषयवस्तुका रूपमा रहन्छ त्यहाँ शृङ्गार रसको बाहुल्यता हुनु स्वाभाविकै मानिन्छ । यहाँ संयोग र वियोग दुवै शृङ्गारको प्रयोग छ । शृङ्गारको तात्पर्य प्रीति मात्र नभएर सौन्दर्य प्राप्ति पनि हो । युवती वा पुरुषको शारीरिक स्थितिको वर्णन गर्नु, संयोगको आशा गर्नु, वियोगमा तड्पिनु तथा नाजुक स्थितिप्रति करुणा दर्शाउनु इत्यादिमा शृङ्गार रस प्रकट हुन्छ ।

### ४.२.३.६ सारांश

समग्रमा कवि शङ्कर सुवेदीको **चाँदनी** कवितासङ्ग्रह उच्च मध्यमस्तरको कृति बनेको छ । नेपाली कविताको इतिहासमा छन्दोबद्ध कविता लेखनमा यस कृतिलाई एउटा उदाहरणीय कृतिको रूपमा लिन सकिन्छ । विविध छन्दको स्वाभाविक प्रयोग, वीरतापूर्ण देशभक्ति, सौन्दर्यको प्राप्ति, शृङ्गारिकताको बाहुल्य, प्रेम, प्रीति र प्रणयको स्वाभाविक प्रयोग, भाषिक सरलता, अनुभूतिजन्य अभिव्यक्ति, प्रकृतिचित्रण, मानवतावादजस्ता विशेषता यस कृतिको समग्रतामा भेटाउन सकिन्छ । निपात र ऐवारयुक्त पदको प्रयोग क्रमशः घटाउने र अलङ्कारको प्रयोगमा विशेष ध्यान दिने काम कवि शङ्कर सुवेदीबाट भयो भने भविष्यमा निस्कने कृति योभन्दा स्तरीय हुनेमा कुनै सन्देह छैन । अघिल्ला र यो कृतिमा समेत शृङ्गारिक भाव बोकेका कविताको भावसञ्चार भएको पाइएकोले अब कवि शङ्कर सुवेदीले शृङ्गारिक भावधाराका कविता लेखनमा केही कमी ल्याउनु आवश्यक छ । आजको समयमा कविताको विषयवस्तु हरेक क्षेत्रबाट लिन सकिन्छ । त्यसप्रति कवि सचेत हुनुपर्छ । मोतीराम भट्टकालीन शृङ्गारिक कविता प्रवृत्तिलाई शृङ्गारिक कविता प्रयोक्ताका रूपमा कवि शङ्कर सुवेदीको योगदान समग्र राष्ट्रकै निम्ति महत्त्वपूर्ण छ ।

**आमा**, **भावनाको उद्गार** कवितासङ्ग्रहजस्तै कवि सुवेदीको यो सङ्ग्रहमा पनि विविध छन्दको प्रयोग छ । छन्दप्रतिको मोहले कविलाई पच्छ्याएको छ । छन्दोनुरागी पाठकहरूले यिनका कविताका माध्यमबाट छन्दको रसास्वादन गर्न पाएका छन् । यस कृतिमा पनि कवि शङ्कर सुवेदीको अघिका कृतिहरूमा झैँ प्रेम, प्रीति र प्रणयको भाव वर्षात्को मूल फुटेझैँ फुटेर आएको छ । कतै निराशा, कुण्ठा, प्राप्तिजस्ता अनुभूतिलाई अभिव्यञ्जित गरिएको छ । कहीँ प्रगाढ मिलनका अभिलाषामा प्रयासरत प्रतीक्षामा निमग्न रहेको छ । नेपाली नारीले दैनिक जीवनमा भोग्नुपरेका नियति, पुरुषकेन्द्रित समाजमा फैलिएको नारीप्रतिको विसङ्गतिजन्य संस्कार र संस्कृति, नारीविना पुरुषको औचित्यहीनता, नारीकै प्रभाव र प्रेरणाबाट मानवीय जीवनको सार्थकता जस्ता कविका नारीवादी चेतनाले कवितासङ्ग्रहलाई अझ माथि शिखरमा पुर्‍याउने काम गरेको छ । यीबाहेक प्रकृतिचित्रण, देशभक्तिको भावना, हत्या, हिंसा, छलकपट, अराजकता, अशान्ति, बन्द, चक्काजाम, अवाञ्छित क्रियाकलाप, सङ्गतिहीनता, राजनेताहरूको असक्षमता, प्रजातन्त्रको अनावश्यक उपहास आदि विषयलाई पनि कवि शङ्कर सुवेदीले प्रस्तुत कवितासङ्ग्रहमा टड्कारो रूपमा उठाएका छन् ।

अन्त्यमा कविता काव्य सृजनधर्मितालाई आस्था र निष्ठाका साथ अरू तीव्र बनाउँदै कला, साहित्य र संस्कृतिको जगेर्ना गर्दै अझ परिष्कृत काव्य चिन्तनलाई फराकिलो बनाउँदै जीवनपथमा लाग्नुपर्ने देखिन्छ ।

## ४.३ निष्कर्ष

नेपाली कविता साहित्यको इतिहासमा कवि शङ्कर सुवेदीले आफ्नो कविताको मध्यमबाट युगीन विश्व परिवेशलाई चिनाउने काम गरेका छन् । नेपाली साहित्यमा वर्तमान समयमा छन्दोबद्ध कविताले ह्रासोन्मुख अवस्थामा अगाडि बढ्दा कवि सुवेदीले सबै कवितासङ्ग्रह छन्दोबद्ध शैलीमा लेखेर एउटा उदाहरणीय कार्य गरेका छन् । कविले वि.सं. २०५९ सालमा **आमा** कविता प्रकाशित गरेका थिए । उक्त कवितासङ्ग्रहमा सङ्गृहीत सबै कविताले सबै पाठकको मन छुन सफल भएको थियो । त्यस्तै वि.सं. २०६१ सालमा **भावनाको उद्‌गार** कवितासङ्ग्रह प्रकाशित भएपछि झन् नेपाली कविता क्षेत्रमा एउटा नौलो आयाम थपिने काम भएको छ । राष्ट्रसेवाको क्रममा देशको धेरै ठाउँमा घुम्ने अवसर प्राप्त गरेका कवि शङ्कर सुवेदीले आफ्ना कविताहरूमा यिनै कुराहरू प्रस्तुत गर्ने गरेको पाइन्छ । कवि शङ्कर सुवेदीको अन्तिम प्रकाशित कृति **चाँदनी** कवितासङ्ग्रह हो यो कवितासङ्ग्रहमा कविको ७१ ओटा कविताहरू सङ्गृहीत छन् । जुन कविताहरूले नेपाली परिवेश, संस्कृति, युवावर्गमा बढ्दै गएको उत्तरआधुनिकतावादी प्रवृत्ति, प्रकृतिचित्रण, प्रेम, प्रणय र प्रीति आदि विषयहरूलाई उजिल्याउने काम गरेको पाइन्छ ।

कवि शङ्कर सुवेदीले आफू १३ वर्षको उमेरमै *मेरो कलम* शीर्षकको कविता लेखेर कविता साहित्यप्रति आकर्षित भएको देखिन्छ । उनको कविताको चरणगत अध्ययन गर्दा वि.सं. २०३२–२०५५ प्रथम चरण, वि.सं. २०५६–२०६१ दोस्रो चरण र वि.सं. २०६२ देखि हालसम्मको समयलाई कवि शङ्कर सुवेदीको तेस्रो चरणको रूपमा अध्ययन गरिएको छ । कवि शङ्कर सुवेदीले वि.सं. २०५९ सालमा आएपछि मात्र पहिलो **आमा** कवितासङ्ग्रह प्रकाशित गरेका हुन् । यो कवितासङ्ग्रहको प्रकाशन सरस्वती छापाखाना, धादिङबेसीबाट भएको हो । वि.सं. २०५२/५३ तिरबाटै औपचारिक रूपमा लेखनकार्यमा लागेका कवि शङ्कर सुवेदीले वि.सं. २०५९ सालमा मात्र प्रकाशित गर्न पुग्छन् । **आमा** कवितासङ्ग्रहमा बटुलिएका चालीसओटा विभिन्न शीर्षकमा सृजित कविताहरू वाङ्मयिक उपहारस्वरूप प्रस्तुत गरिएका छन् । पन्ध्रओटा छन्दको प्रयोग गरी लेखिएको यो कृति कविको बहुछन्द प्रयोगको कृति पनि हो । *मेरी छोरी, मनकी रानी, तिमीप्रति* कविताहरू निकै भावपूर्ण पनि छन् । *असार, वसन्त महिमा, शरद, ऋतुराज* र *हिमाल* कविताले कविको प्रकृतिप्रेम दर्साएको छ । *कल्पनाकी रानी* र *गाजलु नयन*ले शृङ्गारिक भाव झल्काएको छ । *समानता* निकै उच्चस्तरको कविता बनेको छ ।

नेपाल सरकारको निजामती कर्मचारीको उच्च पदमा रहेर पनि साहित्य साधनामा तल्लिन रहेका कवि शङ्कर सुवेदीको दोस्रो कृति **भावनाको उद्‌गार** वि.सं. २०६१ सालमा पुष्पाञ्जली

छापाखाना, धादिङबाट प्रकाशित हुन पुग्नु नेपाली कविता साहित्यमा एउटा नौलो आयाम नै हुन पुगेको छ । यस कवितासङ्ग्रहमा चालीसओटा कविता सङ्गृहीत छन् र बाह्र ओटा विभिन्न छन्दमा चिएका छन् । शार्दूलविक्रीडित छन्दमा एक्काईसओटा, वसन्ततिलका, मन्दक्रान्ता, उपजाति, अनुष्टुप् र गीति छन्दमा दुई/दुईओटा कविताहरू पर्दछन् । पञ्चचामर, मालिनी, मत्ता, इन्द्रवज्रा र तोटकमा एक/एकओटा कविताहरू पर्दछन् । शिखरिणी छन्दमा तीनओटा कविता रचिएका छन् । कवितासङ्ग्रह नेपाली साहित्यकै एउटा प्राप्ति बनेको छ । नेपाली संस्कृति, धर्म, रीतिरिवाज, परम्परा, संस्कृति, सामाजिक व्यवस्था, विसङ्गति, व्यङ्ग्यविद्रोह, नारीवादी, चेतनामयी, रतिरागात्मक उद्‌बोधन, राष्ट्रभक्ति, प्रेमाभिव्यक्ति, मानवीय जीवनको सत्यता प्रकृतिप्रेम, शान्तिकामी आदिजस्ता भावहरू छताछुल्ल पोखिएको पाइन्छ । हाम्रो धर्म-संस्कृति विश्वमै अतुलनीय छ र यसले हाम्रो शिर ठाडो पार्ने काम गरेको छ भन्ने भाव पनि प्रस्तुत कृतिमा पोखेको पाइन्छ । अन्त्यमा नेपाली साहित्यको फाँटमा सुगन्धित पुष्पका रूपमा यस सङ्ग्रहलाई मूल्याङ्कन गर्न सकिन्छ ।

नेपाली कविताको इतिहासमा छन्दकविता लेखेर देखापरेका कवि शङ्कर सुवेदी छन्द प्रयोगका दृष्टिले सफल कवि मानिन्छ । औपचारिक रूपमा वि.सं. २०५९ देखि कृतिको प्रकाशन गर्न पुगेका शङ्कर सुवेदीको तेस्रो कृति **चाँदनी** वि.सं.२०६४ मा पल्लव साहित्य प्रतिष्ठानद्वारा प्रकाशन हुन पुग्छ । आकारगत दृष्टिले पहिलो र दोस्रो कृतिभन्दा अलि ठूलो यस कृतिमा कविका एकहत्तरओटा कविताहरू सङ्गृहीत छन् । यो कवितासङ्ग्रहमा शार्दूलविक्रीडित, शिखरिणी, उपजाति, वसन्ततिलका, मन्दाक्रान्ता, इन्द्रवज्रा, उपेन्द्रवज्रा, अनुष्टुप्, पञ्चचामरलगायतका छन्द प्रयोग भएका छन् । शार्दूलविक्रीडित छन्द प्रयोग भएका कविताहरूमा *समय, आरोप, समाचार, फर्केर आऊ तिमी, मन्दाकिनी, मान्छे, साम्राज्य, अर्धाङ्गिनी, तिमी र मुटु, शार्दूलका सात टुक्रा, मनका व्यथा, पागल, शार्दूलविक्रीडित, हुलाकी, घरझगडा, माटो, मन, चिठी, सामीप्य, पश्चात्ताप, भैगो भो, आँखा, किन, मेरो देश, सौता नयाँ ल्याउँ कि, तिम्रो म को नै हुँ र ?, साधिका, अनुपमा, धन्यवाद, खोजेर भेटिन्न* रेलगायत पैत्तीसको सङ्ख्यामा रहेका छन् । शिखरिणी छन्दले दोस्रो स्थान पाएको छ । शिखरिणी छन्दका कविताका शीर्षकहरूमा *त्यही लाऊ माया, श्राप नदिनु, नासो, परिचय, प्रियतमा* आदिलगायत दसको सङ्ख्यामा रहेको छ । त्यस्तैगरी *बिदाई, राजधानी, किन दुःख झन्झन्, फूल, प्रीतदाता, दैनिकी* र *दिलचोर* उपजाति छन्दमा *अनुराग, केबुलकार मित्रहरू अनि म, रात, हे कृष्ण ! उपहार, अठोट* र *थाहा छैन* इन्द्रवज्रा छन्दमा, *चाँदनी, वार्ता, मन भन्छ के-के* र *आत्मविश्वास* वसन्ततिलका छन्दमा, *नौलो बिहानी, कल्पनान्द, आऊ झट्टै पवन गतिमा, म को हुँ र, भ्रम* मन्दाक्रान्ता आबद्ध कविताका शीर्षक हुन् । पञ्चचामर, उपेन्द्रवज्रा, अनुष्टुप् र इन्द्रवज्रा छन्दमा पनि एक-एक कविता सङ्ग्रहमा रहेका छन् । छन्द प्रयोगमा प्रशस्त स्वाभाविकता भेटिन्छ । विषयवस्तु अनुकूलको छन्दको प्रयोग हुनाले छन्द र विषयवस्तुमा तालमेलको स्थिति छ ।

# पाँचौं परिच्छेद
# उपसंहार

## ५.१ निष्कर्ष

**कवि शङ्कर सुवेदीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षक रहेको प्रस्तुत शोधपत्रलाई जम्मा पाँच परिच्छेद र अन्त्यमा एक परिशिष्टमा विभाजन गरिएको छ ।

पहिलो परिच्छेदको शीर्षक *शोधपरिचय* राखिएको छ । यसमा विषयप्रवेश, शोधशीर्षक, शोधपत्रको प्रयोजन, समस्याकथन, शोधको उद्देश्य, पूर्वकार्यको विवरण र समीक्षा, अध्ययनको औचित्य र महत्त्व, प्राक्कल्पना, शोधपत्रको सीमाङ्कन, सामग्रीसङ्कलन विधि, शोधविधि, शोधपत्रको रूपरेखा आदिको बारेमा प्रस्तुत गरिएको छ ।

दोस्रो परिच्छेदको शीर्षक *कवि शङ्कर सुवेदीको जीवनी परिचय* रहेको छ । यसभित्र विषयप्रवेश, वंशपरम्परा र जन्म, जन्म र जन्मस्थान, बाल्यकालीन स्वभाव, उपनयन संस्कार र शिक्षादीक्षा, पारिवारिक पृष्ठभूमि, पुर्ख्यौली र परिवारवृत्त, पारिवारिक पृष्ठभूमि, विवाह र सन्तान, आर्थिक अवस्था, बसाइँसराई, बसोबास र आजीविका, कार्यक्षेत्रमा प्रवेश, जागिरे जीवन, गाउँ र प्रवासमा गरेका कार्यहरू, मानव अधिकार, बौद्धिक तथा सामाजिक सङ्घसंस्थाप्रति आबद्धता, साहित्यिक एवम् पत्रकारिता क्षेत्रमा संलग्नता, जीवनका अविस्मरणीय घटना, भ्रमण, रुचि, जीवनचर्या, राजनैतिक आस्था, पुरस्कार र सम्मान, जीवनदर्शन गरी विभिन्न शीर्षकमा विश्लेषण गरिएको छ ।

तेस्रो परिच्छेदमा *कवि शङ्कर सुवेदीको व्यक्तित्व* शीर्षक राखिएको छ । यसमा विषयप्रवेश, व्यक्तित्वका विभिन्न पाटाहरू, बाह्यव्यक्तित्व, आन्तरिक व्यक्तित्व, आन्तरिक व्यक्तित्वका विभिन्न पाटाहरू, साहित्यिक व्यक्तित्व, स्रष्टा व्यक्तित्व, कवि व्यक्तित्व, द्रष्टा व्यक्तित्व, सम्पादक/पत्रकार व्यक्तित्व, साहित्येतर व्यक्तित्वअन्तर्गत सामाजिक व्यक्तित्व र कर्मचारी व्यक्तित्वको शीर्षक राखी सामान्य विश्लेषण गर्ने काम गरिएको छ ।

चौथो परिच्छेदको शीर्षक *कवि शङ्कर सुवेदीको लेखन यात्रा र पुस्तकाकार कृतिहरूको अध्ययन* रहेको छ । यो परिच्छेद नै यस शोधपत्रको मुख्य परिच्छेद हो । यही शीर्षकले नै यस शोधपत्रलाई मुख्य भूमिका निभाउन आउने भएकोले यस शीर्षकलाई विशेष महत्त्वका साथ हेरिएको छ । यस परिच्छेदमा कविको विषयप्रवेशबाट सुरु भई कविका कृतिहरूलाई चरण विभाजन गरी प्रत्येक चरणको विश्लेषण गर्ने काम गरिएको छ । कविको लेखन यात्राको अध्ययन गर्दा आफू १३ वर्षको उमेर हुँदा पञ्चकन्या प्रा.वि.मा अध्ययन गर्दा *मेरो कलम* शीर्षकको कविता उक्त विदालयको साहित्यिक मुखपत्र **पञ्चकन्या**मा प्रकाशित भएको समयलाई आधार मान्दा त्यही २०३२ सालदेखि २०५५ साललाई प्रथम चरण, वि.सं. २०५६ देखि **आमा** कवितासङ्ग्रह र **भावनाको उद्गार** प्रकाशित भएको मिति २०६१ सालसम्मलाई दोस्रो चरणमा राखी अध्ययन गरिएको छ । वि.सं. २०६२ सालदेखि हालसम्मको समयावधिलाई कविको तेस्रो चरणमा राखी अध्ययन गरिएको छ । तीनओटै कवितासङ्ग्रहमा गरी जम्मा १५० ओटा कविताको अध्ययन गरिएको छ । शार्दूलविक्रीडित, शिखरिणी, मन्दाक्रान्ता, अनुष्टुप्, पञ्चचामर आदि विविध छन्दको प्रयोग गरी लेखिएको ती कविताहरूमा मुख्यत: शार्दूलविक्रीडित छन्दकै बाहुल्यता रहेको छ । *मनकामना, आमा, मेरी छोरी, राजधानी, समानता, समय, टि.भी.*जस्ता कविताहरू **आमा** कवितासङ्ग्रहमा सङ्गृहीत छन् भने *हे कृष्ण !, त्यो ज्योति नै चम्कँदा, धादिङ, मोतीराम भट्ट, मेरो यहाँ को छ र ?, कर्णाली, गुराँस* आदि जस्ता कविताहरू **भावनाको उद्गार** कवितासङ्ग्रहमा सङ्गृहीत छन् । **चाँदनी** कवितासङ्ग्रहमा *शहीद, शार्दूलविक्रीडित, रक्षक, गल्ति मबाटै भयो, बिदाई, किन दुख्छ झन्झन्* आदिजस्ता ७१ ओटा कवितारू सङ्कलित छन् । कविका यी सबै कविताहरूले मूलत: प्रेम, प्रीति र प्रणयकै भाव बोकेको छ । यीबाहेक कविताहरू सामाजिक विकृति-विसङ्गति, व्यङ्ग्यात्मकता, सामाजिक समस्याको केन्द्रीयतामा घुमेको छ । सामाजिक जटिलता, अस्तव्यस्तता, द्वन्द्वात्मक स्थितिलाई उद्घाटन गर्ने क्रममा समाज-संस्कृति, असमान व्यवहार, विकृत पक्ष, बेरोजगारी जीवन, प्रकृतिचित्रण आदि कवितामा देखाउने काम गरेका छन् । आजका मानिसमा हराउँदै गएको मानवताको ह्रास, सामाजिक मूल्य-मान्यता, रहनसहन, रीतिरिवाज, परम्परा, लोकसंस्कृति आदिमा आजका युवावर्गले देखाएको व्यवहारलाई कविले ती कविताको माध्यमबाट देखाउने काम गरेका छन् ।

कवि शङ्कर सुवेदीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययनको यस शोधमा पहिलो परिच्छेदमा शोधको शीर्षक, शोधको प्रयोजन, समस्याकथन, शोधको उद्देश्य, पूर्वकार्यको विवरण र समीक्षा, अध्ययनको औचित्य र महत्त्व, प्राक्कल्पना, शोधपत्रको सीमाङ्कन, सामग्रीसङ्कलन विधि, शोधविधि, शोधपत्रको रूपरेखा राखिएको छ भने दोस्रो परिच्छेदमा कविको जीवनी, पारिवारिक पृष्ठभूमिका साथै उहाँको शिक्षादीक्षा, आर्थिक अवस्था, कार्यक्षेत्रमा प्रवेश आदिको अध्ययन गरिएको छ । तेस्रो परिच्छेदमा कवि शङ्कर सुवेदीको व्यक्तित्व पक्षका

विविध पक्षलाई केलाउने प्रयास गरिएको छ । चौथो परिच्छेदमा कविले मिति २०३२ सालदेखि लेखनयात्राको प्रारम्भ गरेदेखि **आमा**, **भावनाको उद्गार** र **चाँदनी** तीनओटै कृतिको छुट्टाछुट्टै अध्ययन-विश्लेषण गर्ने काम गरिएको छ । अन्त्यमा पाँचौं परिच्छेदमा हालसम्मका सम्पूर्ण भए गरेका कुराहरूलाई निष्कर्ष र समग्र निष्कर्षमा समेटिएको छ ।

## ५.२ समग्र निष्कर्ष

प्रस्तुत शोधपत्रको शीर्षक **कवि शङ्कर सुवेदीको जीवनी, व्यक्तित्व  कृतित्वको अध्ययन** रहेको छ । जसमा शोधशीर्षक, शोधप्रयोजन, विषयपरिचय, शोधसमस्या, शोधकार्यका उद्देश्यहरू, पूर्वकार्यको विवरण र समीक्षा, शोधकार्यको औचित्य र महत्त्व, शोधपत्रको सीमाङ्कन, सामग्रीसङ्कलन विधि, शोधविधि, शोधपत्रको रूपरेखा रहेको छ । वि.सं. २०१९ साल असोज ९ गते धादिङको पिँडा-३, राम्चे गाउँमा जन्मी २०२४ सालमा जयमङ्गला, चितवनमा आएपछि पञ्चकन्या प्रा.वि.बाट औपचारिक शिक्षा हासिल गर्नुभएका कवि शङ्कर सुवेदी हाल उच्चशिक्षा पूरा गरी नेपाल सरकारको उच्च ओहदामा रही राष्ट्रसेवाको कार्यमा जुटिरहनु भएको छ । हेर्दैमा आकर्षक अनुहार, जिउडाल र बोलीवचनले प्रभाव पार्नसक्ने कवि सुवेदीको भौतिक व्यक्तित्व हुन् । मिति २०३२ देखि कविता लेख्न सुरु गर्नुभएको कवि शङ्कर सुवेदीको **आमा** (२०५९), **भावनाको उद्गार** (२०६१) र **चाँदनी** (२०६४) कवितासङ्ग्रहहरू प्रकाशित छन् । पछिल्लो चरणमा आइपुग्दा कविले अप्रकाशित केही फुटकर कविताहरू सृजना गरिसक्नु भएको छ । यिनका कविताहरू मूलतः प्रेम, प्रीति र प्रणयकै सेरोफेरोमा घुमेको पाइन्छ तापनि सामाजिक विकृति, विसङ्गति, अन्धविश्वास, रुढीवादी परम्परा, प्रकृतिचित्रण, मानवतावादी दृष्टि आदि विविध कुराहरूको माध्यमबाट समाजलाई डोऱ्याउन चाहेका छन् । आधुनिक विश्वमा आएको नवीन प्रयोग प्रविधिले ल्याएको विषयवस्तुसँग पनि उहाँका कविताहरू केन्द्रित छन् । इन्द्रवज्रा, शार्दूलविक्रीडित, उपेन्द्रवज्रा, शिखरिणी, वसन्ततिलका, उपजाति आदि विविध छन्दमा लेखिएका उनका कविताहरू उच्चस्तरकै मानिएको छ । आजको युगीन विश्वबोधलाई मार्ग देखाउन सक्षम उनका कविता नेपाली साहित्य इतिहासमा उज्ज्वल नक्षत्रको रूपमा रहने कुरामा दुईमत छैन ।

कवि शङ्कर सुवेदीको ३ ओटै कृतिमा केन्द्रीय कथ्यका रूपमा प्रेम, प्रीति र प्रणयकै विषयवस्तु भेटिन्छ । मानवजीवनको लागि प्रेम कति आवश्यक छ, प्रेमविना जीवन कति निरस र शून्य हुन्छ । प्रेम व्यापक वस्तु हो । कवि शैक्षिक योग्यताका दृष्टिले साहित्यका विद्यार्थी नहुँदानहुँदै पनि यति सुन्दर कविताहरू ती पनि पूर्ण छन्दको मर्यादाभित्र रही सिर्जना गर्न सक्ने कवि विरलै भेटिन्छ । इच्छा न हो मानिसमा दृढ इच्छाशक्ति भयो भने कुनै पनि कुरामा सफल हुनसक्छ यही भएको छ कवि शङ्कर सुवेदीको जीवनमा पनि ।

समग्रमा कवि शङ्कर सुवेदीका कृतित्वमाथि गहन अध्ययन-विश्लेषण गर्दा कविको कवितात्मक अभिव्यक्तिमा विविध भाषाशैलीगत वैशिष्ट्य, विषयकेन्द्रीकृत विभिन्नता र प्रवृत्तिगत परिचय प्राप्त गर्न सकिन्छ । **चाँदनी**, **भावनाको उद्‌गार** र **आमा** कवितासङ्ग्रहको अध्ययनबाट निम्नलिखित प्रवृत्ति वा विशेषताहरू देखापर्छन् –

(क) प्रेमाव्यक्तिको कलात्मक अभिव्यञ्जना ।

(ख) प्राकृतिक सौन्दर्यको अनुभूत्यात्मक अभिव्यक्ति ।

(ग) राष्ट्रभक्तिको अनुरञ्जनात्मक रमणीय प्रस्तुति ।

(घ) आध्यात्मिक चेतनाको कमनीय बिम्बाङ्कन ।

(ङ) युद्धविरोधी, शान्तिगामी तथा मानवाधिकारवादी चेतना प्रवहन ।

(च) विसङ्गति र व्यङ्ग्यविद्रोहको स्वर ।

(छ) नारीवादी चेतना प्रस्फुटन ।

(ज) नैतिकवादी जीवनको सम्यक् सदृष्टि ।

(झ) भाषागत शिल्प र भावसौन्दर्यको सचेतता आदि ।

यसरी समग्रमा नेपाली कविताको इतिहासमा छन्दोबद्ध कविता लेखेर नेपाली साहित्यलाई श्रीवृद्धि गर्नमा उल्लेखनीय योगदान गर्ने काम गरेका कवि शङ्कर सुवेदी नेपाली छन्दकविता कृतिहरूमा एक स्थापित उदीयमान साहित्यकार हुन् । आजको बदलिँदो विश्व परिवेशमा कविताका शीर्षक धेरै क्षेत्रबाट लिन सकिन्छ तर कवि शङ्कर सुवेदीले रोजेको क्षेत्र अलि सीमितजस्तो लाग्छ । कविको भाव एउटैजस्तो लाग्छ जुन कुरा कवि शङ्कर सुवेदीले बेलैमा निराकरण गरी त्यसतर्फ लागेमा भविष्यमा अझ उच्चस्तरका काव्यको सृजना हुनसक्ने कुरामा कुनै सन्देह रहँदैन । आज विश्वमा देखिएको मानवता, मानवताको ह्रास, मानव हित र कल्याणको लागि गरिएका प्रयासहरू कवि शङ्कर सुवदीका कवितामा देख्न सकिन्छ । सुवेदीका कवितासङ्ग्रहका मूल भावका रूपमा आएको पाइन्छ ।

# सन्दर्भग्रन्थसूची

## (क) प्रमुख पुस्तकसूची


अज्ञात, कपिल, **स्रष्टा बिम्ब : व्यक्तित्व आरेख**, (चितवन : चितवन साहित्य परिषद्, २०६७) ।

अधिकारी, हेमाङ्ग, भट्टराई बद्रीविशाल, **प्रयोगात्मक नेपाली शब्दकोश**, पुनः मुद्रण, (काठमाडौँ : विद्यार्थी प्रकाशन प्रा.लि., २०६६) ।

गौतम, लक्ष्मणप्रसाद, **चितवनको साहित्य सर्वेक्षण र विश्लेषण**, (चितवन : चितवन वाङ्मय प्रतिष्ठान, २०५२) ।

ढुङ्गाना, गोविन्दप्रसाद, **छन्दोहार**, पाँचौ संस्क., (ललितपुर : साझा प्रकाशन, २०५०)

त्रिपाठी, वासुदेव र अन्य, **नेपाली कविता**, भाग ४, दोस्रो संस्क., (ललितपुर : साझा प्रकाशन, २०५३) ।

नेपाल, घनश्याम, **नेपाली साहित्यको परिचयात्मक इतिहास**, (सिलगुढी : नेपाली साहित्य प्रचार समिति, ई. १९९१) ।

पराजुली, कृष्णप्रसाद, **राम्रो रचना मीठो नेपाली**, एक्काईसौँ संस्क., (काठमाडौँ : सहयोगी प्रेस, २०५५) ।

पोखरेल, बालकृष्ण र अन्य (सम्पा.), **नेपाली बृहत् शब्दकोश**, पुनः मुद्रण, (काठमाडौँ : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०५८) ।

पोखरेल, भानुभक्त, **माधव घिमिरेका विशिष्ट खण्डकाव्य**, दोस्रो संस्क., (ललितपुर : साझा प्रकाशन, २०५६) ।

पौड्याल, काशीराम, शर्मा, **केही पौड्यालहरूको वंशावलीको दिग्दर्शन**, (चितवन : दिवाकर पौड्याल र अन्य, २०५५) ।

बराल, कृष्णहरि, **संदृष्टि**, (ललितपुर : साझा प्रकाशन, २०५५) ।

भट्टराई, घटराज, **नेपाली साहित्यको ऐतिहासिक रूपरेखा**, (काठमाडौँ : सृष्टि प्रकाशन, २०५५) ।

थापा, हिमांशु, **साहित्य परिचय**, दोस्रो संस्क., (ललितपुर : साझा प्रकाशन, २०४२) ।

थापा, मोहनहिमांशु, **साहित्य परिचय**, चौँथो संस्क. (ललितपुर : साझा प्रकाशन, २०५०) ।

राज, भीष्मस्तव, **श्रीमद्भागवत् गीता और विष्णुगुरु नाम**, (गोरखपुर : गोविन्द भवन, २०५२) ।

रिसाल, राममणि, **नेपाली काव्य र कवि**, चौँथो संस्क., (ललितपुर : साझा प्रकाशन, २०५०) ।

शर्मा, मोहनराज, **नेपालीका केही आधुनिक साहित्यकारहरू**, दोस्रो संस्क., (काठमाडौँ : सहयोगी प्रकाशन, २०४०) ।

शर्मा, मोहनराज, **शब्द रचना र वर्णविन्यास**, (भोटाहिटी : नवीन प्रकाशन, २०५६) ।

श्रेष्ठ, ईश्वरकुमार, **पूर्वीय एवम् पाश्चात्य साहित्य समालोचना प्रमुख मान्यता, वाद र प्रणाली**, दोस्रो संस्क. (ललितपुर : साझा प्रकाशन, २०५१) ।

श्रेष्ठ, दयाराम, **वीरकालीन कविता**, (ललितपुर : साझा प्रकाशन, २०३५) ।

श्रेष्ठ, दयाराम, **प्रारम्भिक कालको नेपाली साहित्य, इतिहास र परम्परा**, (काठमाडौँ : त्रि.वि., पाठ्यक्रम विकास केन्द्र, २०३८) ।

श्रेष्ठ, दयाराम, **साहित्यक्रमको इतिहास, सिद्धान्त र सन्दर्भ**, (काठमाडौँ : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०५५) ।

श्रेष्ठ, दयाराम र शर्मा, मोहनराज, **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास**, चौथो संस्क., (ललितपुर : साझा प्रकाशन, २०४९) ।

सुवेदी, शङ्कर, **आमा**, (धादिङ : रामप्रसाद सुवेदी, २०५९) ।

___________, **भावनाको उद्गार**, (धादिङ : रामप्रसाद सुवेदी, २०६१) ।

___________, **चाँदनी**, दोस्रो संस्क. (चितवन : पल्लव साहित्य प्रतिष्ठान, २०६५) ।

स्वामी, खप्तड, **विचार विज्ञान**, (काठमाडौँ : नेपाल सरकार, सञ्चार मन्त्रालय, मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, २०४६) ।

## (ख) प्रमुख शोधपत्र

अधिकारी, मीनबहादुर, **भीम विरागको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन र विश्लेषण**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, (चितवन : त्रि.वि., नेपाली विभाग वीरेन्द्र बहुमुखी क्याम्पस, २०५६) ।

डोटेल, डिल्लीराम, **श्यामानन्द पौडेलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन, विश्लेषण**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, (चितवन : त्रि.वि., नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, २०५९) ।

भट्टराई, गङ्गाकुमारी (सुवेदी), **कवि पोषराज पौडेलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, (चितवन : त्रि.वि., नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, २०५९) ।

भारी, सुवर्ण, **उपेन्द्र श्रेष्ठको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, स्नातकोत्तर शोधपत्र, (चितवन : त्रि.वि., नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, २०४०) ।

## (ग) प्रमुख पत्रपत्रिकासूची

खनाल, केदारनाथ, *कवि तीर्थराज कोइराला र वागीश्वरी*, **वागीश्वरी**, (अङ्क १५, २०६२, पृ. ८१-८५) ।

न्यौपाने, भागवतशरण र अन्य (सम्पा.), *साहित्य र अनुसन्धानको क्षेत्रमा चितवन*, **विवेक**, (वर्ष ५, अङ्क २, २०४६, पृ. ७३-७५) ।

बराल, ईश्वर, *नेपाली साहित्यको काल विभाजन*, **रूपरेखा**, (अङ्क ५३, २०२२, पृ. २७) ।

# परिशिष्ट खण्ड

## परिशिष्ट – १
## प्रमुख स्रोत व्यक्तिहरू

प्रस्तुत शोधपत्र तयार गर्ने क्रममा शोधनायक, शोधनायकका सम्बन्धित नातेदार र अन्य व्यक्तित्वसँग प्रत्यक्ष भेटघाट गरी सहयोग लिइएकोले प्रमुख स्रोतव्यक्तिहरूको विवरण निम्नानुसार प्रस्तुत गरिएको छ –

| क्रम | नाम | वर्ष | पेसा | स्थान |
|---|---|---|---|---|
| १. | रामप्रसाद सुवेदी (पिता) | ८४ | कृषि | रत्न न.न.पा.६, चितवन |
| २. | क्षेत्रकुमार सुवेदी (माता) | ८२ | कृषि | रत्न न.न.पा.६, चितवन |
| ३. | लव सुवेदी (भाइ) | ४२ | लेखापरीक्षक | रत्न न.न.पा.६, चितवन |
| ४. | ऋषिप्रसाद लामिछाने (गोर्खे साइँलो) | ६० | साहित्य सृजना | भरतपुर-४, चितवन |
| ५. | डा.नारायणप्रसाद खनाल | ५९ | प्राध्यापक नोकरी | भरतपुर नगरपालिका |

# परिशिष्ट – २
# विभिन्न व्यक्तिहरूको नजरमा शङ्कर सुवेदीको व्यक्तित्व

## (क) राष्ट्रकवि श्री माधव घिमिरे

कवि शङ्कर सुवेदी वार्णिक छन्दमा कविता लेख्न रुचाउने कवि हुन् । छन्द जोड्दैमा पनि कविता बन्दैन र छन्द छोड्दमा पनि कविता बन्दैन । कविताको निम्ति मूलतत्त्व त उसको आफ्नो भाव (विचार र विचार) हो । शब्दले भावलाई अभिव्यक्ति दिन्छ भने लयले विस्तार गर्दछ । कवि शङ्करले छन्दलाई कुशलतापूर्वक प्रयोग गरेका छन् । 'लाग्यो अमृतझैँ अहा रस मीठो शार्दूलविक्रीडित' भनेर छन्दको महिमा गान गर्न कविले आफ्ना कवितालाई साँच्चि नै लयदार र रसपूर्ण बनाएका छन् । **चाँदनी** उनको तेस्रो सङ्ग्रह हो । यसमा रमाइलो प्रकृतिवर्णन र रसिलो प्रेमको वर्णन त प्रशस्तै पाइन्छ नै । यसको साथै जीवनको विविध पक्षको घतलाग्दो वर्णन पनि पाइन्छ । यसको उदाहरणको निम्ति फगत सपना, आरोप, प्रियतमा शीर्षक कवितालाई लिन सकिन्छ । उनी वचनका मात्र कवि हुन् भन् मनका पनि कवि हुन् । कविता शङ्करभित्रै छ र शङ्कर कविताभित्रै छन् । कवि शङ्कर सुवेदीप्रति सतत समुन्नतिको कामनासाथ शुभाशीष प्रदान गर्न चाहन्छु ।

**चाँदनी** कविता-सङ्ग्रह (दोस्रो संस्क., २०६५) मा *उनी मनका पनि कवि हुन्*
शीर्षकको भूमिकामा व्यक्त धारणाबाट

## (ख) गोर्खे साइँलो (ऋषिप्रसाद लामिछाने, अध्यक्ष, पल्लव साहित्य प्रतिष्ठान नारायणगढ, चितवन)

काव्यकार शङ्कर सुवेदी यसअघि प्रकाशित **आमा** र **भावनाको उद्गार** नामक छन्दात्मक कविताසङ्ग्रहहरू निकै लोकप्रिय भएका थिए । साहित्यका विभिन्न पाटाहरूमा निर्लिप्त भई चुर्लुम्म डुबेर स्नान गर्दा भेटिएको निखारतालाई छन्दशैलीमा ढालेर कविता र गजलात्मक रचनामा रम्न रुचाउने कवि सुवेदीले आफ्नो कृतिहरू पटकपटक 'पल्लव साहित्य प्रतिष्ठान' लाई प्रकाशन गर्ने अभिभारा सुम्पिनु भएकोमा प्रतिष्ठान उहाँका यस्तै खारिएका कृतिहरू प्रकाशन गर्ने सु-अवसर पाउने स्वप्निल आशामा अल्भिँदै उहाँको **चाँदनी** छन्दात्मक कवितासङ्ग्रहले सबै पाठकहरूको मनलाई अझ बढी धुन सकोस् भन्दै कवि शङ्कर सुवेदीको सुस्वास्थ्य एवम् साहित्यिक दीर्घजीवनको लागि यिनै शुभकामनाका पुष्पहार पहिऱ्याउँदै कलम बन्द गर्दछु ।

**चाँदनी** कविता-सङ्ग्रह (दोस्रो संस्क., २०६५) मा *चाँदनी दोस्रो संस्करणप्रति*
प्रकाशकीय भूमिकामा व्यक्त धारणा

## (ग) माधव वियोगी (सञ्चालक छन्द बचाऊँ अभियान, २०५३)

छन्दनिवास पोखरा-१७, घोरेपाटन (बेलघारी)

नेपाली साहित्यको समुन्नतिमा युवाहरू जुर्मुराउने क्रम बढ्दो छ । युवाहरूमा देखापरेको जागरण धर्मिताले भोलिको साहित्यिक परिवेश अझै उर्बर बन्ने निश्चित प्राय: छ । कर्मकर्तव्यको पारखी बनेर आफ्नो राष्ट्र र समाजलाई सदैव समुज्ववल पार्ने दिशातर्फ अभिमुख भएका केही अग्रपङ्क्ति युवाहरूमध्ये शङ्कर सुवेदी पनि पर्दछन् । जिज्ञासु, कौतुहल्यता, आत्मविश्वास, लगनशीलता र इमानदारिता नै व्यक्तिलाई उच्चतामा पुऱ्याउँछ । उच्चतामा पुऱ्याउने यी गुणवार शङ्कर सुवेदी ओतप्रोत छन् । सरकारी कर्मचारीका रूपमा राष्ट्रसेवा गर्ने सिलसिलामा देशका विभिन्न ठाउँमा पुग्ने र प्राप्त अनुभव र अनुभूतिको सार्वजनिकीकरण गर्ने क्षमता राख्ने शङ्कर सुवेदीको लगनशीलताले नेपाली साहित्यमा कमजोर पार्न खोजिएको छन्दोबद्ध कवितालेखनको परिपाटीलाई महत्त्पूर्ण ऊर्जा प्राप्त भएको छ । काव्यसंस्कृतिको रूपमा रहेको छन्दलाई बचाउने कार्यमा शङ्कर सुवेदी सक्षम चिकित्सकका रूपमा देखापरेका छन् । थोरै बोल्ने र सुमधुर तथा अर्थपूर्ण वाणी बोल्ने शङ्कर सुवेदी आफूले उपभोग गरेको परिवेशलाई श्रद्धा र ममता दिन कन्जुस्याइँ नगर्ने साधक हुन् । उनी जहाँ पुग्छन् त्यहाँ छिट्टै भिज्न सक्छन् किनकि उनी छन्द कविताका रचनाकार मात्र नभएर तद्अनुरूपको जीवनशैलीका प्रयोक्ता पनि हुन् । ...

**चाँदनी** कविता-सङ्ग्रह (दोस्रो संस्क., २०६५) मा *चाँदनीका शुभेच्छापूर्ण चिरफार* शीर्षकको भूमिकाका व्यक्त धारणा

## (घ) साहित्यकार गोविन्दराज विनोदी

**चाँदनी**भित्र जम्मा ७१ ओटा कविता सङ्ग्रहीत छन् । तिनमा शार्दूलविक्रीडित, उपजाति, शिखरिणी, मन्दाक्रान्ता, वसन्ततिलका, अनुष्टूप र पञ्चयामर छन्दलाई उपयोग गरिएको छ । सर्वाधिक कविता शार्दूलविक्रीडित छन्दका छन् । शार्दूलविक्रीडित छन्दमा कविको कलम अरू छन्दमा भन्दा अघि देखिन्छ र यसमा सहज एवम् स्वतफूर्त रूपमा भावाभिव्यञ्जना प्रकट भएको पाइन्छ । शिखरिणीमा पनि कविले आफ्नो कलम सलल बगाएका छन् र उपजाति छन्दमा पनि कविको कलम कुर्कर नाचेको छ । यसभित्रका कविताले कवि शङ्करलाई एक प्रतीक कविका रूपमा परिचित गराउँदछन् । कविको प्रतिभा यसभित्र पर्वतीय वक्षमूलबाट झना नि:सृत भएझैँ सलबगाएको र छङ्छडाएको छ ।

... यसभित्रका कविता त्यस्ता ग्राम्यवालाजस्ता छन् जो स्नान शृङ्गारबिना नै रातापिरा र सुन्दर देखिन्छन् । शङ्कर सुवेदीको यस्तो कवितासृजन खुबी रहरलाग्दो मात्र नभएर प्रशंसायोग्य पनि छ ।

**चाँदनी** कविता-सङ्ग्रह (दोस्रो संस्क., २०६५) मा *चाँदनीमा बिम्बित शङ्कर सुवेदीको प्रेमदर्शन* भूमिकामा व्यक्त धारणा

## (ङ) **केशवराज आमोदी** (**र.न.पा.-१२, माधवपुर, चितवन**)

धादिङ्ग जिल्लाको पिँडा-३, राम्चेमा पिता रामप्रसाद सुवेदी र माता क्षेत्रकुमारी सुवेदीका कोखबाट वि.सं. २०१९ साल असोज ९ गते पहिलोपल्ट धर्तीमा नयनपुर गर्नु भएका कवि शङ्कर सुवेदीमा किशोरावस्थादेखि नै साहित्यप्रति अभिरुचि हुनुको कारणले शिक्षरारम्भको प्रारम्भिक चरणअन्तर्गत पञ्चकन्या नि.मा.वि. जयमङ्गला चितवनमा पढ्दा १३ वर्षकै कलिलो उमेरमै विद्यालयको मुखपत्र **पञ्चकन्यामा** *मेरो कलम* शीर्षकमा कविता लेखी प्रतिभाको परिचय दिएका थिए । ... चितवनमा आयोजित विभिन्न साहित्यिक सङ्घसंस्थाहरूमा सहभागिता र ऐक्यवद्धता जनाउँदै आएका कवि शङ्कर सुवेदी र मेरो सम्पर्क पनि निकै साहित्यिक कार्यक्रममा हुने जमघटको उपज हो । मैले जतिजति उनका कविताहरू पढ्दै र सुन्दै गएँ उतिउति उनीसितको परिचयात्मक मित्रतासँगै उनका सौम्य, शालीन र सहृदयी विचारबाट आकर्षित हुँदै गएँ । ...

कविशिरोमणि लेखनाथ पौड्याल, महाकवि लक्ष्मीप्रसाद देवकोटा, राष्ट्रकवि माधव घिमिरेजस्ता मूर्धन्य साहित्यकारहरू र तिनका कृतिरूलाई मनपराउने कवि शङ्कर सुवेदी प्रेमप्रणयलाई काव्यिक सृजनाको प्रेरकतत्त्व मान्दछन् । प्रेमको धरातलमा नै संसार अडिएको छ र प्रेमले नै मानिसलाई कर्मशील बनाउँछ । मानव प्रेममा जन्मन्छ, प्रेममा हुर्कन्छ, प्रेममा नै जिन्दगी गुजार्छ र अन्तमा प्रेममा नै मर्दछ । प्रेमाभिव्यक्तिको कमनीय कलात्मक प्रस्तुतिमा कवि शङ्कर सुवेदीको कलम बेजोड छ ।

**चाँदनी** कविता-सङ्ग्रह (दोस्रो संस्क., २०६५) मा *चाँदनीमा विचरण गरेपछि* भूमिकामा व्यक्त धारणा

## (च) **रामचन्द्र लम्साल** (**प्राध्यापक त्रि.वि.वि., कीर्तिपुर**)

प्राचीनकालदेखि नै नेपाली साहित्यको सेवामा धादिङ्ग जिल्लामा निरन्तर समर्पित रहेको प्रमाण नेपाली साहित्यमा भानु बनेर उदाएका आदिकवि भानुभक्त आचार्यभन्दा पनि पहिले नेपाली साहित्यको सृजना र साधनामा जुटेका दैवज्ञकेशरी अर्यालको साहित्यिक उपासनाले दिइएको पाइन्छ । यसै क्रममा यस भूभागमा अनेकौं साहित्यकार र साहित्यसेवीहरू हुर्किएका र उनीहरूले साहित्यिक फाँटलाई उत्तरोत्तर उर्बर बनाउँदै पनि लगे । सप्रति, नेपाली साधनामा जुट्ने यसै परम्परालाई निरन्तरता दिने साहित्यकारहरूको यस भव्य र विशाल मञ्चमा यसै जिल्लाको पिडा गा.वि.स. वडा नं. ३ राम्चे गाउँमा जन्मनुभएका कवि शङ्कर सुवेदीको नाम अग्रपङ्क्तिमा देख्न पाउँदा मलाई अपारहर्ष लागिरहेको छ ।

रातोदिन खट्नुपर्ने मालपोत कार्यालयमा उपसचिव तहको पदमा कार्यरत उच्च अधिकृत कर्मचारी भएर पनि नेपाली साहित्यको क्षितिजलाई समुज्वल पार्न अविरल साधनाशील बन्न सक्षम हुनुभएका अत्यन्तै प्रतिभाशाली कवि सुवेदीका यसअघि नै **आमा** नामक कवितासङ्ग्रह प्रकाशित भइसकेको छ । अहिले उहाँले **भावनाको उद्गार** शीर्षकमा आफ्ना

मनका भावनाहरू पोखेर साहित्यिक उपहारका रूपमा प्रस्तुत कवितासङ्ग्रह साहित्यानुरूपी पाठकहरूसमक्ष प्रस्तुत गर्नुपर्दछ । यस शुभघडीमा म उहाँप्रति शुभकामना व्यक्त गर्दै उहाँबाट साहित्यसाधनाको यस क्रमलाई अझ तीव्रता प्रदान गरिने छ भन्ने सुदृढ विश्वास गर्दछु ।

**भावनाको उद्गार** कविता-सङ्ग्रह (२०६१) मा *मन्तव्य* शीर्षकको भूमिकामा व्यक्त धारणाबाट

## (छ) साहित्यकार तुलसी भट्टराई

धादिङ्गको पिडामा बाल्यकाल बिताएर रत्ननगर, चितवनमा बसोबास गर्ने अवसर पाएका कवि शङ्करमा पहाडी र तराई दुवै जनजीवनको राम्ररी ज्ञान छ । सरकारी जागिरे श्री शङ्करलाई नेपालका दुर्गम जिल्लाहरूको भ्रमण र अध्ययन गर्न अवसर पनि प्राप्त भएको छ । यसै कारण होला उहाँका कवितामा नेपाली जनजीवन, राष्ट्रभाव एवम् माटोको सुवास पाइन्छ । 'सच्चा भक्त तिमी बताऊ कति छौ ? नेपाल सम्झी रुने' । कवि शङकर सुवेदीको कवित्वले राम्ररी फष्टाउने अवसर पाउने छ । छन्दप्रतिको कविमोह पनि प्रशंसनीय छ । छन्द कविका रूपमा श्री शङ्कर सुवेदीको नाम क्रमश: फैलिँदै जानेछ । पाठक समीक्षकहरूबाट उहाँका कविताको राम्ररी मूल्याङ्कन हुनेछ श्री सुवेदीको काव्ययात्रा अनवरत रहिरहोस् । भावनाका उदार कवितासङ्ग्रहको भूमिकामा व्यक्त धारणा ।

**भावनाको उद्गार** कविता-सङ्ग्रह (२०६१) को *शुभकामना* शीर्षकको भूमिकामा व्यक्त धारणा

# परिशिष्ट – ३

# कवि शङ्कर सुवेदीका अप्रकाशित फुटकर कविताका केही नमुनाहरू

## वी० पी० प्रति

चुच्चो नाक छ वृद्ध झैं मुखभरी दाह्री फुलेका सबै
को होला मनमा अनेका छिविया तस्वीर देख्दा त्यसै
भिक्षामा सजिई मुहार हँसिलो मुस्काउँदै हेर्दछौ ?
सोध्थें झट्ट फेरि जवाफ अरूले सान्दाजु रैछन् अहो
॥ १ ॥

श्रद्धासाथ गरें त्यही नमन नै घोत्लिन लागें म ता
थाल्यो फुर्न नवीन एक कविता नेतृत्वदायी कथा
लेखें झट्ट कथेर छन्द रसमा शार्दूलविक्रीडित
धेरै ज्ञात म मा नि छैन उनको सोध्यौं भने को हित
॥ २ ॥

हे! विश्वेश्वर! राष्ट्रनायक तिमी हौ रे महामानव
तिम्रो झैं छवि सबै लिई मुलुकमा जन्मिन्न रे कवै अब
यस्तो लाग्दछ तिमी अदम्य नर हौ युद्धा कहानीहरू
नेपाली इतिहास कोल्दछ सहजै व्याख्या यहाँ के गरुँ !
॥ ३ ॥

हो साहित्यिक ओज पूर्ण गरिमा झन् राजनेता तिमी
ओजस्वी छविका अनेक प्रतिभा सँगाल्न सक्ने तिमी
ती तिम्रा कृतिमा रमाउन सधैं पाएर क्या मस्त छु
आँधी चाहना भयो भुलेँ म यसमैं मौरी सरी व्यस्त छु
॥ ४ ॥

नेपाली ममता लिएर सपना साकार गर्ने प्रण
गर्दै शासनमा गयौ सकिनै म उल्लासले तत्क्षण
तोलें हाँक फिर्ने विकाश पथमा सिद्धान्त तिम्रो थियो
ठूलो डाह भएछ स्वप्न नसक्दो घाँटी तिमीको थियो
॥ ५ ॥

चर्को सीप गरेर वेकुवुरमा नाना प्रपञ्चै रची
झन् वन्दीगृहमा चलान गरियौ आरोप धर्दै काते
चिन्ता हैन कतै न शोक छ कुनै गम्भीर वन्दै वस्यौ
जे जे पोख्न पियौ चले कलम तो साहित्य सृष्टै वस्यौ
॥६॥
कैयन् दूत गए फकाउन भनी बाँडेर आश्वासन
हल्लेनौ स्थिर भै बस्यौ अडेगमा विश्वस्त पार्दै मन
खाएनौ अहित्यै ह्रेस्य न न पर्यौ झुक्यौ तिनी बाजमा
तिम्रो त्यो दृढको विचार जनमा फैल्यो सबै ठाउँमा
॥७॥
खाई हार कठोर शासकहरू झुक्दै गए आखिर
तिम्रो माग पुरा भयो मुलुकमा आयौ तिमी बाहिर
इच्छा मेलमिलापको पनि पियो नारा प्रजातन्त्रको
फुल्यो पर्दै समाजवाद यसमा तिम्रो महामन्त्र यो
॥८॥
चिन्तामात्र गर्‍यौ सधैं मुलुकको वृद्धो भयौ त्यो तन
बोली बन्द भयो सधैं पर भयौ धुलो बन्यो जीवन
रोप्यौ बीज यहाँ फलेछ अहिले सम्झी मिली खानु छ
दुःखाई सबले मिलेर अझ यो दीघर्यो गरी लानु छ
॥९॥
भाँड्लान् देश जमात सांसदहरू चेतावनी दिन्छ को ?
यौटै छत्र सरी जरेर कपिलो बाँधी यहाँ लिन्छ को ?
खाचो आज परेर फेरी अहिले अर्को म भन्न सक्छुन
याद्ता नायकका पवित्र छविमा श्रद्धाञ्जली अर्पण
॥१०॥

बी० पी० जयन्ती
२०६५, श्रावण

# मन्जूर

चल्छन् हातहरू दुवै गजबले मिल्दैन रे लेख्न क्यै
मेरा स्निग्ध अबोध यो नजर भन् बन्देज छन् देख्न क्यै
बोल्नै हुन्न कतै कसै प्रति कुनै संकेत झन् दूर कौ
जे गर्दछौ गर भो नियन्त्रण म मा बेशर्त मन्जूर यो

॥ १ ॥

छैनन् कान्ति स्वतन्त्रता सब गुमे बेकार भो जीवन
कस्तो आज यहाँ पराधित भएँ बुझ्दैन मेरो मन
मेरो हिम्मत छैन गर्न झगडा यो वेदना बुझ्छ कौ ?
लाऊ जे प्रतिबन्ध, बन्धन नयाँ बेशर्त मन्जूर यो

॥ २ ॥

जे जाथें म रमाउँथे खुस भई सन्तोष मिल्थ्यो पुरा
निस्कन्थें क्षति जोश जाँगरहरू मीठा म गर्थें कुरा
भत्कायौ किन चूर्ण चूर्ण यसरी सम्पूर्ण इच्छा छल्लौ
भो हारें अब यूद्ध प्रेम रसको बेशर्त मन्जूर यो

॥ ३ ॥

मेरा मित्रहरू सबै पर भए भन् बोल्न छाडे अब
लाटो भैं किन बस्दछस् भनि यहाँ जिस्क्याउने छन् सब
जे भन्छन् चुपचाप बस्तछु सही आत्मा भयो झन् लुलो
यस्तो रे छ नि धन्य यो विवशता बेशर्त मन्जूर यो

॥ ४ ॥

जाऔं भन् म कहाँ ? गरौं उजुर के ? सुन्नेहरू छन् कति ?
आफ्नै मानिसबाट त्रस्त म भएँ छैनन् कुनै औषधी
साँच्दै यो उपहार राख्छु मुटुमा मेरो प्रतिज्ञा भयो
भोगें भो चुपचाप बस्छु ~~म~~ यहाँ बेशर्त मन्जूर यो

॥ ५ ॥

# परिशिष्ट – ४
## शोधनायक कवि शङ्कर सुवेदीको रेखाचित्र

